इतिहास

कक्षा ९ र १०

२



इतिहास

कक्षा ९ र १० (संयुक्त)

भाग २

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

परिमार्जित पाठ्यक्रम २०३८ अनुसार पहिलो संस्करण २०३९,
दोस्रो संस्करण २०४०,
तेस्रो संस्करण २०४०,
चौथो संस्करण २०४१,
पाँचौं संस्करण २०४३,
छैटौं संस्करण २०४६
सातौं संस्करण २०४७
आठौं संस्करण २०४९

तपाईले किनेको पुस्तकमा छपाइ प्रविधि सम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नु हुनेछ।

ज. शि. सा. के. लि.

मूल्य रु. १८।–

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित।

विषयसूची

नेपालको इतिहास

१. नेपाल राज्यको विस्तृतीकरण	८६
२. श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाह	९४
३. नेपाल–तिब्बत चीन युद्ध (१८४६–४६)	१०२
४. श्री ५ राजेन्द्र वीर विक्रम शाह (१८७३–१९०४)	११४
५. श्री ५ सुरेन्द्र वीर विक्रम शाह (१९०४–१९३८)	१२१
६. श्री ५ त्रिभुवन वीर विक्रम शाह (१९६८–२०११)	१३५
७. श्री ५ महेन्द्र वीर विक्रम शाह (२०११–२०२८)	१४४
८. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव	१५३

विश्वको इतिहास

१. नील घाँटीको सभ्यता	१६०
२. सिन्धु घाँटीको सभ्यता	१६५
३. ऋग्वेदकालीन आर्य सभ्यता	१६८
४. युनानी (ग्रीक) सभ्यता	१७३
५. रोमको सभ्यता	१८०
६. सामन्तवाद	१८५
७. १६८८ को गौरवमय क्रान्ति वा रक्तहीन क्रान्ति	१८९
८. फ्रान्सेली राज्यक्रान्ति	१९५
९. अमेरिकाको स्वतन्त्रता संग्राम	२०७
१०. औद्योगिक क्रान्ति	२१२
११. कृषिक्रान्ति र परिणाम	२२०
१२. इङ्गलैण्डमा मन्त्रिमण्डलीय व्यवस्थाको विकास	२२४

१३. जर्मनी राष्ट्रिय एकता आन्दोलन २३४
१४. साम्राज्यको लागि चलेका प्रतिस्पर्धा २४०
१५. प्रथम विश्वयुद्ध २४३
१६. द्वितीय विश्वयुद्ध २४९
१७. संयुक्त राष्ट्रसंघ २५२

नेपाल राज्यको विस्तृतीकरण

श्री ५ प्रतापसिंह शाह (१८३१–३४)

पृथ्वीनारायण शाहका प्रतापसिंह र बहादुर शाह दुई छोरा थिए । पृथ्वीनारायण शाहको देहावसानपछि प्रतापसिंह शाह राजगद्दीमा बसे । उनको शासन दुई वर्ष नौ महिना मात्र रहेकोले उनले पृथ्वीनारायण शाहद्वारा थालनी भएको एकीकरणमा थोरै मात्र योगदान दिन सके ।

उपत्यका विजय भएपछि पृथ्वीनारायण शाहका भाइले उनकै विरोधमा काम गरेकाले आफ्नो भाइले पनि त्यस्तै गर्ला भन्ने शङ्काले प्रतापसिंह शाहले राजा भएको केही दिनपछि नै काका दलांजित शाह र भाइ बहादुर शाहलाई षड्यन्त्रको आरोपमा नजरबन्दमा राखे । दलजित शाह भागेर बेपत्ता भए । बहादुर शाह चाहिं राजगुरु गजराज मिश्रका अनुरोधमा नजरबन्दबाट छुटे र उनी बेतियामा गई बसे ।

वि. सं. १८३२ आषाढ वदी ११ मा राजेन्द्रलक्ष्मीको गर्भबाट रणबहादुर शाहको जन्म भयो ।

उनको शासनकालमा तनहुँ अधीनस्थ उपरदाङ गढीमा आक्रमण गर्न प्रतापसिंह शाहले अभिमानसिंह बस्नतलाई पठाए । चितौनका बाटो गरी अंग्रेज घुस्लान् भन्ने डर प्रतापसिंह शाहलाई थियो । उपरदाङ गढी रक्षा गर्ने तनहुँका सरदार विचित्र सेन थिए । दिनभरिको लडाईंपछि अभिमानसिंह बस्नेत र स्वरूपसिंह कार्कीले गढीमाथि विजय गरे। यसपछि गोरखाली सेनाले सम्पूर्ण चितौन इलाकामाथि पनि दखल गरयो । यी सबै प्रदेशहरूको रक्षक भई सरदार रामकृष्ण कुँवर चितौनमा नै रहे ।

वि. सं. १८३४ मार्ग ६ गते २६ वर्षको उमेरमा प्रतापसिंह शाहको देहावसान भयो ।

श्री ५ रणबहादुर शाह

रणबहादुर शाहको जन्म वि. सं. १८३२ मा भएको थियो । यिनी वि. सं. १८३४ मा राजगद्दीमा बसे। त्यसबखत यिनी करीब अढाई वर्षका मात्र थिए । यिनी नाबालक छँदा पहिले राजमाता राजेन्द्रलक्ष्मी (१८३४–४२) पछि यिनका काका बहादुर शाहले (१८४२–५१) यिनको नायब भै शासन चलाए। २० वर्ष उमेर पुगेपछि यिनले काका बहादुर शाहको हातबाट शासन आफ्नो हातमा लिए र वि. सं. (१८५१–५५) सम्म शासन चलाए । वि. सं. १८५५ मा यिनले आफ्ना छोरा युवराज नीर्वाणयुद्ध वीर विक्रम शाहको पक्षमा राजगद्दी त्यागे । यिनी सन्यासी भए र स्वामी निर्गुणानन्द कहलाइए। राजनीतिक परिस्थितिले गर्दा यिनी काशी-

तर्फ जान बाध्य भए । काशीबाट फर्केपछि यिनले श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाहका मुख्तियार भै १८६१ मा काम गरे। वि. सं. १८६३ मा यिनी शेरबहादुर शाहद्वारा मारिए।

राजेन्द्रलक्ष्मी

रणबहादुर शाह नाबालक भएकाले राजमाता राजेन्द्रलक्ष्मीले शासनको अभिभारा आफैंले ग्रहण गरिन् । उनले बेतियामा निर्वासित भइरहेका देवर बहादुर शाहलाई पनि डाकिन् । शुरूमा देवर भाउजूले केही महीनासम्म मिलेर काम गरे । तर केही महीनापछि सेनाको विस्तारको प्रश्नमा दुवैको मनोमालिन्य बढ्यो । राजेन्द्रलक्ष्मीले बहादुर शाहलाई नजरबन्द गरिन्। तर उनी नजरबन्दबाट मुक्त भए र बदलाको भावना लिएर राजमातालाई नै नजरबन्द गरे ।

(श्री ५ राजेन्द्रलक्ष्मी देवी शाह)

बहादुर शाहले तनहूँ दखल गर्न बलि बनियाँको नेतृत्वमा एउटा सेना सुरतर्फ पठाए । तनहुँका राजा हरकुमार दत्तले पाल्पाको सहायताबाट बलिथुमको लडाईंमा गोरखाली सेनालाई पराजित गरे । सरदार बलि बनियाँ यस लडाईंमा मारिए । यस विजयबाट प्रभावित भएर तनहुँले सोमेश्वर गढीमाथि पनि पुनः दखल गरेको । बलिथुम र सोमेश्वरको पराजयले गर्दा बहादुर शाहको प्रतिष्ठामा आघात परेको । उनी गोरखालीको गुमेको सैनिक प्रतिष्ठा उकास्न स्वयं गोरखातर्फ प्रस्थान गरे। काठमाडौं छोड्नासाथ बहादुर शाह विरोधी तत्त्वले राजमातालाई नजरबन्दबाट मुक्त गरिदिए । राजमाता मुक्त भएको समाचार पाएपछि बहादुर शाह एकचोटि फेरि बेतियातर्फ लागे । राजामाताले अब रणबहादुर शाहको प्रतिनिधि भै शासन गर्न थालिन् ।

राजेन्द्रलक्ष्मीले नायबी लिएपछि चौबीसेको बढ्दो शक्तिलाई दबाउनु जरूरी सम्झिन् । बलिथुमको विजयबाट उत्साहित भएर चौबीसेहरू गोरखामा आक्रमण गर्ने विचार गरिरहेका थिए । त्यसैले गोरखाको सुरक्षा गर्नु र चौबीसेलाई दबाउनु यही नै राजेन्द्रलक्ष्मीको मुख्य समस्या थियो । त्यसैले राजमाताले अमरसिंह थापाको नेतृत्वमा सेना पठाइन् । अमरसिंह थापाले पहिले चौबीसेलाई चिप्लेटेको लडाईंमा पराजित गरे । यसपछि सिह्रानचोक र तार्कु-घाटको लडाईंमा उनले चौबीसेलाई पराजित गरे। यसपछि लमजुङका राजा वीरमर्दन शाह

देशबाट भागे। यसप्रकार १८३९ सम्म तनहुँ र लमजुङ गोरखा राज्यमा मिलाइयो। लमजुङका भक्ति थापा गोरखाली सेनामा रहे। यसैबेला कास्कीले पनि गोरखाको अधीनता स्वीकार गरयो।

यी विजयहरूबाट उत्साहित भएर राजमाताले काजी अभिमान सिंह बस्नेतको नेतृत्वमा पाल्पा हान्न पठाइन्। गोरखालीले पाल्पा हान्ने सुर कस्दा पर्वतका राजा कीर्तिबम मल्लले लमजुङ आक्रमण गर्ने विचार गरे।

फलतः गोरखालीहरूले पाल्पावाट हट्नुपरयो। मकैडाँडाको लडाईंमा पर्वत र गोरखाको ठूलो संघर्ष भयो। पर्वत पराजित भयो। पर्वतको पराजयले लमजुङको रक्षा भयो। कास्कीले पर्वतको पक्ष लिएकोले कास्कीलाई गोरखा राज्यमा मिलाइयो। कास्कीपछि तनहुँ, भीरकोट र रिसिङमाथि आक्रमण गरियो। यसप्रकार आफ्नो नौ वर्षको नायबी कालमा पश्चिमको एउटा विस्तृत भू-भागमा राजमाताले अधिकार गर्न सफल भइन्। यसपछि पश्चिम विस्तारको कार्य राजमाताको स्वर्गारोहण (२ श्रावण १८४२) ले गर्दा बन्द गर्नुपरयो।

नेपालको इतिहासमा राजमाता राजेन्द्रलक्ष्मीको पनि विशिष्ट स्थान छ। यिनीलाई नेपालको वीराङ्गनामध्ये एक मान्न सकिन्छ। पृथ्वीनारायण शाहले शुरू गरेको नेपालको एकीकरण अभियानमा यिनले पनि महत्त्वपूर्ण योगदान दिइन्। यिनीले गोरखाको सैनिक प्रतिष्ठामाथि उठाइन् र चौबीसी राज्यहरूमध्ये तनहुँ, लमजुङ्ग र कास्कीमाथि अधिकार गरी एकीकरणलाई अगाडि बढाइन्। यिनको यही कार्यले गर्दा पछि बहादुर शाहलाई आफ्नो योजना अगाडि बढाउन सजिलो भयो। यिनीले राज्य सञ्चालनमा जुन प्रतिभा, साहस, धैर्य र राजनीतिक कुशलता देखाइन्। त्यसबाट यिनी असाधारण प्रतिभा भएकी बुद्धिमती वीराङ्गना थिइन् भन्न सकिन्छ।

बहादुर शाह

बहादुर शाहको जन्म वि. स. १८१४ मा नुवाकोटमा भएको थियो। राजभाता राजेन्द्र-लक्ष्मीसँग मेल नभएकोले उनी बेतियामा बसेका थिए। वि. सं. १८४२ मा राजमाताको देहा-वसान भएपछि उनी काठमाडौं आए। उनी नै राजाको सबभन्दा नजीकका नातेदार थिए। अतः बालक राजाको नायब भई बहादुर शाहले शासनको बागडोर आफ्नो हातमा लिए। यस पटक उनले विना कुनै विरोधको आफ्नो राजनीतिक विचार अगाडि बढाउने मौका पाए। उनी आफ्नो बाबुले शुरू गरेको कार्यलाई साकार रूप दिन चाहन्थे। राजमाता राजेन्द्रलक्ष्मीले यस कार्यमा आंशिक सफलता पाए तापनि उनको मृत्युले गर्दा विशाल नेपाल निर्माणको कार्य पूरा हुन सकेको थिएन। राजेन्द्रलक्ष्मीले अधूरो छोडेको कार्य पूरा गर्ने अठोट बहादुर शाहले गरे।

चौबीसे राज्यहरू मध्येमा पाल्पा सबभन्दा शक्तिशाली थियो । पाल्पाको विरोधमा उनको विस्तार योजना सफल हुन गाह्रो पर्दथ्यो। फेरि पाल्पाको राज्य अवधसँग जोडिएको थियो। अवधको नवाब बजीरसँग पाल्पाको राम्रो सम्बन्ध थियो । पाल्पाले आफ्नो बचाउको लागि नवाब बजीरलाई नेपालको विरुद्ध प्रयोग गर्न सक्थ्यो। त्यसैले उनले पाल्पालाई आफूतर्फ मिलाउने विचार गरे । पाल्पासँग वैवाहिक सम्बन्धद्वारा मैत्री सम्बन्ध कायम गर्ने विचारले उनले पाल्पाली राजा महादत्त सेनकी छोरीसँग विवाह गरे। पाल्पाले नेपालको पश्चिम विस्तार योजनाको कुनै विरोध नगर्ने भयो । पाल्पाको तटस्थताको आश्वासन पाएपछि बहादुर शाहले विस्तारको नीतिलाई अगाडि बढाए ।

यसप्रकार पाल्पा राज्यसित मैत्री सम्बन्ध कायम गरेपछि बहादुर शाहले आफ्नो फौज पश्चिम विजयतर्फ पठाए। सबभन्दा पहिले नेपाली फौजले कालीगण्डकी तरी गुल्मीलाई जित्यो। त्यसपछि खाँचीमा अधिकार गरयो । खाँचीपछि धुरकोट विजय भयो । नेपाली सेनाको वेगलाई पर्वतले रोक्ने कोशिश गरयो तर अर्घा तोस्काको लडाईमा पर्वत नराम्रोसँग पराजित भयो । नेपाली सेनाले कुस्मा र बागलुङ विजय गरयो । एक पटक फेरि पर्वत पराजित भयो । यसरी पर्वत राज्यलाई नेपालमा मिलाइयो ।

पर्वतपछि प्यूठान, दाङ, जाजरकोटमाथि विजय गरियो । यसरी नेपाली सेना वि. सं. १८४३ तिर विजय गर्दै भेरी साँध लगाउन पुग्यो । बहादुर शाहले अमरसिंह थापाको नेतृत्वमा एक थप फौज कर्णालीतर्फ पठाए। उक्त फौजले भेरी नदी तरी सर्वप्रथम सुर्खेत, दैलेख र अछाम विजय गरयो। अछामपछि जुम्ला, डोटी विजय गरियो। डोटीको विजयले नेपालको सीमाना महाकाली पुग्यो। पाल्पालाई मित्रतास्वरूप गुल्मी, अर्घा र खाँची दिइयो ।

यसपछि नेपाली सेनाले अमरसिंह थापाको नेतृत्वमा महाकाली नदी तरी कुमाउँको राजधानी अलमोडा दखल गरयो । कुमाउँका राजा मोहनचन्दको हार भयो । कुमाउँपछि गढवालको राजधानी श्रीनगर विजय गरयो । गढवालमाथि पूर्ण विजय भैसकेको थिएन । यत्तिकैमा नेपाल–चीन युद्ध चर्कन थाल्यो। बहादुर शाहले गढवालसँग सन्धि गरी तुरुन्त नेपाल फर्कनू भनी सेनाको नाममा आदेश पठाए। यसले गर्दा पश्चिमको विजय रोक्नुपरयो ।

पूर्वतर्फ पनि बहादुर शाहले इलामबाट अगाडि बढी टिस्टाको इलाकासम्म कब्जा गरी नेपालको सीमाना सिक्किमको साँधसम्म पुरयाएका थिए ।

बहादुर शाहको पतन

रणबहादुर शाह जवान (२० वर्ष) भैसकेका थिए । उनी आफैं राज्य गर्न चाहन्थे । त्यसैले बहादुर शाहले राजालाई राज्यभार सुम्पे । बहादुर शाहले राज्यको हिसाब २,३ वर्षदेखि

बुझाउन सकेका थिएनन् । लडाईंले गर्दा ढुकुटी रित्तिद गएको थियो । यही आरोपमा उनी थुनिए र नजरबन्द अवस्था भै उनको मत्यु भयो ।

मूल्याङ्कन

बहादुर शाह योग्य पिताका योग्य पुत्र थिए । उनी एउटा सच्चा देशभक्त, राजभक्त वीर तथा दूरदर्शी थिए । उनले आफ्ना पिताको सपना पूरा गरे । देशको गौरव बढाए । विजीत राज्यहरूमाथि उनले बडो उदार नीति लिएका थिए । जीउ, धन र इज्जतको सुरक्षा दिएका हुनाले नै विजीत राज्यहरूले पछि कुनै विद्रोह गरेनन् । त्यसैले नेपालको विस्तृतीकरणमा उनको अमूल्य देन छ ।

प्रश्नहरू

(१) पृथ्वीनारायण शाहको अधूरो कार्यलाई कस–कसले पूरा गरे ?
(२) नेपालको इतिहासमा राजेन्द्रलक्ष्मीको योगदानको चर्चा गर्नुहोस् ।
(३) बहादुर शाह एउटा निर्माणकर्ता थिए, पुष्टि गर्नुहोस् ।
(४) बहादुर शाहको राजनीतिक जीवनको चर्चा गर्नुहोस् ।
(५) रणबहादुर शाह किन काशी गए ? यिनी कसरी काशीबाट फर्कन सफल भए ?

छोटकरीमा टिप्पणी लेख्नुहोस्

(क) प्रतापसिंह शाह
(ख) बलि बनियाँ
(ग) पाल्पाली राजा महादत्त सेन

श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाह

श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाहको जन्म वि. सं. १८५४ आश्विन ११ गते भएको थियो । रणबहादुर शाहले गीर्वाणयुद्ध विक्रम शाहको पक्षमा स्वेच्छाले राजगद्दी त्यागेपछि यिनी

(श्री ५ गीर्वाणयुद्ध वीर विक्रम शाह)

वि.सं. १८५५ फागुन २८ गते करीब १।। वर्षको उमेरमा राजगद्दीमा बसे । यिनको नाबालक कालमा दामोदर पाँडे (१८५५–६०), रणबहादुर शाह (१८६०–६३) र भीमसेन थापाले

(१८६३–७३) क्रमशः शासन चलाए। वि.सं. १८७० मा युवराजाधिराज राजेन्द्र वीर विक्रम शाहको जन्म भयो । वि.सं. १८७३ मार्ग ८ गते चढ्दो उमेरमै बिफरको रोगले यिनको देहावसान भयो । यिनले गीर्वाण रत्नावली भन्ने धर्मग्रन्थ लेखेका थिए ।

भारदारहरूमा शक्तिको लागि संघर्ष

प्रतापसिंह शाहको मृत्यु भएदेखि राजेन्द्र वीर विक्रम शाहको शासन कालसम्म नेपालको राजकाजमा राजा, महारानी तथा भारदारहरूकाबीच शक्तिको लागि बराबर षडयन्त्र, झै-झगडा तथा दाउपेच चलिरहे । यसले गर्दा शाहवंशमा कमजोरी आयो र नेपालमा राणा शासनको उदय हुन गयो ।

भारदारहरूमा संघर्ष हुनाका मूल कारणहरू हुन्

(१) नेपालको राजगद्दीमा लगातार लामो अवधिसम्म कम उमेरका राजा हुनु ।

(२) राज्यको शासनभार हात लगाउन महारानी र मन्त्रीहरूमा दाउपेच चल्नु ।

(३) पाँडे र थापाबीच परस्पर वैमनस्य हुनु ।

(४) अंग्रेजहरूको कूटनीतिक चाल ।

प्रतापसिंह शाहकै जीवनकालमा केही स्वार्थी भारदारहरूले प्रतापसिंह शाह र बहादुर शाहबीच फाटो ल्याइदिएका थिए । प्रतापसिंह शाहको स्वर्गारोहणपछि बहादुर शाह बेतियाबाट नेपाल झिकाइए । राजमाता राजेन्द्रलक्ष्मी र बहादुर शाहले केही महीनासम्म मिलेर राजकाज चलाए तर पछि गएर देवर भाउजूमा मनोमालिन्य बढ्यो । परिस्थिति आफ्नो अनुकूल नभएकोले बहादुर शाह फेरि बेतियातर्फ लागे । करीब आठ वर्षसम्म राजमाताले राजकाज चलाइन । राजमाताको स्वर्गारोहणपछि बहादुर शाह फेरि शक्तिमा आए। यस पटक बहादुर शाहले नौ वर्ष जति नायबी चलाए ।

रणबहादुर शाह ठूलो भएपछि बहादुर शाहको हातबाट नायबी झिकियो। बहादुर शाह धुनामा मरे। रणबहादुर शाहले आफैं राज्य चलाउन लागे। उनले नयाँ भारदारी गठन गरे। कीर्तिमान सिंह बस्नेत र दामोदर पाँडे मन्त्री भए । त्रिभुवन खवास तथा नरसिंह गुरुङ्ग काजी भए ।

दामोदर पाँडे

दामोदर पाँडे पृथ्वीनारायण शाहका प्रसिद्ध सेनापति काजी कालु पाँडे (वंशीधर) का छोरा थिए । नेपाल राष्ट्रको निर्माणमा दामोदर पाँडेको भूमिका पनि कम महत्त्वको छैन । पृथ्वीनारायण शाहबाट पूर्व विजय गर्न पठाएको सेनामा यिनी सामेल भएका थिए । राजेन्द्रलक्ष्मी

(दामोदर पाँडे)

र बहादुर शाहको नायबी कालमा पश्चिमतर्फको युद्धमा वीरता देखाई बाईसे तथा चौबीसे राज्यहरूलाई नेपाल राज्यको अधीनमा पारे। नेपाल–तिब्बतको लडाईंमा पनि यिनले विशेष बहादुरी देखाएका थिए । दिग्वा विजयको श्रेय यिनैलाई छ ।

रणबहादुर शाहले शासन आफ्नो हातमा लिएपछि यिनको शक्ति बढ्दै गयो । रणबहादुर शाहले कान्तमतीसँग विवाह गरे । कान्तमतीको इच्छा अनुसार रणबहादुर शाहले राजगद्दी त्यागे र छोरा गीर्वाणयुद्ध वीर विक्रम शाहलाई राजा बनाए ।

नाबालक गीर्वाणयुद्ध वीर विक्रम शाहको नाममा शासन कीर्तिमान सिंह बस्नेत र दामोदर पाँडेले नै चलाउन थाले । रणबहादुर शाहले सन्यास लिए तापनि शासन हस्तक्षेप गर्न नछाडेकाले दामोडर पाँडे आदि भारदारहरूले गीर्वाणयुद्ध वीर विक्रम शाहलाई नुवाकोटमा लगे । त्यहींबाट राज्यको शासन चल्नथाल्यो । रणबहादुर शाहलाई यो कुरा मन परेन । रणबहादुर शाह र दामोदर पाँडेमा फाटो बढ्दै गयो । अन्तमा आफ्नो केही नलाग्ने देखी रणबहादुर शाह राजराजेश्वरी तथा भीमसेन थापा आदि भारदारहरूलाई लिई काशीतर्फ लागे ।

रणबहादुर शाह काशीतर्फ लागेपछि दामोदर पाँडेले गीर्वाणयुद्ध वीर विक्रम शाहलाई काठमाडौं ल्याए । अब काठमाडौंबाटै राजकाज चल्नथाल्यो ।

दामोदर पाँडेले रणबहादुर शाहलाई काशीमा नै राख्न भारतको कम्पनी सरकारसँग सन्धि गरे । तर यो सन्धि व्यवहारमा लागू हुन सकेन । राजराजेश्वरी काठमाडौं फर्किइन् । रानीले शासन आफ्नै हातमा लिएर अंग्रेजसँगको सन्धि तोडिन् । लर्ड वेलेजलीले सन्धि भंग भएको घोषणा गरेपछि रणबहादुर शाह पनि भीमसेन थापासहित काठमाडौं फर्के । रणबहादुर शाहलाई बाटैमा रोक्न दामोदर पाँडे थानकोटनेर केही सेना लिएर पुगे । तर सेनाले रणबहादुर शाहलाई पक्रन मानेन । दामोदर पाँडे समातिए र काठमाडौंको लुमडीस्थाननेर यिनी काटिए । यिनको सम्पूर्ण जागीर र सम्पत्ति सर्वस्व गरियो ।

भीमसेन थापा (१८६३–९४)

भीमसेन थापा वीरभद्र थापाका नाति काजी अमर थापा (सानो) का छोरा थिए । यिनको जन्म वि.सं. १८३२ मा गोरखाको बोर्लाङमा भएको थियो । यिनकी आमा सत्यरूपा माया थिइन् । रणबहादुर शाहकासाथ काशी जाँदा यिनी सरदार पदमा थिए । जसरी मुगल सम्राट् हुमायूँको सुखदुःखमा बैरम खाँले साथ दिएका थिए, त्यस्तै गरी रणबहादुर शाहका सुख-दुःखमा यिनले साथ छोडेका थिएनन् । दामोदर पाँडेको अङ्ग्रेजसँगको सन्धिले रणबहादुर शाहको गतिविधिमाथि अङ्ग्रेजले नियन्त्रण राखे तापनि भीमसेन थापाकै चतुर्‍याईंबाट रणबहादुर शाह काठमाडौं फर्कन सफल भएका थिए । यसले गर्दा यिनी रणबहादुर शाहको पूर्ण विश्वास प्राप्त गर्न सफल भए । रणबहादुर शाह यिनको इमानदारी, बुद्धिमत्ता तथा दूरदर्शिताबाट धेरै नै प्रभावित भएका थिए । त्यसैले एक पटक रणबहादुर शाहले भनेका थिए–"म मरचा देश डुल्या

छैन, भीमसेन मरथा देश डुब्न्या छ ।" रणबहादुर शाह काठमाडौं आएपछि भीमसेन थापा काजी भए । रणबहादुर शाहको हत्या भएपछि यिनी मुख्तियार भए । यिनले रणबहादुर शाहको हत्या काण्डमा परेका कतिपय प्रमुख अधिकारीहरूलाई दण्ड दिए । मृत्यु दण्ड पाउनेहरूमा काजी

(भीमसेन थापा)

नरसिंह गुरुङ, त्रिभुवन खवास, चौतरिया विदुर शाही, पाल्पाली राजा पृथ्वीपाल सेन आदि प्रमुख थिए । चौतरिया बम शाहलाई कुमाउँ पठाए । राजराजेश्वरी सती गएकी हुनाले नाबालक राजा गीर्वाणयुद्ध वीर विक्रम शाहको ललित त्रिपुरासुन्दरी नायब भइन् । वि. सं. १८७३ मा गीर्वाणयुद्ध वीर विक्रम शाहको देहावसान भयो । उनका दुई वर्षका नाबालक छोरा

राजेन्द्र वीर विक्रम शाह राजा भए । यी सबै परिस्थितिले गर्दा भीमसेन थापाले ३१ वर्षसम्म मुख्तियारी चलाउन पाए ।

वि. सं. १८६५ मा यिनी नेपाली सेनाको प्रथम जनरल भए । वि. सं. १८९२ मा प्रधान सेनापति भए ।

यिनको ३१ वर्षको मुख्तियारीको दुई भाग छ:– (१) आन्तरिक सुधार (२) वैदेशिक नीति र अङ्ग्रेजसँगको लडाई ।

आन्तरिक सुधार

सैनिक सुधार:– सुगौलीको हार उनले बिर्सेका थिएनन् । उनले सेनाको सुधारमा कतिपय कदमहरू उठाए । पुराना भत्केका किल्लाहरू मर्मत गराए । सेनाको संगठन युरोपेली ढंगबाट गराए । सेनाको लागि ब्यारेक, छाउनी, तोपखाना, बारुदखाना आदिको निर्माण गरे । सैनिक-हरूको मर्यादाको निम्ति पगरी, चाँदतोडा प्रचलनमा ल्याए । अङ्ग्रेजी दर्जा अनुसार नेपाली सेनाको दर्जा बनाए ।

सामाजिक सुधार:– भीमसेन थापा करिया प्रथाका विरोधी थिए । वि. सं. १८८७ मा छोराछोरी बन्धक राख्ने प्रथाको अन्त गरे । कुनै-कुनै जातमा सन्तान बेच्ने चलन थियो । भीमसेन थापाले यसलाई पनि रोके । भाउजूसँग देवरले विवाह गर्ने प्रथामा पनि उनले प्रतिबन्ध लगाए । नेवार जातिमा भएका कतियप सामाजिक कुरीतिहरूमा पनि उनले सुधार गरे ।

आर्थिक सुधार:– जग्गाधनीले जोताहासँग जमीनमा उपजेको बाली आफ्नो भागमा लिनुपर्ने भयो । बालीको सट्टा नगद लिन्छु भनी कर गर्न नपाइने भयो ।

खेत जोताहासँग घ्यू खाने, दूध खाने, बेठ बेगारी लगाउन नपाउने भयो । भीमसेन थापाले ठाउँ-ठाउँमा भन्सार स्थापना गरे । यसले गर्दा राज्यको आम्दानी बढ्यो । हुलाकको पनि व्यवस्था गरे । पाटन र काठमाडौंबीच आवत–जावत सजिलो पार्न वाग्मती नदीमाथि पुल बनाउन लगाए । वनजङ्गलको सुरक्षा गरे । व्यक्तिगत सम्पत्तिको सुरक्षा गरियो । मालपोत उठाउने व्यवस्था गरेर सरकारको राजस्व बढाए । यिनले बजारमा एउटै किसिमको नापतौल लागू गरे । वि. सं. १८९३ को सुख्खामा अन्नको भाउ निश्चित गरिदिए । ब्याजको दर (नगदीमा १०% जिन्सीमा २५%) को नियमलाई कडाइका साथ लागू गरे ।

धार्मिक सुधार:– निर्माण कार्यमा पनि भीमसेन थापालाई निक्कै सौख थियो । यिनले भादगाउँको सिद्ध पोखरीको जीर्णोद्धार, धरहरा (१८८१), सुन्धारा (१८८५), वाग्मतीमा पुल (१८८५), रिडीको सत्येश्वर महादेवको मन्दिर, पशुपतिमा सुन तथा चाँदीको ढोका, त्रिपुरेश्वर महादेव, काशीमा ललिताघाट तथा नेपाली मन्दिर आदि निर्माण गराए ।

भीमसेन थापाको पतन

वि. सं. १८८९ मा ललित त्रिपुरासुन्दरीको देहान्त भयो । श्री ५ राजेन्द्र वीर विक्रम शाह पनि जवान भैसकेका थिए । उनी शासनको बागडोर आफ्नो हातमा लिन इच्छुक थिए । जेठी महारानी साम्राज्य लक्ष्मीदेवी थापा विरोधी थिइन् । भीमसेन थापालाई बापवैरी साह्न पाँडेहरूले अब राजारानीको कान भर्ने मौका पाए। सुगौलीको हार भीमसेन थापाको गल्तीले भयो भन्ने धारणाको विश्वास राजामा गराइयो । त्यसैले वि. सं. १८९४ को वार्षिक पजनीमा भीमसेन थापाबाट प्रधान–सेनापतिको पद झिकियो । यसको ठीक एघार दिनपछि जेठी महारानीको ६ महिनाका राजकुमार देवेन्द्र विक्रम शाहको मत्यु भयो । पाँडेहरूले यसलाई हतियार बनाए । भीमसेन थापामाथि राजकुमारलाई विष दिएको भन्ने आरोप लगाइयो । उनका समर्थक एकदेव वैद्य, रणवीर सिंह थापा, शिवानन्द र भवानी कैदमा परे । भीमसेन थापामाथि मुद्दा चलाइयो । सबुत प्रमाणको आधार नभएकोले भीमसेन थापा छुटे । उनी बाँकी जीवन आरामपूर्वक बिताउन भनी आफ्नै घर बोर्लाङ गए । भीमसेन थापाको पतनपछि राजदरबारमा रणजङ्ग पाँडेको शक्ति बढेको थियो । उनले भीमसेन थापालाई सधैंको निम्ति पन्छाउने विचार गरे । त्यसैले १५ महिनापछि उनको मुद्दा फेरि दोहोरयाइयो । भीमसेन थापा फेरि कैदमा परे । अपमान सहन नसकी कैदी अवस्थामा नै यिनले काँचको टुक्राले सेरिएर वि. सं. १८९६ श्रावण १७ गते आत्महत्या गरे । भीमसेन थापाको असामयिक मृत्युले देशलाई ठूलो हानि भयो ।

रणजङ्ग पाँडे

रणजङ्ग पाँडे कालु पाँडेका नाति दामोदर पाँडेका छोरा थिए । दामोदर पाँडेको मृत्युमा भीमसेन थापाको हात भएको भन्ने रणजङ्ग पाँडेको विश्वास थियो । त्यसैले उनी भीमसेन थापासँग बापवैरी साह्न चाहन्थे । उनी मौकाको खोजमा थिए । राजा राजेन्द्र वीर-विक्रम शाह जवान भइसकेकाले उनी शासनको बागडोर आफ्नो हातमा लिन इच्छुक थिए । यही मौका छोपी रणजङ्ग पाँडेले भीमसेन थापाको विरोधमा श्री ५ राजेन्द्र र जेठी महारानी साम्राज्यलक्ष्मी समक्ष भए, नभएको चुक्ली लगाउन थाले । त्यसैले वि.सं. १८९४ मा भीमसेन थापा खोसिए । उनीमाथि राजकुमारको हत्या गरेको आरोप लगाइयो ।

भीमसेन थापापछि नयाँ गठन भएको मन्त्रिमण्डलमा रणजङ्ग पाँडेले पनि स्थान पाए । जेठी महारानी साम्राज्यलक्ष्मी देवीको मन परेको हुनाले यिनी मन्त्रिमण्डलमा शक्तिशाली भए । यिनले भीमसेन थापाले गुमाएका प्रदेशहरू फिर्ता लिन सकिने भन्ने झूठो आश्वासन राजालाई दिएर राजाको विश्वास प्राप्त गर्न खोजे । श्री ५ राजेन्द्रले पनि यस्तो अव्यावहारिक झूठो आश्वासनमा परेर रणजङ्ग पाँडेलाई सेनाको प्रमुख बनाए । रणजङ्ग पाँडेले अङ्ग्रेज

विरोधी गतिविधिलाई तीव्र पारे । सैनिक भर्ती बढाइयो । सेनालाई टुँडिखेलमा कवाज खेलाइयो । झूठा लडाई गरेर अङ्ग्रेजमाथि विजय गरेको नाटक खेलियो । आर्थिक स्थिति दरिलो पार्न सेनाका तलबमा कटौती गरियो । सेनामा यसको नराम्रो प्रतिक्रिया भएकोले तलब कटौतीको योजना स्थगित गर्नुपरयो ।

यिनले भारतीय राजाहरू, अफगानिस्तान र बर्मासँग पनि सम्बन्ध स्थापना गर्ने कोशिश गरे । नेपाल-भारत संघर्षको हल्ला व्यापक भयो । नेपाली सेना एक्कासि रामनगरमा (जो अङ्ग्रेज राज्यको सीमाना पर्दथ्यो) पस्यो र त्यसको क्षेत्रमा पर्ने नब्बे गाउँमाथि नेपाल सरकारले दाबी गरयो । अङ्ग्रेज गभर्नर लर्ड आकलैण्डले यसको तीव्र विरोध गरे । उनले ओलिभरको नेतृत्वमा रामनगरको सुरक्षाको लागि सेना पठाए । कम्पनी सरकारले रणजङ्ग पाँडेलाई मन्त्री पदबाट हटाउने माग गरे । श्री ५ राजेन्द्रले रणजङ्ग पाँडेको चालबाजी थाहा पाइसकेका थिए । भीमसेन थापाको अनावश्यक पतन पनि यिनले गराएको भन्ने राजेन्द्र वीर विक्रम शाहलाई परयो । त्यसैले यही मौका पारी यिनले रणजङ्ग पाँडेलाई बरखास्त गरिदिए । तर रणजङ्ग पाँडेलाई हटाएको जेठी महारानी साम्राज्यलक्ष्मीलाई मनपरेन । महारानीले श्री ५ राजेन्द्रलाई घुक्र्याई काशी जाने धम्की दिइन् । तर हेर्दाँडा पुग्दा नपुग्दै औलोले गर्दा उनको देवहासान (वि. सं. १८९८) भयो ।

यसरी रणजङ्ग पाँडे खोसिएपछि वि. सं. १९०० मा भीमसेन थापामाथि लगाइएको आरोपको मुद्दा फेरि दोहोरियो । पाँडे परिवारका महत्त्वपूर्ण व्यक्तिहरूमाथि भीमसेन थापामा मिथ्यारोपण लगाइएबापत मुद्दा चलाइयो । भीमसेन थापाका परिवारहरूले सफाइ पाए । रणजङ्ग पाँडेलाई अपमानपूर्वक शहरको परिक्रमा गराइयो । यो वेदना सहन नसकेर विक्षिप्त भई यिनी चाँडै नै मरे ।

प्रश्नहरू

१. भारदारबीच शक्तिको निम्ति संघर्ष हुनाका कारणहरू के–के हुन् ?
२. दामोदर पाँडे को थिए ? नेपालको इतिहासमा उनको के स्थान छ ?
३. भीमसेन थापा कसरी मुख्तियार भए ? उनको मुख्तियार कालमा भएका सुधारहरूको वर्णन गर्नुहोस् ।
४. भीमसेन थापाको पतन कसरी भयो ?
५. भारदार संघर्षमा रणजङ्ग पाँडेको कस्तो भूमिका थियो ? उनी किन अन्तमा असफल भए ?

नेपाल–तिब्बत चीन युद्ध (१८४६–४९)

नेपाल–तिब्बतबीच आदिकालदेखि सुमधुर व्यापारिक तथा आर्थिक सम्बन्ध थियो । तिब्बतको निम्ति चाहिने आवश्यक मुद्राको व्यवस्था मल्ल कालमा नेपालबाटै भैरहेको थियो । पृथ्वीनारायण शाहको आर्थिक घेराउको नीतिले जयप्रकाश मल्लको आर्थिक स्थिति कमजोर हुनथाल्यो । त्यसैले जयप्रकाशमल्लले ताँबा मिसिएको घटिया टक प्रचलनमा ल्याए । यस्तो मिसौटे टकहरू भोटको बजारमा प्रशस्त पुगेका थिए । वि. सं. १८२५ मा मल्लवंशको सट्टा नेपालमा शाहवंशको स्थापना भयो । पृथ्वीनारायण शाहले नयाँ शुद्ध चाँदीको टक प्रचलनमा ल्याए[७] । पुरानो मिसौटे टकहरूको प्रचलन बन्द गरे । पृथ्वीनारायण शाह तिब्बतका नयाँ शुद्ध टकहरूको चलनचल्तीमा ल्याउन चाहन्थे । तर यसो गर्दा तिब्बतीहरूलाई नोक्सानी पर्थ्यो । पृथ्वीनारायण शाहले पुरानो र नयाँ टकको समस्या समाधान गर्न एक व्यापारिक प्रतिनिधि-मण्डल लालगिरीको नेतृत्वमा तिब्बततर्फ पठाए । तर यो प्रतिनिधिमण्डल आफ्नो उद्देश्यमा सफल भएन । यसले गर्दा परम्पराको बन्द व्यापार बिग्रँदै गयो, मनमुटाव बढ्दै गयो । प्रतापसिंह शाह राजेन्द्रलक्ष्मी तथा बहादुर शाहको समयमा पनि यो समस्यामाथि विचार भयो । तिब्बतीहरू आफ्नो जिद्दीमा अडिरहे । शुद्ध र मिसौटे टक बजारमा प्रचलनमा आउँदा व्यापारमा नराम्रो असर पर्ने हुनाले सरकारले दुवै किसिमको टकको बीच एउटा निश्चित दर कायम गर्ने प्रस्ताव राखे । दर निश्चित गर्दा पनि तिब्बतीहरूलाई नोक्सान पर्ने हुनाले उनीहरूले दुवै किसिमको भाउ समान हुनुपर्छ भन्ने कुरामा अड्डी लिए, तर यो व्यापारिक सिद्धान्तको विरुद्ध भएकोले वार्ता त्यस्तै अनिर्णित अवस्थामा रह्यो । समस्याको शान्तिपूर्ण समाधान खोज्न नेपाल सरकारले सरकारको मध्यस्थता प्राप्त गर्ने कोशिश गरेको । तर यसमा पनि तिब्बतीहरूले विरोध गरे । नेपाली प्रतिनिधि मण्डललाई चीन जान तिब्बतले अनुमति पनि दिएन एवं ल्हासास्थित चीनी राजदूतसँग भेट गर्न पनि दिएन ।

वि. सं. १८३८ मा दिगर्चाका टशी लामाको मृत्यु भयो । यसैबीच टशी लामाका भाइ श्यामर्पा लामाले मठको आम्दानी हिनामिना गरे । नयाँ अवतार लामाका मानिसले स्यामर्पा लामालाई कैदमा पारे । वि. सं. १८४४ मा उनी कैदबाट उम्की नेपालको शरणमा आए । नेपालमा श्यामर्पा लामालाई शरण दिनाले युद्ध अवश्यंभावी हुनगयो । अब एकले अर्कोमाथि

---

[७]उप्रान्त टक्सार पनि चोखो चलाउनु (पृथ्वीनारायण शाहको दिव्य उपदेश)

आरोप–प्रत्यारोप लगाउन थाले । नेपालको भनाइ अनुसार तिब्बतले नेपाली वस्तुउपर अप्रत्याशित रूपले भन्सार बढाएको, तिब्बतबाट पैठारी गर्ने नूनमा धूलो मिसाएको र नेपाली व्यापारीलाई लुटेको भन्ने थियो भने तिब्बतको आन्तरिक मामलामा नेपालले हस्तक्षेप गरेको आरोप



तिब्बतको थियो । यही कारणले गर्दा वि. सं. १८४५ मा तिब्बतसँग नेपालको लडाई भयो । नेपाली सेनाले कुतीबाट सिखारजोङ्ग र केरूङबाट झुंगामाथि आक्रमण गरयो र तिब्बतलाई

हरायो । तिब्बत हारेकोले र चीनले मध्यस्थता गरेकोले खीरूको सन्धि भयो । यस सन्धि अनुसार तिब्बतले वार्षिक ५०,००० नेपाललाई दिनुपर्ने भयो तर तिब्बतले एक वर्षपछि सो रकम बुझाउन आलटाल गरेकोले वि. सं. १८४८ मा बहादुर शाहले अभिमान सिंह बस्नेतलाई केरूङतिर तथा दामोदर पाँडेलाई कुतीतिर पठाए । दामोदर पाँडेले यस पटक दिगर्चा कब्जा गरेर त्यहाँको मठको सम्पत्तिमाथि अधिकार गरे । उनले ल्हासाको काजी धुरेनलाई पनि समाते । यति गरी दामोदर पाँडे वि. सं. १८४८ माघ महिनातिर काठमाडौं फर्के । नेपाली सेनाले दिगर्चा जितेको र ल्हासाका काजीलाई पत्रेको समाचार चीन पुगेपछि चीन सरकारले तिब्बतको रक्षार्थ टुङ्ग्याङको नेतृत्वमा सेना पठायो । यसैबाट वि. सं. १८४९ मा नेपाल–तिब्बत युद्ध नेपाल–चीन युद्धमा परिणत भयो ।

चिनियाँ सेनापति टुङ्ग्याङ चीन बादशाह शियनलुङ (वि. सं. १७९३–१८५३) का ज्वाईं थिए । यिनी वि. सं. १८४८ फागुनको आखिरतिर ल्हासा आइपुगे । यिनले श्यामर्पा लामा र धुरेन काजीलाई हस्तान्तरण गर्न नेपाल सरकारसँग माग गरे । तर नेपाल सरकारले "शरणको मरण गर्ने छैन" भनी जवाफ पठाए । अब नेपाल र चीनको लडाईं हुने निश्चय भयो ।

यस बखत नेपालले तीनतर्फ लड्नु परिरहेको थियो । तिब्बतले सिक्किमलाई उचाली नेपालको पूर्वी इलाकामा गोलमाल मचाउन लागिरहेको थियो । सुदूर पश्चिम गढवालतर्फ लडाईं चलिरहेकै थियो । अछाम, डोटी तथा जुम्लाका राजा विद्रोह गर्न लागेका थिए । त्यसैले बहादुर शाहलाई चीनको आक्रमण रोक्न राम्रो प्रबन्ध मिलाउन समय नै मिलेन ।

यसले गर्दा आरम्भमा चिनियाँ सेनालाई सफलता मिल्यो । चिनियाँ सेनाले कुकुरघाटमा नेपाली सेनालाई हराई केरूङ विजय गरयो । केरूङबाट चिनियाँ फौज रसुवा बढयो, रसुवाबाट घुन्चे हुँदै धैबुङ पुग्यो ।

चिनियाँ सेनाको आक्रमण रोक्नलाई नेपाली सेना वेत्रावतीवारि बलियो गरी बसेको थियो । यहाँ चोकदे, दुङ्चे र गेर्खु तीन गढी थिए । चोकदेमा कीर्तिमान सिंह बस्नेत र गेर्खुमा दामोदर पाँडे तैनाथ थिए । वि. सं. १८४९ भाद्र ८ गते चिनियाँ सेनाले वेत्रावती पार गरी नेपाली फौजमाथि आक्रमण गरयो । दुवै सेनाको घोर घमाशान लडाईं भयो । तीनैतिरबाट चिनियाँ च्यापामा परेकोले उनीहरूको नराम्रोसँग हार भयो । चिनियाँ सेनाको भागाभाग भयो । कैयौं भीरबाट लडे, नदीमा खसे तथा गोलीका शिकार भए । अन्तमा वेत्रावती पारि भागे ।

यति भएपछि सेनापति टुङ्ग्याङले अघि बढ्ने आशा छाडे र सन्धिको कुरा चलाए । बहादुर शाहले पनि चीनका बादशाहसँग मैत्री राख्नु नै बढिया देखेकाले सन्धि गरे ।

सन्धिका शर्तहरू

(१) नेपालले श्यामपांको लाश (श्यामपांले आत्महत्या गरिसकेका) बुझाईदिने ।

(२) नेपालले तिब्बतमाथिको सबै दाबी उठाउने ।

(३) प्रत्येक ५ वर्षमा नेपालले चीनका बादशाह छेउ सद्भावना मण्डल पठाउने व्यवस्था भयो ।

यस युद्धपछि बहादुर शाहको पतन भयो । (१८५१) ।

नेपाल अङ्ग्रेजसँगको सम्बन्ध

मुगल साम्राज्यको पतनपछि भारतमा जुन रिक्तताको स्थिति आयो त्यसको फाइदा भारतमा व्यापार गर्न आएको एउटा व्यापारिक कम्पनी (इष्ट इण्डिया कम्पनी) ले उठायो । भारतीय राजा तथा नवाबहरूको कमजोरीबाट फाइदा उठाएर सर्वप्रथम वि. सं. (१८१४–२०) को बीच बिहार, बंगाल, उडिसाको इलाका कम्पनी सरकारको हातमा आयो । अंग्रेजी गभर्नर जनरल लर्ड वेलेजलीले कम्पनीको प्रभुत्त्व कायम राख्न सहायक सन्धिको नीति जारी राखे । बिस्तारै–बिस्तारै यस सन्धि अन्तर्गत लर्डवेलेजलीले भारतीय राजा र रजौटाहरूलाई आफ्नो अन्तर्गत ल्याए वा ल्याउन कोशिश गरे ।

हिमालयको तलहिटमा १८ औं शताब्दीमा विभिन्न साना–साना राज्यहरूको अस्तित्व थियो । यसै बखत गोरखाका राजा पृथ्वीनारायण शाहले विभिन्न साना-साना एकाइमा विभाजित भएका राज्यहरूलाई एक सूत्रमा बाँध्ने अभियान चलाए। यो अभियानलाई अङ्ग्रेजहरूले चेवा लिइरहेका थिए । नेपालको परम्परागत धार्मिक सहिष्णुता नीति अनुरूप मल्ल शासकहरूले ईशाई पादरीहरूलाई नेपालमा धर्म प्रचार गर्न सुविधा दिएका थिए । जयप्रकाश मल्ललाई पृथ्वीनारायण शाहको विरोधमा सहायता दिन यी ईशाई पादरीहरूले सिफारिश पनि गरेका थिए । तर कप्तान किनलोकको नेतृत्वमा पठाएको अङ्ग्रेजी सेनालाई पृथ्वीनारायण शाहले काठमाडौंमा छिर्न दिएनन् । तिनीहरूलाई सिन्धुलीगढीको लडाईंमा पराजित गरेर पृथ्वीनारायण शाहले तिनीहरूको मनसुवा विफल पारिदिए । काठमाडौं विजय गरेपछि पृथ्वीनारायण शाहले ईशाई पादरीको राजनीतिक मनसुवा बुझेर काठमाडौंबाट बाहिर निकालिदिए ।

बहादुर शाहको चीनसँगको लडाईंहरूमा अङ्ग्रेजहरूले नेपालमा आफ्नो प्रभाव विस्तार गर्ने मौका पाए । लर्ड कर्नवालिशले एउटा सैनिक मिशन नेपालमा पठायो तर यो मिशन आउनु-भन्दा अघि नै नेपालले चीनसँग सन्धि गरिसकेको हुनाले नेपालको निम्ति मिशनको कुनै उपयोगिता रहेन । मिशन निरुद्देश्य फर्केर गयो । (२४ मार्च १७९३, वि. सं. १८४९)

नेपाल–अंग्रेज युद्ध
विवादग्रस्त क्षेत्रहरू
तिब्बत
बिहार

नेपालको राजनीतिक परिस्थितिले गर्दा रणबहादुर शाहलाई काशीमा प्रवासको जीवन बिताउन (वि. सं. १८५८) जानुपरयो । कम्पनीको सरकारले नेपालमा आफ्नो प्रभाव विस्तार गर्ने यो सुवर्ण मौका पायो । त्यसैले आरम्भमा कम्पनीको सरकारले नेपाली राजा रणबहादुर शाहलाई खूब खातिर गरयो । कम्पनीको सरकारले रणबहादुर शाहलाई नेपालको गद्दीमा बसाल्ने र बदलामा रणबहादुर शाहले कम्पनीलाई नेपालमा व्यापार गर्न कोठी स्थापना गर्ने अधिकार दिने भन्ने किसिमको प्रस्ताव राख्यो । भारतीय राजाहरूको आन्तरिक कलहमा यही नीति अनुसार कम्पनीले आफ्नो अधिकार स्थापना गरेको थियो । रणबहादुर शाहको राजनीतिक सल्लाहकार भीमसेन थापाले कम्पनीको यस कूटनीतिलाई खूब राम्रोसँग बुझेका थिए । त्यसैले भीमसेन थापाको सुझाव अनुसार उनले प्रवासमा दुःख सही जीवन बिताउने निश्चय गरे । तर देशलाई कम्पनीको हातमा बेच्ने नीति उनले स्वीकार गरेनन् । रणबहादुर शाहले कम्पनीको प्रस्ताव स्वीकार नगरेकोले कम्पनीको सरकारको ध्यान नेपाल सरकारतर्फ गयो । कीर्तिमान सिंह बस्नेत तथा दामोदर पाँडेले पनि कम्पनी सरकार अगाडि आफ्नो दूत पठाए । रणबहादुर काठमाडौं आएमा आफ्नो अस्तित्व खतम हुने डरले यिनीहरूले कम्पनी सरकारसँग सन्धि गरी रणबहादुर शाहलाई भारतमा नै रोक्ने विचार गरे । फलतः वि. सं. १८५८ मा नेपाल कम्पनी सरकारको बीच सन्धि भयो । यस सन्धि अनुसार कम्पनी सरकारले रणबहादुरलाई महत नदिने, रणबहादुरको नेपाल सरकार विरोधी गतिविधिमा नियन्त्रण गर्ने, रणबहादुरको जीविकाको निम्ति नेपाल सरकारले वार्षिक पेन्शन ८०,००० तिर्ने (पल्लो किरांत र मोरङको आम्दानी) यी सबैको बदलामा नेपाल सरकारले कम्पनी सरकारलाई कीर्तिपुरमा व्यापारिक कोठी खोल्न दिने । यस सन्धि अनुसार कप्तान नक्श नेपाल आए । (वि. सं. १८५९) । तर यो सन्धि धेरै दिन टिक्न सकेन । राजराजेश्वरी नेपाल फर्किन् । राजराजेश्वरीले सन्धिको शर्त अनुसार कम्पनीलाई कोठी खोल्न सुविधा नदिएकोले नक्श फर्केर भारत गए र वेलेजलीले (वि. सं. १८६०) मा सन्धिलाई रद्द गरिदिए। अब रणबहादुर शाह स्वतन्त्र भए। उनी काठमाडौं आए र नाबालक गीर्वाणको मुख्तियार भए । वि. सं. १८५८ मा अवधको नवाबले बेलेजलीसँग सहायक सन्धि गरयो र अङ्ग्रेजको सेनाको खर्चको निम्ति आफ्नो राज्यको केही भाग कम्पनीलाई तल्लो दोआबको इलाका दिए । यसअनुसार गोरखपुर जिल्ला कम्पनीको अधीनमा परयो । पाल्पाको एकीकरणले गर्दा नेपालको सीमाना कम्पनीको सीमानासँग मिल्न गयो । त्यस समय सीमाना प्रस्टसँग नछुट्टिएकोले दुवै सरकारको बीच सीमानासम्बन्धी कचिंगल उठ्न थाल्यो । सीमाना सम्बन्धी झगडा मुख्य रूपले लुम्बिनी अञ्चलको स्यूराज र बुटवल, कोशी अंचलको भीमनगर र नारायणी अंचलको रौतहट जिल्लाको २२ प्रगन्नाबारे थियो । वि. सं. १८६६ मा लर्ड मिन्टोको समयमा सीमानासम्बन्धी कचिंगलको निर्णय गर्न एउटा संयुक्त आयोगको गठन भयो । तर दुवै सरकारको प्रतिनिधिको अव्यावहारिक मनोवृत्तिले गर्दा आयोग आफ्नो

उद्देश्यमा सफल भएन। फलत: नेपाल सरकारले आफ्नो अधिकार कायम गर्न स्यूराज र बुटौलमा अधिकार गरयो । अब लर्ड हेस्टिङ्सले २५ दिनभित्र स्यूराज बुटवल खाली गर्नु भनी पत्र पठाए र वि. सं. १८७१ मा अधिकार गरयो । नेपाल सरकारले यसलाई आफ्नो अपमान सम्झी स्यूराज र बुटौलमाथि आक्रमण गरयो, त्यस आक्रमणमा १८ भारतीय सिपाही मरे । अब लर्ड हेस्टिङ्सले लडाईको तयारी गरयो र १८ कार्तिक १८७१ मा लडाईको घोषणा गरयो।

हेस्टिङ्सले नेपालीहरूलाई चाँडो हराउन ५ तर्फबाट आक्रमण गर्ने उद्देश्यले सेना पठायो । लामो अवधिसम्म लडाई भयो भने भारतीय राजाहरू नेपालसँग मिल्लान् भन्ने डर उसलाई थियो ।

(१) जनलर अक्टरलोनी ६००० सेना लिएर नेपालको सुदूर पश्चिम इलाकामा आक्रमण गर्न भनी लुधियानाबाट हिंडयो ।

(२) जनरल जिलेस्पी ४००० फौज लिएर देहरादूनबाट गढवालतर्फ बढयो ।

(३) जनरल उड ४००० फौज तथा पाल्पा हान्न गोरखपुरतर्फबाट हिंडयो ।

(४) जनरल माल वेतियाबाट ८००० फौज लिई मकवानपुरतर्फ बढयो ।

(५) मेजर लेटर २००० फौज लिई पूर्णियाबाट विराटनगरतर्फ लाग्यो । सिक्किमलाई नेपाल आक्रमण गर्न पनि उक्साइयो ।

लडाईको प्रथम चरणमा नेपाली सेनाले अभूतपूर्वकको वीरता देखाए जुन नेपाली सेनाको निम्ति उदाहरण र प्रेरणादायक भएको छ ।

कलंगाको लडाई र कप्तान बलभद्र

जनरल जिलेस्पी देहरादूनबाट अगाडि बढी कलंगाको पहाडी दुर्गमा आक्रमण गर्ने भनी हिंडेका थिए । यो दुर्ग देहरादूनबाट ५ माइल जति पर नालापानी भन्ने ठाउँमा पर्दछ। यस दुर्गको रक्षार्थ जम्मा ६०० नेपाली थिए । तिनमा कति त आइमाई र केटाकेटी थिए। दुर्गको रेखदेखमा कप्तान बलभद्र कुँवर थिए । यिनी जयकृष्ण कुँवरका नाति सुब्बा चन्द्रवीरका छोरा थिए । यिनका पुर्खाहरूले पनि शाह वंशको सेवा गर्दै लडाईंमा बढी वीरता देखाएका थिए ।

नालापानी स्थित कलंगाको दुर्ग मामुली ढुङ्गाले बनेको थियो । यति सानो किल्लामा यति कम फौजले आधुनिक हात हतियारले सुसज्जित अङ्ग्रेजसँग के लड्ला भन्ने जनरल जिलेस्पीले आशा लिएको थियो । त्यसैले जिलेस्पीले आत्मसमर्पण गर्न भनी लेखिपठाए । वीर बलभद्रले

यसलाई नेपाली मात्रको अपमान सम्झे। नेपाली मर्न जान्दछ, झुक्न जान्दैन लडाईंको मैदानमा भेट्न तैयार रहेको भन्ने जवाफ उनले पठाए ।

(बलभद्र कुँवर)

अङ्ग्रेजहरूले आफ्नो विशाल तोप किल्लातर्फ तेर्स्याए । बलभद्रको मातहतमा रहेका फौजले पनि जवाफमा गोली फर्काए । पहिलो दिनको लडाईमा लेफ्टीनेन्ट एलिश मरे । दिनभरिको लडाईमा अङ्ग्रेजी फौजलाई कुनै खास फाइदा नभएको देखेर जनरल जिलेस्पीले फौजको अधिकार आफैंले लिए । उनले बडो जोरसँग एकपल्ट आक्रमण गरी किल्ला ध्वस्त पार्ने योजना बनाए । ६ ओटा तोपले गोली चलाई उनले आफ्नै पैदल सेनालाई अगाडि सारे । पर्खालमुनि आइपुगेका

शत्रुहरूलाई नेपाली सेनाले बन्दुकका गोलीले सत्कार गरे । बस लडाईंमा दुर्गभित्र रहेका आइ-माईहरूले पनि अपूर्व वीरता देखाई शत्रुको सातो लिए । नेपाली शक्तिलाई होच्याएकोले जिलेस्पी (जावाका वीर, इण्डोनेशियाको जावा टापूमा यिनले आफ्नो वीरता देखाएका थिए)को छातीमा किल्लाबाट छुटेको गोली लाग्यो । यिनी ढले । सेनापतिको मत्युले शत्रुको मनोबल कम भयो । आक्रमणको बेग कम भयो । जिलेस्पीको मत्युपछि भावी सेनापति भए । यिनको पनि केही चलेन । अन्तमा यिनीहरूले बचाउको युद्ध गरे । किल्लालाई चारैतिरबाट घेरेर किल्लाभित्र जाने पानीको मुहान् काटिदिए । पानीको अभावमा किल्लाभित्र घेरै समय टिक्न मुश्किल परयो । फलतः कप्तान बलभद्र आफ्नो बचेको ७० जवान फौजसहित हातमा नाङ्गो तलवार, खुकुरी लिई बाहिर निस्के । गोलीको कुनै पर्वाह नराखी नजीकको सोतामा प्यास बुझाए र जंत गढतर्फ लागे । कप्तान वीरभद्रको सम्मानमा अङ्ग्रेजले राखेको शिलालेख यस प्रकार छः–

"As a tribute of respect for our gallant adversary Balabhadra and his brave Gurkhas."

"हाम्रा वीर शत्रु बलभद्र र उनका वीर गोरखा साथीहरूको स्मृतिमा सम्मानोपहार"

नेपाली जातिको अलौकिक वीरता र स्वामी भक्तिको पहिलो उदाहरण अंग्रेजहरूले कलङ्काको युद्धबाट थाहा पाए । यही दिनदेखि अङ्ग्रेजहरूले नेपाली राष्ट्रिय चरित्र बुझ्न समर्थ भए ।

जनरल उड् र पाल्पा

जनरल उड् पाल्पा हान्न ठेकिएका थिए । उनी नेपालको सरहदभित्र पसी नुवाकोट गढी दखल गर्न आए । नुवाकोट गढीदेखि १ कोस फरकमा दक्षिणपट्टि जीतगढ थियो । यस गढीमा वीरभञ्जन पाँडे तैनाथ थिए । अङ्ग्रेजले यस गढीमा आक्रमण गरेको सुनेर नुवाकोट गढीमा बसेका भीमसेन थापाका भतिजा कर्नेल उजीर सिंह थापा वीरभञ्जन पाँडेको सहायताको निम्ति आइपुगे । दुवै पक्षमा लडाईं भयो । पहिलो जंकाभेटमा नेपाली सेनाले जुन पराक्रम देखाए, त्यसले गर्दा उड्को मनमा ठूलो त्रास भयो । यसपछि बुटवल गढीको लडाईंमा पनि कुमेदान कृपासुर थापाले अङ्ग्रेजलाई हराए । यसले गर्दा अङ्ग्रेजी सेना गोरखपुरतिर लाग्यो । जनरल उड् अब गोरखपुर बुटवलतर्फको बाटो रोकी केवल बचाउको युद्धमा लागे ।

जनरल मार्ले र पर्सा

जनरल मार्ले मकवानपुरतर्फ आक्रमण गर्न ठेकिएका थिए । अङ्ग्रेजी सेनाले पर्सा र समनपुरमा मुकाम गरी बसेका थिए । नेपाली सेनाको एक दल सर्वजीत थापाको नेतृत्वमा समन-

पुरमा र वीरकेशर पाँडेको नेतृत्वमा पर्सामा आक्रमण गर्न भनी कर्णेल रखवीर सिंह पठाए । एक्कासि आक्रमणले गर्दा अंग्रेजी फौजमा भागाभाग भयो । यस लडाईंमा नेपाली सेनालाई प्रशस्त हातहतियार प्राप्त भयो । जनरल मार्लेको अकर्मण्यताबाट असन्तुष्ट भएर लार्ड हेष्टिङ्गले उनीलाई खोसिदिए र उनको सट्टामा जर्ज उडलाई पठाए ।

(अमरसिंह थापा)

अक्टरलोनी र मलाउँ

नेपाल हान्न आएका अङ्ग्रेजी सेनापतिहरूमध्ये अक्टरलोनी सबभन्दा चतुर थिए । उनी नेपालको सुदूर पश्चिम इलाका जित्न खटिएका थिए ।

उनले सतलजको किनारामा रहेका केही सानातिना गढहरू कब्जा गर्दै (नाला गढ, तारा गढ, रामगढ) मलाउँतर्फ लागे । मलाउँका किल्लामा वीर अमरसिंह थापा (बूढा) तैनाथ थिए । अमरसिंह थापाले पहिले अङ्ग्रेजसँग जाइकटक गरे। अङ्ग्रेजको तर्फ प्रशस्त हानि भयो। तर दिल्लीबाट अक्टरलोनीको सहायतार्थ नयाँ फौज आएकोले अमरसिंह थापाले बचाउको युद्ध गर्नुपरयो । अङ्ग्रेजहरूले ६ महिनासम्म मलाउँमा घेरा हाली बसे र अमरसिंह थापाको राजभक्ति पनि किन्ने असफल प्रयास गरे ।

देउथल र भक्ति थापा

मलाउँको देब्रेपट्टि देउथल र दाहिनेपट्टि सुरजगढको किल्ला थियो । देउथल किल्लाको तैनाथी भक्ति थापामा थियो । भक्ति थापा किल्ला छोडी अमरसिंह थापालाई मद्दत गर्न मलाउँ गएका थिए । यही मौका छोपी अक्टरलोनीले देउथल कब्जा गरयो । अमरसिंह थापाको आदेशानुसार भक्ति थापा देउथल कब्जा गर्न अगाडि बढे । भक्ति थापा मूलतः लमजुङे थिए। लमजुङको पतनपछि उनी गोरखाली सेनामा आएका थिए । अमरसिंह थापाले लडेका घेरै-जसो लडाईंमा यिनले लडेका थिए । यस समय यिनको उमेर ७० वर्षको थियो । फेरि पुत्र शोकले पनि यिनलाई गलाएको थियो । तैपनि आफ्नो देशको रक्षा गर्ने काममा यिनको जोश कम थिएन। देउथलको टुप्पो बाट शत्रुले तोपको गोला बर्साउन लाग्यो। तर शत्रुको गोलाको कुनै परवाह नराखी यिनी किल्लाको टुप्पामा चढ्न सफल भए। हातमा नाङ्गो तरवार लिई यिनले तीन पटक किल्लाभित्र पस्न कोशिश गरे । तर यिनी असफल भए । अन्दाजी ७०० नेपाली फौजको साथसाथै बूढा भक्ति थापाले पनि वीरगति पाए । यिनको मृत्युले अमरसिंह थापाको दाहिने हातै भाँचिए जस्तो भयो । देउथल कब्जा गर्न नसके तापनि अङ्ग्रेजले वीरताको कदर गर्दै उनको लास दोसल्ला ओढाई नेपालीलाई बुझाइदिए ।

वीर भक्ति थापाले नेपाल आमाको रक्षार्थ देखाएको शूरता र वीरता अद्वितीय छ । नेपाली सेनाले सधैं उनलाई आफ्नो आदर्श बनाएको छ ।

यसरी लडाईंको आरम्भमा नेपाली सेनाले अंग्रेजको आकांक्षालाई विफल पारी दिए तापनि अंङ्ग्रेजहरूले अल्मोडा, कुमाउँ, गढवाल तथा मोरङ कब्जामा लिए। मकवानपुरको लडाईंमा नेपालको हार भयो। सैनिक शक्ति र मजबूत आर्थिक स्थिति भएका अङ्ग्रेजहरूसँग सन्धि गर्नु नै उपयुक्त थियो । फलस्वरूप नेपालले अङ्ग्रेजसँग सन्धि गरयो । यो सन्धिलाई सुगौलीको सन्धि भनिन्छ । (फागुन १८७२)

सन्धिका धाराहरू

(१) नेपालले महाकालीदेखि सतलजको इलाका अङ्ग्रेजलाई दिनुपरयो ।

(२) नेपालमा बृटिशले दूताबास खोल्न पाउने भयो ।

(३) नेपालले सिक्किममाथिको अधिकार त्याग्नुपर्ने भयो ।

(४) तराईको ठूलो भू–भाग अंग्रेजलाई दिनुपर्ने भयो । तर पछि मरहट्ठासँग संघर्ष हुन लागेकोले अंङ्ग्रेजले यो भू–भाग नेपाललाई फिर्ता दियो ।

(यसप्रकार सुगौली सन्धिले गर्दा नेपालको सीमा सधैंको निम्ति निश्चित गरिदियो । एउटा विशाल हिमाली राज्य खडा गर्ने सपना चकनाचूर भयो। नेपालको सीमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म भयो । जुन अद्यापि छँदैछ) ।

प्रश्नहरू

१. नेपाल तिब्बतबीच कति–कति कारणले मतभेद बढ्यो ?

२. नेपाल तिब्बत लडाईंका संक्षिप्तमा वर्णन गर्नुहोस् ।

३. नेपाल तिब्बत लडाईंको परिणाम के छन् ? के यी परिणाम नेपालको पक्षमा थिए ?

४. नेपाल अङ्ग्रेज युद्धका कारण के हुन् ?

५. नेपाल अङ्ग्रेज युद्धमा कप्तान बलभद्र र सर्दार भक्ति थापाको योगदान चर्चा गर्नुहोस् ।

६. "लामो अवधिको लडाईं नेपालजस्तो सानो मुलुकको अनुकूल थिएन" यस सन्दर्भमा नेपाल अङ्ग्रेज युद्धको चर्चा गर्नुहोस् ।

७. सुगौली सन्धिका विशेषताहरू के हुन् ? यस सन्धिले नेपालको इतिहासमा कस्तो प्रभाव परयो ?

श्री ५ राजेन्द्र वीर विक्रम शाह (१८७३-१९०४)

राजेन्द्र वीर विक्रम शाहको जन्म वि.सं. १८७० मार्ग २४ गते महारानी गोरक्ष राज्य लक्ष्मीको गर्भबाट भएको थियो । वि.सं. १८७३ मा गीर्वाणयुद्ध वीर विक्रम शाहको देहावसान भएपछि यिनी राजगद्दीमा बसे । यिनको नाबालक कालमा यिनकी हजुरआमा ललितत्रिपुर सुन्दरीले भीमसेन थापाको सहायताबाट राजकाज चलाउन थालिन् । वि.सं. १८९४ पछि यिनले शासन आफ्नै हातमा लिए । यिनका दुई रानीमध्ये जेठी साम्राज्यदेवी तर्फबाट दुई पुत्र र कान्छी राज्यलक्ष्मीबाट दुई पुत्र पैदा भए ।

जेठी महारानी साम्राज्यलक्ष्मी देवी काशीतर्फ जाँदा हेटौंडामा देहावसान भयो । यसैले गर्दा कान्छी महारानी राज्यलक्ष्मीको राजकाजमा प्रभाव बढ्न थाल्यो । श्री ५ राजेन्द्र युवराजाधिराज सुरेन्द्र वीर विक्रम शाहलाई पनि खुशी राख्न चाहन्थे । तर साथसाथै कान्छी महारानीलाई पनि असन्तुष्ट राख्न चाहँदैनथे । दुवैलाई खुशी पार्ने यस नीति अनुसार राजेन्द्र वीर विक्रम शाहले युवराज सुरेन्द्र वीर विक्रम शाहलाई "नानी युवराजाधिराज" का रूपमा मान्यता दिएर उत्तराधिकारी बनाए र शासनाधिकार भने कान्छी महारानीलाई सुम्पिदिए । यसबाट शक्ति सन्तुलन हुन्छ भन्ने राजेन्द्र वीर विक्रम शाहको विचार थियो ।

(श्री ५ राजेन्द्र वीर विक्रम शाह)

तर दुर्भाग्यवश यसको उल्टो परिणाम निस्क्यो । यसले गर्दा माथवर

सिंहको हत्या, कोत, भण्डारखाल तथा अर्लो पर्वहरू भए । १९०४ मा उनले राजगद्दी छाडे र वि. सं. १९३८ मा देहावसान भयो ।

माथवरसिंह थापा

माथवरसिंह थापा नयनसिंह थापाका जेठा छोरा र जङ्गबहादुरका मामा थिए । भीमसेन थापाको पालामा यिनी पाल्पा, गोरखामा तैनाथ पल्टनका हाकिम थिए । वि.सं. १८९४ मा भीमसेन थापाको पतन भएपछि यिनले नेपाल बस्न उचित सम्झेनन् । विपत्तिको कालो बादल उनको टाउकोमा पनि पर्नेछ भन्ने विचार गरेर उनी सुटुक्क वि. सं. १८९५ सालमा भारततर्फ लागे । उनको इच्छा पञ्जाबको महाराज रणजीत सिंहकहाँ जाने थियो । तर अङ्ग्रेजले शंका गरेर उनलाई बन्दी बनाए । पछि उनी निर्दोष भएको सम्झेर छाडी दिए । यिनी भारतको सिमलामा बसे ।

(माथवरसिंह थापा)

साम्राज्यलक्ष्मीको देहावसान भएपछि नेपालको राजकाजमा कान्छी महारानी शक्तिशाली भइन्। तिनी सुरेन्द्र वीर विक्रम शाहको सट्टा आफ्ना छोरा रणेन्द्र वीर विक्रमलाई राजगद्दीको उत्तराधिकारी बनाउन चाहन्थिन्। पाँडेहरू जेठी महारानी समर्थक भएकाले तिनका आँखा थापा परिवारका कुनै शसक्त व्यक्तिप्रति गयो। त्यसबखत थापा परिवारमा माथवरभन्दा अर्को कोही प्रभावशाली व्यक्ति थिएन। माथवरसिंह थापाले तिनलाई यस कार्यमा सहयोग गर्लान् भन्ने लागेको थियो। त्यसो हुनाले राजाबाट अधिकार पाएपछि तिनीले माथवरसिंह थापालाई नेपाल आउन खबर पठाइन्।

माथवरसिंह थापा काठमाडौं आए। यिनका भान्जा जंगबहादुरले यिनलाई भेटेर परिस्थिति आफ्नो पक्षमा भएको जानकारी दिए। आफू सुरक्षित भएको थाहा पाएपछि माथवरसिंह थापाले राजारानीको दर्शन भेट गरे। राजाले उनका परिवारहरूमाथि लगाइएका सबै किसिमका अभियोगबाट थापा परिवारलाई मुक्त गरिदिए। भीमसेन थापामाथि मिथ्यारोपण लगाएबापत पाँडे परिवारका मुख्य व्यक्तिहरूमाथि मुद्दा चलाइयो। रणजंग पाँडेलाई अपमानित गरियो। यो वेदना सहन नसकेर यिनी चाँडै नै मरे। करीब ४० पाँडेहरूलाई दण्ड दिइयो। केहीले मृत्यु दण्ड पाए। यति भएपछि वि.सं. १९०० मा माथवरसिंह प्रधान मन्त्री भए। यस पदमा उनी १९०२ सम्म रहे।

माथवरसिंह थापा एउटा नेक् चरित्रका व्यक्ति थिए। उनी बहादुर, राजभक्त र नमकको सोझो गर्ने स्वभावका मानिस थिए। तर त्यस समयको अवस्था यसको ठीक विपरीत थियो। उनको सोझो राजभक्ति देखी राजा, युवराज, रानी कोही पनि खुशी भएनन्। युवराज सुरेन्द्र र राजाले उनलाई रानीको मानिस सम्झेर पत्यार गर्न छाडे। रानीले पनि आफ्नो उद्देश्यको पूर्ति हुने नदेखेपछि यिनलाई मनपराउन छाडिन्। माथवरसिंह थापाको सोझो राजभक्तिबाट राजारानी तथा युवराज मात्र असन्तुष्ट नभई स्वयम् उनका भानिज जंगबहादुर पनि असन्तुष्ट थिए। जंगबहादुरले आफ्नो गुट तयार गर्ने नेक सल्लाह माथवरसिंहलाई दिएका थिए। तर यसको विपरीत उनले राजारानीप्रति सधैं वफादार रहने प्रति दिए। वार्ताको क्रममा माथवरसिंहबाट रानीको आज्ञाबाट "जसले जे गरे पनि हुन्छ" भन्ने ओठे जवाफ पाएपछि जंगबहादुरले विपत्तिको बेला मामाको भर पर्न सकिन्न भन्ने निश्चय निकाले।

त्यसैले नेपालको राजनीतिमा अगाडि बढ्न जंगबहादुर रानीको विश्वासपात्र बन्न चाहन्थे। उसको निम्ति उनी आफ्नै मामाको हत्या गर्न पनि तयार भए।

रानीले आफ्नो इच्छाको पूर्ति माथवरबाट हुने नदेखेपछि तिनी गगनसिंहतर्फ ढल्किइन्। महारानी, गगनसिंह र जंगबहादुरले माथवरसिंह थापालाई हटाउने षडयन्त्र गरे। माथवरसिंह

थापालाई रानीलाई शूलभएको बहानाः गरी राजदरबारमा बोलाइयो । सोझा माथवर विना हतियार आए । भरघाङ चढ्दा गोली छातीमा लाग्यो । यसरी माथवरसिंहको दुःखद निधन भयो । (६ ज्येष्ठ १९०२)

आफ्नो यस्तो अकाल मृत्यु हुने छैन भन्ने माथवरसिंह थापालाई आत्मविश्वास थियो । एकपटक अङ्ग्रेज राजदूतलाई यिनले भनेका थिए । "नेपालका मन्त्रीहरू आफ्नो काललेमर्न पाएका छैनन्, तर मलाई आशा छ म अस्वाभाविक मृत्युदेखि बाचूंला ।" तर उनले सोचेको उल्टो भयो ।

जङ्गबहादुरको अभ्युदय

नेपाल राष्ट्रको एकीकरणमा कुँवर परिवारको देन पनि कम महत्त्वपूर्ण छैन । रामकृष्ण कुँवर र रणजीत कुँवरले नेपालको एकीकरणमा योगदान दिएका थिए । रणजीत कुँवरका छोरा बालनरसिंह रणबहादुर शाहका साथ बनारस लागेका थिए । यही बालनरसिंहका सात छोराहरूमध्ये जङ्गबहादुर जेठा थिए । यिनकी आमा भीमसेन थापाका भाइ नयनसिंह थापाकी छोरी थिइन् । यिनको जन्म वि. सं. १८७४ मा भएको थियो । यिनको बाल्यकालको नाउँ वीरनरसिंह थियो । माथवरसिंहले नै यिनको नाम जङ्गबहादुर राखेका थिए । भीमसेन थापाको पतनपछि थापासँग सम्बन्धित हुनाले जङ्गबहादुरको पिताको पनि सर्वस्वहरण भयो । यिनीहरूलाई जीवन निर्वाह गर्न मुश्किल पर्न थाल्यो । एकपटक जङ्गबहादुरले श्री ५ राजेन्द्रका साथ शिकारमा जाने मौका पाए । त्यस बखत यिनले हात्ती पकड्ने काममा निकै साहस देखाए । यसैबाट खुशी भएर श्री ५ राजेन्द्रले यिनलाई तोपखानाको कप्तान बनाइदिए ।

(श्री ३ जङ्गबहादुर)

त्यसबखत पाँडेहरू शक्तिमा थिए । उनीहरू जङ्गबहादुरलाई मन पराउँदैनथे । दुःख पाऊन् भनी उनीहरूले यिनलाई युवराज सुरेन्द्र वीर विक्रम शाहको हेरविचार गर्ने काममा खटाइदिए । युवराजाधिराज सुरेन्द्रको साथमा रहँदा जङ्गबहादुरले ज्यादै खतरनाक कामहरू गर्नुपरेको थियो ।

जेठी महारानी साम्राज्यलक्ष्मी देवीको मृत्युपछि कान्छी महारानी राज्यलक्ष्मी देवीको शक्ति बढेको थियो। महारानी राज्यलक्ष्मीले एक विशेष उद्देश्यले माथवरसिंहलाई प्रधानमन्त्री बनाउन सहयोग गरेकी थिइन् । रानीले आफ्नो अभीष्ट सिद्धि हुने नदेखेपछि माथवरसिंहलाई पन्छाउने योजना बनाइन् । यस योजनामा जङ्गबहादुरले पनि आफूलाई सहभागी बनाए ।

माथवरसिंह थापाको हत्यापछि चौतरिया फत्तेजङ्गको प्रधान मन्त्रित्वमा मन्त्रिमण्डल गठन गरियो । गगनसिंह प्रधान सेनापति भए । उनी रानीका पक्षमा थिए । जङ्गबहादुरले पनि जर्नेली पद पाए ।

त्यसले मन्त्रिमण्डलमा गगनसिंहको चकचकी थियो । गगनसिंहको रवाफ बढेकोले राजा र अरू भारदारहरूलाई मन परेको थिएन । राजा र फत्तेजङ्ग गगनसिंहलाई पन्छाउन चाहन्थे । यसै बखत आश्विन २ गते १९०३ राती १० बजेको समय थियो । सधैंको जस्तो गगनसिंह पूजा कोठामा पूजा गर्न लागे । बुइँगलबाट कसैले गगनसिंहको हत्या गरिदिए ।

कोतपर्व

गगनसिंहको हत्याले जङ्गबहादुरको भाग्य खुल्यो । गगनसिंह रानीको प्रियपात्र थिए । यसैले रानीलाई यस हत्याबाट रीस आउनु स्वाभाविक थियो । उनले हत्याको पत्ता लगाई दण्ड दिन भनी सबै भारदारहरूलाई आधा राततिर कोतमा जम्मा हुने आदेश दिइन् । रानीको शंका राजा र युवराज सुरेन्द्रका समर्थकपट्टि थियो । रातको १ बजेसम्म सबै भारदारहरू कोतमा सामेल भए । घेरैजसोसँग हतियार थिएन । जङ्गबहादुरले आफ्नो सेनाद्वारा कोत घेर्न लगाए । रानी राज्यलक्ष्मीले जङ्ग बाहादुरको इशारामा गगनसिंहको हत्याको आरोप वीर किशोर पाँडेमाथि लगाइन् । उनको बध गर्ने आदेश दिइन् । यही विषयमा भनाभन हुन थाल्यो । स्थितिको गंभीरतादेखि अभिमानसिंह बस्नेत बाहिर जान खोजे । तर जङ्गबहादुरको आदेश अनुसार उनी युद्धवीर अधिकारीद्वारा मारिए । यसरी जुन आतंकको स्थिति पैदा भयो, त्यसको फाइदा जङ्गबहादुरलाई भयो । यस मारामार भागाभागमा झण्डै १५० भारदारहरू काटिए । अन्तमा जङ्गबहादुरका समर्थकहरू मात्र बाँकी रहे । यसरी कोतको भीषण हत्याकाण्डपछि वि.सं. १९०३ आश्विन ३ गते जङ्गबहादुर प्रधान मन्त्री र सेनापति भए ।

भण्डारखाल पर्व

कोतपर्व भएको केही महीनापछि महारानीले आफ्नो छोरा रणेन्द्र विक्रमलाई राज्यको उत्तराधिकारी बनाउन "सुरेन्द्रको वध गर'" भनी जङ्गबहादुरलाई आदेश दिइन् । तर जङ्ग-बहादुरले आलटालमात्र गर्न थाले । अब महारानीले जङ्गबहादुरलाई नै मार्ने योजना बनाउन थालिन् । तर यो षडयन्त्रको भेद जङ्गबहादुरलाई विजयराज पाँडेबाट थाहा भयो। जङ्गबहादुर आफ्ना विश्वासी सैन्यहरूसाथ दरबारमा पुगे । पहिले नै त्यहाँ भएका सबैलाई "हतियार राखी दिनू" भन्ने आज्ञा दिए । हतियार राखी आत्मसमर्पण गर्नेलाई कैद गरे । नगर्नेलाई काट्न लगाए । यही घटनालाई भण्डारखाल पर्व भन्ने चलन छ ।

अलौ पर्व

भण्डारखाल पर्वपछि जङ्गबहादुरले भारदारहरूलाई जम्मा गरी महारानीका सम्पूर्ण दोषहरू खोलिएको एक पत्र तैयार गर्न लगाए । सोही पत्रमा उनका सम्पूर्ण अधिकारहरू खोसिएको तथा उनलाई काशी जाने आदेश दिइएका कुराहरू थिए । यसमा श्री ५ राजेन्द्र र युवराज सुरेन्द्रको पनि सहीछाप थियो । आखिर विवश भई महारानी आफ्ना दुई छोरा सहित काशी लागिन् । श्री ५ राजेन्द्र पनि रानीकै पछि लागे । काशी गए तापनि जङ्गबहादुरले श्री ५ राजेन्द्रलाई नै राजा मानेका थिए । काशीबाट राजेन्द्र विक्रम शाहले जङ्गबहादुरको हत्या गर्न पठाएका दुई जना गुप्तचर सबुत साथ समातिए । यसपछि जङ्गबहादुरले ३१ वैशाख वि. सं. १९०४ मा राजेन्द्र वीर विक्रम शाहलाई राज्यच्युत गरी युवराजाधिराज सुरेन्द्र वीर विक्रम शाहलाई राजगद्दीमा राखे । राजेन्द्रले राजगद्दी फिर्ता लिनको लागि काठमाडौं आक्रमण गर्न वीरगंज नजीकै अलौ भन्ने ठाउँमा एक सेना तैयार पारे ।

तर जङ्गबहादुरको सेनाले यो सेनालाई पराजित गरयो । राजेन्द्र वीर विक्रम शाह पश्चिए र काठमाडौं ल्याइए । हनुमानढोका दरबारमा यिनलाई नजरबन्द राखियो ।

यसरी कोत, भण्डार र अलौ पर्वहरूबाट जङ्गबहादुर नेपालको राजनीतिमा सर्वशक्ति-शाली भए । उनले २९ वर्षसम्म नेपालको प्रधान मन्त्री भई काम गरे । आफ्नो लामो अवधिको प्रधान मन्त्रित्व कालमा यिनले देशको बाह्य तथा आन्तरिक स्थितिलाई पनि मजबुत पारे ।

वि. सं. १९०६ मा यिनले बेलायतको भ्रमण गरे र अङ्ग्रेजसँग स्थायी मैत्री कायम गरे। वि. सं. १९११ मा तिब्बतीहरूले नेपाली व्यापारीहरूलाई अनेक किसिमसँग दुःख दिएका हुनाले यिनले तिब्बतसँग लडाइँ गरे र थापाथलीको सन्धि गर्न बाध्य गराए (१९१२) । यस सन्धि अनुसार नेपाली व्यापारीहरूले तिब्बतमा भन्सार छुट पाए । तिब्बतले नेपाललाई प्रतिवर्ष १०,००० रू. बुझाउनुपर्ने भयो ।

वि.सं. १९१४ को भारतको सिपाही विद्रोहमा जङ्गबहादुरले अङ्ग्रेजलाई सैनिक सहायता दिए । बदलामा नेपालले अङ्ग्रेजबाट नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) पाए ।

वि. सं. १९१३ मा यिनले श्री ५ सुरेन्द्रबाट कास्की र लमजुङको महाराजाको पद्वी पाए । त्यसै बखत राणा प्रधान मन्त्रीहरूलाई श्री ३ महाराज भन्ने चलन चल्यो । यिनले प्रधान मन्त्रीको रोलक्रम आफ्ना भाइहरूमा जाने चलन पनि चलाए ।

यिनले केही आन्तरिक सुधारहरू पनि गरे । वि. सं. १९१० मा मुलुकी ऐन लागू गरी न्यायलाई मानवीय रूप दिन खोजे । अङ्गभङ्गको सजाय रोके । बोक्सीको अभियोगमा दण्ड दिने प्रथा रोके । सती प्रथालाई निरुत्साहित गरे । हुलाकको व्यवस्था र मालपोत उठाउने व्यवस्थामा सुधार गरे ।

यसरी जङ्गबहादुर समय अनुसार काम जान्ने एक चलाख व्यक्ति थिए । यिनले शक्ति आफूमा केन्द्रित गरे तापनि देशमा राजनीतिक स्थिरता कायम गरे । प्रधान मन्त्रीको पदलाई वंशानुगत पारेर यिनले जहानियाँ शासन शुरू गरे । वि. सं. १९३३ मा यिनको मत्यु भयो ।

प्रश्नहरू

१. श्री ५ राजेन्द्र वीर विक्रम शाहको जीवनी छोटकरीमा वर्णन गर्नुहोस् ।
२. माथवरसिंह थापा कसरी प्रधान मन्त्री भए ? उनले यो पद किन सम्हाल्न सकेनन् ? उनको पतनमा उनको स्वभाव कुन हदसम्म उत्तरदायी छ ?
३. कति कारणले गर्दा जङ्गबहादुरको उदय भयो ?
४. ती तीन पर्वहरू के हुन् ? यी पर्वहरूले कसरी जङ्गबहादुरको स्थिति दरिलो भयो ?

श्री ५ सुरेन्द्र वीर विक्रम शाह (१९०४–१९३८)

श्री ५ सुरेन्द्र वीर विक्रम शाहको जन्म वि. सं. १८८६ मा भएको थियो । वि. सं. १९०४ मा यिनी राजगद्दीमा बसे । यही वर्ष यिनका छोरा युवराज त्रैलोक्य वीर विक्रमको जन्म भयो । यस बखत जङ्गबहादुले राजकाजमा एकाधिकार कायम गरेका थिए । जङ्गबहादुरले राज्यमा एकाधिकार गरेको कान्छा अधिराजकुमार उपेन्द्र वीर विक्रम शाहलाई मनपरेको थिएन । उनी आफ्नो दाज्यू श्री ५ सुरेन्द्रलाई जङ्गबहादुरको प्रभावबाट मुक्त गर्न चाहन्थे । तर उपेन्द्र वीर विक्रम शाह असफल भए । उनलाई केही कालसम्म इलाहाबाद (भारतको) जेलमा नजरबन्द राख्ने जङ्गबहादुरले बन्दोबस्त मिलाए ।

(श्री ५ सुरेन्द्र वीर विक्रम शाह)

उपेन्द्र वीर विक्रम शाह पछि श्री ५ सुरेन्द्रलाई राणाहरूको प्रभावबाट मुक्त गराउने अभिभारा युवराजाधिराज त्रैलोक्य वीर विक्रम शाहले लिए । उनी मौकाको ताकमा थिए । जङ्गबहादुरको मृत्युपछि वार्षिक पजनी शुरू गरेर उनी राजाले इच्छाएको व्यक्तिलाई प्रधान मन्त्री दिने योजनामा लागेका थिए । तर यो योजना पनि धीर शमशेरको चतुरचाईले सफल हुन सकेन । वि. सं. १९३३ मा जङ्गबहादुर मरे । रणोद्दीप प्रधान मन्त्री बने । वि. सं. १९३४ मा युवराज त्रैलोक्यको रुघाखोकीको ज्वोरोले देहावसान भयो । यसको ४ वर्षपछि श्री ५ सुरेन्द्र वीर विक्रम शाहको पनि स्वर्गारोहण भयो ।

श्री ५ पृथ्वी वीर विक्रम शाह(१९३८–१९६८)

श्री ५ युवराजाधिराज त्रैलोक्य वीर विक्रम शाह र माहिला युवराज्ञी ललित कुमारीको तर्फबाट नव युवराजाधिराज पृथ्वी वीर विक्रम शाहको जन्म वि. सं. १९३२ मा भएको थियो। वि. सं. १९३४ मा श्री ५ युवराजाधिराज त्रैलोक्य (ओलेट महाराज) को देहावसान भएपछि श्री ५ पृथ्वी वीर विक्रम शाह युवराजाधिराज घोषित गरिए ।

श्री ५ सुरेन्द्रको वि. सं. १९३८ मा स्वर्गारोहण भएपछि श्री ५ पृथ्वी वीर विक्रम शाह राजसिंहासनमा बसे । यिनको ३० वर्षको शासनकालमा रंणोद्दीप, वीर शमशेर, देव शमशेर तथा चन्द्र शमशेर क्रमशः प्रधान मन्त्री भए। श्री ५ पृथ्वी वीर विक्रम नाबालक भएका हुनाले राणा प्रधान मन्त्रीहरूलाई राज्यको सञ्चालनमा एकाधिकार प्राप्त भएको थियो । श्री ५ पृथ्वी वीर विक्रम शाह र काका नरेन्द्र वीर विक्रम शाहले पनि राणा परिवारको हातमा भएको आफ्नो राज्यको अधिकार फिर्ता लिन संगठित प्रयत्न गरेका थिए । तर नरेन्द्र विक्रम शाह र श्री ५ पृथ्वी पनि यसमा सफल हुन सकेनन् । वि. सं. १९६३ मा माहिली महारानी पंजावी राजकन्या लक्ष्मी दिव्येश्वरीका तर्फबाट युवराज त्रिभुवनको जन्म भयो । वि. सं. १९६८ मार्ग २५ गतेका दिन श्री ५ पृथ्वी वीर विक्रम शाहको अकस्मात् स्वर्गारोहण भयो ।

राणा शासन काल

वि. सं. १९०४ वैशाख ३१ गतेदेखि २००७ साल फागुन ६ गतेसम्म अर्थात् १०४ वर्षसम्म नेपालमा राणाहरूले श्री ५ महाराजाधिराजलाई शासनको प्रत्यक्ष अधिकारबाट वञ्चित गराए । राष्ट्रको सम्पूर्ण शक्ति राणा प्रधान मन्त्रीमा नै केन्द्रित थियो । यसैले यो १०४ वर्षको शासन काललाई राणा शासनकाल भन्ने चलन छ । त्यस कालमा शासन गर्ने राणा प्रधान मन्त्रीहरूको क्रम यसप्रकार छ ।

(१) जङ्गबहादुर (१९०४-१९३३), (२) रणोद्दीप (१९३३-४२), (३)वीर शमशेर (१९४२–५७), (४) देव शमशेर (१९५७-५८), (५) चन्द्र शमशेर, (१९५८-१९८६) (६) भीम शमशेर (१९८६-८९), (७) जुद्ध शमशेर (१९८९-२००२), (८) पद्म शमशेर (२००२-२००५), (९) मोहन शमशेर (२००५-२००७) ।

राजनीतिक अवस्था

यस कालमा वैधानिक रूपबाट राज्यको सम्पूर्ण कार्य राजाको नामबाट हुने भए तापनि देशको वास्तविक शक्ति राणा प्रधान मन्त्रीहरूमा नै निहित थियो । राणाहरूको हातमा शासन

केन्द्रित भएकोले नै आम जनताको अगाध श्रद्धा र भक्ति राजाप्रति बढ्दै गयो । राजाको महत्त्व राष्ट्रिय एकताको प्रतीकको रूपमा बढ्न थाल्यो । यस कालको राजनीतिक अवस्था निम्न लिखित शीर्षकमा विभाजन गर्न सकिन्छ ।

(१) राज परिवारसँग वैवाहिक सम्बन्ध कायम गरी आफ्नो स्थिति दरिलो पार्नु ।
(२) राणाहरूबीच शक्तिको लागि संघर्ष ।
(३) प्रशासनिक ढाँचा ।

राजपरिवारसँग वैवाहिक सम्बन्ध

जङ्गबहादुरले आफ्नो अधिकारलाई स्थायी पार्न र राजदरबारमा राणा विरोधी षडयन्त्र नहोस् भन्नाको कारणले उनले मध्यकालीन कूटनीतिक परम्परा अनुसार राजपरिवार-सँग वैवाहिक सम्बन्ध कायम गरे । यस वैवाहिक क्रममा सबभन्दा पहिले उनले आफ्ना दुई छोरा जगतजङ्ग र जीतजङ्गको विवाह श्री ५ सुरेन्द्रकी दुई छोरीहरूसँग वि. सं. १९११ मा गरिदिए । यस विवाहको केही महिनापछि यिनी आफैंले पनि चौतरिया गुरुप्रसाद शाहकी बहिनी हिरण्यगर्भ कुमारीसँग आफ्नो तेस्रो विवाह गरे । उनले आफ्नी २ छोरीको विवाह पनि युवराज त्रैलोक्य वीर विक्रम शाहसँग गरिदिए । यही क्रमलाई पछिका राणा प्रधान मन्त्री-हरूले पनि कायम राखे । राजपरिवारसँग वैवाहिक सम्बन्धले गर्दा राणाहरूको सामाजिक स्तर एकदम माथि उठ्यो र राणा प्रधान मन्त्रीहरूलाई राजदरबारको गतिविधि थाहा हुने भयो ।

राणाहरूमा शक्तिको लागि संघर्ष

राजनीतिक शक्तिको केन्द्रबिन्दु राजाबाट राणाहरूमा गएकोले यस कालमा राणाहरूकै बीच आपसमा बराबर शक्तिको निमित्त संघर्ष चल्न थाल्यो । यो संघर्ष जङ्गबहादुरको उदय-देखि मोहन शमशेरको पतनसम्म देखापर्दछ । जङ्गबहादुरले वि. सं. १९२४ मा उत्तराधिकारीको क्रम निर्धारित गरे । यस क्रम अनुसार उनीपछि उनका भाइहरूको, त्यसपछि छोराहरूको, त्यसपछि नातिहरूको, त्यसपछि भाइका छोराहरूको क्रम तोकिएको थियो । यस रोजक्रमबाट जङ्गबहादुरका छोराहरू त्यति सन्तुष्ट थिएनन् । श्री ५ सुरेन्द्रको हातबाट शक्ति गएको युवराजाधिराज त्रैलोक्य वीर विक्रम शाहलाई पनि मनपरेको थिएन । अतः जङ्गबहादुरको मृत्यु-पछि शक्तिको निम्ति युवराजधिराज त्रैलोक्य, जङ्गहादुरका छोरा जगतजङ्ग, जङ्गबहादुरका भाइ धीर शमशेरबीच होडबाजी चल्न थाल्यो । जङ्गबहादुरको जीवनकालमा यो असन्तोष गुम्सेर रहे तापनि जङ्गबहादुरको मृत्युपछि यसले उग्र रूप लियो र राणाहरूका बीच दाउपेच, षडयन्त्र तथा हत्या हुन थाल्यो । जङ्गबहादुरको मृत्युपछि वार्षिक पजनी शुरू गरी जगतजङ्गलाई

प्रधान मन्त्री बनाउने र जगतजङ्गले सम्पूर्ण अधिकार राजालाई सुम्पिनेबारे योजनामा युवराजाधिराज त्रैलोक्य र जगतजङ्गले विचार गरेका थिए भन्ने भनाइ छ । यो गुप्त योजनाको सुईंको धीर शमशेरले पाए । वि. सं. १९३३ मा जङ्गबहादुर शिकार खेल्न जाँदा पत्थरघट्टामा मरे । तर उनको मृत्यु गुप्त राखियो । जगतजङ्ग र युवराजाधिराज त्रैलोक्य पत्थरघट्टामा पुगेका

(श्री ५ युवराजाधिराज त्रैलोक्य)

थिए । उनीहरूको अनुपस्थितिमा धीर शमशेरले श्री ५ सुरेन्द्र वीर विक्रम शाहमाथि दवाब हालेर रणोद्दीपलाई प्रधान मन्त्री बनाएको घोषणा गराए । युवराजाधिराज त्रैलोक्यले यो मौका चुके तापनि उनी अर्को मौकाको ताकमा रहे । वि. सं. १९३४ मा रुघाखोकीको ज्वरोले उनको स्वर्गवास भयो । उनका कार्यलाई उनका भाइ नरेन्द्र विक्रम शाहले जारी राखे ।

१९३८ सालको पर्व

वि. सं. १९३८ सालमा श्री ५ सुरेन्द्रको स्वर्गारोहण पछि श्री ५ पृथ्वी वीर विक्रम शाह ६ वर्षको उमेरमा राजगद्दीमा बसे । अधिराजकुमार नरेन्द्र वीर विक्रम शाहले रणोद्दीप, धीर

शमशेर र उनका सन्तानहरूलाई एउटा भोजमा बोलाएर सखाप पार्ने योजना बनाए । तर यो योजना पनि सफल हुन सकेन । कैयौं भारदारहरू दण्डित भए । अधिराजकुमार नरेन्द्र वीर विक्रम शाह चुनार जेलमा थुनिए । जगतजङ्ग तीर्थ यात्रा गर्न गएका थिए । भारतमा रोकिए ।

यस काण्डपछि धीर शमशेरको स्थिति बलियो हुँदै गएको थियो । तर उनी पनि वि. सं. १९४१ मा मरे । रणोद्दीपको कुनै सन्तान थिएन । उनले भारतमा बसेका जगतजङ्गलाई

(श्री ३ रणोद्दीप)

नेपाल बोलाए र रोलक्रममा राखिदिए । रणोद्दीपपछि जगतजङ्गकै रोलक्रम थियो । यसले गर्दा धीर शमशेरका छोराहरूलाई पीर परयो । रणोद्दीपको मृत्यु अगाडि केही गरिएन भने आफ्नो भविष्य अन्धकारमय हुनेछ भन्ने उनीहरूले देखे । केही गरिहाल्नुपर्ने उनीहरूले निश्चय गरे ।

१९४२ सालको पर्व

वीर शमशेरलाई एउटा फौजको नेतृत्व गरी रावलपिण्डीतर्फ जानुपरेको थियो । प्रस्थान गर्नुभन्दा एक रात अगाडि जरूरी सल्लाह गर्नुपर्ने भनी उनी रणोद्दीपकहाँ पुगे ।

रणोद्दीपको खोपीमा पुग्नासाथ डम्बर शमशेर, खड्ग शमशेर र वीर शमशेरले गोली हानी रणोद्दीपलाई मारे । अब बीर शमशेरले आफ्ना विरोधीहरूलाई सखाप पारे । जगत-जङ्गको पनि हत्या गरियो । जङ्गबहादुरका सन्तानहरूको रोलक्रम खोसियो । वीर शमशेर प्रधान मन्त्री भए (१९४२–५७) । वीर शमशेरको प्रधान मन्त्रीत्व कालमा उनका भाइ खड्ग शमशेरले वीर शमशेरलाई पन्छाई आफैं प्रधान मन्त्री हुने असफल षडयन्त्र गरे । वीर शमशेरपछि देव शमशेर प्रधान मन्त्री भए । यिनी सोझा र सुधारवादी थिए । यिनको सुधारवादी नीति चन्द्र

(श्री ३ वीर शमशेर)

शमशेरलाई मनपरेको थिएन । अतः यिनले षडयन्त्र गरी देव शमशेरलाई पदच्युत गराए । आफू प्रधान मन्त्री-बने । चन्द्र शमशेरले आफ्ना छोराहरू-को प्रधान मन्त्री हुने रोल चाँडो आओस् भनी राणा परिवारलाई तीन श्रेणीमा बाँडिदिए । यस अनुसार धीर शमशेरका ब्याहते पत्नीहरूबाट जन्मेका जतिले मात्र प्रधान मन्त्री पाउने भए । भीम शमशेरले चन्द्र शमशेरको व्यव-स्थालाई सर्वथा मान्यता नदिएर आफ्ना छोरा नातिहरूलाई पनि प्रधान मन्त्री हुने रोलमा राखिदिए । तर जुद्ध शमशेरले चन्द्र शमशेरका छोरा-हरूको स्वीकृतिबाट वीर शमशेर तथा भीम शमशेरका छोरा नातिहरूलाई प्रधान मन्त्रीको रोलबाट बरखास्त गरी

(श्री ३ देव शमशेर)

तिनीहरूलाई राजधानीबाट निकाला गरिदिए । जुद्ध शमशेरपछि पद्म शमशेर प्रधान मन्त्री भए । पद्म शमशेर सोझा र दुर्बल प्रकृतिका थिए । यिनले देशमा केही सुधार गरी आफ्नो

(श्री ३ चन्द्र शमशेर)

स्थिति मजबुत पार्न खोजेका थिए । तर यसको विरोध मोहन शमशेर र उनका भाइहरूले गरेकाले २००५ सालमा यिनले राजीनामा गरे । २००५ सालमा मोहन शमशेर प्रधान मन्त्री भए । यिनी कट्टर प्रतिक्रियावादी शासक थिए । यिनैको शासनकालमा श्री ५ त्रिभुवनले जनताको सक्रिय सहयोगबाट सशस्त्र क्रान्तिद्वारा निरंकुश जहानियाँ शासनको अन्त गरिबक्सियो र २००७ साल फागुन ७ गते देशमा प्रजातन्त्र ल्याइबक्सियो ।

(श्री ३ भीम शमशेर)

प्रशासनिक ढाँचा

राणाशासनको निरंकुश जहानियाँ शासन थियो। राणा प्रधान मन्त्रीको बोली नै कानून थियो। राज्य राणा प्रधान मन्त्रीको व्यक्तिगत जागिर थियो। सामान्य शान्तिसुरक्षामा केही खर्च गरेर बाँकी राज्यको सम्पूर्ण आम्दानी प्रधान मन्त्रीको व्यक्तिगत ढुकुटीमा दाखिल हुन्थ्यो। सम्पूर्ण नेपाललाई चार भागमा विभाजित गरिएको थियो। प्रत्येक भागमा एक जर्नेल प्रशासक हुन्थे । यी चारै पदहरूमा पनि (उत्तर कम्यान्डिङ्ग जर्नेल, दक्षिण कम्यान्डिङ्ग, पू.क.ज.,प.क.ज.) राणा परिवारबाटै ज्येष्ठानुक्रमले नियुक्ति गरिन्थे । सबै राणाहरूको जागिर सैनिकतर्फको हुन्थ्यो । । उनीहरू सैनिक ओहदामा रहे तापनि निजामतीतर्फ पनि काम गर्थे । निजामतीतर्फ काजी, सरदार, मीरसुब्बा, सुब्बा, विचारी, खरदार आदि हुन्थे । यिनीहरू आफ्ना फाँट–फाँटमा रहेर राणा सैनिक अधिकारीलाई शासन गर्नमा सघाउ पुर्‍याउँथे । जिल्लाको शासन बडाहाकिमबाट हुन्थ्यो । बडाहाकिम पनि अक्सर गरेर सैनिकतर्फबाट लिइन्थ्यो । यिनीहरूको मुख्य काम जिल्लामा शान्तिसुरक्षा कायम गर्नु थियो ।

यसरी शासन पूर्णरूपमा श्री ३ महाराज प्रधान मन्त्रीमा केन्द्रित थियो । सबैले इशारामा काम गर्नुपर्दथ्यो । वर्षेनी जङ्गी तथा निजामती तर्फका जवान र कर्मचारीहरूको पजनी हुन्थ्यो । यस्ता पजनीमा पदोन्नति, पद अवनति, खोसुवा आदि सुनाइन्थ्यो । अड्डा–अदालतमा काम गर्ने कर्मचारीहरूमा उत्साहभन्दा डर र त्रास बढ्ता हुन्थ्यो । जतासुकै जासूस छरिएका हुन्थे । चाकरी प्रथा प्रचुर मात्रामा थियो । सबै उच्च कर्मचारीहरूले प्रधान मन्त्रीकहाँ चाकरीमा जानुपर्दथ्यो । यसबाहेक कर्मचारी आफ्ना तालुकवालाकहाँ पनि चाकरी गर्न जान्थे । चाकरीको भरमा जागिर थामिने र पदोन्नति हुने भएकोले चाकरी व्यापक रूपमा प्रचलित थियो ।

जनतालाई कुनै किसिमको अधिकार थिएन । यहाँ कुनै किसिमको व्यवस्थापिका सभा एवं स्वतन्त्र न्यायालय थिएन, मौलिक हक थिएन । प्रजातान्त्रिक विचारधारालाई निर्ममतापूर्वक दमन गरिन्थ्यो । प्रधान मन्त्रीमाथि कुनै नियन्त्रण थिएन । त्यसैले एक शताब्दीको यो शासन व्यवस्थालाई हुकुमी शासनकाल भन्ने चलन छ ।

आर्थिक अवस्था

१०४ वर्षको शासनकालको आर्थिक नीति केही थिएन । शान्तिसुरक्षाको निम्ति सामान्य राजस्व छुट्टाई राष्ट्रको सम्पूर्ण आम्दानी राणा प्रधान मन्त्रीको हुकुटीमा दाखिल गर्ने चलन थियो । यो शोषणको क्रम जङ्गबहादुरपछि झन् चर्किंदै गयो । जङ्गबहादुरले जति शोषण गरे तापनि देशको धन विदेशमा राख्न प्रतिबन्ध लगाएका थिए । वीर शमशेरले जङ्ग-बहादुरका छोराहरूका सम्पत्ति ४२ साल पर्वपछि जबरजस्ती लुटेका थिए । यस्तै गरी अरूले पनि सम्पत्ति लुट्लान् भन्ने आशंकाले वीर शमशेरलाई त्रास हुन्थ्यो । त्यसैले उनले आफ्नो सम्पत्ति विदेशी बैंकमा राख्ने चलन चलाए । यो परम्परालाई पछिका प्रधान मन्त्रीहरूले पनि कायम राखी विदेशी बैंकमा धन थुपारे । यसले गर्दा नेपाली धनसम्पत्तिबाट विदेशको आर्थिक विकास भयो । नेपालको आर्थिक विकास भएन ।

नेपाल मूलतः एउटा कृषिप्रधान देश भएकोले ९५% जनता कृषिमा आधारित थिए । तर तराईका उब्जाउ भूमि राणा र उनका समर्थकहरूको अधीनमा थियो । यिनीहरूले यस्ता उब्जाउ भूमिलाई बिर्तामा दर्ता गराउँथे । बिर्ता जमीनको राजस्व तिर्नुपर्दैनथ्यो । यसले गर्दा सरकारलाई राजस्वमा ठूलो हानि हुन्थ्यो । बिर्ता जमीन जस्तै:– ठूला-ठूला जङ्गल पनि राणा परिवारकै पेवाजस्ता हुन्थे । कृषि परम्परागत थियो । वैज्ञानिक ढङ्गबाट कृषि उत्पादन बढाउने कुनै उपाय गरिएको थिएन । सानातिना कुलोसिवाय अरू केही थिएनन् । किसानको अवस्था गए गुज्रेको थियो । वेदखली, बेठ, बेगारी आदि प्रथाले किसान पीडित थिए । मोहीयानीहकको सुरक्षा थिएन । आम जनताको जीवन निम्न स्तरको थियो ।

नेपाल मूलतः एउटा पहाडी मुलुक भएकोले यहाँ यसै पनि यातायातको कठिनाइ थियो । राणाहरूबाट देशको विभिन्न भागलाई यातायातको माध्यमबाट जोड्ने कुनै उपाय गरिएन । देशको एउटा भागबाट अर्को भागमा जानलाई भारत भएर जानुपर्दथ्यो । चन्द्र शमशेरले भारतको रक्सौल इलाकादेखि अमलेखगञ्जसम्म छोटी लाइनको रेलवे चलाए (१९८४) । अमलेखगञ्जदेखि भीमफेदीसम्म मोटर बाटो बनाए । धुसिञ्जदेखि मातातीर्थसम्म रोपवे चलाए । जुद्ध शमशेरले जयनगरदेखि जनकपुरसम्म रेलवेको विस्तार गरे ।

उद्योगको विकासमा पनि कुनै ध्यान दिइएन । जुद्ध शमशेरले मात्र यस क्षेत्रमा केही ध्यान दिएका थिए । उनले उद्योग परिषद्को स्थापना वि. सं. १९९३ मा गरे । त्रिपुरेश्वरमा घरेलु इलाम विभाग खोले । विराटनगर जुट मिल, विराटनगर कटन मिल, मोरङ हाइड्रो कम्पनी, वीरगञ्ज कटन मिल, त्रि–जुद्ध मैच फैक्टरी वीरगञ्ज, नेपाल बैंक लिमिटेड, कृषि विकास परिषद्, कृषि स्कूल आदिको स्थापना पनि यिनैको प्रधान मन्त्रित्व कालमा भए । तर भरखरै खुलेका यी नेपाली उद्योगहरू आवश्यक सीपको कमी र अन्तरराष्ट्रिय प्रतिस्पर्धा आदिले गर्दा राम्रोसँग फस्टाउन सकेका थिएनन् । कतिपय उद्योगहरू त यसै मासिएर गए । (वीरगञ्ज कटन मिल, वीरगञ्ज ग्लास फैक्टरी ।)

यसप्रकार १०४ वर्षको जहानियाँ शासनमा देशको आर्थिक प्रगति शून्य थियो । विकासको नाममा केवल काठमाडौंमा ठूला–ठूला राणाहरूका भव्य दरबार बनेका थिए । यसरी १०४ वर्षको राणा शासनकालमा आर्थिक रूपले देश लुलो भएकोले नै आजको नेपालले कतिपय समस्याहरूको सामना गर्नुपरिरहेको छ र नेपालले विश्वका गरीब मुलुकहरूमध्ये एक भएर वस्नुपरेको छ ।

सामाजिक अवस्था

राणाकालीन नेपाली समाज पुरानो एवं अविकसित परीपाटीबाटै गुज्रेको थियो । देशमा प्रचलित सामाजिक कुरीतिहरू केही मात्रामा बिस्तार–बिस्तार हटे तापनि बाल-विवाह, बहु-विवाह, अनमेल-विवाह, जातपातको भेदभाव छँदै थियो । छुवाछुत पनि कायमै थियो । खान पिउनमा पनि परम्परागत विचार कायमै थियो ।

जङ्गबहादुरदेखि जुद्ध शमशेरको पालासम्ममा केही सामाजिक सुधारहरू भए । जङ्ग-बहादुरले यूरोपको भ्रमण गरेपछि त्यहाँको सामाजिक व्यवस्थाबाट प्रभावित भएका थिए । त्यसैले वि. सं. १९१० मा उनले मुलुकी ऐन लागू गरे । यस ऐन अनुसार मध्यकालीन आधारमा बनाइएका कानून जस्तै अपराधीलाई अत्यधिक शारीरिक दण्ड दिने, हातखुट्टा काट्ने, प्राणदण्ड दिनेजस्ता कठोर अमानुषिक दण्डको सट्टा कानून र दण्डको नियम बढ्ता मानवीय

ढङ्गबाट बनाए। सम्पूर्ण देशमा एउटै किसिमको कानून लागू गरे। उनले सती प्रथालाई पूर्ण रूपबाट कानूनी प्रतिबन्ध गर्न नसके तापनि प्रथालाई निरुत्साहित गर्न भरसक कोशिश गरे। उनले बोक्सीको आरोपमा ज्यान लिने प्रथामा पनि कानूनी तवरले प्रतिबन्ध लगाए।

समाजमा विद्यमान सती प्रथालाई रोक्ने प्रयास पृथ्वीनारायण शाहदेखि गरिंदै आए तापनि यसमा पूर्णरूपमा नियन्त्रण गर्न सकिएको थिएन। यस प्रथालाई पूर्णरूपले कानूनी बन्देज लगाउने श्रेय चन्द्र शमशेरलाई छ। वि. सं. १९७७ मा यिनले सती प्रथाको अन्त गरे।

उनले करिया प्रथाको पनि उन्मूलन गरे। देव शमशेरले आफ्नो व्यक्तिगत दासदासीहरूलाई मुक्त गरेर अरूलाई पनि यसै गर्न प्रेरणा दिएका थिए।

सती प्रथाको उन्मूलनको साथै करिया प्रथाको उन्मूलनको श्रेय पनि चन्द्र शमशेरलाई छ। वि. सं. १९८१ को घोषणा अनुसार ५९८७३ दासदासीहरू मुक्त भए। ५१७८२ दास-दासीहरूका मालिकहरूलाई पशुपतिको गुठीबाट ३६ लाख ७० हजार हर्जना दिइयो। ४६५१ दासदासीका मालिकहरूले हर्जना लिएनन्। ११४ दासदासीहरूले आफ्नो मूल्य आफैले तिरे।

(श्री ३ जुद्ध शमशेर)

यी दासदासीहरूलाई पशुपतिको सम्पत्तिबाट मुक्त गरिएकोले यिनीहरू शिवभक्त कहलाइए, यिनीहरूको बसोबास भिक्षाखोरिमा गरिएकोले त्यस ठाउँको नाम अमलेखगञ्ज भयो । तिनीहरूलाई खेतीपाती गर्न जग्गा तथा अरू सुविधा पनि दिइयो । अफिम आदि लागू पर्दाथ सेवन गर्न नपाउने नियम पनि चन्द्र शमशेरले बनाएका थिए । जुद्ध शमशेरले बाबुआमाको बरखी १३ दिन मात्र बार्ने र भोज भतेर विवाहमा फाल्तु खर्च गर्न नपाउने आदि नियम बनाए ।

वीर शमशेलले वीर अस्पताल, वीर लाइब्रेरी, घण्टाघर, वीरधारा (भादगाउँ), कुलेखानीको पुल, दरबार स्कूल भवन आदि बनाउन लगाएका थिए । देव शमशेरले गोरखापत्रको प्रकाशन, १२ बजेको तोप पड्काउने चलन, रानी कर्ण कुमारीको नाममा आधाभार, अमलेखगञ्ज भीमफेदीमा धाराको स्थापना गरे । चन्द्र शमशेरले सैनिक अस्पताल, टोखा स्वास्थ्य केन्द्र, फर्पिङ विद्युत् केन्द्रको स्थापना गरे। जुद्ध शमशेरले सुन्दरीजल विद्युत् योजनाबाट सर्वसाधारणलाई पानी र बिजुलीबत्ती उपलब्ध गराए ।

यी साधारण सामाजिक उपलब्धिहरू भए तापनि राणाकालीन समाज मोटामोटी रूपमा चार तहमा विभाजित गर्न सकिन्छ । पहिलो तहमा श्री ५ एवम् राजपरिवारको क्रम पर्दथ्यो । यसपछि राणा परिवारका सदस्य पर्थे ।

जङ्गबहादुरको समयदेखि राणा परिवारको मान, मर्यादा, प्रतिष्ठा दिनपरिदिन बढ्दै गएको थियो । सर्वसाधारणले यिनीहरूसँग बडो अदब काइदाले बोल्नुपर्थ्यो । राणा प्रधानमन्त्रीहरूले राजपरिवारसँग वैवाहिक सम्बन्ध गाँसेर पनि आफ्नो सामाजिक प्रतिष्ठा प्रशस्त माथि उठाएका थिए । राणाहरूपछि चौतरिया, थापा आदि पनि ठूला गनिन्थे । यिनीहरूको राणाहरूसँग वैवाहिक सम्बन्ध थियो । ठूला-ठूला भूमिपति बडे-बडे साहूहरू दोस्रा श्रेणीमा थिए । यिनीहरू राणाको कृपापात्र थिए । तेस्रो वर्गमा मध्यम वर्ग अर्थात् सरकारी कर्मचारी एवं साना-साना जग्गावाल पर्दथे ।

सबभन्दा तल्लो श्रेणी कृषक वर्गको थियो । यो वर्ग सोझो तर इमानदार र परिश्रमी थियो । यिनीहरूको शोषण माथिल्लो वर्गले गर्ने हुनाले जति परिश्रम गरे तापनि जीवन धान्न बडो मुश्किल पर्दथ्यो । यो वर्ग रूढीवादी, परम्परावादी र अशिक्षित थियो । यसप्रकार राणाकालीन समाज असमानता र विषमतामा आधारित थियो । अधिकांश जनता दुःखी, अज्ञानी र त्रसित भएर बस्ने गर्दथे ।

शैक्षिक अवस्था

प्रज्ञा त्यो ज्योति हो, जसले अन्धकारको पर्दा हटाउँछ र मानिसको मष्तिकमा प्रकाशको ज्योति बाल्दछ । यसबाट मानिसले ठीक-बेठीक, न्यायअन्याय, कुमार्ग र सुमार्गको भेद थाहा

पाउँछ । देशमा प्रकाशको ज्योति फैलियो भने राणा शासनको यथार्थताको नग्न रूपमा प्रदर्शन हुन्छ भन्ने डरले नै राणाहरूले नेपालको शिक्षाको विकासमा उति ध्यानै दिएनन्, दिए तापनि त्यो कमिलाको हिंडाइजस्तै थियो । जङ्गबहादुरले बेलायतको अध्ययन भ्रमण गरेपछि उनले आफ्ना परिवारलाई अङ्ग्रेजी शिक्षा दिन भनी थापाथली दरबारमा १९१० वि. सं. मा दरबार स्कूल खडा गरे । पछि यो स्कूल रानीपोखरी अगाडि सारियो । रणोद्दीपको पालामा तीनधारा पाठशाला र अरू केही संस्कृत पाठशाला खोलिए । देव शमशेरले केही प्राइमरी स्कूल खोलेका थिए । चन्द्र शमशेर पहिलो म्याट्रिक पास गर्ने प्रधान मन्त्री भएकाले उनले देशको विभिन्न भागमा १२ स्कूल खोले र दरबार स्कूलमा पनि सर्वसाधारण जनताका छोराहरूलाई पढ्ने सुविधा दिए । उनले सर्वप्रथम १९१९ (१९७८ वि. सं.) मा त्रिचन्द्र कलेजको स्थापना गरे ।

(श्री ३ पद्म शमशेर)

जुद्ध शमशेरले त्रिचन्द्रमा विज्ञानको कक्षा विस्तार गरे र नेपालको निम्ति एस. एल. सी. परीक्षा बोर्ड १९९० मा खोल्न लगाए । अब नेपाली छात्रहरूलाई म्याट्रिकको परीक्षा दिन भारत जानुपर्ने भएन । सरकारको अनुमति लिएर केही थप स्कूलहरू पनि यिनको पालामा खोलिए । चन्द्र शमशेरले पुस्तक प्रकाशन समिति खडा गरेका थिए । पछि यसैलाई जुद्ध शमशेरले

नपाली भाषा प्रकाशिनी समिति खडा गरे र नेपाली भाषाको विकासतर्फ अलि ध्यान दिए । पुरुष नारी समाजको दुई पाङग्रा भए तापनि नारी शिक्षाको अझै अभाव थियो । यस अभावको पूर्ति पद्म शमशेरको समयमा भयो । पद्म शमशेरले आफ्नो पुरानो दरबार दिएर नारी शिक्षाको इतिहासमा अगुवा भए । उनैको नाममा पद्मकन्या स्कूल खडा भयो । जसको विकास पछि गएर पद्मकन्या कलेजको रूपमा भयो ।

प्रश्नहरू

१. श्री ५ सुरेन्द्र वीर विक्रम शाहको संक्षिप्त परिचय दिनुहोस् ।
२. श्री ५ पृथ्वी वीर विक्रम शाहको राजनीतिक जीवनको वर्णन गर्नुहोस् ।
३. राणा शासनकालमा श्री ५ को स्थिति कस्तो थियो ? छोटकरीमा वर्णन गर्नुहोस् ।
४. पर्व भन्नाले के बुझिन्छ ? ३८ साल र ४२ साल पर्वले राणा शासनकालमा के–कस्तो परिवर्तन ल्यायो ?
५. राणा कालमा नेपालको प्रशासनिक ढाँचा कस्तो थियो ?
६. राणा शासनकालमा नेपालको आर्थिक अवस्थाको संक्षिप्त वर्णन गर्नुहोस् ।
७. राणा कालमा नेपालको सामाजिक अवस्था कस्तो थियो ? सामाजिक सुधारको क्षेत्रमा चन्द्र शमशेरले कस्तो योगदान दिए ?
८. राणा कालको शैक्षिक अवस्थाको परिचय दिनुहोस् ।
९. निम्न व्यक्तिहरूको परिचय दिनुहोस्
(क) रणोद्दीप (ख) जगतजङ्ग (ग) नरेन्द्र वीर विक्रम शाह (घ) धीर शमशेर
१०. निम्न मिति किन प्रसिद्ध छन् ?
(क) १९०३ (ख) १९१३ (ग) १९३८ (घ) १९४२

श्री ५ त्रिभुवन वीर विक्रम शाह (१९६८–२०११)

श्री ५ त्रिभुवन वीर विक्रम शाहको जन्म वि.सं. १९६३ मा भएको थियो । वि. सं. १९६८ मा ५ वर्षको उमेरमा श्री ५ त्रिभुवन राजगद्दीमा आसीन भए । प्रधान मन्त्री चन्द्र

(श्री ५ त्रिभुवन)

शमशेरले श्री ५ त्रिभुवनको विवाह पंजावका २ राजपूत कन्यासँग वि. सं. १९७५ मा गरि-दिएका थिए । वि. सं. १९७७ आषाढ वदी (ज्येष्ठ ३०) मा श्री ५ महेन्द्र वीर विक्रम शाहको जन्म भयो । त्यसपछि २ पुत्र, ४ पुत्री पैदा भए । उमेर पुगेपछि श्री ५ त्रिभुवनलाई राणाको शोषण नीतिको बोध भयो । द्वितीय विश्वयुद्धले गर्दा नेपालमा पनि राजनीतिक जागरण देखा पर्न लाग्यो । यसै सिलसिलामा नेपालमा प्रजा परिषद्को गुप्त संगठन खडा भयो । यस संगठनको उद्देश्य नेपालमा राजाको वैधानिक नेतृत्वमा प्रजातन्त्र स्थापना गर्नु थियो । यस संगठनलाई श्री ५ त्रिभुवन वीर विक्रम शाहबाट अप्रत्यक्ष रूपमा आर्थिक तथा

नैतिक सहयोग प्राप्त थियो । यो कुरा थाहा पाएर राणा प्रधान मन्त्रीले प्रजा परिषद्का सदस्यहरूलाई कैद गरे । चार जना मारिए । यस घटनालाई ९७ साल पर्व भनिन्छ । यसपछि श्री ५ त्रिभुवनउपर कडा निगरानी राखियो । द्वितीय विश्व युद्धपछि नेपाली जनतामा पनि राष्ट्रिय भावना फैलँदै गइरहेको थियो । परिणामतः नेपाली काङ्ग्रेसको गठन भयो । एकातिर राणाहरूले जनता उपर दमन गर्दै थिए भने अर्कोतिर नेपाली काङ्ग्रेसले शासनमा प्रजातन्त्रीकरणको माग गर्दै थिए । तर राणा सरकारले प्रजातन्त्रको तर्फ कुनै वास्ता नगरेकोले श्री ५ त्रिभुवनको नेतृत्वमा नेपाली काङ्ग्रेसले शसस्त्र क्रान्ति गर्ने निश्चय गरयो । श्री ५ त्रिभुवनले यस क्रान्तिमा आपनो सहयोग र नेतृत्व दिन वि. सं. २००७ कात्तिक २१ गते सपरिवार भारतीय राजदूताबासमा शरण लिन पुगिबक्सियो । राणा प्रधान मन्त्री मोहन शमशेरले श्री ५ त्रिभुवनलाई राजदरबार फर्काउन निकै कोशिश गरे ।

(श्री ३ मोहन शमशेर)

श्री ५ त्रिभुवनको सवारी २५ कात्तिकमा दिल्लीतर्फ चलाइयो । नेपाली काङ्ग्रेसले त्यही राती सशस्त्र क्रान्ति शुरू गरी वीरगञ्जमा आक्रमण गरयो । वीरगञ्जमा क्रान्तिकारी सरकारको गठन भयो । वीरगञ्जमा जस्तै देशको अरू कतिपय भागमा पनि राणा विरोधी संघर्ष शुरू भयो । राणाहरूले क्रान्तिलाई दबाउन निकै प्रयत्न गरे तर सकेनन् । भारतका प्रधान मन्त्री श्री जवाहरलाल नेहरूको मध्यस्थताबाट राणा र श्री ५ त्रिभुवनबीच दिल्ली सम्झौता भयो । यही सम्झौता अनुसार श्री ५ त्रिभुवनको २००७ साल फागुन ४ गते काठमाडौं सवारी भित्रियो । फागुन ७ गते मन्त्रिमण्डल गठन भएको शाही घोषणा भयो । त्यसअनुसार नेपालमा कायम रहेको १०४ वर्षको जहानियाँ राणा शासनको अन्त भयो । नेपालमा प्रजातन्त्रको शुरूवात भयो ! प्रजातन्त्र स्थापना भएको ४ वर्षपछि श्री ५ त्रिभुवन स्वास्थ्य उपचार गर्न स्वीजरलैण्ड सवारी भयो । त्यहीं जुरीचको केन्टन अस्पतालमा श्री ५ त्रिभुवनको वि. सं. २०११ फागुन ३० गतेका दिन स्वर्गारोहण भयो ।

राणा शासनको पतन

नेपालमा १०४ वर्षसम्म राणाहरूले निरंकुश जहानियाँ शासन चलाए । आखिर २००७

सालमा श्री ५ त्रिभुवनको प्रयास तथा जनताको विरोधले गर्दा राणाहरूको शासनको अन्त हुन गयो । राणा शासनको अन्त हुनुका निम्न लिखित कारणहरू छन् –

राजनीतिक कारण

राणा शासनकालमा नेपालको सम्पूर्ण शासन प्रधान मन्त्रीको हातमा रहेको थियो । राणाहरूले राजालाई नाममात्रका राजा तुल्याई राखेका थिए । राणा प्रधान मन्त्री नै राज्यको सर्वेसर्वा हुन्थे । आफ्नो प्रधान मन्त्री कालमा आफ्ना छोराछोरी, भान्जा आदि सब कुटुम्बका भविष्यको बन्दोबस्त गर्नेतिर मात्र प्रधान मन्त्रीको ध्यान जाने हुनाले जनताको शोषण हुन्थ्यो । राष्ट्रिय आम्दानी प्रायः सबै उनको स्वार्थपट्टि खर्च हुन्थ्यो । यसै कारण जनताको लागि विशेष सुधार कार्य केही गरिएन ।

जनतालाई कुनै किसिमको राजनीतिक हक थिएन । आधुनिक युगमा प्रचलित मानवको मूलभूत अधिकार जस्तैः– वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, हिंडडुल गर्ने स्वतन्त्रता, संघ–सभा खोल्ने स्वतन्त्रता आदि केही पनि थिएन । राणा प्रधान मन्त्रीको बोली नै कानून थियो । प्रधान मन्त्रीले चाहेमा ज्यानको सजाय पनि दिन सक्थे । यस्तो अवस्था हुँदा राणा शासन जनतासम्म भिजेको थिएन ।

आर्थिक कारण

नेपालको जनसंख्याको ९५% भन्दा बढ्ता मानिसको जीविका कृषिमा आधारित थियो । तर कृषि परम्परागत मध्यकालीन अवस्थाको थियो । देशको महत्त्वपूर्ण उब्जाउ भूमि राणाहरूले आफ्नो बिर्ता बनाएका थिए । बिर्ता जग्गामा राजस्व तिर्नुपर्दैनथ्यो ।

आम जनताको जीवनस्तर न्यूनतम रेखाभन्दा तल थियो । देशमा उद्योगधन्दा केही थिएन । राज्यका ठूला–ठूला पद राणाहरूले नै ओगटेका थिए । राणाहरू जन्मनेबित्तिकै कर्नेल, जर्नेल आदि दर्जा पाउँथे । निम्न स्तरका पदहरूमात्र जनताबाट पूरा गरिन्थ्यो । पदोन्नतिको ढोका बन्द थियो । कुनै व्यक्ति जति योग्य भए पनि ठूलो दर्जामा पुग्न सक्दैनथे । अर्कोतर्फ तलब एकदम निम्नस्तरको थियो । नोकरीको कुनै सुरक्षा थिएन । वार्षिक पजनीद्वारा कुनै पनि व्यक्तिलाई जागिरबाट विनाकारण हटाइन्थ्यो । चाकरी प्रथाको बोलवाला थियो । यसरी आर्थिक अवस्था पनि राम्रो थिएन ।

सामाजिक कारण

देशको सामाजिक अवस्था पनि राम्रो थिएन । अधिकांश जनता अशिक्षित थिए । समाजले अन्धविश्वास रूढीवादलाई त्याग्न सकेको थिएन । देशमा विद्यमान भएका कुरीतिहरूमा कुनै

सुधार भएको थिएन । जनताको आँखा खुल्ला र पारिवारिक शासनको विरोध होला भन्ने आशंका ले दुनियाँलाई अशिक्षित तुल्याई राणाहरूले अन्धकारमा राखेका थिए ।

बौद्धिकले कारण

शिक्षित नेपालीहरूमा पश्चिमी विचारधाराको प्रभावले पनि नेपालमा राणा शासनको पतन गराउन ठूलो सघाउ पुऱ्यायो। प्रथमतः दुई विश्व युद्धले संसारको विचारधारामा ठूलो परिवर्तन ल्याएको थियो । यी युद्धहरूले राष्ट्रियतालाई नै जीवनको दर्शन बनाएका थिए । नेपाल पनि यस हावाबाट बच्न सकेन । नेपालीहरूले पनि पश्चिमी दर्शनको अध्ययन गरे । यसबाट यिनीहरूलाई आफ्नो अवस्थाको ज्ञान भयो ।

फेरि भारतमा बृटिश शासनको अन्त २००४ सालमा भयो। बृटिशको आडमा नै राणाहरूले नेपालमा निरंकुश शासन चलाएका थिए । तर स्वतन्त्र भारतले नेपालको राणा शासनको सहयोग दिएन । भारतको यो नीति देखेर शिक्षित नेपालीहरूले राणा शासकसँग शासनमा आवश्यक सुधार गर्न आन्दोलन गर्न थाले। भारतका नेताहरूले पनि नेपालको आन्दोलनलाई सफल पार्न निकै कोशिश गरे। साधारण आन्दोलनबाट राणा शासनले कुनै किसिमको सुधार-तर्फ ध्यान नदिएकोले अन्तमा नेपालीहरूले क्रान्तिको माध्यम अपनाए ।

राणाहरूको आपसी फूट र समयको मागलाई बुझ्न नसक्नु

राणाहरूका बीच परस्परमा एकता तथा विश्वास थिएन । हरेकलाई चाँडो प्रधान मन्त्री बन्ने हतार थियो। यसै सन्दर्भमा कुनै प्रधान मन्त्री मारिए भने कुनै लखेटिए। चन्द्र शमशेरले क, ख, ग को लक्ष्मण–रेखा तानेका थिए। रोलक्रममा बराबर परिवर्तन हुन थाल्यो । जुद्ध शमशेरको पालामा कतिपय राणाहरू रोलक्रमबाट झिकिए । यी झिकिएका राणाहरू नै पछि गएर रोलवालाका कट्टर शत्रु भए। यिनीहरूले राणा शासनको पतनमा आफ्नो बौद्धिक तथा आर्थिक योगदान दिए ।

चन्द्र शमशेरका छोराहरूमध्ये मोहन शमशेर बडो जिद्दी, अंहकार तथा समयको मागलाई नबुझ्ने किसिमका व्यक्ति थिए । जुद्ध शमशेरले जति पनि निरंकुश शासन गरे तापनि उनले द्वितीय विश्वयुद्धपछि विश्वमा भैरहेको परिवर्तन तथा भारतको राजनीतिक आन्दोलनको प्रगतिलाई राम्ररी बुझेका थिए । त्यसैले उनले मध्यकालीन निरंकुशता चल्न सक्दैन भन्ने बुझेर राज्यत्याग गरे । पद्म शमशेरले समय र परिस्थिति बुझी उदार नीति अनुशरण गरे तर मोहन शमशेरको विरोध खप्न नसकी उनले पनि पद त्याग गरे ।

मोहन शमशेर आफ्नो बाबुको आदर्शमा शासन गर्न चाहन्थे। तर अन्तरराष्ट्रिय राजनीतिमा परिवर्तन आइसकेको थियो । बेलायतमा मजदुर दलको सरकारको स्थापना, भारतको स्वतन्त्रता,

चीनमा कम्युनिष्ट पार्टीको विजय आदि परिवर्तनलाई मोहन शमशेरले बुझ्न सकेनन्। उनी आफ्नो पारिवारिक संकुचित नीति त्याग्न तयार भएनन्। फलतः सुधारको आन्दोलन शान्तिपूर्णबाट बदलेर सशस्त्र हुन गयो।

तत्कालीन कारण र श्री ५ त्रिभुवनको देन

राणा शासनको पतनको मुख्य कारण श्री ५ त्रिभुवनको देन थियो। श्री ५ त्रिभुवनले शुरूदेखि नै नेपालको मुक्ति आन्दोलनलाई आफ्नो नैतिक समर्थन प्रदान गरिबक्सेको थियो। यतिले मात्रै नपुगी मौसूफले आफ्नो जीउ धन, परिवार तथा राजगद्दीको समेत परवाह नगरी राजदरबार त्यागी (२१ कात्तिक २००७) बक्सियो। यसरी जनताको सहयोग तथा श्री ५ त्रिभुवनको जनहित कार्यले गर्दा राणा शासनको पतन हुन गयो।

राणा शासनको पतनसम्बन्धी घटनाहरू

राणाकालीन नेपालमा जनतालाई कुनै किसिमको राजनीतिक अधिकार थिएन। वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता, हिंडडुल गर्ने स्वतन्त्रता आदि मौलिक हक नेपालीहरूको निमित्त एकदम नौलो थियो। काठमाडौंबाट बाहिर र भित्र आउनजानलाई समेत नेपाली नागरिकहरूले राहदानी लिनुपर्दथ्यो। कुनै किसिमको संघ, सङ्गठन खोल्नु मनाही थियो। शिक्षाको प्रगति नाममात्रको थियो।

नेपाल राजनीतिक दृष्टिले भारतबाट पृथक भए तापनि दुवै देश एउटै भौगोलिक सीमाभित्र परेकोले भारतीय जनचेतनाको प्रभाव नेपालमा पनि पर्न लाग्यो। यूरोपमा झैं भारतमा पनि राजनीतिक सुधारलाई धार्मिक सुधार आन्दोलनले बल पुऱ्याएको थियो। स्वामी दयानन्द सरस्वतीका आर्य समाजले धार्मिक अन्धविश्वासको खण्डन गर्दै भारतीय विचारधारालाई नयाँ मोड दिएको थियो। यस आर्य समाज आन्दोलनको छिटा नेपालमा पनि पर्न थाल्यो। नेपालमा आर्य समाजको प्रचार माधवराज जोशीले गरेका थिए। आर्य समाजको प्रचारले स्वतन्त्रताको भावनालाई प्रोत्साहन हुने भएकोले चन्द्र शमशेरले सार्वजनिक रूपमा माधवलाल जोशीलाई कोर्रा लगाई देश निकाला गरिदिए। सुब्बा कृष्णललालाई 'मकैको खेती' पुस्तक लेखेकोमा ९ (नौ) वर्षको कठोर कारावास दिइयो। धरणीधर कोइरालालाई 'नैवेद्य' रचना गरेको आरोपमा देश निकाला गरियो।

भीम शमशेरको पालामा तुलसीमेहरले गान्धीवाद विचारधारा प्रचार गरेकोले जेल जानुपऱ्यो, केही नवयुवकहरूले पुस्तकालय खोले। यस आरोपमा जोगवीर सिंह, लक्ष्मीप्रसाद देवकोटा लगायत ४० जवानलाई जनही रू. १०० दण्ड गरियो। 'प्रचण्ड गोरखा' नामको संस्था

खोले बप्पत उमेश विक्रम शाह, खडगमान सिंह, रङ्गनाथ शर्मा आदि समातिए र जेल पठाइए ।

देशभित्र बसी यस्तो काम गर्न सम्भव नदेखेर विदेशबाट पनि नेपालीहरूले पत्र–पत्रिकाको माध्यमबाट जनचेतना जगाउन खोजे । यस सन्दर्भमा पटनाबाट रामवृक्ष बेनी पूरीद्वारा प्रकाशित 'जनता' पत्रिकाको भूमिका विशेष उल्लेखनीय छ । यस पत्रिकाको माध्यमबाट राणा शासनको विरोधमा लगातार प्रचार गरियो ।

वि.सं. १९९५ मा केही साहसिक नवयुवकहरूले 'प्रजा परिषद्' नामक एउटा गुप्त राजनीतिक संगठन खडा गरे । यिनीहरूले भित्रभित्रैबाट श्री ५ महाराजाधिराज त्रिभुवनसँग पनि सम्पर्क राखेका थिए । यिनीहरूले देशमा राणा विरोधी पर्चाहरू पनि छरे । राणाहरूले यिनीहरूलाई १९९७ साल माघमा समातेर कडा सजाय दिए । धर्मभक्तलाई शिफलमा, शुक्रराजलाई पचलीमा झुण्ड्याइयो भने गंगालाल र दशरथ चन्दलाई शोभा भगवतीमा गोली हानी मारियो । टंकप्रसाद आचार्य, रामहरि शर्मा आजन्म कैदमा परे । अरू कैयौंलाई जेलको यातना दिइयो ।

सन् १९४६ (वि.सं. २००३) मा भारतमा काङ्ग्रेस मन्त्रिमण्डल स्थापना भयो । यसले गर्दा भारतमा निर्वासित भएका नेपाली नेताहरूले राणा विरोधी आन्दोलनलाई व्यवस्थित ढंगबाट संचालन गर्न काशीमा वि.सं. २००३ आश्विनमा "नेपाली राष्ट्रिय काङ्ग्रेस' को स्थापना गरे । यसको पहिलो अधिवेशन (माघ १२, १३, २००३ वि.सं.) कलकत्तामा भयो ।

यस अधिवेशनमा देशभरिका प्रतिनिधिहरूले भाग लिए । अधिवेशन टंकप्रसाद आचार्य (जेलमा) लाई सभापति, वि.पी. कोइरालालाई कार्यकारिणी सभापतिमा निर्वाचित गरयो । श्री ५ महाराजाधिराजको वैधानिक नायकत्वमा नेपालमा प्रजातान्त्रिक शासन कायम गर्ने यस संस्थाको उद्देश्य थियो । तीन महीनापछि राष्ट्रिय काङ्ग्रेसले विराटनगर जुट मिलका मजदुरहरूको हडताल सञ्चालन गरयो । हडतालपछि तराईको विभिन्न भागमा सत्याग्रह, भद्र अवज्ञा आन्दोलन शुरू गरियो । काठमाडौंमा पनि जुलुस, नारा, सभाहरू गरिए । राणा विरोधी जुलुसमा सर्वप्रथम नेपाली केटीहरूले पनि भाग लिए ।

प्रजातान्त्रिक आन्दोलनलाई थामथुम गर्नको लागि नै पद्म शमशेरले २००४ सालको संविधान दिए । तर यो संविधानलाई नेपाली राष्ट्रिय काङ्ग्रेसले अपूर्ण तथा अपर्याप्त भनी घोषणा गरयो । पद्म शमशेरको सुधारलाई एकातिर नेपाली राष्ट्रिय काङ्ग्रसले अस्वीकार गरयो भने अर्कोतर्फ मोहन शमशेरले तथा बबर शमशेर आदि राणाहरूले यसको घोर विरोध गरे । फलतः पद्म शमशेरले सुधार गरेको २५ दिनपछि नै देश छोडेर राँची जानुपरयो । यहींबाट उनले आफ्नो राजीनामा पठाए ।

मोहन शमशेर एउटा कट्टर शासक थिए । उनी आफ्नो बाबुको आदर्शमा शासन गर्न चाहन्थे । त्यसैले प्रधान मन्त्री हुनासाथ उनले राष्ट्रिय काङ्ग्रेसलाई अवैध घोषित गरे । वि.पी. कोइराला राणा विरोधी संगठन गर्न काठमाडौं आए । उनी समातिए र जेलमा परे । जेलमा उनले अनशन गरे । तर उनको स्वास्थ्य खराब हुन थालेकोले उनी रिहा गरिए । वि. सं. २००५ सालमा सुवर्ण शमशेर, सूर्यप्रसाद उपाध्याय आदिले पटनामा 'नेपाल प्रजातन्त्र पार्टी' को स्थापना गरे ।

यी दुवै पार्टी (नेपाली राष्ट्रिय काङ्ग्रेस, नेपाल प्रजातन्त्र पार्टी) को संयुक्त बैठक कलकत्तामा भयो । दुवै पार्टीलाई मिलाएर नेपाली काङ्ग्रेसको जन्म भयो । नेपाली काङ्ग्रेसले आफ्नो वैरगनिया अधिवेशनमा राजाको नेतृत्वमा सशस्त्र क्रान्ति गर्ने निश्चय गरयो । मातृका-प्रसादलाई क्रान्तिको निम्ति आवश्यक व्यवस्था गर्न पूर्ण अधिकार दिइयो । नेपाली काङ्ग्रेसका नेताहरूले भित्रभित्रैबाट श्री ५ त्रिभुवनलाई सर्वै कुरा जाहेर गरेका थिए । श्री ५ त्रिभुवन पनि आफ्ना प्यारा जनतालाई राणाहरूको पन्जाबाट छुटाई देशमा प्रजातन्त्र ल्याउन कटिबद्ध होइबक्सिन्थ्यो । यसैले आफ्नो स्वार्थको केही परवाह नगरी श्री ५ त्रिभुवन सपरिवार भारतीय दूतावासमा सवारी होइबक्सियो । मोहन शमशेरले पनि श्री ५ त्रिभुवनलाई पदच्युत गरी दरबारमै छोडिएका तीन वर्षका बालक अधिराजकुमार श्री ५ ज्ञानेन्द्र वीर विक्रमलाई महाराजा-धिराज घोषित गरे ।

यस्तो अन्यायको समाचारले सारा नेपालीलाई राणा शासनको विरोधमा उठ्न प्रेरित गरयो । श्री ५ त्रिभुवनको सवारी कार्तिक २५ गते दिल्लीतर्फ चलाइयो । यही दिनमै नेपाली काङ्ग्रेसको सशस्त्र दलले थिरबम मल्लको नेतृत्वमा वीरगञ्जमा आक्रमण गरयो । बडा हाकिम सोम शमशेर समातिए । वीरगन्ज कब्जा भयो । तर थिरबम मल्ल मारिए । तेजबहादुर अमात्य प्रथम सैनिक गभर्नर भए, जनताको सरकार स्थापना भयो । वीरगन्जको सफलता-बाट प्रेरित भएर नेपालको अरू भागहरू जस्तै:– भैरहवा, दाङ, देउखुरी, कैलाली, डोटी, पाल्पा, गोरखा, झापा आदिमा पनि क्रान्ति शुरू भयो । काठमाडौंमा पनि शान्ति थिएन । यहाँ पनि नारा, जुलुस हडताल आदि आन्दोलन शुरू भयो । देशभरि उठेको सशस्त्र आन्दोलनले राणाहरूको मनोबल खस्न थाल्यो । भारत सरकारको मध्यस्थताले गर्दा 'दिल्ली सम्झौता' भयो ।

दिल्ली सम्झौतापछि श्री ५ त्रिभुवन फागुन ४ गते नेपाल फिर्ती सवारी होइबक्सियो । फागुन ७ गते अन्तरिम सरकारको गठन भयो । यसमा ५ जना राणातर्फका र ५ जना नेपाली काङ्ग्रेसतर्फका मन्त्रीहरू थिए । एउटा अन्तरिम विधान पनि दिइयो र अनुकूल समयमा चुनाव गर्ने व्यवस्था गरियो ।

राणा र काङ्ग्रेसको संयुक्त मन्त्रिमण्डलले मिलेर काम गर्न सकेन । राणा समर्थकहरूले देशमा आतङ्क फैलाउने कोशिश गरे । खुकुरी दलको अराजकता बढ्ने थाल्यो । त्यसैले श्री ५ त्रिभुवनबाट २६ कार्तिक २००८ सालमा संयुक्त मन्त्रिमण्डल विघटन गरिबक्स्यो । मातृका-प्रसाद कोइरालाको नेतृत्वमा पहिलो जन सरकारको गठन गरियो । (१ मार्ग २००८)

७ फागुन २००७ नेपालको इतिहासमा एउटा सुनौला दिन हो । यही दिनदेखि नेपालमा श्री ५ त्रिभुवनबाट प्रजातन्त्र स्थापना गरिबक्सियो । १०४ वर्षको राणा शासनको अन्त भएको दिन पनि यही हो । त्यसैले यो दिन नेपालीहरूको निम्ति राष्ट्रिय चाडको दिन हुन गएको छ । यो दिन ल्याउनमा श्री ५ त्रिभुवनको विशेष योगदान भएकोले भौसूफलाई नेपाली जनता राष्ट्रपिताको रूपमा आदर गर्दछन् ।

प्रजातन्त्रको प्रादुर्भाव

श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहबाट १०४ वर्षको राणा शासन अन्त गरी नेपालमा २००७ साल फागुन ७ गते प्रजातन्त्रको प्रादुर्भाव गरिबक्सियो । यसैले फागुन ७ गते नेपालीहरू राष्ट्रिय प्रजातन्त्र दिवसको रूपमा मनाउँदछन् । देशमा अर्को आम चुनाव नहुन्जेल-सम्म एउटा अन्तरिम संविधान राजाबाट बक्सियो । यस संविधानलाई २००७ सालको अन्तरिम संविधान भनिन्छ । दैनिक शासनको काम चलाउन दश सदस्यीय मन्त्रिमण्डलको गठन गरियो । यस मन्त्रिमण्डलमा नेपाली काङ्ग्रेसका ५ जना र राणातर्फका ५ जना मन्त्रीहरू थिए । (मोहन शमशेर, बबर शमशेर, चूडाराज शमशेर, नृपजङ्ग राणा, यज्ञबहादुर बस्नेत, विश्वेश्वरप्रसाद कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, भद्रकाली मिश्र, भरतमणि शर्मा) तर यो संयुक्त मन्त्री-मण्डलले मिलेर काम गर्न सकेन । राणाहरूको सहयोग पाएर प्रतिक्रियावादी तत्त्वहरू मिलेर भरत शमशेरको नेतृत्वमा खुकुरी दल खडा गरे । खुकुरी दलले देशमा अराजकताको स्थिति पैदा गर्न खोजे । फलतः मन्त्रिमण्डलमा केही परिवर्तन गरियो । बबर शमशेरको सट्टा सिंह शमशेर र भरतमणिको सट्टा सूर्यप्रसाद उपाध्यायलाई मन्त्रिमण्डलमा सामेल गरियो । नव गठित मन्त्रिमण्डलले देशमा विद्यमान केही सामन्तवादी प्रथा जस्तैः- झारा वेठवेगरी, खान्गी, बाली आदि प्रचलन खारेज गरयो । बिर्ता उन्मूलनलाई पनि मन्त्रीमण्डलले सैद्धान्तिक रूपमा स्वीकार गरयो । सरकारी नोकरीको हक ६० वर्ष तोकिएकोले नव युवकहरूलाई सरकारी जागिरमा सुविधा भयो । पब्लिक सर्भिस कमिशनको गठन, स्वतन्त्र न्यायालय र नेपाल रेडियो स्टेशनको पनि उद्घाटन गरियो । बालिग मताधिकारको आधारमा संसद खडा नभएसम्म मन्त्रिमण्डललाई लोकमतको परिचय दिलाउन एउटा सल्लाहकार समितिको पनि गठन भयो । वि.सं. २००८, आश्विन १६ गते ३५ व्यक्तिहरूको नाम घोषित गरियो । यसरी २००७ सालको परिवर्तनले देशमा नयाँ प्रजातान्त्रिक संस्थाहरूको स्थापना हुन लागे तापनि राणा र नेपाली काङ्ग्रेसको मन्त्रि-

मण्डलले मिलेर काम गर्न सकेन । फलतः वि.स. २००८ कार्तिक २६ गते श्री ५ त्रिभुवनबाट संयुक्त मन्त्रिमण्डल विघटन गरिबक्सियो र १ मार्ग २००९ सालमा मातृकाप्रसाद कोइरालाको नेतृत्वमा एकदलीय मन्त्रिमण्डलको गठन श्री ५ त्रिभुवनबाट गरिबक्सियो । यो नेपालको पहिलो जन सरकारको गठन हो, यसले गर्दा १०४ वर्षको राणा शासनको पूर्णतः अन्त भयो र नेपालमा नयाँ प्रजातन्त्रीय युगको शुरूआत भयो ।

प्रश्नहरू

१. श्री ५ त्रिभुवन वीर विक्रम शाहको जीवनी संक्षिप्तमा वर्णन गर्नुहोस् ।
२. राणा शासनको पतनका कारणहरू के हुन् ?
३. राणा शासनको पतनसम्बन्धी घटनाहरूबारे छोटकरीमा निबन्ध लेख्नुहोस् ।
४. नेपालको जन आन्दोलनमा श्री ५ त्रिभुवनको योगदानको चर्चा गर्नुहोस् ।
५. ९७ साल पर्व भन्नाले के बुझाउँछ ? यस पर्वले राणाहरूको स्थितिमा के परिपर्तन ल्याउन खोजिएको थियो ?

श्री ५ महेन्द्र वीर विक्रम शाह (२०११–०२८)

श्री ५ त्रिभुवन वीर विक्रम शाहको ज्येष्ठ पुत्रको हैसियतले श्री ५ महेन्द्र वीर विक्रम शाह वि. सं. २०११ चैत्र १ गतेका दिन राजगद्दीमा राज होइबक्सियो ।

प्रारम्भिक जीवनी

श्री ५ महेन्द्र वीर विक्रम शाहको जन्म नारायणहिटी राजदरबारमा वि.सं. १९७७ जेठ ३० मा कान्ति राज्यलक्ष्मी देवीको गर्भबाट भएको थियो । मौसूफको शिक्षा तत्कालीन राजनीतिक व्यवस्थाले गर्दा राजदरबारभित्रै भएको थियो । परम्परागत वैदिक शिक्षाको प्रभावले गर्दा मौसूफमा हिन्दू धर्मप्रति आस्था, चरित्रमा दृढता र सृजनात्मक प्रतिभाको ठूलो विकास भयो । कविताको क्षेत्रमा पनि मौसूफबाट विशेष अभिरुचि देखाइबक्सियो । २० वर्षको उमेरमा मौसूफको विवाह १९९७ सालमा इन्द्रराज्यलक्ष्मी देवीसँग सुसम्पन्न भयो । युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवीतर्फबाट मौसूफका तीन पुत्र तीन पुत्री भए । जसमध्ये ज्येष्ठपुत्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव (वर्तमान महाराजाधिराज) होइबक्सिन्छ । श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवीको वि.सं. २००७ भाद्र १८ गतेमा असामयिक स्वर्गारोहण भएकोले मौसूफको दोस्रो विवाह २५ मार्ग २००९ मा श्री ५ रत्नराज्यलक्ष्मी देवीसँग सुसम्पन्न भयो । २००७ सालको क्रान्तिमा मौसूफको योगदान पनि कम महत्त्वको छैन । श्री ५ त्रिभुवनको शासनकालमा मौसूफले राजप्रतिनिधिको अध्यक्ष भै देशको शासन दृढतापूर्वक चलाइबक्सियो। २०११ सालमा श्री ५ त्रिभुवनको स्वर्गारोहण भएपछि राजगद्दीमा राजहोइबक्सियो ।



(श्री ५ महेन्द्र)

२००७ सालदेखि २०१७ सालसम्मको राजनीतिक स्थिति

२००७ सालमा प्रजातन्त्रको स्थापना भयो । श्री ५ त्रिभुवनको नेपालमा आम चुनाव गराई स्थायी प्रजातन्त्र स्थापना गराउने सदिच्छा थियो । त्यसैले आम निर्वाचन नहुन्ज्यालसम्मलाई श्री ५ त्रिभुवनबाट अन्तरिम शासन विधान दिइबक्सियो ।

अन्तरिम शासन व्यवस्था अन्तर्गत सबभन्दा पहिले राणाहरू र नेपाली काङ्ग्रेसका नेताहरू समावेश भएको एउटा संयुक्त मन्त्रिमण्डल खडा भयो । प्रतिक्रियावादी र प्रगतिशील विचार-धारा भएको यो संयुक्त मन्त्रिमण्डलले मिली काम गर्न सकेन । फलतः वि.सं. २००८ साल मार्ग १ गते नेपाली काङ्ग्रेसको अध्यक्ष मातृकाप्रसाद कोइरालाको प्रधान मन्त्रित्वमा एकदलीय मन्त्रिमण्डल गठन भयो ।

प्रजातन्त्र आएपछि दुनियाँलाई सुख मिल्छ भन्ने दुनियाँले ठूलो आशा राखेका थिए । तर काङ्ग्रेसी मन्त्रीहरू जनताको भलाइ गर्नु सट्टा आफ्नै स्वार्थपूर्तितर्फ बढी अग्रसर रहन थाले । यसले गर्दा जनतामा असन्तोष बढ्न थाल्यो । त्यसै बखत काङ्ग्रेसको मन्त्रिमण्डलमा फुट हुन थाल्यो । यसको फलस्वरूप मातृकाप्रसादले राजीनामा दिए । मातृकापछि केशर शमशेरको नेतृत्वमा परामर्शदातृ सरकारको गठन भयो । यसै समयमा नेपालमा अनेकौं राजनीतिक दल खडा भैसकेका थिए । कुनै दलको मन्त्रिमण्डल गठन भएमा अर्को दलका सदस्यहरूले त्यसको विरोध गर्दथे । यसरी दलका नेताहरू देशको भलाई गर्नु सट्टा दलको भलाइमा बढ्ता चिन्तित थिए । श्री ५ त्रिभुवनको स्वास्थ्य पनि खराब हुँदै आएकोले मौसूफ कुनै योग्य व्यक्तिको नेतृत्वमा मन्त्रिमण्डल गठन गर्न चाहिबक्सिन्थ्यो । मातृकाप्रसादमाथि नेपाली काङ्ग्रेसले अविश्वासको प्रस्ताव पास गरेकोले उनले एउटा राजनीतिक पार्टी खडा गरे । यस पार्टीको नाम 'राष्ट्रिय प्रजापार्टी' थियो ।

परामर्शदातृ सरकारले राम्रोसँग काम गर्न नसकेकोले वि.सं. २०१० साल आषाढमा मातृकाप्रसाद कोइरालाको नेतृत्वमा नयाँ मन्त्रिमण्डल गठन गरियो र मौसूफ औषधोपचारको लागि विदेश सवारी भइबक्सियो । विदेशबाट फिर्ती भएपछि मौसूफबाट मातृकाप्रसाद कोइ-रालाकै मन्त्रिमण्डल गठन गरिबक्सियो । यसरी के गरी जनताको भलाइ हुन्छ भन्ने चिन्तामा नै मौसूफको स्वास्थ्य झन्–झन् खराब हुँदै गयो । दोस्रो पटक राजकीय परिषद् गठन गरी श्री ५ त्रिभुवन औषधोपचारको लागि स्वीजरलैंड सवारी भइबक्सियो । मातृकाप्रसाद कोइरालाको मन्त्रि-मण्डलले मिलीजुली काम गर्नुको सट्टा एक अर्कामाथि आलोचना गर्न थाल्यो । यसले गर्दा देशमा अस्थिरता देखापर्न थाल्यो । आर्थिक प्रगति ठप्प भयो । त्यसैले राजकीय परिषद्का अध्यक्ष श्री ५ युवराजाधिराज महेन्द्रबाट श्री ५ त्रिभुवनको स्वीकृति अनुसार मातृकाप्रसाद कोइरालाको मन्त्रिमण्डल विघटन गरिबक्सियो । श्री ५ युवराजाधिराजले शासनको अभिभारा आफ्नै हातमा लिइबक्सियो । यसैबखत २०११ सालमा श्री ५ त्रिभुवनको स्वर्गारोहण भयो र श्री ५ महेन्द्र राजगद्दीमा राज होइबक्सियो ।

जनताको प्रतिनिधित्व गर्ने मन्त्रिमण्डल नभएमा जनताको भावनाको सम्मान नहुने देखी श्री ५ महेन्द्रले पुराना क्रान्तिकारी नेता टंकप्रसाद आचार्यको नेतृत्वमा मन्त्रिमण्डल गठन

गरिबक्स्यो र यो मन्त्रिमण्डललाई देशमा आम चुनावको तिथि निश्चय गर्ने अभिभारा बक्सियो । यसै समयमा नेपालको सोभियत रूससँग दौत्य सम्बन्ध स्थापना भयो । नेपाल संयुक्त राष्ट्रसंघको सदस्य पनि बन्यो ।

टंकप्रसाद आचार्यलाई आम निर्वाचन गराउने जिम्मा दिइएको थियो । आम निर्वाचनको तिथि निश्चित गर्न नसकेकोले यस मन्त्रिमण्डलले राजीनामा दियो । श्री ५ महेन्द्रले त्यस समयका विभिन्न राजनीतिक दलका नेताहरू तथा सामाजिक संस्थाका प्रतिनिधिहरूलाई समेत बोलाई मेलजुल गरी मन्त्रिमण्डल गठन गर्ने आह्वान गरिबक्से तापनि यो हुन नसकेकोले २०१४ साल श्रावण महीनामा डा. के. आई. सिंहको अध्यक्षतामा मन्त्रिमण्डल गठन गरिबक्स्यो । तर यो मन्त्रिमण्डल पनि ११० दिन भन्दा बढ्ता टिक्न सकेन ।

स्व. श्री ५ महेन्द्रबाट वि.सं. २०१५ सालमा नेपाल अधिराज्यको संविधान बक्सियो । तर संविधानमा २ सदनको व्यवस्था गरिएको छ । (१) प्रतिनिधि सभा, (२) महासभा । प्रतिनिधि सभामा जनताबाट चुनिएका १०९ सदस्यहरू र महासभामा प्रतिनिधि सभाले छानेका १८ र राजाबाट मनोनीत १८ गरी जम्मा ३६ सदस्यहरू हुने भयो ।

७ फागुन वि.सं. २०१५ मा आम चुनाव भयो । ९ राजनीतिक दलल यसमा भाग लिए । २।३ दुईतिहाई स्थान काङ्ग्रेसको पक्षमा ७४ गयो । काङ्ग्रेसको बहुमत भएकोले विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा आषाढ ७, २०१६ को दिन मन्त्रिमण्डल गठन भयो । श्रावण ४ गत महासभाको स्थापना भयो । श्रावण ९ गते संसदको दुवै सदनको उद्घाटन भयो । यसरी श्री ५ त्रिभुवनको नेपालमा सच्चा प्रजातन्त्र स्थापना गर्ने सदिच्छा श्री ५ महेन्द्रबाट पूरा गरिबक्सियो ।

संसदीय प्रजातन्त्रको प्रयोग नेपालमा १८ महीनाभन्दा बढ्ता चल्न सकेन । विजयको उन्मादमा नेपाली काङ्ग्रेसले देशको भावना र वास्तविकलाई राम्ररी बुझ्न सकेन । राष्ट्रिय स्वार्थको सट्टा दलगत स्वार्थ, व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिन थालियो । काङ्ग्रेस सरकारले न त आन्तरिक शान्ति कायम राख्न सक्यो न त बाह्य देशसँग वैदेशिक सम्बन्धमा सन्तुलन नै कायम राख्न सक्यो । पृथ्वीनारायण शाहको 'दुई ढुङ्गा बीचको तरुल' भन्ने शाश्वत सत्यलाई पनि तिनीहरूले बिर्से । फलत: देशमा आन्तरिक कलह बढ्यो । शान्तिसुरक्षा खल्बलिन थाल्यो । अराजकताको स्थिति आयो । देशको सार्वभौमिकता नै गुम्ने हो कि जस्तो स्थिति पैदा भयो । यो सरकार देशलाई जोगाउनभन्दा डुबाउन आतुर भएको सर्वत्र भान हुन थाल्यो । देशमा प्रजातन्त्र आयो तर प्रजातन्त्रको नाउँमा भइरहेको लुट आतंकबाट देश नबच्ने हुँदा बलियो सरकारको स्थापना अनिवार्य आवश्यकता महसूस गरियो । फलत: श्री ५ महेन्द्रबाट संविधानको

५५ धारा प्रयोग गरी संविधान स्थगित गरिबक्सियो र संसदीय व्यवस्थाको अन्त गरिबक्सियो। यसप्रकार नेपालमा पश्चिमी ढाँचामा आधारित संसदीय व्यवस्था असफल र अफापसिद्ध हुन गयो। यो व्यवस्था असफल हुनाका कारणहरू निम्न प्रकार छन्:–

१. शिक्षित जनताको कमी

कुनै पनि शासन व्यवस्था सफल हुनको लागि जनता शिक्षित तथा चेतनशील हुनुपर्छ। अशिक्षित जनता भएको ठाउँमा संसदीय प्रजातान्त्रिक व्यवस्था चल्न गाह्रो हुन्छ। अशिक्षित जनतालाई प्रजातन्त्रको सच्चा अर्थ बुझ्न गाह्रो हुन्छ। बहुसंख्यक नेपाली जनतालाई संसदीय प्रजातन्त्र के हो भन्ने कुराको ज्ञान थिएन। धेरैजसो जनतामा आफ्नो अधिकार तथा कर्तव्यको ज्ञान नभएकोले उनीहरूले राजनीतिक दलहरूको प्रलोभन तथा प्रचारमा विश्वास राख्नु स्वाभाविकै थियो।

२. दलगत स्वार्थ

संसदीय व्यवस्था सफल हुनलाई राजनीतिक दलहरूमा राष्ट्रिय क्रियाकलापको जरूरत पर्दछ। २००८ सालदेखि नेपालमा अनेकौं राजनीतिक दलहरू खडा भएका थिए। तर कुनै दलले पनि जनतामा भिजी उनीहरूलाई जागृत गराउने चेष्टा गरेका थिएनन्। आफ्नो दलको स्वार्थतिर नै सबै लागेका थिए। संसदीय बहुमत प्राप्त गरेको काङ्ग्रेस दल कसैलाई टेर्दैनथ्यो। आफ्नो दलको स्थिति दरिलो पार्नको लागि देशहितको ख्यालै नराखी सत्तारूढ दलले अनेक अप्रिय काम पनि गर्न थाल्यो। देशमा शान्तिसुरक्षा समेत कायम रहन सकेन। यसो हुँदा संसदीय व्यवस्थाप्रति नेपालीले विश्वास गर्न छोडे।

३. संगठित विरोधी दलको अभाव

२००८ सालपछि नेपालमा अनेकौं राजनीतिक दलहरू स्थापना भएका थिए। संसदमा बहुमत प्राप्त गरेको सत्तारूढ नेपाली काङ्ग्रेसको विरोधमा मात्र अन्य सबै दलहरू लागेका थिए। विरोध रचनात्मक हुनुका सट्टा, विरोधका लागि हुन थाल्यो। सबै राजनीतिक दलहरू मिली देशबासीहरूमा जनचेतना जागृत गराई एक भएर देश निर्माण कार्यमा जनतालाई लगाउनु पर्नेमा आफ्नो दलको स्वार्थ सिद्ध गराउनपट्टि नै सबै राजनीतिक दलहरू लागेकोले देशमा फुट, कलह तथा असंतोषको बीज रोपियो। यसरी संसदीय प्रजातान्त्रिक व्यवस्था सफल नहुनाका कारणमध्ये उद्देश्ययुक्त बलियो विरोधी दल नहुनु पनि एक थियो।

४. राष्ट्रियताको अभाव

सत्तारूढ दलमा राष्ट्रियताको ठूलो अभाव थियो। दलका सदस्यहरू देशको चौतर्फी विकास गर्नुको सट्टा आफ्नै स्वार्थसिद्ध गर्न लागेका थिए। जनताको भलाइको निम्ति कुनै किसिमको विकास हुन सकेन। यसबाट जनतामा असन्तोष फैलिन गयो र संसदीय व्यवस्थामा

उनीहरूको आस्था रहेन । "देश सबैको साझा हो" "देश बिग्रे हामी बिग्रन्छौं" भन्ने राष्ट्रनायकको महावाणीलाई उनीहरूले वास्ता राखेनन् । उनीहरूले देशको सार्वभौमिकतामा आँच आउने जस्तो काम गर्न लागे ।

५. परम्पराको अनुकूल नहुनु

कुनै पनि राजनीतिक व्यवस्थाको सफल कार्यान्वयन त्यस देशका जनताहरूमा नै भरपर्दछ । जनताहरूमा सो व्यवस्था अनुकूल चाहिने गुणको अभाव भएमा सो व्यवस्था आफ्नो परम्परा तथा संस्कृति अनुसार नमिल्ने त्यस्तो व्यवस्था चल्न नसक्ने कुरा स्वाभाविकै छ । २००७ सालको क्रान्तिपछि माथिबाट एकैपल्ट लादिएको संसदीय प्रजातान्त्रिक व्यवस्था पनि नेपालमा माटो सुहाउँदो नभएको र परम्परा अनुकूल नभएकोले यो यहाँ टिक्न सकेन ।

६. प्रभावशाली नेतृत्वको कमी

संसदीय व्यवस्था सफल गराउनको लागि विभिन्न किसिमका रहनसहन परम्परा भएका देशवासीहरूको मनोविज्ञानको अध्ययन गर्न सक्ने, जनताको श्रद्धा र विश्वास प्राप्त गरेका लोकप्रिय नेताको आवश्यकता पर्न आउँछ । तर नेपालमा यस्ता किसिमका प्रभावशाली लोकप्रिय नेता नभएकोले पनि जनतामा संसदीय व्यवस्थाप्रति विश्वास रहेन र यो व्यवस्था असफल हुन गयो ।

पञ्चायती प्रजातन्त्रको स्थापना (२०१७–२०२८)

उपर्युक्त कारणहरूले गर्दा नेपाली काङ्ग्रेसले देशमा शान्ति सुव्यवस्था कायम गर्न नसकेको र देशको स्वतन्त्रता, सार्वभौमिकतामा समेत धक्का पर्न आएकोले पौष १, २०१७ सालमा श्री ५ महेन्द्रबाट नेपाली काङ्ग्रेसको मन्त्रिमण्डल विघटन गरिबक्सियो । पौष १२ गते २०१७ सालको शाही घोषणाद्वारा जनभावना तथा परम्परा अनुकूल तलैदेखि उठेको आफ्नो देश सुहाउँदो प्रजातन्त्रको लक्ष्य राखी श्री ५ महेन्द्रबाट नेपालमा पञ्चायती प्रजातन्त्र प्रणालीद्वारा शासन चलाउने घोषणा गरिबक्सियो । २६ वैशाख २०१९ सालमा हृषीकेश शाहको अध्यक्षतामा संविधान मस्यौदा समिति गठन भयो र १ पौष २०१९ सालमा देश सुहाउँदो तथा देशको परम्परा अनुकूल संविधान पनि दुनियाँलाई बक्सियो ।

नयाँ संविधान अनुसार गाउँ सभाका सदस्यहरूबाट गाउँ पञ्चायतको गठन हुन्छ । गाउँ पञ्चायत र नगर पञ्चायतबाट चुनेका व्यक्तिहरूबाट जिल्ला सभाको गठन हुन्छ । जिल्ला सभाले जिल्ला पञ्चायतको गठन गर्छ । जिल्ला पञ्चायतका सदस्यहरूबाटै राष्ट्रिय पञ्चायतका सदस्यहरू छानिन्छन् । राष्ट्रिय पञ्चायत, पञ्चायती व्यवस्थाको सबभन्दा माथिको एकाइ हो । यसमा जम्मा १२५ सदस्यहरू हुने छन् । जसमध्ये ६० पञ्चायतबाट १५ विभिन्न

वर्गीय सङ्गठनहरूबाट, स्नातक वर्गबाट ४, राजाद्वारा मनोनीत १६। राष्ट्रिय पञ्चायत एउटा स्थायी निकाय हुनेछ र प्रत्येक २ वर्षमा यसमा १।३ सदस्यहरूको पदावधि अन्त हुनेछ। यसले राष्ट्रको सर्वोच्च विधायिकाको रूपमा काम गर्नेछ। यो व्यवस्था नेपाली परम्परामा आधारित व्यवस्था हो। यो संसदीय व्यवस्थाभन्दा कम खर्चिलो छ।

सामाजिक तथा आर्थिक सुधारहरू

नेपाली माटो सुहाउँदो र नेपाली परम्परामा आधारित पञ्चायती व्यवस्थाको राजनीतिक पद्धति बक्सेपछि श्री ५ महेन्द्रबाट देश विकासका अनेकौं कार्यहरू गरिबक्सियो। जसमध्ये सामाजिक क्षेत्रमा मुलुकी ऐन (२०२० साल भाद्र १) आर्थिक क्षेत्रमा भूमिसुधार कार्यक्रम अथवा भूमिस्र बन्धी ऐन २०२१ विशेष उल्लेखनीय छन्।

नयाँ मुलुकी ऐन २०२० भाद्र १

मध्यकालीन जातपातको संकुचित घेरामा रही अनेकन सामाजिक कुरीतिमा पिसिएको नेपाली समाजलाई आधुनिक र समयानुकूल बनाउन मुलुकी ऐनले एउटा नयाँ दिशा प्रदान गरेको छ। बाल विवाह, बहु विवाह, अनमेल विवाहलाई निषेध गर्दछ भने विधवा विवाह, कानूनी दर्ता विवाहलाई जायज गरेको छ। विवाहको निम्ति नारीको उमेर १४ वर्ष, पुरुषको १८ वर्ष र पुरुष र नारीको विवाहमा २० वर्षभन्दा बढ्ता फरक हुनुहुँदैन र नारी र पुरुषले उचित कारण देखाई पारपाचुके गर्न पाउने भए। ३५ वर्ष पुगेका अविवाहित छोरीले छोरा सरह सम्पत्ति हक पाउने भए। धर्मको आधारमा दिइने अनेकौं किसिमको दण्डको अन्त गरियो। जस्तैः— कपाल मुड्ने, जनै झिक्ने, सुँगुरको मासु खुवाउने आदि सबैले आफ्नो-आफ्नो धर्मको अनुशरण गर्न पाउने तर धर्म परिवर्तन भने गर्न पाइने छैन।

यो शान्तिपूर्ण ढंगले ल्याएको सामाजिक क्रान्ति हो। यसले देशमा सामाजिक न्याय र एकता स्थापना गर्ने प्रयत्न गरेको छ र सबै नागरिकलाई कुनै भेदभावविना सम्मानपूर्ण जीवन निर्वाह गर्ने अधिकार प्रदान गरेको छ।

भूमिसुधार कार्यक्रम

आर्थिक क्षेत्रमा श्री ५ महेन्द्रको यो एउटा महत्त्वपूर्ण कदम हो। यो भूमिसम्बन्धी ऐन २०२१ भनिन्छ। यसको मुख्य उद्देश्य मुलुकको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पूंजी र जनसङ्ख्याको भार झिकी अर्थ व्यवस्थाको आयस्रोतमा लगाउन कृषियोग्य भूमिको न्यायोचित वितरण गर्ने, कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन किसानसम्म पुऱ्याई उनीहरूको जीवनस्तरमा सुधार ल्याउने। कृषि उत्पादनमा अधिकतम वृद्धि गरी साधारण जनताको सुविधा र आर्थिक हित कायम राख्ने।

१. यी उद्देश्यहरूको प्राप्तिका लागि जमिन्दारी प्रथा उन्मूलन गरियो । यसबाट जमिन्दारले पाउने कतिपय विशेषाधिकारको अन्त भयो ।

२. जग्गामा हदबन्दी लगाइयो । कुनै पनि व्यक्ति वा परिवारले तराई क्षेत्रमा २५ बिगाहा, काठमाडौं उपत्यकामा ५० रोपनी, पहाडमा ८० रोपनीभन्दा बढ्ता जग्गा राख्न नपाउने भयो । मोहीले पनि तराईमा ४ बिगाहा, उपत्यकामा १० रोपनी र पहाडमा २० रोपनी भन्दा बढ्ता जग्गा जोत्न पाएनन् । यसो गर्नाको मुख्य उद्देश्य मोहीले पनि जग्गा मात्र कब्जा गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी जग्गाको उब्जनी बढोस् भन्नु हो ।

३. हदबन्दीभन्दा बढ्ता जग्गा सरकारले क्षतिपूर्ति दिई प्राप्त गर्ने र भूमिहीन किसानमा वितरण गर्ने ।

४. मोहीयानी हकको संरक्षण गरियो । मुख्य बाली, मोहीको हैसियतले १ वर्षसम्म कमाएको छ भने निजले स्वतः मोहीको हक पाउने भयो ।

५. **कूतको व्यवस्था**:– जग्गाको वार्षिक उब्जनीको आधीभन्दा बढी कुत लिन नपाइने भयो ।

६. **अनिवार्य बचत व्यवस्था**:– मोही र जग्गाधनीबाट वार्षिक उब्जनीको केही भाग अनिवार्य बचतको रूपमा उठाउने व्यवस्था गरियो र यो बचत कृषि विकास कार्यमा उपयोग गर्ने व्यवस्था गरियो । बचतको बानी बसाल्न बचतकर्तालाई ५% को दरले ब्याज दिइने व्यवस्था गरियो ।

७. **ऋण व्यवस्था**:– साहूले सांवाको दोब्बर ब्याज असूल गरिसकेको भए ऋण असूल भएको मानिने छ । दशौंदभन्दा बढी ब्याज लिएको भए सांवामा काटिने छ ।

किपट जग्गालाई बेचबिखन गर्न सकिने र रैकर सरह मालपोत ठेक्न सकिने व्यवस्था गरियो । उखडा प्रथा उन्मूलन गरी खास जोताहालाई मोहीयानी हक दिइयो । २०१६ सालको बिर्ता उन्मूलन ऐनले बिर्ता जग्गालाई रैकरमा परिणत गरयो र यस्तो जग्गाबाट मालपोत उठाइयो ।

२०१९ सालको राज्य उन्मूलन ऐन अन्तर्गत पुराना राज्यहरू उन्मूलन गरिए । तिनका विशेषाधिकारहरूको अन्त भयो । ती राज्यका रैतीहरू पनि एकै सरकारको कानून अन्तर्गत सुरक्षित रहे । यसप्रकार भूमिसुधार कार्यक्रमले किसानहरूलाई शोषणबाट मुक्त गरायो । विकासको क्षेत्रमा यो पहिलो महत्त्वपूर्ण पाइला हो भन्न सकिन्छ । यस सम्बन्धमा गरिने अरू पाइलाहरू जस्तैः– ऋणको प्रबन्ध, सिंचाइको व्यवस्था, बालीको रोगनाशक औषधीको वितरण, उन्नत जातका बीउ तथा वैज्ञानिक र प्राविधिक सहयोग बिस्तार–बिस्तार गरिंदैछ । जग्गाको माटो अनुरूप उत्तरी क्षेत्रमा पशुपालन, पहाडी क्षेत्रमा फलोत्पादन र तराईतिर कृषिमा जोड आदि व्यापक कार्यक्रमको सञ्चालन गरिने व्यवस्था गरिएको छ ।

आर्थिक विकासको क्रममा चालिएका अरू पाइलाहरूमध्येमा प्रथम पञ्चवर्षीय योजना, द्वितीय त्रि–वर्षीय योजना, तृतीय पञ्चवर्षीय योजना, पूर्व–पश्चिमराजमार्गको निर्माण आदि उल्लेखनीय छन् ।

श्री ५ महेन्द्रबाट हिन्दू धर्मप्रति आफ्नो आस्था तथा विश्वासस्वरूप उपत्यकाभित्र तथा बाहिर स्थित कतिपय मन्दिरहरूको जिर्णोद्धार गरिबक्सियो । नेपाली मात्रको कल्याण हेतु कोटिहोम गराई बक्सियो । नेपाली संस्कृतिको संरक्षण र विकासको निम्ति राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना गरिबक्सियो ।

श्री ५ त्रिभुवनले नेपालीलाई राजनीतिक स्वतन्त्रता बक्सियो भने श्री ५ महेन्द्रले आर्थिक र सामाजिक क्रान्ति ल्याई देशलाई मध्यकालीन व्यवस्थाबाट मुक्त गरी आधुनिकतातर्फको खुड्किलोमा नेपाललाई राखिबक्सियो ।

परराष्ट्र नीति

नेपालमा प्रजातन्त्रको स्थापना भएपछि नेपालको परराष्ट्र नीतिले पनि नयाँ कोल्टे फेरयो । भारतमा अङ्ग्रेज शासनको अन्त भैसकेको थियो । जङ्गबहादुरको शासनकालदेखि ब्रिटिश भारत-सँग मैत्री सम्बन्ध कायम राख्ने परम्परामा पुनः विचार गर्नुपर्ने स्थिति आयो । नेपालका महान् छिमेकी देशहरूमा बेग्लाबेग्लै राजनीतिक विचारधाराका सिद्धान्तबाट प्रेरित भएको सरकारको स्थापना भयो । फेरि द्वितीय विश्व युद्धपछि संसार दुई विरोधी गुटमा विभाजित हुन गयो । ठीक यसै समयमा विश्वका केही विकासशील राष्ट्रहरू दुई विभिन्न राजनीतिक विचारधाराका गुटमध्ये कसैपट्टि नलागी आफ्नै देश, व्यवस्था, माटो अनुरूप स्वतन्त्र परराष्ट्र नीतिको संचालन गर्न चाहन्थे । यस्तै राष्ट्रहरूको समूहलाई असंलग्न राष्ट्रहरूको समूह वा गुट भन्ने चलन छ । नेपालले पनि आफ्नो परराष्ट्र नीतिको निर्धारण गर्दा यी तीनमध्ये एकलाई छान्नुपर्ने भयो । नेपाल दुई ठुङ्गाको बीचको तरुल एवं भूपरिवेष्ठित र राजतन्त्रात्मक राज्य भएको हुनाले नेपालको परराष्ट्र नीति असंलग्नतामा आधारित गर्नाले नेपाल र नेपालीको कल्याण हुने भएकोले नै श्री ५ महेन्द्र वीर विक्रम शाहबाट नेपालको परराष्ट्र नीतिमा असंलग्नतालाई नै अपनाई बक्सियो । यो नीति नेपालको परम्परा, भौगोलिक स्थिति तथा पञ्चायती व्यवस्था अनुरूप छ । यस नीति अनुरूप नेपालको परराष्ट्र नीति निम्न कुरामा आधारित छ ।

१. सबै शान्तिप्रिय राष्ट्रहरूसँग मैत्री स्थापना गर्ने ।
२. कुनै अन्तरराष्ट्रिय गुटमा नलागी शीत युद्धबाट बच्ने ।
३. संयुक्त राष्ट्रसंघका बडा पत्रमा उल्लिखित उद्देश्यानुसार आचरण गर्ने ।
४. अन्तरराष्ट्रिय समस्याहरू शान्तिपूर्ण तरीकाले समाधान गर्ने ।

श्री ५ महेन्द्रबाट उपर्युक्त कुरामा आधारित नीतिको अवलम्बन गरेर नै नेपालको प्रतिष्ठा अन्तरराष्ट्रिय जगत्मा उठाइबक्सिएको छ । मौसूफले असंलग्न राष्ट्रहरूको बेलग्रेड (२०१८) कायरो, (२०२२) लुसाका (२०२६) शिखर सम्मेलनहरूमा भाग लिइबक्सी नेपालको असंलग्नतालाई अझ प्रस्ट गरिबक्सेको छ। अन्तरराष्ट्रिय रंगमंचमा नेपालको निडर तथा निष्पक्ष विचारधाराले गर्दा नै २०१२ सालमा विश्व संस्थाको सदस्य भएको नेपाल २०१५ सालमा सुरक्षा परिषद्को सदस्यमा छानियो । श्री ५ महेन्द्रबाट नेपालको दौत्य सम्बन्ध ५५ राष्ट्रहरूसँग कायम गरी नेपाललाई विश्वमा चिह्नाई बक्सिएको छ । यही नीति अनुरूप नेपालले विकसित मुलुकहरूबाट शर्तरहित आर्थिक सहायता स्वीकर गरेर देशको आर्थिक, व्यापारिक, सांस्कृतिक विकास गर्नमा ठूलो सहयोग पाएको छ । आज नेपालको सबैसँग मैत्री राख्ने र कसैसँग पनि शत्रुता नराख्ने नीतिले गर्दा अन्तराष्ट्रिय जगत्मा नेपालको इज्जत र सम्मान बढेको छ । रूस, अमेरिका आदि विश्वका धेरै राष्ट्रहरूसँग खास गरी छिमेकी राष्ट्र भारत र चीनजस्ता राष्ट्रहरूसँगको आर्थिक तथा सांस्कृतिक सम्बन्धले गर्दा नेपालले ती राष्ट्रहरूबाट पाएको आर्थिक र प्राविधिक सहयोगबाट नेपालको सर्वाङ्गीण विकासमा ठूलो मद्दत पुगेको छ ।

यसप्रकार देश विकासमा सदा दत्तचित्त भै काम गरिबक्सने "म मरे पनि मेरो देश बाँचिरहोस्" भन्ने महान् राजा श्री ५ महेन्द्र वीर विक्रम शाहको वि. सं. २०२८ साल माघ १७ गते भरतपुरको दियालो बङ्गलामा अचानक मुटुको व्यथाले स्वर्गारोहण भयो।

प्रश्नहरू

१. श्री ५ महेन्द्रको प्रारम्भिक जीवनीको वर्णन गर्नुहोस् ।
२. संसदीय व्यवस्था नेपालमा किन सफल हुन सकेन ?
३. श्री ५ महेन्द्र पञ्चायती प्रजातन्त्रको जन्मदाता होइबक्सिन्थ्यो भन्ने कुरा प्रमाणित गर्नुहोस् ।
४. श्री ५ महेन्द्रको शासनकालमा पञ्चायती व्यवस्था अन्तरगत नेपालले आर्थिक तथा सामाजिक क्षेत्रमा के–कस्तो प्रगति गर्न सक्यो ? संक्षिप्तमा वर्णन गर्नुहोस् ।
५. हाम्रो देशको असंलग्न परराष्ट्र नीति कुन–कुरामा आधारित छन् ? वर्णन गर्नुहोस् ।
६. हाम्रो परराष्ट्र नीतिमा श्री ५ महेन्द्रको योगदानको चर्चा गर्नुहोस् ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

स्वर्गीय श्री ५ महेन्द्रको उत्तराधिकारीको हैसियतले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट वि. सं. २०२८ माघ १७ गतेका दिन राज्यारोहण गरिबक्सियो । मौसूफ सरकारको शुभ राज्याभिषेक वि. सं. २०३१ फागुन १२ गतेका दिन वैदिक विधि अनुसार सुसम्पन्न भयो ।

प्रारम्भिक जीवनी

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभजन्म स्वर्गीय श्री ५ महेन्द्र (तत्कालीन श्री ५ युवराजाधिराज) तथा श्री ५ युवराज्ञी इन्द्रराज्यलक्ष्मी देवी शाहको ज्येष्ठ सुपुत्रको रूपमा सम्वत् २००२ साल पौष १४ गते (१९४५ दिसम्बर २८)का दिन भएको हो । मौसूफ सरकारका दुई भाइ, एक दिदीज्यू तथा दुई बहिनीहरू होइबक्सन्छ । मौसूफको प्रारम्भिक शिक्षा दार्जलिङ्गको सेण्ट जोजेप्स स्कूलमा सुसम्पन्न भयो। २०११ साल चैत्र १ गते मौसूफलाई श्री ५ महेन्द्रबाट राज-गद्दीको उत्तराधिकारी घोषित गरिबक्स्यो । २०१६ सालमा स्कूली शिक्षा समाप्त भएपछि मौसूफ उच्च शिक्षाको निम्ति बेलायतको इटन कलेजमा सवारी होइबक्स्यो । मौसूफबाट यहाँ अरू विद्यार्थी सरह सबै क्रियाकलापमा भाग लिइबक्सेर ५ वर्ष बिताइबक्स्यो । २०१९ चैत्र २९ गतेका दिन मौसूफको वैदिक परम्परा अनुसार शुभ उपनयन संस्कार सुसम्पन्न भयो । २०२१ सालमा अध्ययन पूरा भएपछि केही यूरोपीय तथा एशियाली देशहरूको अनौपचारिक भ्रमण गरिबक्सँदै मौसूफ स्वदेश फिरिबक्स्यो । २०२१ आश्विन १ गतेका दिन ऐतिहासिक हनुमान ढोका दरबारमा मौसूफको उमेर पुगिबक्सेको समारोह सुसम्पन्न भयो । सोही अवसरमा श्री ५ महेन्द्रबाट मौसूफलाई पृथुलाधीश तथा शाही नेपाली सेनाको सर्वोच्च महा सेनानीको पद्वी पनि प्रदान गरिबक्स्यो । २०२१ र २०२२ सालमा मौसूफले नेपाल अधिराज्यको पूर्वी तथा पश्चिमी भागको एक साधारण यात्रु सरह

(श्री ५ वीरेन्द्र)

पैदल भ्रमण गरी देशको वास्तविक स्थितिको व्यावहारिक ज्ञान हासिल गरिबक्स्यो। २०२४ सालमा मौसूफ जापानको टोकियो विश्वविद्यालयमा भर्ना होइबक्सियो र जापानी पद्धति, कृषि तथा उद्योगको क्षेत्रमा जापानले गरेको प्रगतिसँग मौसूफ परिचित होइबक्स्यो। जापानको अध्ययन पूरा गरिबक्सेपछि मौसूफ अमेरिकाको हार्वर्ड विश्वविद्यालयमा सवारी भई प्रशासन, अर्थशास्त्र र सामाजिकशास्त्रको अध्ययन गरिबक्स्यो।

गृहस्थ जीवनमा प्रवेश

श्री ५ महाराजाधिराजको शुभ विवाह २०२६ साल फागुन १६ गते श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहसँग सुसम्पन्न भयो। श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानीका प्रथम पुत्ररत्नका रूपमा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको शुभ जन्म २०२८ साल आषाढ १३ गते भएको हो। त्यस्तै मौसूफ सरकारहरूको प्रथम सुपुत्री श्री ५ अधिराजकुमारी श्रुति राज्यलक्ष्मी देवी शाहको शुभ जन्म २०३३ आश्विन ३० गते र द्वितीय पुत्र रत्न श्री ५ अधिराजकुमार नीराजन वीर विक्रम शाहको शुभ जन्म २०३५ साल कार्तिक २० गतेका दिन भएको हो।

(श्री ५ युवराजाधिराज दीपेन्द्र)

व्यावहारिक ज्ञान प्राप्ति

श्री ५ महेन्द्रबाट जनसाधारणलाई प्रशासनिक कमजोरबाट पर्न सक्ने मर्काहरू हटाउने, प्रशासनलाई बढ्दा दक्ष र सक्षम बनाउने उद्देश्य लिई बक्सेर २०२७ साल पौष १ गते तत्कालीन युवराजाधिराज श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवकै निगरानीमा जाँचबुझ केन्द्रको स्थापना गरिबक्सियो। २०११ सालदेखि २०२८ सालसम्म विभिन्न समयमा श्री ५ महेन्द्रको अनुपस्थितिमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट राजकीय परिषद्को अध्यक्ष भै कार्य सम्हालिबक्स्यो।

राज्यारोहण

२०२८ सालमा राज्यारोहण भएपछि मौसूफको अगाडि एकातिर देशको सार्वभौमिक स्वतन्त्रताको रक्षा गर्नुपर्ने परम्परागत चुनौति थियो भने अर्कोतिर विकास पथमा बामे सर्न लागेका

नेपाल र नेपालीको भाग्य निर्माण गर्नुपर्ने महान् दायित्व पनि थियो। यस सन्दर्भमा मौसूफबाट हासिल गरिबक्सेको आधुनिक उच्चशिक्षा र विस्तृत स्वदेश तथा विदेशको अध्ययन भ्रमण नेपाल र नेपालीका लागि वरदानस्वरूप हुन आए।

आर्थिक विकासका कार्यहरू

देशको चौंडोभन्दा चौंडो आर्थिक विकास गर्नुपर्ने कुरालाई श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट एक चुनौतिको रूपमा लिइबक्सेको छ। प्रजातन्त्रपछि पनि अधिराज्यमा चलेको विकासको लहर केही सीमित क्षेत्रमा मात्र फैलन गएकोले देशका अधिकांश भाग, खासगरी दुर्गम क्षेत्रहरू, अविकसित पर्न पुगेका थिए। विकासकार्यमा देखापरेको यस किसिमको क्षेत्रीय असन्तुलन हटाएर विकासको फल तमाम नेपालीले पाऊन् भन्ने सदिच्छाबाट सम्पूर्ण देशलाई २०२९ सालमा मौसूफबाट ४ विकास क्षेत्रमा र २०३८ सालमा ५ विकास क्षेत्रमा विभाजन गरिबक्सेयो। यी विकास क्षेत्रभित्र पर्ने विभिन्न विकास कार्यहरूलाई तीव्रता प्रदान गर्ने उद्देश्यले तीं ठाउँहरू जस्तै विकट भए पनि मौसूफ सरकार स्वयं नियमिति रूपले भ्रमण गरिबक्सन्छ। विकासक्षेत्र भ्रमणको सन्दर्भमा मौसूफ सरकार विकासको दृष्टिले पछि परेका क्षेत्रमा बढी समय बिताइबक्सिन्छ र त्यस क्षेत्रको विकास छिटो कसरी गर्न सकिन्छ भन्ने कुरालाई लिएर मौसूफ सरकार स्थानीय पञ्च, बुद्धिजीवी एवं कृषकहरूसँग विचारविमर्श गरिबक्सन्छ। यसरी मौसूफ सरकार आलोपालो गरी सबै विकासक्षेत्रमा केही दिन राज होइबक्सी विकासको लेखाजोखा तथा आवश्यक निर्देशन गरिबक्सन्छ। विकासको निम्ति राजनीति भन्ने मौसूफको आह्वान छ।

श्री ५ महाराजाधिराजबाट २०२९ सालमा विकासमा जनसहभागिता प्राप्त गर्ने हेतुले मौसूफकै अध्यक्षतामा राष्ट्रिय विकास परिषद् खडा गरिबक्स्यो। यस परिषद्मा मन्त्रिपरिषद्का सदस्यहरू, भूतपूर्व प्रधान मन्त्रीहरू, राष्ट्रिय पञ्चायतका विभिन्न समितिका सभापतिहरू, अञ्चल तथा जिल्ला पंचायतका प्रतिनिधिहरू तथा बुद्धिजीवीहरू रहन्छन्। यस परिषद्ले कस्तो विकास योजना उपयुक्त हुन्छ सोबारे छलफल गरी त्यस किसिमका विकास तर्जुमा गर्ने राष्ट्रिय योजना आयोगलाई निर्देशन दिन्छ।

नेपाली जनजीवन कृषिमा आधारित भएकोले २०३१ सालमा नयाँ कृषि नीति लागू गरियो। यस निति अनुसार किसानलाई कृषि, पशुपालन, फलफूल खेती आदिको लागि ऋण तथा अन्य सुविधा सरल तरीकाबाट उपलब्ध हुने व्यवस्था छ। चालू छैटौं पञ्चवर्षीय योजनाले पनि कृषि विकासलाई प्राथमिकता दिइएको छ।

औद्योगिक विकासको क्षेत्रमा श्री ५ को सरकारले २०३१ सालमा नयाँ औद्योगिक नीति लागू गरयो। यस नीति अनुसार निजी क्षेत्र, सरकारी क्षेत्र र संयुक्त क्षेत्रमा स्थापना गर्ने

उद्योगहरूको वर्गीकरण गरियो । उद्योगपतिहरूलाई कम विकसित क्षेत्रमा उद्योग स्थापना गर्न बढ्ता प्रोत्साहन गरियो । विदेशी पर्यटकहरूलाई आकर्षण गरी पर्यटन उद्योगलाई टेवा दिन २०३० सालमा पर्यटन गुरुयोजना लागू गरियो । त्यस्तै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०३० र राष्ट्रिय वन विकास योजना २०३३ लागू गरियो । देश विकासको लागि आवश्यक जनशक्ति उपलब्ध गर्न राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरियो । यी सबै प्रयासहरूले गर्दा आज देशमा कतिपय उद्योगहरू जस्तैः– छाला जुत्ता कारखाना, सूति कपडा उद्योग वनस्पति घिउ, ईंटा टायल कारखाना, सिमेन्ट उद्योग आदिले उत्पादन गरी देशको आर्थिक विकासमा टेवा दिन लागिसकेका छन् । नयाँ स्थापना हुने उद्योगहरूमा रोजीन एण्ड टरपेन्टाइन, म्याग्नासाइट, कागज, सिमेन्ट आदि प्रमुख छन् ।

राजनीतिक सुधार

कुनै पनि व्यवस्था त्यस देशको हावापानीको उपज हो । व्यवस्था साधन हो, साध्य होइन । २०१६ सालमा स्वर्गीय श्री ५ महेन्द्रबाट पञ्चायती प्रजातन्त्रको स्थापना गरिबक्स्यो । २०२८ साल फागुन ७ गते श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट देश वासीलाई बक्सेको सन्देशमा हुकुम भएको छ– .... "यसमा (व्यवस्था) मा क्रमिक विकास विस्तार हुने प्रशस्त ठाउँ छ र समयानुकूल यसमा क्रमशः सुधारहरू हुँदै जानेछन् भन्ने कुरामा हामी विश्वस्त छौं ।" यसै सुधारको क्रममा २०३२ सालमा श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको दोस्रो संशोधन गरिबक्स्यो । यस संशोधनद्वारा चुनावको दायरा फराकिलो गरियो । राष्ट्रिय पञ्चायतको बैठक सर्वसाधारणलाई खुला तुल्याइयो र सबै तहका प्रतिनिधिहरूलाई प्रत्याह्वान गर्न सकिने व्यवस्था गरियो । राजनीतिक सुधारको क्रममा श्री ५ महाराधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको अर्को महत्त्वपूर्ण कदम २०३६ ज्येष्ठ १० गतेको ऐतिहासिक घोषणालाई लिन सकिन्छ । यस घोषणामा सुधारिएको पञ्चायती व्यवस्था कायम राख्ने वा बहुदलीय व्यवस्था स्थापना गर्नेबारे जनमत संग्रह गर्ने व्यवस्था थियो । स्वर्गीय श्री ५ महेन्द्रबाट दलीय व्यवस्था अन्त गरिबक्सेकोमा पश्चिमी प्रजातन्त्रका कट्टर समर्थकहरूले यसको औचित्यमा शंका उपशंका उठाएका थिए । तर २० वैशाख २०३७ मा लिइएको जनमतले निर्दलीय पञ्चायती व्यवस्थाको औचित्यलाई प्रमाणित गरिदियो । यसरी जुन पाइला २० वर्षअघि श्री ५ महेन्द्रबाट उठाई बक्सेको थियो । त्यसको औचित्य आज २० वर्षपछि पनि यत्तिकै रहेको रहेछ भन्ने कुराको प्रमाण श्री ५ महाराजाधिराज वीरेन्द्र वीर-विक्रम शाहदेवको साहसिलो कदमबाट देखाइएको छ । यस महान् कार्यको निम्ति नेपालको संवैधानिक इतिहासमा मौसूफको अद्वितीय देन हुन आएको छ । पञ्चायती व्यवस्थाको पक्षमा जनमत आएपछि श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट संविधानको तेस्रो संशोधन २०३७ पौष १ गते जारी गरिबक्स्यो ।

संविधानको तेस्रो संशोधनका निम्न लिखित विशेषताहरू छन्

१. राष्ट्रिय पञ्चायतका सदस्यहरूको निर्वाचन प्रत्यक्ष बालिगमताधिकारको आधारमा कानूनमा व्यवस्था भए बमोजिम एकै पटक ५।५ वर्षमा गर्ने ।

२. प्रधान मन्त्री पदका लागि राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्ये ६० प्रतिशत बहुमत प्राप्त गर्नुपर्ने ।

३. प्रधान मन्त्री र अरू मन्त्रीहरू राष्ट्रिय पञ्चायतप्रति सामूहिक वा व्यक्तिगत रूपले उत्तरदायी हुने ।

४. नेपाललाई शान्तिक्षेत्र बनाउने ।

वैदेशिक नीति

बाँच र बाँच्न देऊको सिद्धान्तको आधारमा नेपालले आफ्नो पररा‍ष्ट्र नीति असंलग्नतामा आधारित राखेको छ। असंलग्नता भन्नाले कुनै सैनिक गूटमा नलाग्नु, पञ्चशीलमा आस्था राख्नु, संयुक्त राष्ट्रसंघको घोषणामा आस्था राख्नु, विश्वशान्तिको कामना गर्नु र शान्तिपूर्ण ढङ्गले समस्याको समाधान खोज्नु आदिलाई बुझाउँछ। यो असंलग्न पररा‍ष्ट्रनीति श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको नेतृत्वमा अझ बढी विकसित तथा प्रस्फुटित भएको छ । नेपालले आफ्नो पररा‍ष्ट्र नीतिमा निम्न कुरामा विशेष जोड दिएको छ।

१. विश्वको कुनै भागमा हुने कुनै किसिमको साम्राज्यवाद, उपनिवेशवाद तथा नव–उपनिवेश-वादको विरोध गर्ने र राष्ट्रिय मुक्ति संघर्षको समर्थन गर्ने ।

२. आर्थिक सहयोगको सिद्धान्तमा विश्वास राख्ने ।

३. भूपरिवेष्ठित देशहरूको समुद्रसम्म अविछिन्न पारवहनको अधिकारमा जोड दिने ।

४. तेस्रो विश्वका राष्ट्रहरूसँग आपसी सहयोग र मित्रता बढाउने ।

५. विश्व निशस्त्रीकरणमा जोड दिने र आणविक हतियारको निर्माणमा प्रतिबन्ध लगाउने।

यही असंलग्नताको सिद्धान्त अनुरूप श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३० सालको अल्जियर्स सम्मेलन, २०३३ सालको कोलम्बो सम्मेलन र २०३६ सालको हवाना सम्मेलनमा भाग लिइबक्सेर नेपालको असंलग्न पररा‍ष्ट्र नीतिलाई बढ्ता स्पष्ट पारिबक्सेको छ। श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट अल्प विकसित राष्ट्र विषयक पेरिस सम्मेलनलाई एशिया तथा प्रशान्तक्षेत्र र पश्चिम एशियाका देशहरू तर्फबाट २०३८ साल भाद्र १४ गते सम्बोधन गरिबक्स्यो । यसप्रकार श्री ५ महाराजाधिराजबाट विश्वका कतिपय देशहरूको औपचारिक

तथा अनौपचारिक भ्रमण गरिबक्सेर अन्तरराष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठा बढाइबक्सेको छ। त्यसैको फलस्वरूप आज नेपालको दौत्य सम्बन्ध ८३ देशसँग कायम भएको छ ।

शान्तिक्षेत्र

शान्तिक्षेत्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको देश विकासप्रतिको प्रगाढ चाहनाको प्रतीक हो । मौसूफकै शब्दमा "हामी आफ्नो सुरक्षाको लागि शान्ति चाहन्छौं भने आफ्नो स्वतन्त्रता र विकासको लागि शान्ति नै चाहन्छौं । हाम्रो जनता आफ्नो मुलुकमा, छिमेकमा र विश्वमा जताततै हृदयदेखि शान्ति चाहने भएकोले हामीले शान्तिलाई सर्वोपरि स्थान दिएका छौं।"

श्री ५ महाराजाधिराजबाट २०३१ फागुन १३ गते शुभराज्याभिषेकको अतिथिहरूको बिदाइ समारोहमा नेपाललाई शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखिबक्सेको छ । शान्तिक्षेत्रको घोषणामा मौसूफकै संयुक्त राष्ट्रप्रति दृढ आस्था तथा नेपाललाई विकासको बाटोमा अग्रसर गर्दा कुनै किसिमको अवरोध नआओस् भन्ने चाहना प्रतिविम्बित हुन्छ। अन्तर-राष्ट्रिय सहयोगको आधारमा शान्तिलाई संस्थागत गर्ने यो शान्तिक्षेत्रको प्रस्ताव ल्याइएको हो । सन् १९७६ (२०३३ वि. सं.) मा भएको कोलम्बो शिखर सम्मेलनमा यसको उल्लेख गरी श्री ५ महाराजाधिराजबाट अन्तरराष्ट्रिय शक्तिहरूको ध्यान यसतर्फ आकर्षित गरिबक्सेको छ । शान्तिका अग्रदूत नेपालपुत्र गौतम बुद्धले आजको २५०० वर्षअघि शान्तिको शंख बजाउनु भएको थियो भने आज नेपाल आमाको अर्को रत्न श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट शान्तिको शंख फुकिबक्सेको छ ।

यस शान्तिक्षेत्रका निम्न लिखित बुँदाहरू छन्

(१) नेपालले शान्ति, असंलग्नता र शान्तिपूर्ण सह अस्तित्वको नीति अवलम्बन गर्नेछ ।

(२) नेपालले अर्को देशको शान्ति र सुरक्षामा आँच आउने कुनै पनि किसिमको कारबाही अथवा धम्कीको आश्रय लिने छैन ।

(३) नेपाल र अन्य राष्ट्र वा राष्ट्रहरूबीच विवाद उत्पन्न भएमा नेपालले सबै विवादको शान्तिपूर्ण समाधान खोज्नेछ ।

(४) अरू राष्ट्रको आन्तरिक मामिलामा नेपालले हस्तक्षेप गर्नेछैन ।

(५) यस प्रस्तावप्रति समर्थन जनाउने कुनै पनि राष्ट्रका विरुद्ध नेपालले आफ्नो भूमिबाट अवाञ्छनीय कारबाही हुन दिनेछैन । यसै गरी पारस्परिकताको आधारमा ती राष्ट्रहरूले पनि आफ्नो भूमिबाट नेपाल विरोधी कारबाही हुन दिने छैनन् ।

(६) अरू देशहरूसँग सम्पन्न भएका सबै सन्धि-सम्झौताहरू वैध रहेसम्म नेपालले कदरसाथ अवलम्बन गर्नेछ ।

(७) शान्ति र असंलग्नताको अनुरूप नेपाल कसैसँग पनि सैनिक गठबन्धनमा लाग्ने-छैन । न त नेपालले आफ्नो भूमिमा कुनै विदेशी सैनिक अखडा स्थापना गर्ने अनुमति दिनेछ ।

धेरै देशहरूले नेपालको शान्ति प्रस्तावलाई समर्थन गरेका छन् । विश्वमा शान्ति कायम राख्न नेपालले सानै रूपमा भए तापनि मध्यपूर्वमा संयुक्तराष्ट्र संघको तत्त्वावधानमा शान्तिसेना पठाई सहयोग गरिरहेको छ ।

यसरी विश्वशान्तिका लागि अग्रसर श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव नेपालीको भाग्य निर्माण गर्न रातदिन कार्यरत होइबक्सन्छ । 'विद्यामै छ महाशक्ति कर्ममै छ सुपूजन' भन्ने मूलमन्त्रको आधारमा श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट देशमा नव जागरण, नयाँ प्रेरणा र उत्साहको संचार गरिबक्सेर नेपालीको लागि सुनौला भविष्यको संकेत प्रदान गरिबक्सेको छ ।

प्रश्नहरू

१. श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको प्रारम्भिक जीवनीको वर्णन गर्नुहोस् ।

२. श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालमा भएको राजनीतिक सुधारको चर्चा गर्नुहोस् ।

३. नेपाललाई कति विकास क्षेत्रमा विभाजन गरिएको छ ? आर्थिक विकासको क्रममा यस विभाजनको कस्तो महत्त्व छ ?

४. "नेपालको असंलग्न परराष्ट्रनीति श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवको नेतृत्वमा झन् स्पष्ट भएको छ " यस कथनको पुष्टि गर्नुहोस् ।

५. शान्तिक्षेत्र भन्नाले के बुझिन्छ ? यसका प्रमुख बुँदाहरू के हुन् ?

नील घाँटीको सभ्यता

नीलघाँटी सभ्यताको सामान्य परिचय

मानव सभ्यताको विकासको क्रममा, मानव समुदाय फिरन्ता जीवन त्यागेर एक थलोमा स्थायी रूपबाट बस्न थाल्यो । यसो गर्दा यसलाई जीवन धान्न तीन वस्तुहरूको आवश्यकता परयो– (१) भोज्य पदार्थ (२) पेय-जल (३) वस्तुभाउको निम्ति दाना (घाँसपात) । यी तीनै वस्तुहरू सुलभ तरीकाबाट नदीको आसपास पाइने भएकोले मानिसहरूको स्थायी बसोबास नदीको किनारमा नै भयो । सभ्यताको पहिलो किरण यहीं नै फैलियो । सभ्यता भन्नाले एउटा निश्चित तथा व्यवस्थित किसिमको जीवन पद्धतिको विकासलाई सम्झनुपर्छ । यहाँ जीवनलाई बढ्ता सुखमय तथा आनन्ददायक बनाउने साधन जुटाएको हुन्छ । यो उन्नतिको मार्गमा निरन्तर प्रगतिको द्योतक पनि हो । यूरोपका निवासीहरू यी सुविधाहरूबाट बञ्चित भैरहेको बखतमा, संसारका केही भागमा यस्तो सभ्यताको विकास भैरहेको थियो, जो आधुनिक सभ्यताको दाँजोमा कुनै हालतमा पनि कम थिएन । प्राचीन सभ्यताको उद्गम स्थान सिन्धु घाँटी, नील घाँटी, टिग्रीस र युफ्रेटस घाँटी, याङ्टी सीक्याङ्ग र हुङ्हो आदि हुन् । यसमा पनि नील नदीको सभ्यताले पहिलो स्थान ओगटेको छ ।

भौगोलिक स्थिति

प्राचीन मिश्र (आजको संयुक्त अरब गणतन्त्र) अफ्रिका महादेशको उत्तर पूर्वमा अवस्थित छ । यसको पूर्वतर्फ सिनाई मरुभूमि र पश्चिमतर्फ सहारा मरुभूमि रहेका छन् । मिश्र दुई मरुभूमिको बीचमा रहेको एउटा विशाल हरियाली भूमि हो । यसको उत्तरमा भूमध्य सागर, पूर्वमा लाल सागर रहेका छन् । यी दुई सागरलाई अहिले स्वेज नहरले जोडेको छ । यहाँ ईशा जन्मनुभन्दा हजारौं वर्षअगाडि एउटा यस्तो सभ्यताको विकास भयो, जसको अध्ययन आज पनि मावन समुदायको निम्ति बडो चाखको विषय भएको छ । विश्वका सबै सभ्यताहरूको विकास, नदी घाँटीमा भएजस्तै मिश्र पनि यसको अपवाद हुन सक्दैन । मिश्रलाई 'नील नदीको देन' भनिन्छ र मिश्र सभ्यतालाई नील घाँटीको सभ्यता भन्ने चलन छ । मिश्रलाई उत्तरी भाग र दक्षिण भाग गरी दुई भागमा विभाजित गर्न सकिन्छ । दुवै भागको औसत लम्बाइ अन्दाजी ५०० माइल र चौडाइ १० देखि २० माइलसम्म छ । यहाँको माटो मलिलो र उब्जाउ भएकोले यहाँ एउटा उच्चकोटिको सभ्यताको विकास हुनसक्यो । प्रो. फिल्डर्स पेट्रिकको भनाइ अनुसार मिश्री सभ्यता ई. पू. १० हजार वर्ष पुरानो हो ।

राजनीतिक इतिहास

मिश्रमा पहिले नगर राज्यको विकास भएको थियो । बिस्तार–बिस्तार नगर राज्यको सट्टा दुई शक्तिशाली राज्यहरू खडा भए । अन्दाजी ३४०० ई.पू. मा मेनेस (Menes) ले दुवै राज्यको एकीकरण गरेर एउटा शक्तिशाली केन्द्रीय राज्यको स्थापना गरे । उनी नै पहिलो वंशका प्रथम राजा थिए । यहाँ जम्मा २९ वंशले (ई. पू. ३४००–३३२) शासन गरे । ई. पू. ३३२ मा सिकन्दरले मिश्र विजय गरे । प्राचीन मिश्रमा राजालाई फारो (Pharaoh) भन्ने चलन छ । शक्तिशाली फारोहरूले मिश्र बाहिर विशाल साम्राज्य निर्माण गरेका थिए । साम्राज्यवादी युगका प्रमुख शासकहरूमा साम्राज्ञी ह्याटशेप सुट (Hatshep Sut) (१५०१-१४७९ ई. पू.) थोटमस तृतीय (Thotmos III) (१४७९-१४४७ ई. पू.) अमेन होटेप तृतीय (Amenhotep III, १४११–१३७५), अमेन होटेप चतुर्थ (१३७५–१३५८ इ. पू.) आदि प्रमुख थिए । साम्राज्ञी ह्याटशेप सुट संसारको प्रथम महिला साम्राज्ञी थिइन् भने अमेनको टेपे तृतीय प्राचीन मिश्रका नेपोलिएन थिए । अमेन होटेपे चतुर्थ संसारका प्रथम धार्मिक सुधारक राजा थिए । थिब्स (Thebes) संसारको महत्त्वपूर्ण समृद्ध राजधानी थियो । पछि गएर मिश्रको अवस्था दिनपरदिन बिग्रँदै गयो र ३३२ ई.पू.मा मिश्रमाथि सिकन्दरको अधिकार भयो ।

राजनीतिक अवस्था

हिन्दू राज्यमा राजालाई विष्णुको अवतार मानेजस्तै मिश्री राजा सूर्य देवताका अवतार मानिन्थे । देशमा राजाको स्थान सर्वोपरि थियो । राजा स्वेच्छाचारी थिए । राजाको सहायतार्थ एक परिषद् रहन्थ्यो । राजापछि सामन्त, पुजारी वर्ग, सरकारी कर्मचारी विशेष सुविधाप्राप्त वर्ग थिए । यिनी जग्गा बक्सीसमा पाउँथे । आफ्नो जग्गामा शासक बन्थे । जग्गामा कर तिर्न नपर्दा उनीहरू धनी हुन्थे । अतएव तिनताकाको सामन्तवाद जोडतोडले चलेको थियो । शासनको आधार धर्म थियो । ईश्वरपछि राजा नै सर्वशक्तिशाली थिए । राजा देशको धार्मिक नेता पनि हुन्थे । राज्य धेरै प्रान्तमा विभाजित थियो । प्रत्येक प्रान्तमा प्रान्तीय अधिकारी हुन्थे । राजाहरू अत्याचारी थिएनन् तापनि जनतालाई कुनै किसिमको राजनीतिक अधिकार थिएन ।

आर्थिक जीवन

जीवनको मूल आधार कृषि भए तापनि केही मात्रामा उद्योगहरू पनि थिए । कृषिको विकासको निमित्त सिंचाइको व्यवस्था थियो । लालसमुद्रलाई नील नदीसँग जोडी नहरको निर्माण गरिएको थियो । यस किसिमबाट १९ औं शताब्दीमा लालसमुद्र र मेडिट्रेनियनलाई

स्वेज नहरले जोड्ने कामको पूर्वाधार आजको ४००० वर्षअघि बनिसकेको थियो । अन्न, चौपाया तथा कपडाको रूपमा कर लिने चलन थियो । गहुँ, केराउ, सिमी, प्याज, अंगूर, अंजीर आदिको उत्पादन हुन्थ्यो । दस्तकारी उच्च कोटिको थियो । कपडा बुन्ने गरिन्थ्यो । चम्किलो माटोको भाँडो, काष्ठकला, हात्तीको दाँत तथा गहनाको उपयोग राम्रो थियो ।

सीनाई प्रायद्वीपमा तामाको उत्पादन हुन्थ्यो । पीरामीडको निर्माणको निम्ति ढुङ्गाको कुदाइको काममा मिश्रीहरू सिपालु थिए । उनीहरू आकर्षक डिजाइनका फर्निचर बनाउँदथे । तामा र टीन मिलाएर काँच बनाउने काम पनि गर्दथे ।

ह्याइकसको समयमा मिश्री व्यापारको विकास हुनथाल्यो र साम्राज्यवादी युगमा यो चरम सीमामा पुग्यो । पूर्वको व्यापारमार्गमा मिश्रबासीहरूको अधिकार थियो । गहुँ, लिनेन र सुनका गहनाहरू मुख्यतः निर्यात गरिन्थ्यो भने सुतुरमुर्गका प्वाँख, धातुका हतियार, माटोका भाँडाहरू, सुन, चाँदी तथा काठ मुख्य आयातका मालहरू थिए ।

सामाजिक जीवन

सामाजिक जीवन मूलतः ३ भागमा विभाजन गर्न सकिन्छ ।

(१) राजा, राजपरिवार, सामन्त तथा पुरोहित वर्ग ।
(२) मध्यमवर्ग मुख्यतः व्यापारी तथा कालीगड ।
(३) जनसंख्याको ठूलो भाग यात गुलाम वा अर्धगुलामको थियो ।

तर यो वर्गीकरण वंशानुगत थिएन । योग्य र महत्त्वाकांक्षी तल्लोबाट माथिल्लो तहमा पुग्न सक्दथे । नारीको स्थान समाजमा राम्रो थियो । सामाजिक जीवनमा नारीको प्रमुख महत्त्व थियो । छोरीले पनि उत्तराधिकारीमा हक पाउँदथे । रानी ह्याटसेटसुट विश्वकी प्रथम साम्राज्ञी थिइन् । यसबाट नारीको स्थितिलाई प्रस्ट दर्शाउँदछ ।

धार्मिक जीवन

मिश्रबासी बहुईश्वरवादमा विश्वास राख्दथे । झण्डै २००० देवताहरू थिए । सबभन्दा महत्त्वपूर्ण देवता रा (सूर्य देवता) ओसिरीस (नील नदीको देवता) र इसीस (ओसिरीसकी पत्नी) आदि थिए । अखनातून वा अमेन होटेपले (१३७५–५८ ई.पू.) एक ईश्वरवादको सिद्धान्त प्रतिपादन गर्न खोजे, तर असफल रहे । मिश्रबासीहरू पुनर्जन्म तथा आत्माको अमरतामा विश्वास राख्दथे । यिनीहरूका विचारमा आत्मा एकचोटि फेरि मृतशरीरमा प्रवेश गर्दछ । त्यसैले उनीहरू मृतशरीरलाई नष्ट नगरेर सुरक्षित राख्दथे । यही सुरक्षित मृतशरीर राखेको ठाउँलाई पिरामिड भनिन्छ । पिरामिड ढुङ्गाको एउटा ठूलो वर्गाकार आकृति

हो । यसको आकार तल फराकिलो भई माथि सानो हुँदै चुच्चो परेको हुन्छ । यसरी बनाएको स्मारकलाई पिरामिड भनिन्छ । मृतशरीर सुरक्षित राख्न यसको प्रयोग गरिन्छ ।



(पिरामिड)

भवन निर्माण कला

पुनः जीवनको विश्वासले नै पिरामिडको निर्माण गरयो । नील नदीको किनारमा ६० माइलसम्म पिरामिडक्षेत्र फिजिएको छ । यदि प्रथम पत्थरको पिरामिड जोसर (Zoser) को थियो भने सबैभन्दा महत्त्वपूर्ण पिरामिड गिजे (Geizeh) को मानिन्छ । यसको निर्माण खुफू (Khufu) ले गरेका थिए । यो १३ एकडमा फैलिएको छ । यसमा २० लाख ढुङ्गा लागेको छ । औसत एक ढुङ्गाको वजन २½ टनको पर्न आउँछ । यस पिरामिडको उचाइ ४८१ फिट, आधारशीला ७५० फिट छ । यसको निर्माण गर्न १ लाख मानिसले २० वर्ष काम गरेका थिए भन्ने भनाइ छ । संसारको सात आश्चर्यमध्ये यो पनि एक हो । कलाको क्षेत्रमा अर्को महत्त्वपूर्ण देन स्फिक्स (Sphinx) हो । स्फिक्स भन्नाले सिंहको आकृतिमा मानव मूर्तिलाई बुझाउँदछ । फारो काफ्रे (२८६७–२८११) को मूर्ति १५० फिट उचाइको छ । मुखको चौडाइ १३ फिट ८ इन्च, नाक ५ फिट ७ इन्चको छ ।

मानिसले निर्माण गरेको पत्थरको मूर्तिमा यो संसारको सबैभन्दा ठूलो मूर्ति मानिएको छ । कलाक्षेत्रमा अर्को महत्त्वपूर्ण देन अवलिक्स (Obelisks) को छ । यो विशालकाय चारपाटे चहकिलो पत्थर स्तम्भ हो । यसको वजन औसत ५०० देखि १००० टनसम्मको छ । यस्ता अवलिक्स नील नदीको डेल्टा हेलियो पोलिसमा एउटा अर्को ब्रिटेनको टेम्स नदीको किनारमा (६८ फिट ५ इन्च) र तेस्रोचाहिं न्यूयोर्कमा अझै देख्न सकिन्छ ।

मिश्रबासीले कलाको क्षेत्रमा गरेको प्रगतिको झलक करनाक र लुक्सरको मन्दिरको अध्ययनबाट गर्न सकिन्छ । मन्दिरका भित्ते चित्रहरूबाट त्यस समयको सामाजिक, आर्थिक जीवनका विभिन्न पक्षको अध्ययन गर्न सकिन्छ ।

भाषा तथा साहित्य

लेखन शैलीको विकास सर्वप्रथम मिश्रमा भयो । पहिले चित्रमय लेखन शैली शुरू भयो । त्यसपछि वर्णमालाको विकास भयो । उनीहरूले मसी, कलम तथा कागजको निर्माण गर्न जानेका थिए । १७ इन्च चौडा, १३५ फिट लामो कागजको मुट्ठा अझै बृटिश म्यूजियममा सुरक्षित राखिएको छ । यी कागजका मुट्ठाहरूमा विभिन्न विषय जस्तैः—विज्ञान, औषधि, धर्म कथा आदि लेखिएका पाइन्छन् ।

विज्ञान

प्राचीन कालमा कुनै दैवी आपत, जस्तोः—बाढी, प्लेग, भूकम्प आदिको भविष्यवाणी गर्ने साधारण प्रचलन थियो । यिनीहरूले वर्षलाई १२ महीनामा र महीनालाई ३० दिनमा बाँड्दथे । ३६० दिनको अन्तमा ५ दिन जोडी १ वर्ष गरी गणना गर्दथे । यिनीहरूलाई बीज गणित तथा नापको ज्ञान थियो, जसको विना विशाल पिरामिडको निर्माण हुन सक्दैनथ्यो । यिनीहरूलाई रसायन शास्त्रको पनि ज्ञान थियो ।

महत्त्व

मेडिटेरियन र लाल समुद्रलाई जोडी पहिलो स्वेज नहरको निर्माण गर्ने कामको अगुवा यिनीहरू नै थिए । वर्षलाई ३६५ दिनमा विभाजन गर्ने चलन यिनीहरूकै हो । घामको छाया-बाट समयको ज्ञान गर्ने पद्धतिको विकास पनि यिनीहरूले नै गरे । यिनीहरूलाई बीजगणित, नक्षत्र विज्ञान, रसायन तथा औषधि विज्ञानको बोध थियो । हुलाक व्यवस्था तथा जन-गणना पनि मिश्री बासीको नै देन हो । यिनीहरू तामा, काँच, शीशा, कागज, मसी, छुरा, पाउडर, खलौना आदिको प्रयोग गर्दथे । यिनीहरूले मूर्तिकलामा विशेष दक्षता हासिल गरेका थिए । नेपालमा प्रचलन भएको ढुङ्गेधारा जस्तैः— तामाको टुटी भएको धाराको प्रयोग पनि यिनीहरू गर्दथे । यी सबै कारणहरूले गर्दा आजको सभ्यतालाई मिश्री सभ्यताको ठूलो देन छ ।

प्रश्नहरू

१. मिश्रलाई नील नदीको देन किन भनिन्छ ?
२. पिरामिड भनेको के हो ? नामी पिरामिड कुन थियो र यसको निर्माता को थिए ?
३. स्फिनिक्स र अवलिक्स भनेका के हुन् ?
४. मिश्री धार्मिक जीवनबारे के थाहा छ ?
५. विश्व सभ्यतालाई मिश्रको के देन छ ?

सिन्धु घाँटीको सभ्यता

सन् १९२२ मा मोहेन्जोदारोमा राखल दास बनर्जीले र हरप्पामा कनिङ्घ घामले जुन उत्खनन् गरे त्यसबाट सिन्धु घाँटीमा एउटा विकसित सभ्यताको अवशेष भेट्टाइएका छन् । उत्खनन्बाट भेट्टाइएका अवषेशहरूबाट यहाँ एउटा विकसित उच्च कोटिको नागरिक सभ्यताको अस्तित्व फेलापरेको छ । यस सभ्यतालाई मेसोपोटामिया तथा मिश्री सभ्यताको समकालीन भनेर दाँज्न सकिन्छ । मोहेन्जोदारो सिन्धुको लरकाना जिल्लामा तथा हरप्पा पञ्जाबमा मोन्टगोमेरी जिल्लामा पर्दछ । हाल यी दुवै इलाका पाकिस्तानको भागमा पर्दछन् । श्री राखल दास बनर्जीले गरेको उत्खनन्को काम पछि जोन मार्शल, काशीनाथ दीक्षित, दयाराम शाहनी आदि पुरातत्त्वविद्ले जारी राखे ।

दुर्भाग्यवश उत्खनन्मा कुनै लिखित सामग्रीहरू भेट्टाउन सकिएका छैनन् । केही शीलाहरू भेट्टाइए तापनि त्यसमा दिएका चिह्नहरूको अझै अध्ययन भइसकेको छैन । त्यसैले यस सभ्यताको राजनीतिक जीवनबारे विशेष अध्ययन अझै हुन सकेको छैन । उत्खनन् गर्दा पाइएका सामानहरूको अध्ययनबाट मोटामोटी तवरमा यस भूभागको सभ्यतालाई निम्न लिखित शीर्षकमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

शहर

शहर प्रशस्त चौडा थियो । शहर बसाइ योजनाबद्ध तरीकाबाट भएको बुझिन्छ । सडकहरू सोझा तथा चौडा थिए । मुख्य सडक ३३ फिट चौडा थियो भने अरू सडकहरू १८ फिट चौडा थिए । गल्लीहरूको चौडाइ ३ देखि ७ फिटसम्मको थियो । सडकमा ढलको निकासको बन्दोवस्त थियो । २ इन्चदेखि १८ इन्चसम्म गहिरो ढल भएको देखिन्छ । घरको ढलको निकास सडकको ढलसँग जोडिएको थियो । यस किसिमको ढलको व्यवस्था भएको शहर, क्रीट सभ्यतामा बाहेक अरू कुनै प्राचीन सभ्यतामा पाईँदैन ।

बसोबास गर्ने घरहरू ठूला साना विभिन्न आकारका थिए । सबभन्दा सानो घर दुई कोठे थिए भने ठूला घरहरू दुई तल्लासम्मका हुन्थे । प्रत्येक घरमा इनाल, ढोका, भरझ्याङ्ग, बरण्डा, चोक, इनार तथा चर्पी आदिको व्यवस्था थियो । यी मानिस बस्ने घरहरूको अलावा केही खम्बेदार ठूला–ठूला बैठकजस्ता भवनहरू पनि फेला पारिएका छन् । यस्तै एउटा ठूलो खम्बेदार बैठक ८० वर्गफिटको पाइएको छ । सम्भवतः यी भवनहरू राजमहल, मन्दिर वा सभाकक्ष हुनको रूपमा प्रयोग गरिन्थ्यो ।

नुहाउने पोखरी

प्रत्येक घरमा नुहाउने कोठाको बन्दोबस्त भएजस्तै केही सार्वजनिक नुहाउने स्थान पनि फेला परेका छन् । उदाहरणस्वरूप एउटा सार्वजनिक नुहाउने स्थानको वर्णन निम्न बमोजिम छ । यो सार्वजनिक स्नान घरको क्षेत्रफल ४०′×२४′×८′ थियो । चारैतिरबाट नुहाउन जानलाई सिढीको व्यवस्था थियो । पोखरीलाई चारैतिरबाट पर्खालले घेरेको छ । पर्खालको लम्बाइ १८० फिट, चौडाइ १०८ फिट, मोटाइ ८ फिटको छ । पोखरीको चारैतिर इँट छापेको बरण्डा छ । ठाउँ-ठाउँमा लुगा फेर्नको निम्ति स-साना कोठाको बन्दोबस्त गरिएको र लुगा झुण्डाउनको लागि खुटीको पनि व्यवस्था छ । पोखरीको फोहोर पानी फ्याँक्ने नालीको व्यवस्था हुनुको साथसाथै ताजा पानीबाट पोखरी भर्न नजिकै इनारको पनि व्यवस्था भएको पाइन्छ ।

आर्थिक तथा सामाजिक जीवन

जीवनको आधार कृषि थियो । गहुँ मुख्य खाद्यपदार्थ थियो । खसीको मासु, सुँगुरको मासु, माछा, अण्डा र तरबुजा पनि खाने गर्थे ।

व्यापारको विस्तार भारत बाहिरसम्म थियो । व्यापारमा टिन, तामा र मूल्यवान् पत्थरको पनि प्रयोग भएको देखिन्छ । समाजमा व्यापारीवर्ग तथा कालिगडको प्रधानता थियो । नारीमा पर्दाप्रथा थिएन । विभिन्न नारीदेवताको अस्तित्वले गर्दा समाजमा नारीको अवस्था उच्च थियो भन्न कर लाग्दछ ।

पहिरन

सिन्धुबासीहरू सूती लुगाको अत्यधिक मात्रामा प्रचलन गर्ने भए तापनि ऊनी लुगाको पनि प्रयोग गर्दथे । गहना पुरुष तथा स्त्री दुवै जातिले प्रयोग गरेको देखिन्छ । नेकलेस, औँठी, चुरा पुरुष तथा स्त्री दुवैले प्रयोग गर्दथे भने कमरबंद, बुलाकी, यारलिङ्ग, स्त्री जातिले मात्र लाउँदथे । गहनाहरू सुन, चाँदी, हस्तिहाड, मूल्यवान् तथा साधारण पत्थरबाट बनेका हुन्थे । माटाका भाँडाहरू साधारण तथा रङ्गीन हुन्थे । तामा, काँच, चाँदीका भाँडाकुँडाहरू पाइन्थे । तर फलामको कुनै चीज पनि अझैसम्म फेला पारिएको छैन । घरेलु प्रयोगमा आउने सामानहरूमा सियो, काइँयो, बन्चरो, छिनो, हँसिया, छुरा, माछा मार्ने बल्छी, तौलका सामानहरू पनि फेला-परेका छन् ।

पशु लडाउने र पाशा खेलबाट उनीहरू मनोरञ्जन गर्दथे । भेडा, हात्ती, भैंसी, ऊँट र गोरुको अस्तित्व भेट्टाइए तापनि घोडाको अस्तित्व भेट्टाइएको छैन । विभिन्न किसिमका हात-

हतियार जस्तै–बन्चरो, कटारी, चक्कु, भाला, गदा, धनुष, तीर पाइए तापनि तलवार भने पाइएको छैन ।

धर्म

त्यहाँ पाइएका सामानहरूबाट तिनीहरूको धार्मिक विश्वासमाथि पनि हाम्रो ज्ञान केही बढ्दछ । अत्यधिक स्त्रीरूपी देवताको मूर्ति पाइएकोले तिनीहरूको समाज मातृप्रधान थियो कि भन्ने भान हुन्छ ।

स्त्रीदेवीको बाहुल्यको साथसाथै एउटा पुरुषदेवताको पनि अस्तित्व भएको देखिन्छ । एउटा पुरुषदेवता योग मुद्रामा बसेको छ । यसलाई चारैतर्फबाट पशुहरूले घेरेका छन् । यसका तीन आँखा, दुई सिङ र टाउकोमा फेटा गुथेको छ । यी देवता आधुनिक हिन्दूधर्मका पशुपति, जस्तै छन् । हिन्दू धर्ममा शिवको पूजा, शिवको प्रतीक शिवलिङ्गबाट हुन्छ । यहाँ शिवलिङ्गका आकारका ढुङ्गाहरू पनि पाइएका छन् । शिव तथा शक्तिको पूजाबाहेक यहाँका बासिन्दाहरू रूख, पशु तथा पत्थर आदिको पनि पूजा गर्दथे । तसर्थ आजको हिन्दूधर्ममा पाइने शिवका विशेषताहरू सिन्धु घाँटीको धार्मिक विश्वासको नै विकसित रूप हो भन्नुमा अत्युक्ति नहोला ।

यस किसिमको सिन्धु घाँटी सभ्यताको अध्ययनबाट यहाँ एउटा विकसित किसिमको नागरिक जीवन थियो भन्ने थाहा हुन्छ । यस सभ्यताको निर्माणकर्ता को हुन् भन्नेमा इतिहासकारहरू एक मत राख्दैनन् तर धेरै विद्वान्हरूको भनाइ अनुसार यो द्रावड जातिको सभ्यता थियो । जसले यसको निर्माण गरे तापनि आधुनिक हिन्दू धर्ममा यसको कतिपय छाप अझै पनि विद्यमान छ ।

प्रश्नहरू

१. मोहेन्जोदारो शब्दले के बताउँछ ?
२. सिन्धुबासीहरूको नगरयोजना कस्तो थियो ?
३. सिन्धु सभ्यतामा मानिसहरूको आर्थिक र सामाजिक जीवन कस्तो थियो ?
४. सिन्धु सभ्यताको धार्मिक जीवनबारे थाहा भएको लेख्नुहोस् ।

ऋग्वेदकालीन आर्य सभ्यता

सिन्धु सभ्यताको गोधुलीपछि भारतीय आकाशमा वैदिक सभ्यताको बिहानी आरम्भ हुन्छ । यो सभ्यताको मूल आधार वेद भएकोले र वेदको अध्ययनबाट याहा पाइएका सभ्यतालाई वैदिक सभ्यता भनिन्छ । वेद शब्द संस्कृत भाषाको विद् धातुबाट बनेको छ, जसको शाब्दिक अर्थ ज्ञान हो । वेद ४ छन् । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद ।

ऋग्वेद सबैभन्दा पुरानो धार्मिक ग्रन्थ हो । यसको रचना २५०० ई.पू. मा भएको विश्वास गरिएको छ । ऋग्वेदपछि क्रमशः यजुर्वेद, सामवेद र अथर्ववेदको रचना भयो । ऋग्वेदको अध्ययनबाट ज्ञात भएको सभ्यतालाई ऋग्वैदिक सभ्यता र बाँकी ३ वेदको अध्ययन-बाट ज्ञात भएको सभ्यतालाई उत्तर वैदिक सभ्यता भन्ने चलन छ ।

ऋग्वैदिक सभ्यता आर्य जातिको सभ्यता भएकोले यसलाई आर्य सभ्यता भनिन्छ । आर्यहरू गोरा, लामो नाक, उच्च ललाट, ठूला–ठूला सुन्दर आँखा र डील–डौलका हुन्थे । यिनीहरूको मूल निवासस्थान कहाँ थियो भन्ने कुरा अझै टुङ्गो लागेको छैन । कसैले यिनीहरूलाई हङ्गेरीको मैदानबाट आएका हुन् भनेका छन् भने कसैले यूरोप र एशियाको बीच स्टेप्सको मैदानबाट आएका हुन् भनेका छन् । भारतमा आउने आर्यहरू फारसबाट काबूल हुँदै सिन्धुको मैदान तर्फ आए । त्यसैले यिनीहरू (Indo–Aryans) मानिन्छन् । शुरूमा यिनीहरू काबूल-देखि पंचाबसम्म अधिकार गरी बसे र पछि उत्तर वैदिक कालमा यिनीहरूको विचार दक्षिण विन्ध्याचल पर्वत नर्मदा नदीसम्म भयो ।

राजनीतिक अवस्था

वैदिक राजनीतिक व्यवस्थाको सबभन्दा तल्लो एकाइ गृह अथवा कुल थियो । कतिपय गृह अथवा कुल मिलेर ग्राम बन्दथ्यो र कतिपय ग्रामबाट विश् र कतिपय विशबाट जन बन्दथ्यो । कुलको अधिपतिलाई कुलपति, ग्रामको अधिपतिलाई ग्राभणी र विश्को अधिपतिलाई विशपति र जनको नेतालाई राजा भन्दथे । राजा संभवतः निर्वाचित हुन्थे तर कालान्तरमा यो पद वंशानुगत हुन गयो । राजाको काम आफ्नो जनको रक्षा गर्नु हो । यस कामका उनको सहायता पुरोहित, सेनानी, ग्रामणी आदिले गर्दथे । राजा निरंकुश हुँदैनथे । उनको शक्तिमा नियन्त्रण गर्न सभा र समिति हुन्थे । सभा जनको बुद्धिमान् तथा अनुभवीहरूको संगठन थियो भने समिति सम्पूर्ण जनताको राजनीतिक संस्था थियो ।

उत्तर वैदिक कालमा आर्यहरूको विस्तार सिन्धुबाट पूर्व गंगाको मैदान हुँदै दक्षिण विन्ध्याचल पर्वतमालासम्म फैलियो । अब हिमालदेखि लिएर विन्ध्याचलसम्मको भूमिलाई

आर्यावर्त भनिन लाग्यो । यस समयमा कुरू, पञ्चाल, कोशल, काशी, विदेह, मगध, अङ्ग आदि विशाल शक्तिशाली राज्यहरू स्थापना भए । विशाल राज्यको स्थापना राजाको प्रतापबाट भएकोले राजाको अधिकार पनि बढ्न गयो । प्रतापी राजाहरूले राजसूय अश्वमेध यज्ञ गरी सम्राट्, चक्रवर्ती, विराट् आदि गौरवपूर्ण पदवी धारण गर्न थाले । राजाको निर्वाचन पद्धति बिस्तार–बिस्तार लोप हुँदै गयो र यो केवल औपचारिक रीति मात्र हुन गयो । राजपदको गौरव बढ्नाले सभा र समितिको महत्त्व पनि कम हुँदै गयो ।

सामाजिक जीवन

ऋग्वेद कालमा सामाजिक जीवनको मूल आधार परिवार थियो । परिवारका सबै सदस्यहरू एकै घरमा बस्दथे । घरहरू धेरैजसो बाँस वा काठबाट बनाइन्थे । प्रत्येक घरमा एउटा अग्निशाला हुन्थ्यो । घरका मालिकलाई गृहपति भन्दथे । गृहपति अक्सर गरेर परिवारका सदस्यहरूप्रति दयालु तथा मायालु हुन्थ्यो तर परिवारमा अनुशासन कायम राख्न कहिलेकाहीं ऊ बडो कठोर हुनुपर्दथ्यो । परिवारमा अनुशासन कायम राख्न गृहपतिले आफ्नो जुवाडी छोरालाई अन्धो पारेको उदाहरण पनि ऋग्वेदमा उल्लेख भएको भेटिन्छ ।

परिवार पितृप्रधान भएकोले छोराहरूको जन्मलाई हर्षोल्लासको साथ स्वागत गरिन्थ्यो । छोरीको कामना नगरे तापनि एकचोटि जन्मेपछि तिनीहरूलाई माया र ममताको साथ पालन-पोषण गर्ने चलन थियो । तिनीहरूको शिक्षामा पनि हेलचेक्र्याइँ गरिँदैनथ्यो । केही विदुषी नारीहरूले पुरुषसरह दैनिक मन्त्रको रचना गरेको पाइन्छ । यस सन्दर्भमा विश्वभारा, अपाला, घोषाको उल्लेख गर्न सकिन्छ ।

विवाह साधारणतः आमाबाबुको रुचि अनुसार हुन्थ्यो तर नारीलाई आफ्नो घर रोज्ने अधिकार प्राप्त थियो । समाजमा एक पत्नीवादको सिद्धान्त भए तापनि उच्च वर्गमा बहु-पत्नीवादको प्रथा पनि थियो । तर बहुपतिवादको सिद्धान्त भने यस कालमा थिएन । सन्तानको खातिर विधवाले पनि पुनः विवाह गर्न सक्दथे तर बालविवाहको उल्लेख भने पाइँदैन । घरमा नारीस्थान आदर तथा सम्मानको थियो । नारीहरू घरको सबै धार्मिक समारोहमा भाग लिने गर्दथे । आर्यहरूको लुगा लगाइ मूलतः तीन भागमा विभाजित थियो:– (१) नीवि (२) वास (३) अधिवास अर्थात् (क) कम्मरमा बाँध्ने लुगा (ख) कम्मरमुनिको लुगा (ग) कम्मरमाथिको लुगा ।

विभिन्न रंगीविरंगी, सूती, उनी र छालाको लुगा लगाउने चलन थियो । धनीहरू सुनको जरीदार लुगा विशेष समारोहमा लगाउँदथे । आइमाईहरू हार, पाउजेब, चुरा आदि गहनाहरू लगाउँथे । कौंगियोले कपाल कोरी बास्ना आउने तेल लगाउने चलन पनि थियो । पुरुषहरू दाह्री राख्ने गर्दथे तर कहिलेकाहीं दाह्री काट्ने पनि गर्दथे ।

दूध र दूधबाट बनेका पदार्थ तिनीहरूको मुख्य भोज्य पदार्थ थियो । चामल तथा जौको रोटी घिउमा मिलाएर खान्थे । हलुवाको पनि चलन थियो । भेडा, बोका, देउतालाई बलि दिएर त्यसको मासु खाने गर्दथे । विशेष उत्सवमा गाईको मासु पनि खाने चलन थियो । तर गाई अति कल्याणकारी भएकोले त्यो 'अबध्य' वा बध गर्नुहुँदैन भन्ने भावनाको विकास हुन लागिरहेको थियो । सोमरस तथा सुरापान पनि गर्दथे । सोम कुनै जङ्गली फलको रस थियो भने सुरा अन्न सडाएर बनाएको जाँड थियो । सुरा अत्यधिक नशालु भएकोले यसको प्रयोग निको मानिदैनथ्यो । आमोद–प्रमोदको साधनमा रथ दौड, घोडा दौड, शिकार, पासा, नाचगान थिए । बाजामा मादल, बाँसुरी, वीणा तथा कलाँट थिए ।

समाज चार वर्ण ब्राह्मण, क्षत्री, वैश्य, शूद्रमा विभाजित थियो तर यो विभाजन कठोर जातीयतामा मात्र सीमित नभई पेशाको आधारमा थियो । पेशाको आधारमा कुनै भेदभाव हुँदैनथ्यो । आर्य जीवनलाई चार आश्रममा बाँड्ने चलन थियो । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा सन्यास । उत्तर वैदिक कालमा राजनीतिक स्थितिको परिवर्तनले गर्दा सामाजिक स्थितिमा पनि परिवर्तन आउन थाल्यो । कर्मको आधारमा बनेको वर्ण व्यवस्था अब जन्मको आधारमा जटिल हुँदै गयो । समाजमा ब्राह्मण वर्गको प्रभाव बढ्दै गएकोले वर्णव्यवस्था कठोर हुँदै गयो । अन्तरवर्ण विवाहमा प्रतिबन्ध लाग्न थाल्यो । यस्तो विवाहबाट जन्मेको सन्तान निकृष्ट मानिन थाल्यो । शूद्रहरू घृणित भए । उनीहरूले यस अनुष्ठानमा भाग लिन र वैदिक मन्त्रको उच्चारण गर्न पनि नपाउने भए ।

यस कालमा नारीको स्वतन्त्रता लोप हुँदै गए तापनि गार्गी, मैत्रेयी, वाचकनवी जस्ता विदुषी नारीहरूको उल्लेख पाइन्छ । बहुविवाह प्रथा बढ्दै गयो । नारीहरूलाई बालककालमा बाबुको, युवा अवस्थामा पतिको, वृद्धावस्थामा छोराको अधीनमा राख्नुपर्छ भन्ने विश्वास बढ्न थाल्यो । छोरीको जन्म दुःखको कारण मानिन थालियो ।

आर्थिक जीवन

ऋग्वैदिक आर्यहरू मूलतः गाउँमा बस्दथे । यस कालमा शहरको विकास भएको थिएन । कृषि नै जीवनको मूल आधार थियो । जोतिएको भूमिलाई उर्वर वा क्षेत्र भनिन्थ्यो । हलोलाई बैलले तानेर खेती गर्ने चलन थियो । खेतमा सिंचाइको पनि व्यवस्था थियो । साधारणतः दुई बालीको उब्जनी हुन्थ्यो । पशुहरूलाई चरनको निम्ति गौचरनको व्यवस्था थियो । कुनै पनि आर्यको सम्पत्तिको लेखाजोखा पशुहरूको संख्यामा गर्ने चलन थियो । व्यापारको माध्यम, वस्तु-विनिमयबाट हुन्थ्यो । सिक्काको चलन थिएन । डा. त्रिपाठीको भनाइ अनुसार निष्क सिक्का नभै एक किसिमको हलुका गहना थियो । वैदिक समाजमा सिकर्मीको पेशा आदरणीय थियो ।

किनभने रथको आवश्यकता युद्ध तथा यात्रा दुवैको निम्ति त्यति नै महत्त्वको थियो । नकर्मी, सुनार, चर्मकार आदिको पेशा गर्ने व्यक्तिहरू पनि थिए । घरभित्रको काम धेरैजसो आइमाईबाट नै हुने चलन थियो । गाई दुहुने काम धेरैजसो तिनीहरूबाटै हुने हुनाले तिनीहरूलाई अद्यापि दुहिता भन्ने चलन छ । कुनै पनि पेशाहीन थिएन । जनका सम्पूर्ण सदस्यहरूले यो पेशा विनाकुनै हिचकिचाहटले गर्दथे ।

उत्तरवैदिक कालमा ठूला–ठूला नगरहरूको विकास हुनथाल्यो । ग्रामीण सभ्यताले नागरिक सभ्यताको रूप लिन थाल्यो । व्यापारको विकासले गर्दा व्यापारिक संघहरूको स्थापना हुनथाल्यो । वस्तु विनिमयको सट्टा सिक्काको प्रचलन बढ्यो । आर्यहरूले समुद्रपारीका देशहरूसँग पनि व्यापार गर्न थाले ।

धार्मिक जीवन

ऋग्वैदिक कालको धर्म बडो सरल थियो । प्राकृतिक शक्तिको रूपमा तिनीहरू कैयन् देवताको पूजा गर्दथे । जस्तो:– पार्थिव देवताको रूपमा पृथ्वी, सोम, अग्नि, आकाशीय देवताको रूपमा इन्द्र, वायु, मरुत, पर्जन्य आदि र स्वर्गीय देवताको रूपमा वरुण, द्यौ, अश्विनी, सूर्य, सावित्री आदि ।

वरुणलाई स्वर्गको देवता मानिन्थ्यो । उसलाई सर्वश्रेष्ठ दर्जा प्राप्त थियो । वरुणपछि इन्द्रको स्थान थियो । बिस्तारै–बिस्तारै इन्द्रको प्रधानता बढ्दै गयो । किन कि कृषिप्रधान देश भएकोले वर्षाको बडो महत्त्व थियो । देवीहरूमा उषस्को स्थान महत्त्वको छ । आर्य धार्मिक जीवनमा यज्ञको पनि बडो महत्त्व छ । कुनै खास इच्छा पूर्तिको निम्ति यज्ञ गर्ने चलन थियो । यज्ञमा दूध, अन्न, घिउ, सोम, बलि आदि चढाइन्थ्यो । यज्ञ गर्दा बडो पेचिलो विधि-विधानको पालन गर्नुपर्दथ्यो, जसले गर्दा पुरोहितको महत्त्व बढ्न गयो । यिनीहरू मरणोपरान्त जीवनको सिद्धान्तमा पनि आस्था राख्दथे ।

उत्तरवैदिक कालमा ब्राह्मणहरूको प्रभाव प्रशस्त बढ्न गयो । कर्मकाण्ड निकै जटिल भयो । यज्ञको गौरव झन्–झन् बढ्दै गयो । जादू र तान्त्रिक विद्याको प्रभाव पनि बढ्न थाल्यो । आत्मा–परमात्माको सम्बन्धमा विशेष खोजी हुन थाल्यो यसैले आत्मोन्नतिको बाटो देखाउन हिन्दूषट्दर्शन सांख्य, योग, वैशेषिक, न्याय, पूर्व तथा उत्तर मीमांसाको विकास हुनथाल्यो । यसकालमा रुद्रको स्थान शिवले लिएर इन्द्रको साटो विष्णुको महिमा बढ्न थाल्यो ।

प्रश्नहरू

१. वैदिक सभ्यता भन्नाले के बुझाउँछ ? यसको विस्तार कहाँसम्म थियो ?

२. ऋग्वैदिक कालको वर्णव्यवस्था र उत्तर–वैदिक कालको वर्णव्यवस्थाको तुलनात्मक ढङ्गले वर्णन गर्नुहोस् ।

३. ऋग्वैदिक कालमा नारीको समाजमा कस्तो स्थान थियो ?

४. वैदिक सभ्यता र सिन्धु सभ्यतामा के–के भिन्नताहरू छन् ? छोटकरीमा वर्णन गर्नुहोस् ।

५. वैदिक कालको सामाजिक वा आर्थिक जीवनबारे छोटकरीमा चर्चा गर्नुहोस् ।

यूनानी (ग्रीक) सभ्यता

ग्रीक सभ्यतालाई यूरोपेली सभ्यताको जननी भनिन्छ । पूर्वको सभ्यताबाट फाइदा उठाउने पहिलो यूरोपेली देश ग्रीस नै हो । प्रजातन्त्रको जन्मस्थल ग्रीस नै हो । विज्ञान, दर्शन र साहित्यको मूल भण्डार पनि ग्रीस नै थियो । देशप्रेमको अमूल्य उदाहरण ग्रीस नै थियो । यूरोपेली राष्ट्रहरूले ग्रीसबाटै प्रेरणा पाए । यसैले आजको विश्वलाई ग्रीसको ठूलो देन छ ।

भौगोलिक स्थिति

ग्रीस एंजिएन सागर, एड्रियाट्रिक सागर, भूमध्य सागरको बीचमा रहेको एउटा प्रायद्वीप हो । यो एउटा पहाडी मुलुक हो । पहाडी मुलुक भएकोले जमीन यति उब्जाउ छैन । यातायात पनि सुगम छैन । पहाडी जीवन यापन गर्ने हुनाले ग्रीकहरू स्वाभिमानी र पराक्रमी थिए ।

प्राचीन यूनान कतिपय स्वतन्त्र नगर राज्यहरूमा विभाजित थियो । प्रत्येक नगरराज्यमा लोकसभा (General Assembly) र परिषद् (Council of Elder) हुन्थे । नागरिकहरू प्रत्यक्ष रूपले शासन कार्यमा भाग लिन्थे । परिषद्मा ठूला–ठूला भूमिपतिहरू हुन्थे । चुनावमा राजनीतिक एकताको अभाव भए तापनि सांस्कृतिक तथा धार्मिक एकता भने कायम थियो । डोल्सको टापुमा अपोलोको मन्दिर थियो । वर्षको एकपटक यस मन्दिरमा धार्मिक उत्सव मनाउने चलन थियो । यो धार्मिक उत्सव मनाउने एउटा धार्मिक सभा हुन्थ्यो । यस धार्मिक सभामा सबै नगरराज्यले आफ्नो प्रतिनिधि पठाउँथ्यो । यही धार्मिक उत्सवको समयमा ओलम्पिक खेलकूद (Olympic Games) को प्रतियोगिता हुन्थ्यो । खेलकूद प्रतियोगितामा सबै नगरराज्यका प्रतिनिधिहरूले भाग लिने गर्थे ।

ई. पू. ७५०–६५० भित्र राजाको अस्तित्व हराउन थाल्यो । राजाको स्थान निर्वाचित प्रतिनिधिले लियो । निर्वाचित प्रतिनिधिलाई आर्चन (Archon) भनिन्थ्यो । आर्चनको पदावधि १ वर्षको हुन्थ्यो । एथेन्सको प्रजातन्त्र लोकप्रिय थियो । यो प्रत्यक्ष प्रजातन्त्र थियो । सबै स्वतन्त्र नागरिकहरू सभाका सदस्य हुन्थे । लोकसभाको बैठक वर्षको दशपटक बस्दथ्यो । दैनिक प्रशासन ५०० को परिषद्बाट सञ्चालित हुन्थ्यो ।

एथेन्सबासीहरू १० जातिमा बाँडिएका थिए । प्रत्येक जातिबाट ५० सदस्य चुनिन्थे । सबै सार्वजनिक कार्यहरू एथेन्सबासी आफैं गर्दथे । समितिमा वैदेशिक, धार्मिक, रक्षा आदि सबै विषयमा छलफल हुन्थ्यो । विशेष मौकामा समितिले न्यायालयको पनि काम गर्दथ्यो । सैनिक बोर्डमा १० सदस्य हुन्थे । प्रत्येक जातिबाट एक–एक सदस्य लिने चलन थियो । कुनै पनि व्यक्तिलाई ६०० को मतबाट दश वर्षसम्म देश निकाला गर्न सकिन्थ्यो । दश वर्षपछि ऊ फेरि स्वदेश फर्कन सक्दथ्यो तर यो प्रजातन्त्रमा भोटको अधिकार बडो सीमित थियो ।

राजनीतिक जीवन

यूनानीहरूले विभिन्न प्रकारका शासन पद्धति जस्तै:– राजतन्त्रात्मक, कुलीनतन्त्र, संवैधानिक राजतन्त्र, तानाशाही र प्रजातन्त्र आदिको परीक्षण गरे । प्रजातन्त्र शब्दको उत्पत्ति नै ग्रीक शब्द डेम्स् अर्थात् जनता (Demos=People) बाट भएको हो । संवैधानिक शासन हुनुपर्छ भन्ने विचारधारा ग्रीकहरूकै हो । संविधानको आरम्भ ड्राको (Draco) बाट शुरू भयो । यो बडो कठोर कानून थियो । त्यसैले आज पनि कठोर कानूनलाई ड्राकोनियन कानून (Draconian Law) भन्ने चलन छ ।

ड्राकोको संविधनालाई सोलन (Solon) र क्लिस्थनिज (Cleisthenes) ले प्रशस्त व्यावहारिक र वैज्ञानिक बनाए । प्रजातन्त्रको सफल कार्यान्वयन पेरिकिलजको हातबाट हुनगयो । उसको भनाइ अनुसार "संविधान नै राज्यको आत्मा हो ।" उसको शासनकाल स्वर्णकाल मानिन्छ । "संविधान नै राज्य हो" भन्ने एरिष्टोटल (Aristotle) को भनाइ थियो ।

ग्रीक प्रजातन्त्र प्रत्यक्ष प्रजातन्त्र थियो । समितिमा सबै बालिक नागरिकहरू सम्मिलित हुन्थे र समितिले राज्यको सबै आधारभूत नीतिसम्बन्धी सबै विषयहरूमा छलफल गर्दथ्यो । दैनिक प्रशासनको रेखदेख ५०० को सभा (Council) ले गर्दथ्यो । यसको चुनाव समितिबाट एक वर्षको निमित्त हुन्थ्यो तर आधुनिक दृष्टिकोणबाट यो एउटा प्रजातन्त्र थियो । राज्यका धेरैजसो बासिन्दाहरूलाई मताधिकारको अधिकार थिएन । धेरैजसो गुलाम थिए । ग्रीकहरूको राष्ट्रप्रति प्रेम बडो उच्चकोटिको थियो । उनीहरू आफ्नो जीवनलाई राष्ट्रको जीवन सम्झन्थे । स्वतन्त्रताभन्दा ठूलो अरू केही छैन भन्ने उनीहरूको भनाइ थियो । यसप्रकार स्वतन्त्रता र संविधानमा बढ्ता महत्त्व दिएर तिनीहरूले प्रजातन्त्रको विकासको निम्ति बाटो फराकिलो पारे । संसारको राजनीतिक इतिहासमा यही नै ग्रीकको सबभन्दा घतलाग्दो अमूल्य देन हो ।

सामाजिक जीवन

ग्रीक समाज दोषपूर्ण थियो । समाजमा सम्पूर्ण सुविधा नागरिकहरूलाई मात्र थियो । वास्तवमा देशका हर्ताकर्ता यिनीहरू नै थिए । बहुसंख्यक जनतालाई नागरिक अधिकार प्राप्त थिएन । उदाहरणको निमित्त एथेन्सको जनसंख्या २,८०,००० थियो । ५०,००० मात्र स्वतन्त्र नागरिक थिए । यिनीहरूलाई मात्र भोट दिने अधिकार थियो । राजकाजमा यिनीहरू नै सर्वेसर्वा थिए । १ लाख जति गुलाम थिए । २०,००० विदेशीहरू थिए । १ लाख दश हजार स्वतन्त्र नागरिकका परिवार थिए । तिनीहरू २० वर्ष मुनिका र आइमाईहरू थिए । आइमाईहरूलाई पनि भोट दिने अधिकार थिएन ।

ग्रीसको अर्को महत्त्वपूर्ण राज्य स्पार्टा थियो । यहाँ जनतन्त्र र सांस्कृतिक जीवनको केही पनि महत्त्व थिएन । समाज र नागरिक राज्यको निमित्त मात्र थियो । सफल सैनिक हुनु नै स्पार्टाका नागरिकहरूको आदर्श थियो । उनीहरूलाई दर्शन कवितामा रुचि थिएन । स्वस्थ हृष्टपुष्ट बालकलाई राज्यले पालेर सफल सैनिक बनाउने चलन थियो। अस्वस्थ बालकहरूलाई मार्न समुद्रमा फ्याँकिन्थ्यो । यूनानीहरू रक्तको पवित्रतामा बडो जोड दिन्थे । पेरिकल्सजस्तो व्यक्तिले पनि नागरिक हक नपाएको केटीसँग विवाह गर्न आँट्न सकेन ।

यूनानीहरू पनि शिकारका सौखिन थिए । नाचगान, नाटक, उत्सव गरेर दिल बहलाउँथे । स्त्रीहरूको समाजमा कुनै किसिमको अधिकार थिएन । केटीको संख्या कम भएकोले हरेक केटीले विवाह गर्नुपर्थ्यो ।

धार्मिक जीवन

ग्रीकहरू विभिन्न देव–देवताहरू मान्दथे । देवता स्वर्गमा अर्थात् ओलम्पसजस्ता अग्ला पहाडमा बस्छन् भन्ने उनीहरूको विश्वास थियो । ज्यूस (Zeus) आकाश देवताहरूका राजा थिए । उनकी स्त्री हेरा (Hera) स्वर्गकी रानी थिइन् । अपोलो (Apollo) सूर्य देवता थिए । उनकी बहिनी आर्टेमिस शिकारकी देवी थिइन् ।

एथिना (Athena) कलाकी देवी थिइन् । अफोर्डाइट (Aphordite) प्रेमकी देवी थिइन् ।

उनीहरू देव–देवीको स्थलमा सामूहिक पूजा र उत्सव गर्दथे । प्रत्येक ४ वर्षमा ओलम्पिया राष्ट्रिय खेलकूद हुन्थ्यो । यसैको सम्झनामा प्रत्येक चार वर्षमा ओलम्पिक खेल हुने चलन छ । पशुबलिको पनि प्रचलन थियो । यूनानीहरू भूतप्रेत, प्राकृतिक शक्तिमा पनि विश्वास राख्दथे । पुरोहितहरूको आदर हुन्थ्यो । पुरोहितहरूले नै देवताको भविष्यवाणी सम्झाउँथे । उनीहरूका केही पर्वहरू राष्ट्रिय महत्त्वका थिए । जस्तै:– डेलासमा, अपोलो र ओलिम्पियामा ज्यूसको सम्मानमा मनाइने चाडमा सबै यूनानी नगरराज्यका मानिसहरू भेला हुन्थे । पवित्र, स्नान जुलुस, नाचगान ती सबै उत्सवका प्रधान अंग थिए ।

शिक्षा

ग्रीकहरूले लेखन कला फोनेसियाबाट सिके । फोनेसियावासीहरूको २२ अक्षरहरूमा स्वर थिएन । ग्रीकहरूले यसमा स्वर थपे । ग्रीकहरूले कागजको ज्ञान बाइबोल्स (Byblos) शहरबाट पाएका थिए । त्यसैले बाइबोल्समा लेखिएको पुस्तक बिब्लिया (Biblia) भने र यसरी बाइबिल शब्दको उत्पत्ति भयो । लिपिको ज्ञानपछि यूनानीहरूले शिक्षामा विकास गर्दै गए । एथेन्समा शिक्षा अनिवार्य थियो । ६ वर्षदेखि १४ वर्ष पढ्ने, १४ देखि १८ वर्षसम्म

रेखागणित र उच्च साहित्य पढ्ने र त्यसपछि ३ वर्ष सेनामा भर्ती हुने चलन थियो । यूनानी-हरू कुनै पनि विषयमा खूब गहिरिएर छलफल गर्दथे । त्यसैले तिनीहरूको वाक्शक्ति तीव्र हुन्थ्यो । विद्यालय अलग थिएन, पढाइ मन्दिरमा हुन्थ्यो ।

ग्रीकहरूको साहित्य होमर (Homer) को महाकाव्यबाट शुरू हुन्छ । उनी सूरदास थिए । उनले इलियड र ओडिसी (Illiad, Odyssey) दुई महाकाव्यको रचना गरे । इलियडको विषयवस्तु रामायणकै जस्तो छ । ओडेसीमा वीरगाथाको वर्णन गरिएको छ । यूनानीहरूको प्राचीन, सामाजिक र धार्मिक ज्ञान यस पुस्तकबाट हुन्छ । उनलाई आदि कवि तथा पद्यको जनक भनिन्छ । उनकै कृतिले यूरोपेली कविहरूलाई ठूलो प्रेरणा दिएको छ । होमर-पछि हेसोइड (Hesoid) को स्थान छ । उनीले आफ्नो महाकाव्य वर्क्स एण्ड डेज (Works and Days) मा अन्याय र अत्याचारको विरोधमा आवाज उठाएका थिए । उनले धनी-वर्गलाई मूर्खको संज्ञा दिए र कर्मको सिद्धान्तमा जोडि दिए । उनको विचारमा "ईश्वर पनि अल्छी र कामचोरदेखि खुशी हुँदैनन्" (Idleness is disgrace, work is no disgrace.), "काम गर्न लाज मान्नुहुँदैन, अल्छी हुनु नै लाजमर्नु हो" भन्ने उनको भनाइ थियो । गीती कविताको क्षेत्रमा पनि नामी कविहरू भए । तीमध्ये साप्पो (Sappho), पिण्डार (Pindar), एनाक्रियन (Aneacreon) मुख्य थिए । नाटकको क्षेत्रमा एसकाइलस (Aesclylus ५२५–४५६ ई.पू.) सोफोक्लिज (Sophocles ४९६–४०६), यूरि-पाइडिज (Euripides ४८०–४०६) महान् दुःखान्त नाटकहरू थिए । एरिष्टोफोनिज (Aristophones ४४६–३६५) मिण्डर (Meander) महत्त्वपूर्ण सुखान्त नाटककार थिए । इतिहास लेख्ने कलामा पद्य साहित्यको पनि विकास भयो । हेरोडोटस् (Herodotus ४८४–४२५) थुसिडाइटस् (Thucydides ४६०–४००) दुई महान् इतिहासकारहरू थिए । हेरोडोटस्ले ग्रीक पर्शियाको लडाईंबारे लेखेका थिए भने थुसिडाइटस्ले फिलो फोनेसियन लडाईंबारे लेखेका थिए ।

हेरोडोटस्लाई इतिहासको पिता भनिन्छ भने थुसिडाइटस्लाई वैज्ञानिक इतिहासको पिता भनिन्छ । मेकोलेको भनाइ अनुसार उनी संसारका सबैभन्दा महान् इतिहासकार थिए । सोफिष्टहरू पेशावार शिक्षकहरू थिए । यिनीहरू सत्यको खोजमा सधैं लागिरहन्थे । तर्कको आधारमा समस्याको समाधान खोज्ने गर्दथे । यिनीहरू वाक्कला र लेखनकलामा पोख्त थिए । यिनीहरू शहर, गाउँ घुमी आफ्नो विचारको प्रचार गर्दथे ।

दर्शनको क्षेत्रमा सुकरात, प्लेटो र एरिस्टोटल ग्रीसका चम्किला रत्नहरू हुन् ।

सुकरात (Socrates) (४७०-३९९)

उनी आफ्नो समयका सर्वभन्दा बुद्धिमान मानिस थिए । उनी एउटा सिकर्मीका छोरा थिए । उनले आफ्नो प्रारम्भिक जीवन सैनिक रूपमा शुरू गरे दार्शनिक रूपमा जीवन बिताए, शहीदको रूपमा जीवन अन्त गरे । उनी सत्यको खोजमा निर्भीक तथा निडर थिए । ज्ञानको बाटोबाट नै सुखको प्राप्ति हुन्छ भन्न उनको मनाइ थियो । एथेन्सको सडकमा उनले जीवनको आदर्श सत्य हुनुपर्छ भनेर प्रचार गरे । रूढिवादी र स्थिर स्वार्थीहरूले युवकहरूलाई अनैतिकताको पाठ पढाउने भन्ने आरोपमा मृत्युदण्ड दिए । "Know thyself, I willrather die-having spoken after my manner than to live and speak in your manner." (आफूलाई चिन, म तिम्रो तरीकाबाट बोलेर बाँच्नुभन्दा बरु आफ्नो तरीकाबाट बोलेर मर्नु निको मान्दछु) उनीले मर्नुभन्दा अगाडि यी शब्द भनेका थिए ।

प्लेटो (Plato) (४२७–३४७)

यिनी सुकरातका सर्वभन्दा ठूला शिष्य थिए । उनले "रिपब्लिक" भन्ने ग्रन्थमा दार्शनिक राजाद्वारा शासित आदर्शराज्यको कल्पना गरेका थिए । राज्यको आधार नै कानून हो । रिपब्लिकको आदर्शराज्यको कल्पना गर्छ भने कानूनले नागरिकको राज्यप्रतिको दायित्व बोध गराउँछ । आफ्नो राजनीतिक दर्शनको प्रचार गर्न उनले एकेडेमीको स्थापना गरे ।

अरस्तु (Aristotle) (३८४-३२२)

यिनी प्लेटोको चेला थिए । उनले प्लेटोको एकेडेमीमा शिक्षा पाएका थिए । सिकन्दर महान्का यिनी गुरु थिए । यिनी दार्शनिकको साथसाथै वैज्ञानिक पनि थिए । उनका कृतिहरू अझै विद्वान्हरू चाखसँग पढ्ने गर्दछन् ।

विज्ञान

पाइथागोरस (Pythagoras) (५८२-५०७) विज्ञानका पण्डित थिए । उनले सर्वभन्दा पहिले पृथ्वी र अरू ग्रहहरू गोल छन् भन्ने घोषणा गरे । बिन्दु (Point) रेखा (Straight Line), आधार (Base), धरातल (Surface) को ज्ञान उनले नै दिएका हुन् । यूक्लिड (Euclid) ले ३०० ई. पू. मा रेखागणितमा पुस्तक लेखे । यस पुस्तकमा ३६५ साध्यहरू (Theorems) छन् । आर्किमिडिज (Archimedes) ले (२८७-२१२ ई. पू.) भौतिक विज्ञानसम्बन्धी कतिपय नौला सिद्धान्त प्रतिपादन गरे । अरिष्टारकस (Aristarchus) ले (३१०-२३० ई. पू.) पृथ्वी सूर्यको चारैतर्फ परिक्रमा गर्दछ भन्ने तथ्य पत्ता लगाए । पृथ्वी र चन्द्रमाको दूरीलाई उनले पत्ता लगाए । ग्रहण लाग्नाको कारण र समय पनि उनले नै पत्ता लगाएका हुन् ।

हिपोक्रेटस् (Hippocrates ४६०-३७७) लाई औषधी-विज्ञानका पिता भनिन्छ । डाक्टरी पेशा, सेवाको पेशा हो । स्वार्थ र लालचमा परेर यो पेशालाई विकृत पार्नुहुँदैन भन्ने उनको भनाइ आज पनि यस पेशामा लाग्नेको निमित्त आदर्श भएको छ । गैलेन अर्का प्रख्यात डाक्टर थिए । उनले औषधी–शास्त्रमा कतिपय किताबहरू लेखे ।

वास्तुकलामा प्रगति

ग्रीकहरूले काव्य, संगीत, कलाको साथसाथै वास्तुलकला, मूर्तिकला र चित्रकलामा पनि राम्रो विकास गरेका थिए । ग्रीककला सादगी र सुन्दरताको सर्वोत्तम रूप हो । वास्तुकलामा डोरिक (Doric) आइओनिक (Ionic) र कोरिन्थिन (Corinthian) शैलीको विकास गरेका थिए। डोरिक शैली सुदृढ र अलंकाररहित थियो। यस शैलीमा धेरै स्तम्भहरूमाथि भवन बनाइएको छ । आयोनिक शैलीमा केही बढी अलंकारहरू छन् । तर स्तम्भ पातलो हुन्छ। सबभन्दा परिष्कृत कोरिन्थियन शैली हो। कोरिन्थियन शैलीको स्तम्भमाथि फूलका गुच्छाहरू कुँदेर राम्रो सजावट गरिएको हुन्छ । पार्थिनियनको मन्दिर डोरिक शैलीमा छ । मन्दिरको मध्यभागमा एथिना देवीको करीब ४० फुट अग्लो मूर्ति थियो । उक्त काठको मूर्तिलाई हस्तिहाड र सुनले भव्य रूपले सजाइएको थियो । ई. सं ४३० सम्म उक्त मूर्ति यहाँ थियो। पछि पार्थियनलाई ईचर्चमा परिणत गरिएको थियो । एथिना देवीको उक्त मूर्ति फिडियसले बनाएका थिए । पार्थियनको पश्चिमतिर विजय मन्दिर (Temple of victory) थियो । खुला मैदानमा एथिना (कलाकी देवी) को ७० फिट अग्लो काँसको मूर्ति थियो । यो मूर्ति पनि फिडियसले बनाएका थिए । फिडियसको अर्को सर्वोत्तम कृति ओलम्पियामा स्थापित जियस (Zeus) देवताको हस्तिहाड र सुनको मूर्ति थियो । माइरौन नामक एक अर्को कलाकारले फलामको चक्का फालिरहेको एक खेलाडीको सजीव मूर्ति बनाएका थिए ।

प्राक्सिटेलसो (Praxiteleso) ले एफोरडाइट (प्रेमकी देवी) को संगमरमरको मूर्ति, हर्मस (Hermes) ले बालक खेलिरहेको मूर्ति बनाएका थिए । चित्रकलाको क्षेत्रमा प्रोटोजिनिस (Protogenes) र ज्यूसिस (Zeuxis) का चित्रहरू सर्वोत्तम मानिएका छन् । ग्रीकहरूले फूलदान, प्याला र माटाका भाँडाहरूमा सुन्दर चित्रहरू बनाएका थिए । उनीहरू भवन तथा मण्डपका भित्ताका देव–देवता तथा वीरहरूका दैनिक जीवनका कार्यकलापहरूका चित्र लेखेर राख्दथे । 'पेरिकल्सको युगमा चित्रकला र मूर्तिकलाको बेजोड उन्नति भएको थियो । यस किसिमबाट एथेन्स यूरोपको आर्ट ग्यालरी थियो र एक्रोपोलिस यसको केन्द्र थियो ।

प्रश्नहरू

१. प्राचीन ग्रीसमा नगरराज्य व्यवस्थाको संक्षिप्त परिचय दिनुहोस् ।
२. एथेन्सको प्रजातन्त्र कस्तो थियो ? आजको प्रजातन्त्र र एथेन्सको प्रजातन्त्रमा के फरक छ ?
३. 'प्राचीन ग्रीस नै प्रजातन्त्रको जननी हो ' यस कथनको पुष्टि गर्नुहोस् ।
४. प्राचीन यूनानीको शिक्षा कस्तो थियो ? यस क्षेत्रमा तिनीहरूले कस्तो विकास गरे ?
५. प्राचीन ग्रीसका दार्शनिकहरूले दर्शनको क्षेत्रमा कस्तो योगदान गरे ? संक्षिप्त वर्णन गर्नुहोस् ।
६. ग्रीकवासीहरूको धार्मिक जीवनबारे संक्षिप्तमा लेख्नुहोस् ।
७. कलाको क्षेत्रमा ग्रीसवासीहरूले गरेको प्रगतिको वर्णन गर्नुहोस् ।

रोमको सभ्यता

यूरोपेली भूमिमा विकसित भएको ग्रीक सभ्यतापछि, अर्को महत्त्वपूर्ण प्राचीन सभ्यता रोमको हो । यूरोपको दक्षिणमा भूमध्य सागर नजिकै पर्ने इटाली एउटा प्रायद्वीप हो । यसको राजधानी रोम टाइबर नदीको दक्षिणमा पर्दछ । यहाँको सभ्यताको विकासमा लेटीन जातिको ठूलो योगदान भएकोले नै रोमको प्राचीनभाषालाई लेटीनभाषा भनिन्छ ।

रोमन जातिले शासन र कानूनको क्षेत्रमा विलक्षण प्रतिभा देखाए । यदि यूनानी सभ्यताको आधार बुद्धिवाद तथा आदर्शवाद थियो भने रोमवासीहरू व्यावहारिक तथा क्रियात्मक थिए । यसैले यिनीहरूले विज्ञान, कला र दर्शनको क्षेत्रमा नौलो देन दिन नसके तापनि शासन र कानूनको क्षेत्रमा विलक्षण योगदान दिएका थिए । रोमन परम्पराबाट आजको गणतन्त्र धेरै नै प्रभावित भएको छ । गणतन्त्र, स्वतन्त्रता, नागरिक शासन आदि शब्दहरूको उत्पत्ति लेटीन भाषाबाट भएको हो । निर्वाचनको आधुनिक प्रणाली एथेनियन होइन, रोमन प्रणालीबाटै प्रभावित भएको छ । आजको आधुनिक यूरोपको राजनीतिक ढाँचा पनि रोमबाटै प्रभावित भएको छ । फ्रान्स र अमेरिकामा गणतन्त्रीय संविधान निर्माण गर्दा यी देशका संविधान निर्माताहरू रोमको प्राचीन इतिहासबाट बढ्ता प्रभावित भएका थिए । यी सबै कारणहरूले गर्दा रोमको सभ्यता विश्वको कुनै पनि सभ्यताभन्दा कम घतलाग्दो छैन ।

राजनीतिक अवस्था

रोममा पहिले राजतन्त्र थियो । राजालाई सल्लाह दिने सिनेट र (Senate=Senex=Oldmen) र सभा (Assembly) नामका दुई संस्था थिए । सभाभन्दा सिनेट बढ्ता शक्तिशाली थियो । सिनेटका सदस्यहरू कुलीन वर्गबाट लिइन्थे । जसलाई पेट्रिशियन (Patrician) भन्दथे । पेट्रिशियन शब्द पेटर्स (Paters) बाट आएको जसको अर्थ पिता हो । सभाका सदस्यहरू साधारण जनताबाट लिइन्थे, जसलाई प्लेबियन्स (Plebians) भन्ने चलन थियो । राजतन्त्र निरंकुश तथा स्वेच्छाचारी भएकोले ई. पू. ५०९ मा राजतन्त्रको अन्त भयो । यसको सट्टामा गणतन्त्र स्थापना भयो । राजाले गर्ने काम दुई सदस्यीय कन्सुल (Consul) लाई दिइयो । यिनीहरूको कार्यकाल १ वर्षको हुन्थ्यो । विशेष आपतकालीन अवस्थामा कन्सुलको सट्टा अधिनायकको पनि व्यवस्था थियो तर अधिनायकको समय ६ महिनामात्र हुन्थ्यो । गणतन्त्रको स्थापना भए तापनि सबै अधिकार सिनेटमा सीमित थियो । कन्सुल, कोषाध्यक्ष, मजिष्ट्रेट, जनसंख्या लिने अधिकारी, जनसाधारणको रक्षा गर्ने, ट्रिब्युनका संरक्षक आदि महत्त्वपूर्ण पदहरू सिनेटबाटै पूर्ति गर्ने

थियो । त्यसैले प्लेब्सहरूले सिनेटको यस एकाधिकारको विरोधमा संघर्ष गरे । यस संघर्षको परिणामस्वरूप प्लेब्सहरूले ई. पू. ४६६ मा ट्रिब्युनको सदस्यहरू छान्ने अधिकार पाए । ई.पू. ४५० मा बारह कास पत्रमा कानूनहरू लेखी बजारमा सबैले देख्नेगरी राखियो । यो रोमन-वासीहरूको पहिलो निजामती कानून थियो । ई.पू. ४४९ मा कानून बनाउन दुवैले समान अधिकार पाए । ई.पू. ४४५ मा प्लेब्सहरूले धनीवर्गका छोरीहरूसँग विवाह गर्ने अधिकार पाए । ई.पू. ४४४ मा प्लेब्सहरूबाट कन्सुलको नियुक्ति हुनथाल्यो । ई.पू. २८७ मा प्लेबियन एसेम्बली पास गरेको कानून सम्पूर्ण देशमा लागू हुने भयो । यसरी बिस्तारै–बिस्तारै रोममा कुलीन गण-तन्त्रबाट जनगणतन्त्र स्थापना भयो । ई.पू. २६६ मा इटालीको एकीकरण भएपछि इटालीको साम्राज्य विस्तार भयो । साम्राज्य विस्तार भएपछि रोमनहरूले आफ्नो राजनीतिक विचार-धारालाई व्यावहारिक रूप दिए ।

रोमन नागरिकताको विस्तार रोम बाहिरका जनताहरूलाई पनि ई. पू. ८८ मा दिइयो । यो नागरिकताको विस्तार झन् खुकुलो गरियो । इटाली बाहिरका जनतालाई पनि नागरिक अधिकार दिइयो (२१२ सन्) यस किसिमबाट विभिन्न जातिहरू पनि एउटै साम्राज्यमा शान्ति-पूर्वक बस्न सक्दछन् भन्ने प्रमाण रोमवासीहरूले दिए । इटालीको विशाल साम्राज्यमा विभिन्न जातिहरू थिए । तिनीहरूका आफ्नै रीतिरिवाज र परम्परा थिए । सबैलाई एउटै प्रकारको कानून लागू गर्न व्यावहारिक देखिएन । फलतः जजहरूले (Pracetor) कानूनको व्याख्या गर्दा तिनी-हरूको रीतिरिवाज र परम्पराको ध्यान राख्नुपर्दथ्यो । यसले गर्दा रोममा दुई प्रकारको कानून विकास भयो । जसलाई जससिभिल (Jus Civile) अर्थात् रोमन सिभिल ल (Romon Civil Law) र जस जेन्टिनम (Just Gentinum) अर्थात् ल अफ नेशन्स (Law of Nations) भन्ने चलन छ । रोमन सम्राट् जष्टिनियनले सम्पूर्ण कानूनहरूको संहिता तयार पारे जसलाई जष्टिनियन कोड (Justinian Code) भनिन्छ । विश्वका कतिपय मुलुकहरूमा आज पनि रोमन कानून पद्धतिको छाप देख्न सकिन्छ । यही नै प्राचीन रोम सभ्यताको सबै-भन्दा ठूलो राजनीतिक विशेषता हो ।

सामाजिक जीवन

रोमको समाज धनी र गरीब दुई वर्गमा बाँडिएका थिए । धनी वर्ग आफ्नो धेरै समय उत्सव तथा मनोरञ्जनमा बिताउँदथे । रोममा मनोविनोदको लागि धेरै स्नानागार (नाटक खेल्ने रङ्गमञ्च) बनेका थिए । रोमनहरू जनावरहरूको भीडन्त, रथको दौड, ग्लाडिएटर प्रतियोगिता हेरेर धेरै समय बिताउँदथे । ग्लाडिएटर प्रतिगोगितामा दास तथा अपराधीहरूको मल्लयुद्ध हुन्थ्यो । रोमन समाजमा दासहरूको अवस्था बडो दयनीय थियो । मालिकले उनीहरूलाई जे पनि गर्न सक्थे तर ग्रीक दासहरूको अवस्था भने अलि राम्रो थियो । तिनीहरू मालिकका

छोराछोरीहरूलाई पढाउँथे । रोमनबासीहरूले स्वतन्त्र मजदुरलाई भने अनेक सुविधा दिएका थिए । तिनीहरूलाई भोटको अधिकार थियो । उनीहरूका बच्चाहरूलाई निःशुल्क पढ्ने व्यवस्था थियो । निःशुल्क तमाशा हेर्ने व्यवस्था थियो ।

समाजमा नारीको अवस्था पनि त्यति खराब थिएन । घरभित्रको सम्पूर्ण व्यवस्था नारीको हातमा थियो । समाजमा पारपाचुकेको पनि चलन थियो ।

धार्मिक जीवन

प्राचीनकालमा रोमनहरू प्रकृति तथा भूत, पिशाचको पूजा गर्दथे । उनीहरू जुपिटरलाई रोमको रक्षा गर्ने देवता, जुनो (Juno) लाई स्त्रीहरूको संरक्षक, मिनर्वा (Minerva) ज्ञानकी देवी र मार्स (Mars) लाई युद्धका देवताका रूपमा पूजा गर्दथे । रोमनहरूको विदेशीसँगको प्रभावले केही विदेशी देवताको पनि रोममा पूजा हुनथाल्यो । यस सम्बन्धमा इरानी देवता मिथ्रासको उदाहरण लिन सकिन्छ । मिथ्रमा फारोहको पूजा गर्ने चलन अनुसार रोमनहरूले पनि आफ्नो सम्राट्को पूजा गरेको थिए ।

रोमनहरूले शुरूमा इसाई तथा यहुदीमा कुनै भेदभाव राखेका थिएनन् तर यहुदीहरू कट्टर भएकाले यिनीहरूले धार्मिक उपद्रवहरू मच्चाए । परिणामस्वरूप यहुदीहरूलाई देशनिकाला गरियो । इसाईहरूलाई रोमन सम्राट्को पूजा गर्ने प्रथाको विरोध गरेकाले इसामसीहलाई शूलीमा चढाइयो र प्रारम्भमा इसाईहरूलाई अनेक यातना दिइयो तर इसाईहरूलाई दबाउन नसकेपछि ३१३ ई.सं. मा इसाई धर्म नै राज्यको धर्म भयो ।

शिक्षा तथा साहित्य

शिक्षा तथा साहित्यको क्षेत्रमा रोम ग्रीसप्रति ऋणी छ । ग्रीकहरू उनीहरूका गुरु थिए र एथेन्स उनीहरूको विद्याको केन्द्र थियो । होमरको महाकाव्य लेटिन भाषामा अनुवाद भएपछि रोममा साहित्यको विकास शुरू भयो । रोमन बालकहरू बाह्र वर्षको उमेरदेखि नै होमरका पुस्तक पढ्न शुरू गर्थे । शिक्षा प्रगतिको साथसाथै लेटिन भाषाको पनि प्रगति हुनथाल्यो । ग्रीक शैलीमा लेटिन भाषाका नाटकहरूको विकास हुनथाल्यो । प्लाटियस (Plautius) टेरेन्स (Terence) रोमका महान् नाटकार थिए । एक शताब्दी ई.पू. तिर रोमन साहित्यको खूब विकास भएको थियो । काटो (Cato) रोमका प्रख्यात गद्य लेखक थिए । लेटिन कविहरू होरेस (Horace) भर्जिल (Virgil) प्रख्यात थिए । भर्जिलले एनिड (Aeneid) नामक महाकाव्य लेखेका थिए । लुक्रेटियस (Lucretius) लाई रोमको मिल्टन मानिन्थ्यो । गद्यको क्षेत्रमा नारीका गुरु सेनेका नामी थिए । पोलिबियस (Polibius २०४–१२२ ई.पू.) लिवी (Livy ५९–१७) ट्यासीटस (Tacitus ५७–१२० ई.) रोमका महान इतिहासकार थिए ।

दर्शन र विज्ञानको क्षेत्रमा रोमको कुनै मौलिक कृति छैन भने पनि हुन्छ। रोमका दर्शन सुखवाद र आनन्दवादमा आधारित थिए। काटो (Cato) रोमका सुकरात थिए। सेनेका, एपिक्टटस (Epictatus), मार्कस् आरेलियस (Marcus Aurclius) नामी दार्शनिक थिए।

विज्ञानको क्षेत्रमा पनि रोमनवासीहरूले चाख देखाएनन्। प्लिनीले प्राकृतिक इतिहासमा पुस्तक लेखे। टालष्टमीले ज्योतिष विद्यामा पुस्तक लेखे। गेलेन रोमका लोकप्रिय चिकित्सक थिए। शहरमा अस्पतालहरू खोलिएका थिए। अस्पतालको व्यवस्था राम्रो प्रकारको थियो।

यूरोपलाई सबभन्दा ठूलो देन रोमको लेटिन भाषा नै हो। १००० ई. सम्म यो साहित्यको भाषा थियो र अठारौं शताब्दीसम्म यो यूरोपेली विद्वान्हरूको भाषा थियो। यूरोपेली कतिपय भाषाहरू जस्तै:—स्पेनिश, पोर्तुगिज, फ्रेन्च, रुमानियन आदिको जन्म पनि लेटिनबाट भएको छ। अङ्ग्रेजी भाषाको उत्पत्ति प्यूटोनिकबाट भए तापनि यसको प्रभाव अङ्ग्रेजीमा प्रस्ट छ।

कलाको विकास

रोमन कला पनि साहित्यजस्तै ग्रीकबाट प्रभावित भएको छ। रोमका कलात्मक कृतिहरूमा सुन्दरताको सट्टा उपयोगितामा बढ्ता जोड दिइएको छ। यिनीहरूले विशाल भव्य भवनहरूको



(रोमन भवन निर्माण कलाको नमूना)

निर्माण गरेर रोमको आर्थिक समृद्धिको परिचय दिएका छन्। शाही भवनहरू धेरैजसो संगमरमरका छन्। भवनमा गुम्बज र मेहरावको प्रयोग गरिएका छन्। संगमरमरको प्रयोगहुले भवनहरू अति सुन्दर देखिन्छन। सम्राट अगष्टहरूले इंटाको रोमलाई संगमरमरमा परिणत गरेका थिए।

प्रश्नहरू

१. रोमको राजनीतिक अवस्थाबारे वर्णन गर्नुहोस् ।
२. रोमन प्रजातन्त्र ग्रीक प्रजातन्त्रभन्दा बढ्ता उदार थियो, के यो साँचो हो ?
३. कानूनको क्षेत्रमा रोमको देनको चर्चा गर्नुहोस् ।
४. रोमको धार्मिक जीवनबारे थाहा भएको लेख्नुहोस् ।
५. रोमको सामाजिक जीवन कस्तो थियो ?
६. रोमवासीहरूले शिक्षाको क्षेत्रमा कस्तो प्रगति गरेका थिए ?

सामन्तवाद (Feudalism)

परिभाषा

सामन्तवाद एउटा कृषि सम्बन्धी सामाजिक व्यवस्था हो। यसको निर्माण भूमि वितरणको आधारमा भएको थियो । यस व्यवस्थामा भूमिको अत्यधिक महत्त्व थियो। यसको विकासमा कुनै एक व्यक्तिको देन थिएन। तत्कालीन राजनीतिक परिस्थितिले गर्दा नै यसको विकास भएको थियो । यस व्यवस्थामा प्रत्येक व्यक्तिको राजनीतिक अधिकार र कर्तव्य उसको अधिकृत भूमि-बाट नै निर्धारित हुन्थ्यो।

सामन्तवादको उत्पत्तिको कारण

राजनीतिक अराजकता नै यस व्यवस्थाको उत्पत्तिको मूल कारण थियो । यूरोपको इति-हासमा नवौं र दशौं शताब्दी घोर अराजकताको युग थियो। बर्बर जातिको आक्रमणले गर्दा केन्द्रीय शासन छिन्नभिन्न हुनथाल्यो । धनजनको सुरक्षा भएन । यूरोपका सारा राज्यहरू टुक्रा–टुक्रा हुनथाले । यस्तो भयानक परिस्थितिको मुकाबिला गर्न एक नयाँ व्यवस्थाको आवश्य-कता परयो । ठूलाठूला जमीनदारहरूले आफ्ना परिवारहरूको सुरक्षाको लागि किल्लाजस्ता ठूलाठूला घरहरू बनाउन थाले । गरीबहरू त्यस किसिमको प्रबन्ध मिलाउन असमर्थ थिए। अतः तिनीहरू ठूलाठूला जमीनदारहरूले बनाएका घरहरूमा शरण लिन पुगे। तिनीहरूले आफ्नो भूमि ती जमीन्दारहरूलाई समर्पण गरे। आफूहरू पनि तिनीहरूकै संरक्षणमा रहन लागे। जमीन्दाहरूले आफ्नो र आफ्ना संरक्षणमा आउनेहरूको रक्षाको लागि हातहतियारले, सुसज्जित लडाकाहरू राख्न थाले । हतियारले सुसज्जित लडाकाहरू नाइट (Knight) कहलाउँथे । तिनीहरूको भरणपोषणको लागि भूमि दिइन्थ्यो, जसलाई मेनर (Manor) भनिन्थ्यो । प्रत्येक मेनरको एक गाउँ हुन्थ्यो र नाइट त्यस मेनरको मालिक हुन्थ्यो । कैयन शताब्दीसम्म ठूलाठूला जमीन्दारहरूले नै सरकार चलाए । एउटा बलियो केन्द्रीय सरकारको सट्टा कैयन् सानासाना सरकारको उत्पत्ति भयो । त्यसप्रकारको व्यवस्थालाई नै सामन्तवाद भनिन्छ।

यसको आर्थिक स्वरूप

भूमिरूपी जगमा सामन्तवादी भवनको निर्माण भएको पाइन्छ। मध्यकालीन यूरोपीय समाज मूलतः तीन श्रेणीमा विभाजित थियो– (१) शासकवर्ग (२) पादरीवर्ग (३) किसान-वर्ग। शासकवर्गसँग असीमित जमीन थियो। यत्रो विशाल भूमिको प्रबन्ध यिनीहरू आफैं गर्न सक्दैनथे । त्यसैले यी भूमिपतिहरूले आफ्नो जग्गाको केही भाग सानासाना भूमिपतिहरूलाई दिने गर्थे। बदलामा यिनीहरूबाट सैनिक सेवा र आवश्यकता परेमा आर्थिक मद्दत लिने गर्थे।

यस्तै शर्तमा केही जमीन अर्धगुलाम (Serfs) लाई दिइएको हुन्थ्यो । यी अर्ध-गुलामहरूलाई भिलेन (Villen) पनि भनिन्थ्यो । यिनीहरूले आफ्नो मालिकको खेतमा हप्ताको तीन दिन काम गर्नु पर्दथ्यो । भूमिपतिको मेनर छोडेर उनीहरू कहीं पनि जान सक्दैनथे । मेनर बिक्री भएको खण्डमा उनीहरू पनि बिक्री भएको मानिन्थ्यो । यिनीहरूको हालत बडो दयनीय हुन्थ्यो । यिनीहरू मेनरमा नै जन्मन्थे, हुर्कन्थे र मर्थे । यही नै सामन्तवादको आर्थिक स्वरूप थियो । सामन्तवर्ग सर्फसको शोषण गरी बडो ठाँटबाँटको जिन्दगी बिताउँथे ।

राजनीतिक स्वरूप

यस किसिमको आर्थिक व्यवस्था तत्कालीन राजनीतिक परिस्थितिमा आधारित थियो । सिद्धान्ततः राज्यको सम्पूर्ण जग्गामा राज्यको स्वामित्व भएकोले राजाले जागिरको रूपमा जग्गाको वितरण जागिरदारहरूलाई गरिदिन्थे । यसको बदलामा जागिरदारहरूले राजालाई आवश्यक परेमा एउटा निश्चित संख्याको सेनासहित मद्दत गर्नुपर्दथ्यो । जुन इलाका वा प्रदेश जागिरको रूपमा पाएको हुन्थ्यो त्यहाँ शान्तिसुरक्षा कायम राख्ने काम पनि जागिरदारको नै हुन्थ्यो । शान्तिसुरक्षा कायम राख्नु र सुरक्षामा खलल पार्ने तत्त्वलाई दण्ड दिने अधिकार जागिरदारको हुन्थ्यो । तिनीहरूले आफ्नो सुविस्ता अनुसार कानून पनि बनाउँथे । त्यसैले विभिन्न इलाकामा विभिन्न किसिमको कानून हुन्थ्यो ।

राजाको सेवा गर्नु भूमिपतिको परम कर्तव्य थियो । राज्यप्रति बफादार रहनु, फौजीसेवा गर्नु र अन्य प्रकारबाट राजालाई मद्दत पुर्‍याउनु नै भूमिपतिको धर्म थियो । यसै प्रकार साना जमीन्दारले ठूलो जमीन्दारप्रति, साधारण किसानले स–साना जमीन्दारप्रति आफ्नो कर्तव्य गर्नुपर्थ्यो । राजाको सम्बन्ध साधारण जनतासँग प्रत्यक्ष रूपबाट हुँदैनथ्यो । सर्फस् जो वास्तवमा जमीन जोत्दथे, तिनीहरूको कुनै अधिकार थिएन ।

सामाजिक स्वरूप

समाजको स्वरूप एउटा पिरामिड जस्तो थियो । यसको सबैभन्दा माथिल्लो भागमा राजा र तल्लो भागमा सर्फस थिए । सामन्तसँग प्रशस्त धन–सम्पत्ति हुन्थ्यो । राजाले उनको रक्षा गर्थे, किसानले सेवा गर्थे र किसानको अवस्था बडो दयनीय थियो ।

सामन्तवादका विशेषताहरू

(१) यस व्यवस्थाको मापदण्ड नै भूमि थियो । भूमिपतिको समाजमा उच्चस्थान थियो ।

(२) भक्तिको प्रतिज्ञाः– सामन्तले आफ्नो मालिकप्रति भक्तिको प्रतिज्ञा गर्नुपर्थ्यो । यसलाई होमेज (Homage) भन्ने चलन छ । राजाका अगाडि हात जोडी टाउको निहुरयाएर राजाप्रति शरीर तथा आत्माले सदा बफादार रहने प्रतिज्ञा गर्नुपर्थ्यो ।

(३) यसको बदलामा सामन्तलाई राजाले जमीन दिन्थे । कालान्तरमा यस जागिरमाथि सामन्तको पुस्तैनी हक हुनगयो तर सामन्त वा राजाको परिवर्तन हुँदा यसै किसिमको स्वामीभक्तिको प्रतिज्ञा गर्नुपर्थ्यो ।

(४) सामन्तले राजाप्रति कतिपय सेवाहरू पुऱ्याउनुपर्दथ्यो । यसमध्ये सबैभन्दा महत्त्वपूर्ण सेवा सैनिक सेवा थियो । जागिरको हैसियत अनुसार सामन्तले एउटा निश्चित संख्याको सेना राजालाई चाहिएको बखतमा बुझाउनुपर्थ्यो । साधारणतः चालीस दिनसम्म सेनाको भरणपोषण सामन्तले नै गर्नुपर्थ्यो । त्यसैले सामन्तहरूले हातहतियारले सुसज्जित लडाकाहरू राख्दथे । यस्ता लडाकाहरूलाई नाइट (Knight) भन्ने चलन थियो । तिनीहरूको भरणपोषणको निम्ति सामन्तले जीवन दिएका हुन्थे । यिनीहरू एक किसिमले साना सामन्तसरह थिए । भारतवर्षमा राजपूत जातिलाई शूरवीरको प्रतीक माने-जस्तै यो वर्ग पनि शूरवीरका रूपमा गनिन्थ्यो । लडाईंमा शौर्यता, वीरता देखाउनु नै यिनीहरूको मुख्य उद्देश्य हुथ्यो । गरीब, असहाय तथा नारीको रक्षा गर्नु यिनीहरू आफ्नो परम कर्तव्य ठान्थे । यूरोपमा भएको धर्मयुद्धले गर्दा पनि यिनीहरूको विश्वासमा ठूलो संघाउ पुऱ्याएको थियो । कहिलेकाहीं यिनीहरू मनोरञ्जनका लागि पनि आपसमा लडभिड गर्ने गर्थे । यिनीहरू अस्त्रशस्त्रले सुसज्जित भएर घोडामा चढेर लड्ने गर्थे । न्यायको रक्षा गर्न आफ्नो प्राण दिन अलिकति पनि यिनीहरू हिचकिचाउन्थे ।

(५) सामन्तले राजाको सभामा आउनुपर्थ्यो । यिनीहरूले राज्यको काममा राजालाई सल्लाह दिने गर्थे । राजाले राज्यको उच्चपदमा यही वर्गबाट छनौट गर्थ्यो ।

(६) राज्यको खर्चको निम्ति सामन्तवर्गले अनेक किसिमका कर जस्तैः– वार्षिक कर, सलामीकर, धर्मयुद्धको खर्च, विवाह खर्च, दान तथा राजालाई कैदबाट छुटाउने धन आदि दिन-पर्थ्यो ।

गुण–दोष

यस व्यवस्थाले राजनीतिक अराजकताको स्थितिमा देशको रक्षा गरयो । देशमा शान्ति, व्यवस्था तथा सुरक्षा कायम राख्यो । असामाजिक तत्त्वहरूबाट देशको रक्षा गरयो । राजाको शक्ति कमजोर भएकोले देशमा वैधानिक शासनको विकास भयो । यो व्यवस्था राष्ट्रिय भावनामा आघात पार्ने किसिमको थियो । एउटा बलियो केन्द्रीय शासन बन्न पाउन्नथ्यो । राष्ट्रिय विका-समा यसले बाधा पुऱ्याउँथ्यो । सम्पूर्ण राज्यमा एक सरहको कानून हुँदैनथ्यो । यसले गर्दा राष्ट्रिय व्यापारको विकासमा बाधा पर्थ्यो ।

पतनका कारणहरू

नवौं र दशौं शताब्दीको आवश्यकता अनुरूप यो व्यवस्था आए तापनि यसमा कतिपय दोषहरू थिए । जसले गर्दा पन्ध्रौं शताब्दीतिर यसको अवनति हुन थाल्यो । पारस्परिक युद्ध,

बारुद र बन्दूकको आविष्कार, किसानहरूको विद्रोह, व्यापारको उन्नति, शहरको विकास, मध्यम वर्गको उदय, राष्ट्रियताको विकास र राजाको शक्तिको वृद्धि आदि कारणहरूले गर्दा सोह्रौं तथा सत्रौं शताब्दीतिर यूरोपबाट सामन्तवादको नाश हुन थाल्यो । सामन्तवादको नाश प्रत्येक देशबाट विभिन्न समयमा भए तापनि यसको छाप अद्यापि कतिपय देशहरूमा छँदैछ ।

प्रश्नहरू

१. सामन्तवाद भन्नाले के बुझिन्छ ? कुन परिस्थितिमा यो वादको प्रारम्भ भयो ?
२. सामन्तवादको आर्थिक र राजनीतिक स्वरूप कस्तो थियो ?
३. सामन्तवादका विशेषताहरू के हुन् ?
४. सामन्तवादका गुण र दोषहरू के हुन् ?
५. सामन्तवादको किन अन्त भयो ?
६. नाइट, मेनर, जागिरदार, सर्फसको व्याख्या गर्नुहोस् ?

१६८८ को गौरवमय क्रान्ति वा रक्तहीन क्रान्ति

गौरवमय क्रान्तिको अर्थ

बेलायतको इतिहासमा स्टुअर्टवंश (१६०३–१६८८) को शासनकाल संवैधानिक दृष्टिकोणबाट बडो महत्त्वपूर्ण मानिएको छ । यसकालका सबै राजाहरू जेम्स प्रथम, चार्ल्स प्रथम, चार्ल्स द्वितीय, जेम्स द्वितीय दैवी अधिकारको सिद्धान्तलाई मान्दथे र क्याथोलिक धर्मलाई राज्यधर्म बनाउन चाहन्थे तर बेलायतको संसद राजाको दैवी अधिकारको सिद्धान्तलाई मान्न तयार थिएन । अतएव राजा र संसदकाबीच एउटा लामो संघर्ष प्रारम्भ भयो । राजा निरंकुश किसिमले शासन गर्न चाहन्थे भने संसद देशमा कानूनको राज्य स्थापना गर्न चाहन्थ्यो ।

चार्ल्स द्वितीयपछि उनका भाइ जेम्स द्वितीय (१६८५–८८) बेलायतका राजा भए । उनी पनि आफ्ना पुर्खाझैं निरंकुश तथा दैवी अधिकारको सिद्धान्तमा शासन गर्न चाहन्थे तर संसद र जनता यसका लागि तयार थिएनन् । अतएव संसदले हलैण्डका विलियम अफ अरेन्ज (William of Orange) र मेरीलाई बेलायतको शासन गर्न आमन्त्रित गरयो । विलियम एउटा विशाल सेना लिएर बेलायत आए । जेम्स द्वितीय डराई फ्रान्स भागे । यसप्रकार विना कुनै रक्तपात बेलायतमा राजा फेरियो । यही घटनालाई बेलायतको इतिहासमा गौरवमय क्रान्ति (Glorious Revolution) वा रक्तहीन क्रान्ति भनिन्छ ।

यस क्रान्तिका निम्न कारणहरू थिए

१. जेम्स द्वितीय कट्टर क्याथोलिक हुन्

जेम्स द्वितीय आफ्ना बाबुजस्तै बडो जिद्दी र कट्टर क्याथोलिक थिए । उनमा समयको गतिलाई चिन्ने दूरदर्शिताको अभाव थियो । उनका दाज्यू चार्ल्स द्वितीयले जुन राजगद्दीलाई बडो बुद्धिमत्तापूर्वक २५ वर्षसम्म चलाए त्यो गद्दीलाई उनले ३ वर्ष पनि चलाउन सकेनन् ।

प्रथम संसद उनको अनुकूल थियो । संसदले एउटा ठूलो धनराशी (१६ लाख पौंड) स्वीकृत गरयो । तर राज्याभिषेक भएको केही समयपछि उनले क्याथोलिकहरूलाई अनेक किसिमबाट सुविधा पुरयाउन थाले । यसले गर्दा संसदको समर्थन विरोधमा बदलिन थाल्यो ।

२. जेफ्रेसको अत्याचार

चार्ल्स द्वितीयका भित्रीनीपट्टिका छोरा मनमथ प्रोटेष्टेण्ट थिए । जेम्स द्वितीय राजगद्दीमा बसेपछि मनमथले जेम्स द्वितीयको विरोधमा विद्रोह गरयो तर यो विद्रोह दबाइयो । राजकुमार मनमथ र उनका समर्थक डयूक अफ आर्गाइल समातिए र दुवैलाई मृत्यु दण्ड दिइयो । यस विद्रोहसँग सम्बन्धित व्यक्तिलाई दण्ड दिन जेम्स द्वितीयले जज जेफ्रेसको अध्यक्ष-

तामा एउटा अदालत खडा गरे । यस अदालतले विद्रोहीसँग लागेको शंकामा ३०० व्यक्तिलाई मृत्युदण्ड, ८०० व्यक्तिलाई गुलाम र अरू सैकडौंलाई देश निकाला गरयो । यस कठोरताले गर्दा नै यस अदालतलाई "खूनी अदालत" भन्ने चलन छ । यी सबै अत्याचार जेम्स द्वितीयको इच्छानुसार भएकोले उनलाई जनताले घृणा गर्न थाले । उनका समर्थक टोरी दल पनि उनका विरोधी भए ।

३. अस्थायी सेनालाई विघटन नगर्नु

बेलायतमा स्थायी सेना राख्ने चलन थिएन । कुनै खास प्रयोजनको निम्ति सेना खडा गरिन्थ्यो र सो उद्देश्यको पूर्ति भएपछि सेना स्वतः विघटन गरिन्थ्यो । मनमथको विद्रोह सकिएपछि पनि सेना विघटन गरिएन । लण्डन बासीहरूलाई भयभीत गर्न उनले होन्सलोहीथ भन्ने ठाउँमा ३०,००० सेना तैनाथ राखे । यसले गर्दा जनतामा राजाको उद्देश्यमाथि शंका उत्पन्न हुन थाल्यो । जनतामा त्रास र क्रोधको मात्रा बढ्न थाल्यो ।

४. स्टट एक्टको उल्लङ्घन

सन् १६७३ को टेस्ट एक्ट अनुसार कुनै पनि व्यक्तिले सरकारी ओहदामा भर्ना हुँदा अङ्ग्रेजी चर्चव्यवस्थामा आस्था भएको शपथ लिनुपर्दथ्यो । यस कानून अनुसार क्याथोलिकहरूलाई सरकारी पदमा बहाल गर्न सकिँदैनथ्यो । तर यस कानूनलाई उल्लङ्घन गरी जेम्स द्वितीयले क्याथोलिकहरूलाई सरकारी पदमा बहाल गर्न थाले । आफ्नो कार्यको औचित्य उनले न्यायलयको समर्थनबाट गर्न खोजे । सर एडवर्ड हेल्स (Sir Edward Hales) एउटा रोमन क्याथोलिक थियो । उसलाई राजाले सेनाको कर्नेल पदमा बहाली गरे । जब एडवर्ड हेल्सको नियुक्तिमा विवाद उठ्यो अनि उनले न्यायालयबाट राजालाई देशको कुनै पनि कानूनलाई स्थगित वा लागू गर्ने अधिकार छ भन्ने कुराको पुष्टि गराए । यसैलाई राजाको कानून स्थगित वा निलम्बन (Suspension and Dispension) गर्ने अधिकार भनिन्छ । यस न्यायिक निर्णयबाट प्रभावित भएर राजाले सेना तथा प्रशासनकों महत्त्वपूर्ण पदहरूमा रोमन क्याथोलिकहरू ठूलो संख्यामा भर्ती गरे । संसदले राजाको यो अधिकारलाई स्वीकार गरेन । राजा र संसदका बीच मतभेद बढ्न गयो । जेम्स द्वितीयले रिसाई संसदलाई नै भंग गरिदिए ।

५. शैक्षिक संस्थामा हस्तक्षेप

उनले शैक्षिक संस्थाहरूमा क्याथोलिक विचारधाराको प्रचार गर्ने अठोट गरे । मैकडनल कालेजमा सभापतिको पद खाली थियो । प्रचलित परम्परा अनुसार सभापति पद छान्ने विश्वविद्यालयका अधिकारीहरूको थियो तर जेम्स द्वितीयले सभापति पदमा पार्कर नाम गरेका रोमन क्याथोलिकलाई नियुक्त गरे । विश्वविद्यालयका अधिकारीहरूले राजाको हस्तक्षेपको

विरोध गरे । फलतः उनले विश्वविद्यालयका सदस्यहरूलाई नै निष्काशित गरे र तिनीहरूको सट्टा क्याथोलिकहरूलाई भर्ना गरे ।

उनले क्याम्ब्रीज विश्वविद्यालयका उपकुलपतिलाई पनि एउटा क्याथोलिकलाई एम. ए.को डिग्री नदिएको आरोपमा खोसी दिए ।

६. विशेषाधिकार न्यायालयको स्थापना

सन् १६४१ को दीर्घ संसद (Long Parliament) ले 'कोर्ट अफ हाइकमिश्नर', 'कौन्सिल अफ नर्थ', 'स्टारचैम्बर कोर्ट' जस्ता विशेषाधिकार न्यायालय खोल्न हुँदैन भनी पास गरेको थियो तर यस कानूनको वास्ता नगरी जेम्स द्वितीयले आफ्नो विशेष अधिकारको प्रयोग गरी यस्ता न्यायालय जस्तैः– कोर्ट अफ हाइकमिशन खडा गरे। यसले गर्दा प्रोटेष्टेण्टहरू उनका कट्टर शत्रु भए ।

७. फ्रान्ससँग साँठगाँठ

फ्रान्स एउटा क्याथोलिक राज्य थियो । फ्रान्सका राजा लुई चौधौंले १६८५ मा नान्टेको घोषणालाई रद्द गरिदिए । नान्टेको घोषणाले फ्रान्सका ह्युगोनटस (प्रोटेष्टेण्ट) लाई हेनरी चतुर्थले १५९८ सन्मा धार्मिक स्वतन्त्रता दिएका थिए तर लुई चौधौंले १६८५ मा यो घोषणा लाई खारेज गरेर फ्रान्सका हजारौं प्रोटेष्टेण्टलाई देश निकालागरे । बेलायतमा पनि जेम्सले यसै गर्लान् भन्ने ठूलो आशंका हुन थाल्यो । जेम्सले फ्रान्सद्वारा गुप्तरूपबाट धन पाउँदछ भन्ने धारणा बेलायतमा बढ्न थाल्यो । बेलायतको नीतिमा फ्रान्सको प्रभाव होस्, यो बेलायत बासीहरूलाई सह्य भएन । त्यसैले जेम्सप्रति देशको घृणा बढ्न थाल्यो ।

८. धार्मिक स्वतन्त्रताको घोषणा

सन् १६८७ मा जेम्स द्वितीयले धार्मिक स्वतन्त्रताको घोषणा (Declartion of Indulgence) गरे । यद्यपि यस घोषणाले डिसेन्डर (उग्र प्रोटेष्टेण्ट) तथा क्याथोलिक दुवैलाई धार्मिक स्वतन्त्रता दिए तापनि उनको भित्री उद्देश्य क्याथोलिकलाई फाइदा पुर्‍याउनु थियो । यस घोषणालाई बेलायतमा क्याथोलिक धर्मको पुनः स्थापना गर्ने पहिलो कदमको रूपमा लिइयो ।

सन् १६८७ मा उनले दोस्रो धार्मिक स्वतन्त्रताको घोषणा गरे । यस घोषणा अनुसार सबै गिर्जाघरहरूमा यस घोषणालाई पढेर सुनाउन अनिवार्य रूपमा लागू गरियो । सात विशपहरूले यो घोषणा पढेर सुनाउन नामन्जुर गरे । जेम्सले तिनीहरूलाई जेल पठाइदिए । तिनीहरूमाथि राजद्रोहको मुद्दा चलाइयो तर न्यायालयले तिनीहरूलाई निरपराध सम्झिदियो । यस घटनाले गर्दा राजा झन अप्रिय हुन गए ।

९. राजकुमारको जन्म

जेम्स द्वितीयका कुनै छोरा थिएनन् । उनको मृत्युपछि सबै अत्याचारहरू नष्ट हुनेछन् भन्ने सम्झी जनता सन्तोष लिएर बसेका थिए । जेम्स द्वितीयको मृत्युपछि बेलायतको गद्दी उनकी छोरी 'मेरी' र विलियमलाई प्राप्त हुन जान्थ्यो । यी दुवै प्रोटेष्टेण्ट थिए । तर १० जून १६८८ इस्वीमा राजाकी अर्की रानीबाट छोराको जन्म भयो । छोराको जन्मले जनताको आशामा आघात परेको । क्याथोलिक बाबुको छोरा पनि अवश्य क्याथोलिक हुनेछ । बेलायतमा अविछिन्न रूपमा क्याथोलिक शासन र अत्याचार कायम हुनेछ । त्यसैले छोरा जन्मेको समाचार आगोमा घिउ छर्केको जस्तै भयो ।

यसैले ह्विग र टोरीदलका सात नेताहरूले मिलेर संयुक्त रूपमा विलियम अफ अरेंजलाई बेलायतको राजसिंहासन ग्रहण गर्न निमन्त्रणा पठाए । विलियम फ्रान्सको विरोधमा लड्ने विचार गरिरहेका थिए । उनले यो मौका छोपे । ५ नभेम्बर १६८८ मा उनी सेनासहित बेलायत आए । जेम्स द्वितीयलाई कसैले पनि साथ दिएनन् । उनकी दोस्रो छोरी एन (Anne) पनि उनैको विरोधी भइन् । सेनाले पनि उनको साथ दिएनन् । फलतः जेम्स द्वितीय डराएर फ्रान्सतर्फ भागे ।

जेम्स भागेर गएपछि बेलायतको राजगद्दी खाली घोषित गरियो । कन्भेसन संसदले मेरी तथा विलियमलाई संयुक्त शासकको रूपमा घोषणा गरेको । यसरी गौरवपूर्ण क्रान्ति १६८८ मा बेलायतमा भयो ।

विलियम र मेरीलाई राजगद्दी दिएपछि संसदले आफ्नो अधिकार सुरक्षित राख्न, राजाको मनपरी तन्त्रमा लगाम लगाउ र देशलाई प्रजातन्त्रको गोरेटो-तर्फ लैजान एउटा कानूनी दस्तावेजको बिल राख्यो । यसलाई अधिकारपत्र (Bill of Right) भनिन्छ ।

(विलियम)

अधिकारपत्रका मुख्य धाराहरू

(१) संसदको स्वीकृतविना राजालाई कुनै पनि कानून रद्द वा स्थगित गर्ने अधिकार छैन ।

(२) संसदको स्वीकृतिविना कुनै पनि कर उठाउने अधिकार राजालाई छैन ।

(३) राजाको विशेषाधिकार अन्तर्गत खडा गरिएका कुनै पनि न्यायालय अवैध मानिने छ ।
(४) कानूनले निर्धारित गरेको भन्दा बढ्ता जमानत वा आर्थिक वा शारीरिक दण्ड कसैलाई पनि दिइने छैन ।
(५) संसदको चुनाव स्वतन्त्र हुनुपर्दछ । यसमा राजाको हस्तक्षेप हुनुहुँदैन ।
(६) संसदमा पूर्ण वाक्स्वतन्त्रता हुनुपर्छ र संसदमा बोलेका कुराहरूलाई लिएर संसद बाहिर कुनै पनि न्यायालयमा मुद्दा चलाउन सकिने छैन ।
(७) संसदको बैठक नियमित हुनुपर्छ ।
(८) आम जनताले राजाको अगाडि प्रार्थनापत्र राख्न पाउनु प्रजाको हक हो ।
(९) प्रोटेष्टेण्टले आफ्नो आत्मरक्षाको निम्ति हतियार राख्न पाउने छ ।
(१०) शान्तिकालमा संसदको स्वीकृतिविना स्थायी सेना राख्नु गैरकानूनी मानिने छ ।
(११) कुनै पनि क्याथोलिक इङ्गलैण्डको राजगद्दीमा बस्नसक्ने छैन ।

यस अधिकारपत्रमा राजाले १६ दिसम्बर १६८९ मा आफ्नो स्वीकृति दिए ।

अधिकारपत्रको अलावा पार्लियामेन्टले यस्ता केही कार्यहरू गरयो जसले गर्दा राजालाई भविष्यमा संसदप्रति आश्रित हुनुपरयो । पहिले राजालाई संसदद्वारा प्रशासनको खर्च चलाउनलाई जुन रकमको स्वीकृति दिइन्थ्यो त्यो राजाको जीवनभरलाई हुन्थ्यो तर यो परम्पराको विपरीत विलियमको संसदले राजालाई प्रशासन चलाउने खर्च १ वर्षको निम्ति मात्र स्वीकृति गरयो । यसले गर्दा प्रत्येक वर्ष संसद बोलाउन राजालाई करै लाग्यो । यस्तै १६८९ को म्यूटिनी एक्टले सेनाको खर्च एक वर्षको निम्ति मात्र दियो भने टोलेरेशन एक्ट (Toleration Act) १६८९ ले प्रोटेष्टेण्टलाई धार्मिक स्वतन्त्रता प्रदान गरयो ।

१६९३ मा लाइसेन्स एक्टलाई पार्लियामेन्टले पास नगरेकोले प्रेसमा लागेको नियन्त्रण हटयो र १६९४ मा पार्लियामेन्टको अवधि तीन वर्ष मात्र हुने भयो । १६८९ को सिभिलिष्ट एक्टले राजाको व्यक्तिगत खर्च र प्रशासनको खर्च अलग गरयो ।

१६८८ को क्रान्तिको महत्त्व र परिणाम

यस क्रान्तिको महत्त्व केवल इङ्गलैण्डमा मात्र नभै सम्पूर्ण यूरोपमा पनि भएकोले नै यसलाई गौरवमय मानिएको हो । राजाको दैवी अधिकार सदाको निम्ति खतम भयो । प्रजाको इच्छाविपरीतको शासन चल्न सक्दैन । राजा त्यही हुन्छ जसलाई पार्लियामेन्टले स्वीकार गर्छ । दैवी अधिकारको शासनको सट्टा संवैधानिक शासनको प्रारम्भ भयो । पार्लियामेन्ट शासनको प्रधान अङ्ग हुन गयो । पार्लियामेन्टको स्वीकृतिविना कुनै पनि कर उठाउन नपाइने भयो । प्रेसको स्वतन्त्रता कायम भयो, धार्मिक स्वतन्त्रताको सिद्धान्त स्वीकार गरियो । क्याथोलिकको निम्ति भविष्यमा इङ्गलैण्डको गद्दीमा कुनै हक रहेन । एक वाक्यमा भन्ने हो भने राजा र

प्रजाले आपसमा झगडा गरेर होइन, मिलेर देशको विकासमा काम गर्नुपर्छ भन्ने सिद्धान्त यस क्रान्तिले प्रतिपादन गरयो जसले गर्दा पछि एउटा संस्थाको विकास भयो त्यो संस्था थियो मन्त्रिमण्डल ।

प्रश्नहरू

१. गौरवमय क्रान्ति भन्नाले के बुझिन्छ ? यसलाई किन रक्तहीन क्रान्ति पनि भनिन्छ ?
२. गौरवमय क्रान्ति हुनाका कारणहरू के–के हुन् ?
३. धार्मिक स्वतन्त्रताको घोषणा जेम्स द्वितीयले किन गरे ? यस घोषणाबाट जेम्स द्वितीयले कसलाई फाइदा पुऱ्याउन चाहेका थिए ?
४. अधिकारपत्रमा भएका मुख्य-मुख्य बुँदाहरूको चर्चा गर्नुहोस् ।
५. गौरवमय क्रान्तिको बेलायतको इतिहासमा के महत्त्व छ ?
६. गौरवमय क्रान्तिले राजाको संवैधानिक स्थितिमा कस्तो-कस्तो परिवर्तन ल्यायो ?

फ्रान्सेली राज्यक्रान्ति

संसारका सबै राज्यक्रान्तिहरूमध्येमा फ्रान्सको राज्यक्रान्तिको विशेष महत्त्व छ । यसले सामन्तवाद र निरंकुश राजतन्त्रमा आधारित मध्यकालीन युगको अन्त्य गरेर स्वतन्त्रता, समानता र भातृत्वमा आधारित प्रजातन्त्रीय नयाँ युगको शुरूआत गरयो । यो क्रान्ति हतियारको युद्ध मात्र नभई विचारको पनि युद्ध थियो । कुनै पनि क्रान्तिको पछाडि असन्तोषका कतिपय कारण-हरू लुकेका हुन्छन् । फ्रान्सको क्रान्ति पनि यसको अपवाद थिएन । फ्रान्सेली क्रान्तिका पछाडि निम्न लिखित कारणहरू थिए ।

(१) राजनीतिक (२) सामाजिक (३) आर्थिक (४) बौद्धिक (५) विदेशी घटना-हरूको प्रभाव (६) तत्कालीन कारण

राजनीतिक

फ्रान्सका राजाहरू निरंकुश थिए । लुई चौधौं "म नै राज्य हुँ" भन्दथे । राजाको अधिकार अपरिमित थियो । कानून बनाउने, कर उठाउने, लडाइँ तथा सन्धि गर्ने अधिकार राजामानै थियो । राजालाई जनताको सुखदुख सँग कुनै वास्ता थिएन । भरसिलेज दरबार विलासको केन्द्र थियो । दरबारमा १८ हजार मानिस थिए जसमध्ये १६ हजार राजा तथा राजपरिवारका नोकरचाकर थिए । बाँकी २००० दरबारी भारदारहरू थिए । महारानीका मात्र ५०० नोकर, सुसारे थिए । दरबारको तबेलामा १६०० घोडा र २०० भन्दा बढी बग्गीहरू थिए । यसको वार्षिक खर्चमात्र ४ करोड डलर थियो ।

जनतालाई कुनै किसिमको हक र अधिकार थिएन । कुनै पनि मानिसलाई एउटा आज्ञापत्र (Letter Decachet) द्वारा समातेर जेलमा पठाउन सकिन्थ्यो । न्यायप्रणालीमा एकरूपता थिएन । न्यायालयको पद बेच्न र किन्न पनि हुन्थ्यो । यसको प्रशस्त दुरुपयोग हुन्थ्यो । यी सबै दोषपूर्ण राजनीतिक व्यवस्थाले क्रान्तिलाई टेवा दियो ।

सामाजिक

फ्रान्सको सामाजिक संगठन असमानता र विषमतामा आधारित थियो । समाजमा दुई वर्ग थिए – सुविधाप्राप्त (Privileged) र सुविधाहीनवर्ग (Unprivileged) सुविधा-प्राप्त वर्गमा पादरी र कुलीनवर्गको नाम आउँछ ।

पादरी वर्ग

समाजमा धर्मको प्रधानता थियो । त्यसैले चर्च एउटा प्रमुख संस्था थियो । फ्रान्समा रोमन क्याथोलिक चर्चको चकचकी थियो । चर्च राज्य भित्र राज्यसमान थियो । यसको छुट्टै सरकार,

कानून र न्यायालय थियो। चर्च अन्तगर्तको जमीनमा कुनै कर लाग्दैनथ्यो र साधारण जनतासँग चर्चको निम्ति टिथ (Tith) नामको कर उठाउने अधिकार थियो । देशको सम्पूर्ण जमीनको ५ औं भाग चर्च अन्तर्गत थियो । चर्चको वार्षिक आम्दानी दस करोड डलर थियो । देशको यत्रो आम्दानीको हकदार केही उच्चवर्गका पादरी (१३४) विशप र आर्कविशप थिए । फेरि चर्चको उच्च पादरीवर्गमा कुलीनवर्गका छोराहरू हुन्थे । तिनीहरूलाई चर्चको धार्मिक दायित्व र कर्तव्यसँग महत्त्व हुँदैनथ्यो । चर्चको सम्पत्तिबाट खुलेआम तिनीहरू भोग-विलासको जीवन व्यतीत गर्दथे । जस्तैः– स्ट्रासवर्गको आर्कविशपको आम्दानी तीस लाख डलर थियो ।

भान्छामा प्रयोग हुने सबै भाँडाकुडाँहरू चाँदीका हुन्थे । उनीहरूका तबेलामा १८० घोडा थिए । रोहन (Rohan) कार्डिनलको वार्षिक आय ८० लाख डलर थियो । सालाखाला विशपको आम्दानी ५०,००० डलर थियो ।

तर १ लाख तीस हजार पादरीको जनसंख्यामा उच्च पादरीको संख्या ५, ६ हजार मात्र थियो । यिनीहरूले नै सबै सुविधा ओगटेका थिए । पादरीको ठूलो संख्या निम्नवर्गको थियो । यिनीहरूको नियुक्ति साधारण वर्गबाट हुन्थ्यो। यिनीहरू इमानदार, शिक्षित थिए र सम्पूर्ण धार्मिक कार्य गर्ने गर्दथे तर यिनीहरूको वार्षिक आय २०, २५ पाउण्ड भन्दा बढ्ता हुँदैनथ्यो। त्यसैले यो वर्ग उच्चवर्गसँग द्वेष, घृणा, ईर्ष्या गर्दथ्यो । यिनीहरू क्रान्तिकारी विचारधारा भएका हुनाले फ्रान्सेली क्रान्तिमा यिनीहरूले पनि योगदान दिए ।

कुलीन वर्ग

सुविधाप्राप्त वर्गमा दोस्रो वर्ग कुलीन वर्गीय सामन्तको थियो । यिनीहरू द्वितीय स्टेटका सदस्य हुन्थे । उच्चपादरी सरह यिनीहरूलाई पनि सबै सुविधा सुलभ थियो । यिनीहरूको संख्या २ लाख ४० हजार थियो । फ्रान्सको २५% भूमि यिनीहरूको नियन्त्रणमा थियो। यिनीहरूलाई कर तिर्न पर्दैनथ्यो । चर्च सेनाको उच्च ओहदामा उनीहरूकै एकाधिकार थियो । यिनीहरूलाई कतिपय विशेषाधिकार प्राप्त थिए । जस्तैः– किसानहरूले यिनीहरूको खेत बेगारमा जोत्नुपर्दथ्यो । सामन्तको जाँतोमा पीठो पिसाउनु, रक्सी बनाउनु, कतिपय किसिमको भेट तथा स्थानीय कर दिनुपर्दथ्यो । बाली नाश गर्ने पशुपक्षीहरू किसानहरूले मार्न पाउँदैनथे ।

धेरैजसो कुलीन सामन्तहरू आफ्नो जागिरबाट पर बर्सायको दरबारमा भोगविलासको जीवन निर्वाह गर्दथे । जागिरमा कारिन्दा रहन्थे । फ्रान्समा २ करोड पचास लाखको जनसंख्यामा सुविधाप्राप्त वर्गको संख्या ६ लाख मात्र थियो । यसप्रकार फ्रान्सको जनसंख्याको चालीसमध्ये एउटा सुविधाप्राप्त व्यक्ति थियो जसको जीवन साधारण जनताको जीवनबाट धेरै सुविधायुक्त र विशेषाधिकारयुक्त हुन्थ्यो ।

सर्वसाधारण वर्ग

पुरातन व्यवस्थाबाट आर्जित हुने यही वर्ग थियो । यिनीहरूको स्थान तृतीय स्टेटमा थियो । यस वर्गमा कृषक, मजदुर, शिल्पी, मध्यमवर्गी व्यापारी र बुद्धिजीवी थिए । कृषक र मजदुर सबैभन्दा गएगुज्रेको अवस्थामा थिए । यिनीहरूको संख्या २ करोड थियो । यसमा अन्दाजी २० लाख अर्धदास थिए । फ्रान्समा एउटा प्रचलित कथन छ । "अमीर लुट्छ, पादरी प्रार्थना गर्दछ, जनता कर तिर्छ ।" तिनीहरूले राजालाई भूमिकर, चर्चलाई दशांश (Tithe) कुलीनलाई सामन्तीकर दिनुपर्दथ्यो । भूमिकरमा कुनै वैज्ञानिकता थिएन । ठेकेदारको माध्यमबाट भूमिकर उठाइन्थ्यो । ठेकेदारहरूले मनोमानीबाट कर उठाउँथे । आयकरको रूपमा आम्दानीको ५ प्रतिशत नून करको रूपमा तिर्नुपर्दथ्यो तर नूनको भाउ बडो महँगो थियो । फेरि केही सार्वजनिक कार्यमा बेकार खट्नुपर्दथ्यो ।

सामन्तीकरको रूपमा भेटी, स्थानीय कर (Toll Tax) आदि तिर्नुपर्दथ्यो । सामन्तका खेतमा रोपाइँको वेला सप्ताहमा तीन दिन, कटाइको समयमा ५ दिन काम गर्नुपर्दथ्यो । खेत बेच्यो भने मोलको ५ भागको १ भाग सामन्तलाई दिनुपर्दथ्यो । आफूले मन लागेको अन्न रोप्न पाइँदैनथ्यो । बाली नास्ने पशुपक्षी मार्न पाइँदैनथ्यो । खेतमा घेरा लगाउन पाइँदैनथ्यो । सामन्तको मिलमा पीठो पिस्नुपर्ने, जमीनदारको भट्टीमा पाउरोटी पकाउनुपर्ने, जमीनदारको कोलमा तेल पेल्नुपर्ने यस किसिमबाट सम्पूर्ण कर तिरिसकेपछि किसानसँग आफ्नो आम्दानीको २० प्रतिशत मात्र बाँकी रहन्थ्यो । यस आम्दानीले घरखर्च चलाउन बडो मुश्किल पर्दथ्यो । त्यसमा पनि यदि केही गरी बाली नासियो भने भोकभोकै मर्ने अवस्था आउँदथ्यो । त्यसैले फ्रान्समा यो ठीक भनिएको छ कि ९।१० भोकले र १।१० अजीर्णले मानिसहरू मर्दछन् ।

मध्यम वर्ग

फ्रान्सको क्रान्ति मुख्यतया मध्यमवर्गी क्रान्ति थियो । यस वर्गको संख्या अन्दाजी अढाई लाखको थियो । यस वर्गमा समाजका शिक्षित, मेहेनती र बुद्धिमान तर सामाजिक र राजनीतिक अधिकारविहीन वर्ग थिए । लेखक, कलाकार, शिक्षक, वकिल, डाक्टर, जज, व्यवसायी, साहूकार, मिल मालिक, निम्न सरकारी कर्मचारीहरूलाई यस वर्गमा लिन सकिन्छ । यिनीहरूसँग धन, बुद्धि थियो तर इज्जत र राजनीतिक अधिकार थिएन । कोहीकोही यति धनि थिए कि सरकार र कुलीन वर्गलाई पनि ऋण दिन सक्दथे । बुद्धि र धनले सम्पन्न भए तापनि यिनीहरूलाई राजनीतिक अधिकार थिएन । यिनीहरूको विचारमा योग्य व्यक्तिको हातमा राजनीतिक अधिकार हुनुपर्छ भन्ने थियो । त्यसैले फ्रान्सेली क्रान्ति दुई विरोधी गुटको बीचको प्रतिस्पर्धाको क्रान्ति थियो । एकातिर राजनीतिक दृष्टिकोणबाट प्रभावशाली गुट, अर्कोतिर बौद्धिक र आर्थिक दृष्टिकोणबाट प्रभावशाली गुट । त्यसैले क्रान्तिको विश्लेषण गर्दा नेपोलि-

यिनले भनेका छन्, "मध्यमवर्गमा श्रेष्ठताको अहम नै क्रान्तिको जड थियो। स्वतन्त्रता एउटा बहाना मात्र थियो।" मध्यमवर्गहरू आफूलाई कुनै हालतमा पनि कुलीनवर्ग भन्दा अयोग्य ठान्दैनथे तर कुलीनवर्गबाट सामाजिक प्रतिष्ठा नपाएकोले उनीहरूमा असन्तोषको लहर छाएको थियो।

मेडम रोलोलाई एउटा भोजमा नोकरको सरह व्यवहार गरिएको थियो। वाणिज्य व्यापारमा नियमको असमानताले व्यापारीवर्ग असन्तुष्ट थिए। कैयौं किसिमको स्थानीय नियमको पालना गर्नुपर्दथ्यो। सरकारको आर्थिक अवस्था दिनपरदिन खराब हुँदै गएकोले उनीहरूको व्यापारमा आघात परिरहेको थियो। त्यसैले यी सबै खराबीहरू हटाउन उनीहरूले क्रान्तिलाई रुचाए र यसको सफल कार्यान्वयको लागि अगाडि सरे।

आर्थिक कारण

विदेशी युद्ध र राज महलको फाल्तु खर्चले गर्दा फ्रान्सको आर्थिक स्थिति बडो नाजुक अवस्थामा पुगिसकेको थियो। प्रतिवर्ष आम्दानीभन्दा खर्च बढ्ता थियो। लुई चौधौंले आर्थिक दिवालीया विरासतको रूपमा आफ्ना उत्तराधिकारी-हरूलाई छाडेर गएका थिए। लुई पन्ध्रौंले मितव्ययिता-बाट काम गर्नुपर्ने थियो तर उनले पनि वास्ता गरेनन्। उनले पोलैण्ड र अष्ट्रियाको उत्तराधिकारको लडाइँमा र सप्तवर्षीय लडाइँमा भाग लिए। फेरि लुई सोह्रौं (१७७४–१७९३) ले पनि अमेरिकी स्वतन्त्रता आन्दोलनमा भाग लिए। यी सबै लडाइँहरूले फ्रान्सको आर्थिक अवस्था जर्जर भैसकेको थियो। सुविधाप्राप्त वर्गहरूको आम्दानी कुल राष्ट्रिय आम्दानीको ४० प्रतिशत थियो तर तिनीहरू-बाट राष्ट्रलाई फाइदा थिएन। राष्ट्रिय ऋणको बोझ १४ अरब ५० करोड डलर थियो। सालाना २३ करोड राष्ट्रिय ऋणमा ब्याज दिनुपर्थ्यो। जबकि राष्ट्रको आम्दानी २१ करोड मात्र थियो। प्रत्येक वर्षको बजेटमा २½ करोडको घाटा थियो। यस किसिमबाट राज्यको आर्थिक अवस्था बडो नाजुक थियो। लुई सोह्रौंले तुर्गोट, नेकर, कोलन (Turgot, Necker, Colonne) को सहायताबाट देशको आर्थिक अवस्था सुधार गर्ने कोशिश गरयो तर स्थिर स्वार्थहरूको विरोधले गर्दा आर्थिक सुधारको काम सफल हुन सकेन। पेरिसको पार्लियामेन्टले अरू नयाँ कर उठाउन सिफारिश नगरेकाले देशको आर्थिक दुरावस्थाले गर्दा स्टेट जेनरलको सभा बोलाउन करै लाग्यो। यो सभा १७५ वर्षदेखि बोलाइएको थिएन।

(लुई सोह्रौं)

बौद्धिक कारण

फ्रान्सको राज्यक्रान्तिमा बुद्धिजीवीहरूको पनि कम हात थिएन। मण्टेस्क्यू, भोल्तेयर र रूसो त्यस समयका बौद्धिक महामानव थिए।

मण्टेस्क्यू (१६८९–१७५५) ले १७४८ ई. मा दि स्पिरिट अफ ल (The Spirit of Law) नामक पुस्तक लेखे। यस पुस्तकमा उनले शक्ति विभाजनको सिद्धान्तलाई समर्थन गरे। यस अनुसार सरकारका तीन प्रमुख अङ्गहरू कार्यपालिका, विधायिका र न्यायपालिका एक अर्कासँग अलग हुनुपर्छ। व्यक्तिको स्वतन्त्रताको सुरक्षाको लागि उनी न्याय विभागलाई कार्यकारिणीबाट अलग राख्न चाहन्थे। उनी बेलायतको संवैधानिक राजतन्त्रको पनि समर्थक थिए। भोल्तेयर (इ. १६९४–१७७८) फ्रान्सको बुद्धिजीवीहरूमा भोल्तेयरको नाम बडो प्रसिद्ध छ। उनका लेखमा तत्कालीन समाजप्रति ठूलो व्यङ्ग्य हुन्थ्यो। व्यङ्ग्यात्मक लेख लेख्नमा उनी सिद्धहस्त थिए। उनले फ्रान्सेली चर्च व्यवस्थाको निन्दा गरे। कुलीन तथा पादरीहरूको विलासितापूर्ण जीवनको बडो व्यङ्ग्यात्मक ढङ्गबाट जनसमक्ष प्रस्तुत गरे। उनी निरङ्कुश राजतन्त्रको विरोधी थिएनन्। उनी सुधारप्रेमी बलियो शक्तिशाली जनताको हित गर्ने शासनको पक्षमा थिए। धेरै मूसाहरूको शासनभन्दा एउटा सिंहको शासन राम्रो हुन्छ भन्ने उनको भनाइ थियो।



(रूसो)

रूसो (१७१२–१७७८ ई.) बुद्धिजीवीहरूमा सबैभन्दा प्रभावशाली व्यक्ति थिए। उनको लेखन कलामा जादू थियो। उनको भनाइमा शासनको आधार जनइच्छा (General Will) मा आधारित हुनुपर्छ। जनइच्छामा आधारित नभएको शासनलाई जनताले फ्याँक्न पाउने पूरा नैतिक अधिकार छ किनभने उनले लेखेको Social Contract मा राज्यको उत्पत्ति, राजा र प्रजाको अनुबन्धबाट भएको छ। प्रजाको हितमा राजाले शासन गर्नु र प्रजाले राजाको आज्ञामान्नु यी दुवै कुरा सँगसँगै जानुपर्छ। एउटाको अभावमा अर्को चल्न सक्दैन। यदि राजाको आज्ञा नमानेमा प्रजालाई दण्ड दिने अधिकार राजाको छ भने प्रजाको हितको लागि शासन गर्दामा प्रजाले पनि राजालाई दण्ड दिने अधिकार छ। अनुबन्धका शर्त दुवैले मान्नुपर्दछ। तत्कालीन दैवी अधिकारको सिद्धान्तमा आधारित निरङ्कुश शासन प्रणालीको विरुद्ध यो एउटा महान् क्रान्तिकारी विचारधारा थियो। त्यसैले बुद्धिजीवीहरूले रूसोको विचारधारालाई खुबै मन पराए। उनी भन्दछन् "मानिस स्वतन्त्र जन्मन्छ तर उसले आफूलाई चारैतर्फ बन्धन भित्र रहेको पाउँछ।" समाजमा पहिले सुख र शान्ति थियो तर सम्पत्ति, परिवार र राजशासनले यो लोप हुन

थाल्यो । उनले समाजमा सार्वभौमिकता, समानता, स्वन्त्रता र भातृत्व रहनुपर्छ भन्ने विचार प्रकट गरे, त्यसैले फ्रान्सको राज्यक्रान्तिमा यिनको पनि ठूलो हात रहेको छ ।

विदेशी घटनाहरूको प्रभाव

फ्रान्सेली क्रान्तिमा बेलायतको रक्तहीन क्रान्तिको प्रभाव परेको थियो । यस क्रान्तिले बेलायतमा संवैधानिक शासन शुरू गरेको थियो र संसदको अधिकार सुदृढ भएको थियो । फ्रान्स पनि यस्तै किसिमको संसदीय व्यवस्थाको इच्छुक थियो । फ्रान्सको राज्यक्रान्तिमा अमेरिकी स्वतन्त्रता आन्दोलनको पनि ठूलो प्रभाव परेको थियो । फ्रान्सेली सेनाले अमेरिकी स्वतन्त्रतामा भाग लिए । अमेरिकालाई स्वतन्त्र गरे तर आफूलाई भने आफ्नै देशमा परतन्त्र पाए । यसले गर्दा पनि उनीहरूमा मनोवैज्ञानिक असर पर्न थाल्यो । यी अमेरिकाबाट फर्केर आएका सेनाहरूले नै फ्रान्सेली क्रान्तिमा भाग लिए ।

तत्कालीन कारण

यी सबै कारणहरू भए तापनि फ्रान्सको क्रान्तिलाई पर सार्न सकिन्नथ्यो । फ्रान्सको राजगद्दीमा एउटा चलाक, दूरदर्शी राजाको आवश्यकता थियो तर लुई सोह्रौं २० वर्षका अनुभवहीन सोझा राजा थिए । उनकी रानी मेरी एन्टोनिया (Mary Antoenette) १६ वर्षकी जिद्दी, अल्लारे स्वभावकी अष्ट्रियाली राजकुमारी थिइन् । यी दुवैले परिस्थितिलाई सह्याल्न नसकेकाले नै ख्यात गर्दागर्दै यत्रो ठूलो क्रान्ति हुन पुग्यो ।

क्रान्तिको प्रगति

स्टेटस जेनरल (Estates General) मा हीन प्रकारका सदस्यहरू थिए– कुलीन वर्ग, पादरी वर्ग र साधारण वर्ग । प्रत्येक वर्गका प्रतिनिधिहरू बेग्लाबेग्लै कोठामा बसेर अधिवेशन गर्ने चलन थियो । तर यसपटक तीनै प्रतिनिधिहरूको एउटै बैठक गर्ने कुरामा साधारण वर्गले जोड दियो तर कुलीन वर्ग र पादरी वर्गले एकै ठाउँमा बसेर बैठक गर्ने प्रस्तावको समर्थन गरेनन् । फलतः साधारण वर्गका प्रतिनिधिहरूले रिसाई राष्ट्रिय सभा (National Assembly) को घोषणा गरेपछि कुलीन वर्ग र पादरी वर्ग यसमा सम्मिलित भए । क्रान्तिकारीहरूको यो प्रथम विजय थियो ।

बास्तिलमा आक्रमण

जुलाई १७८९ मा फ्रान्समा भीषण अनिकाल परेको थियो । जनता भोकभोकै मर्न लागेका थिए । वर्शायमा स्टेटस जेनरलको बैठक भैरहेको समयमा पेरिसमा भोका, प्यासा, नाङ्गा जनता एकत्रित भइरहेका थिए । यसै समयमा ११ जुलाई १७८९ ई. मा लुई सोह्रौंले जनताका

प्रियपात्र अर्थमन्त्री नेकरलाई खारेज गरे । यसबाट जनता अझै क्रोधित भई १४ जुलाई १७८९ ई. मा वास्तिलतर्फ लागे । वास्तिलको किल्ला निरङ्कुश राजतन्त्रको प्रतीक थियो । यस किल्लामा राजनीतिक बन्दीहरू राखिएका थिए ।

जनताको हूलले वास्तिलमा आक्रमण गरी त्यहाँका गभर्नर रक्षकहरूलाई मारेर बन्दीहरूलाई मुक्त गरे । यसरी फ्रान्समा सक्रिय र संगठित विद्रोहको शुरूआत भयो । वास्तिलको पतनले सम्पूर्ण फ्रान्समा विद्रोहको ज्वाला फैलियो । सामन्त, धनीहरूको घर लुटिन थाल्यो तथा अनेकौं कुलीनहरू मारिए र अनेकौंले देश छोडी भागे ।

सामन्तवादको अन्त

अगस्त १७८९ ई. मा राष्ट्रिय सभाले एक प्रस्ताव पारित गरी सामन्तवादी व्यवस्थाको अन्त गरयो र समानताको सिद्धान्त स्थगित गरयो ।

मानव अधिकारको घोषणा

राष्ट्रिय सभाले फ्रान्सको लागि एउटा नयाँ संविधान बनाउने कार्य प्रारम्भ गरयो । यस संविधानमा मानव अधिकारको घोषणा गरिएको थियो । "सबै मनुष्य बराबर छन् र सर्वोच्च सत्ता जनताको हातमा निहित छ" भन्ने संविधानमा उल्लेख गरियो । यसप्रकार फ्रान्समा निरङ्कुश राजतन्त्रको युग समाप्त गरियो ।

क्रान्तिको उग्ररूप

फ्रान्समा चर्चको सम्पत्तिको राष्ट्रियकरण गरिएकोले पोप रिसाए । फ्रान्समा उग्र राजनीतिक दलहरू पनि संगठित हुन थाले । यस्ता दलहरूमा ज्याकोबिन (Jacobin) र जिरोन्दिस्ट (Zerondist) प्रमुख थिए । यी उग्रवादीहरूले फ्रान्सेली क्रान्तिलाई विदेशमा प्रचार गर्न थाले । उग्रवादीहरू राजतन्त्रलाई नै समाप्त गर्न चाहन्थे । उग्रवादीहरूको प्रचारबाट विदेशमा निरंकुश राजाहरू आतङ्कित भए । बाह्य देशका राजाहरू आफ्नो देशमा पनि फ्रान्समा भए झैं क्रान्ति हुन्छ कि भन्ने भावनाबाट सशंकित हुन थाले । अतः तिनीहरू फ्रान्सेली क्रान्तिको प्रबल विरोधी भए । फ्रान्सबाट भागेका कुलीनहरूले पनि बाह्य देशका राजाहरूलाई उक्साउन थाले । यसप्रकार फ्रान्सले बाह्य युद्धमा संलग्न हुनुपरयो ।

आतङ्ककारी शासन

क्रान्तिकारी फ्रान्समा विदेशी आक्रमण प्रारम्भ भयो । फ्रान्सभित्र कैयौं यस्ता व्यक्तिहरू पनि थिए जो क्रान्तिलाई समाप्त गरी पुरानो व्यवस्था नै पुनः स्थापित गर्न चाहन्थे । फ्रान्सका क्रान्तिकारीहरूले बाह्य र आन्तरिक खतरालाई विचारमा राखी क्रान्तिका विरोधीहरूलाई मार्न थाले । व्यक्तिगत रिसइबीले गर्दा पनि अनेकौं मारिए । यस क्रममा असंख्य फ्रान्सेलीहरू मारिए ।

कन्भेनशन

२२ सेप्टेम्बर १७९२ ई. देखि अक्टोबर १७९५ ई. सम्म फ्रान्सको शासन कन्भेनशनले चलायो । यो समयमा फ्रान्सको अवस्था चिन्ताजनक थियो । युद्धमा सर्वत्र हार भइरहेको थियो । कन्भेनशनको प्रयत्नले गर्दा स्थितिमा केही सुधार भएको थियो । राजा लुई सोह्रौंलाई देश द्रोहको अभियोग लगाइयो । शासनलाई दृढ बनाउनका लागि जनसुरक्षा समिति (Public Security Committee) गठन गरियो । यस समितिका प्रधान राब्सपीयर थिए । उनी भय तथा रक्तपातद्वारा शासन गर्न चाहन्थे । उनी बडो हिंसावादी थिए । यसै कारण यस काललाई फ्रान्सको इतिहासमा आतङ्कको शासन भनिन्छ । मध्यमवर्ग यस किसिमका शासनका विरोधी थिए । सेना मध्यमवर्गको हातमा थियो । अतः राब्सपीयरलाई कार्यवाही गरी जुलाई १७९४ मा फाँसी दिइयो । शासन मध्यमवर्गको हातमा आयो । फ्रान्सको लागि एउटा संविधान तयार गरियो । शासन सञ्चालन गर्नका लागि ५ व्यक्तिहरूको एउटा समिति बनाइयो । जसलाई डाइरेक्टरी (Directory) भनिन्छ ।

डाइरेक्टरी

१७९५ ई. देखि १७९९ ई. सम्म फ्रान्समा डाइरेक्टरीको शासन रह्यो । फ्रान्सको अवस्था नराम्रो भएकाले शासनप्रबन्ध राम्रोसँग चल्न सकेन ।

डाइरेक्टरीका सदस्यहरू भ्रष्ट थिए । अतः डाइरेक्टरीको यस शासनकाललाई बदनाम शासनकाल भनिन्छ । विभिन्न युद्धमा फ्रान्स हारेकाले जनताको क्रोध डाइरेक्टरीका सदस्यहरूमा पोखिन गयो । यस समयसम्म फ्रान्सेली राज्यक्रान्तिको ज्वाला पनि समाप्त भैसकेको थियो । जनता शक्तिशाली सुदृढ शासन हेर्न चाहन्थे । यस्तो अवस्थामा नेपोलियन बोनापार्टको अभ्युदय भयो ।

नेपोलियन बोनापार्टको अभ्युदय

(नेपोलियन)

नेपोलियन बोनापार्टको जन्म १७६९ ई. मा फ्रान्सको उपनिवेश कोर्सिका टापूमा एउटा साधारण परिवारमा भएको थियो । उनी प्रतिभासम्पन्न युवक थिए । उनले सानै उमेरमा सैनिक तालिम पाए । फ्रान्सेली राज्यक्रान्तिको समयमा उनले क्रान्तिको समर्थन गरे । उनी कोर्सिकाबाट फ्रान्स आए । ज्याकोबिन दलमा सामेल भए । इटालीसँगको युद्धमा नेपोलियन विजयी भए । उनले मिश्रमा पनि आक्रमण गरे । विभिन्न युद्धमा विजयी भएकोले उनको लोकप्रियता बढ्यो । त्यसैले १७९९ ई. मा बनेको नयाँ संविधान अनुसार नेपोलियन फ्रान्सको कन्सुलमा नियुक्त भए । कन्सुल भएपछि उनले

फ्रान्सको आन्तरिक अवस्था ठीक गरे । उनले अनेकौं सुधार गरी फ्रान्सको आर्थिक, धार्मिक तथा सामाजिक स्थिति दरो पारे । नेपोलियनको लोकप्रियता बढ्न थाल्यो । यसबाट फाइदा उठाई १८०४ ई. मा नेपोलियन फ्रान्सका सम्राट् बने । यसप्रकार फ्रान्समा पुनः राजतन्त्र कायम हुन गयो ।

नेपोलियनको विश्वविजय गर्ने अभियान

सम्राट् भएपछि नेपोलियनको महत्त्वाकाङ्क्षा बढ्यो। उनी विश्वविजयी हुने सपना देख्न थाले । यसका लागि उनले अनेकौं युद्ध गरे । प्रारम्भमा नेपोलियनले विजय गर्दै आए । यूरोपको ठूलो भू–भागमा नेपोलियनको विजय भयो। बेलायतलाई मात्र उनले हराउन सकेका थिएनन् । नेपोलियनको विरोध बेलायतले गरिरहेको थियो ।

त्यसैले बेलायतलाई हराउन उनले योजना बनाए । जलशक्तिको पनि विस्तार गरे । बेलायतमा आक्रमण गर्ने योजना तयार गरेकोले बेलायतले १८०३ ई. मा फ्रान्सको विरुद्ध युद्धको घोषणा गरयो । १८०५ ई. मा ब्रिटिश जलसेनाका कमाण्डर नेलसनले फ्रान्स र स्पेनको संयुक्त बेडालाई ट्रेफलगरको युद्धमा नराम्रोसँग पराजित गरे । ब्रिटिश सामुद्रिक शक्तिलाई समाप्त गर्न नसके तापनि स्थलयुद्धमा नेपोलियनलाई सफलता मिल्यो । १८०५ ई. मा नेपोलियनले अष्ट्रियालाई पराजित गरे । १८०६ ई. मा जर्मनीलाई हराई उनी बर्लिन प्रवेश गरे । १८०७ ई. मा रूसी सेनालाई पराजित गरी नेपोलियनले टिलसिटको सन्धि गरे ।

आर्थिक नाकाबन्दीको नीति

स्थलयुद्धमा सफलता मिले तापनि नेपोलियनले सामुद्रिक शक्तिमा बेलायतलाई हराउन सकेका थिएनन्। बेलायतलाई हराउन नेपोलियनले आर्थिक नाकाबन्दीको नीति लिए । बेलायतको व्यापार बन्द गर्न सकेमा बेलायत स्वतः पराजित हुनेछ भन्ने सम्झी नेपोलियनले यूरोपको कुनै पनि देशलाई बेलायतसँग व्यापार नगर्नु भन्ने आदेश जारी गरे । बेलायतले पनि फ्रान्ससँग व्यापार नगर्ने आदेश जारी गरयो । इतिहासमा यस घटनालाई महाद्वीपीय प्रणाली (Continental System) भनिन्छ। नेपोलियनले बेलायतको व्यापार रोक्न सकेनन् । महाद्वीपीय प्रणालीबाट फ्रान्सलाई नै हानि भयो। फ्रान्सको व्यापार बन्द भयो। नेपोलियनको पराजयको मुख्य कारण नै यही हुन गयो । पोर्तुगाल नेपोलियनको आर्थिक नाकाबन्दीको विरोधी थियो किनकि पोर्तुगालको अर्थव्यवस्था व्यापारमा निर्भर गर्दथ्यो । तसर्थ नेपोलियनले १८०७ ई. मा पोर्तुगालमा अधिकार गरे । स्पेनको राजघरानाको झगडाबाट फाइदा उठाई नेपोलियनले आफ्नो भाइ जोशेफलाई स्पेनको राजा बनाए । नेपोलियनको यस कार्यबाट रिसाई स्पेनिशहरूले गुरिल्लायुद्ध प्रारम्भ गरे । पोर्तुगाल र स्पेनिशको युद्धले गर्दा नेपोलियनलाई ठूलो नोक्सान भयो ।

रूसले पनि बेलायतसँग व्यापार गन थाल्यो। नेपोलियनले रूसमा १८१२ ई. मा आक्रमण गरे । नेपोलियन मास्कोसम्म पुगे । रूसी सैनिकहरूले खाद्यपदार्थ नष्ट गरी पछाडि हट्दै गएकाले फ्रान्सेली सेनालाई खाद्यपदार्थको ठूलो अभाव भयो। रूसमा जाडो महिना शुरू भएकोले फ्रान्सेली सेनालाई ठूलो कष्ट भोग्नुपरयो । भोका, प्यासा फ्रान्सेली सेनामाथि रूसीहरूले गुरिल्ला माध्यमबाट प्रत्याक्रमण गरे । फ्रान्सेली सेनाको ठूलो नोक्सान भयो । (१ लाख) ।

फ्रान्सेली सेनाको बिजोगको समाचारले यूरोपका विभिन्न राष्ट्रहरू नेपोलियनसँग युद्ध गर्न तम्सिए। १८१३ ई. मा लिपिजिङ्गको मैदानमा यूरोपीय संयुक्त शक्तिको अगाडि नेपोलियन पराजित भए । उनलाई कैद गरी एल्वामा राखियो तर एघारौं महिनामा नेपोलियन कैदबाट उम्की फ्रान्स पुगे । उनी फेरि राजा भए तर यसपटक १८१५ ई. मा नेपोलियन डचूक अफ वेलिङ्गटनबाट वाटरलुमा पराजित भए। उनलाई यसपटक सेन्ट हेलेनाद्वीपमा कैद गरेर राखियो। ६ वर्षपछि १८२१ ई. मा उनको यहीं देहावसान भयो। उनको देहावसानपछि फ्रान्सको राज्य-क्रान्तिको अन्त भयो ।

फ्रान्सेली राज्यक्रान्तिका परिणामहरू

फ्रान्सेली राज्यक्रान्तिका परिणामका दुई पक्ष छन्–
(क) स्वदेशी पक्ष (ख) विदेशी पक्ष ।

(क) स्वदेशी पक्ष

राजनीतिक परिणाममा यस क्रान्तिले ऐतिहासिक बुर्बोनवंशको निरंकुशतालाई सदाको निम्ति अन्त गरयो । निरंकुश राजतन्त्रको स्थान सीमित राजतन्त्र वा प्रजातन्त्रले लियो । राष्ट्रिय सभाले मानव अधिकारको घोषणा गरेर सार्वभौमिकता जनतामा निहित रहन्छ भन्ने कुराको पुष्टि गरयो । शासनयन्त्रको संचालन जनताको हितको निम्ति मात्र नभई जनताद्वारा नै हुनु-पर्छ । सार्वभौमिकता कुनै सम्पत्ति होइन जसको उपभोग यसको मालिकले मात्र गरोस् यो न्याय पंचायत हो । यसको स्थापना कतिपय कर्तव्य गर्नुको निम्ति भएकोले हो ।

सामन्तवादको अन्त

फ्रान्सेली क्रान्तिको सिद्धान्त अनुसार प्रत्येक मानिस कानूनको अगाडि बराबर छ । जन्म र सम्पत्तिको आधारमा स्थापना भएको विशेषाधिकारको कुनै मान्यता हुँदैन । यसै सिद्धान्तमा अभिजात वर्गले उपभोग गरिरहेका कतिपय विशेषताहरू जस्तैः– अर्धदास प्रथा, सामन्तीकर, चर्चको विशेषाधिकार, व्यापारमा एकाधिकार आदिको अन्त गरियो । किसानहरू स्वतन्त्र भए । सबैलाई स्वतन्त्रतापूर्वक राजनीतिमा भाग लिन र आफ्नो व्यक्तित्वको विकास गर्ने मौका दिइयो ।

सामाजिक तथा आर्थिक सुधार

सामन्तवादी प्रभावको अन्त भएकोले देशको सामाजिक तथा आर्थिक प्रगति हुन थाल्यो । सामाजिक समानताको सिद्धान्त प्रतिपादन भएकाले मध्यम वर्गले पनि शासनको उच्चतम पद पाउन थाले । आइमाईहरूले पनि सम्पत्तिमा दावी गर्न पाए । पैतृक सम्पत्तिमा सबै सन्तानको हक लाग्ने भयो । एउटै प्रकारको आर्थिक नियम, एउटै ढङ्गको नापतौल र एकै किसिमको कानूनको विकास भयो । कानूनको सम्बन्धमा नेपोलियन कोडको विशेष महत्त्व छ । उनले विभिन्न कानूनहरूको सम्पादन गरी एउटा संग्रह प्रकाशित गरेर सम्पूर्ण देशमा एउटै कानून लागू गरे । उनको भनाइमा "मेरो गौरव नै सिविल कोड हो ।"

धार्मिक सहिष्णुता र शिक्षाको विकास

राज्यको सम्बन्ध धर्मसँग तोडियो । धर्म व्यक्तिसँग सम्बन्धित रह्यो । राज्यसँग यसको कुनै सम्बन्ध रहेन अर्थात् धर्म निरपेक्ष राज्यको शुरूआत भयो । क्रान्तिअघि शिक्षा धर्मको एउटा हाँगो थियो । तर अब शिक्षालाई धर्मबाट हटाइयो। शिक्षा विकासको अभिभारा राज्यले आफ्नो काँधमा लियो । प्राथमिकदेखि उच्चशिक्षासम्मको विकासमा सरकारले चाख लियो ।

राष्ट्रियताको विकास

क्रान्तिको एउटा अद्वितीय देन थियो, राष्ट्रियताको विकास । क्रान्तिको आदर्श थियो– स्वतन्त्रता, समानता र भातृत्व । क्रान्तिअगाडि फ्रान्सेली जनताले सामन्त राजाप्रति देखाउनु-पर्ने प्रेम अब उनीहरूले राष्ट्रप्रति देखाए । फ्रान्सेली क्रान्तिप्रति यूरोपेली देशहरूले देखाएको विरोध तथा आक्रमणले उनीहरूको देशप्रेमप्रतिको ज्वारभाटाको सीमा रहेन । उनीहरू देशको निमित्त सदा बलिदान गर्न अग्रसर रहे । फ्रान्सेली राष्ट्रियताको यो उदाहरण अरू राष्ट्रहरूको निम्ति अनुकरणीय हुन गयो ।

(ख) विदेशी पक्ष

अन्य देशहरूमा क्रान्तिको प्रभाव

यो क्रान्तिको प्रभाव स्वदेशमा मात्र सीमित रहेन । यसको प्रभाव विदेशमा पनि व्यापक रूपमा परयो । लोकतन्त्र र नागरिक स्वतन्त्रताको विकास यूरोपका सबै देशहरूमा हुन थाल्यो । नेपोलियनले विजय गरेका इटाली, जर्मनी, स्पेन, पोर्तुगाल आदि देशहरूमा सामन्तीप्रथा र निरंकुश शासनको विरोध प्रारम्भ भयो । इटाली र जर्मनीको एकीकरण यसैको परिणाम हो । फ्रान्सेली राष्ट्रियताको लुगा ओढेर पोर्तुगाल र स्पेनले फ्रान्सको विरोधमा झण्डा उठाए, बेलायतले फ्रान्सेली क्रान्ति दबाउन शुरूदेखि संघर्ष गरे तापनि बेलायत पनि यसको प्रभावबाट बच्न सकेन । बेलायतले प्रथम सुधारबिल पास गर्नुपरयो । स्वतन्त्रता, समानता र भातृत्वको

सिद्धान्त सर्वत्र फैलियो। धर्म निरपेक्ष राज्य र शिक्षाको सरकारीकरण पनि फ्रान्सेली क्रान्तिकै देन हो ।

फ्रान्सेली क्रान्तिको महत्त्व

यो क्रान्ति मध्ययुगको अन्त र आधुनिक युगको प्रतीक हो। प्रजातन्त्र, राष्ट्रवाद, समाजवाद, व्यक्तिको महत्ता, स्वतन्त्रता, जन अधिकार, धर्म निरपेक्षता, जनशिक्षा आदि आधुनिक युगका विशेषताहरू सबै यसै क्रान्तिका देन हुन् ।

प्रश्नहरू

१. फ्रान्सको राज्यक्रान्तिमा सर्वभन्दा प्रभावशाली कारण तपाईंलाई कुन लाग्छ ? त्यसबारे लेख्नुहोस् ।

२. "मध्यमश्रेणीको अहम नै फ्रान्सको क्रान्तिको मूल कारण थियो" यो कसले भनेका हुन् ? यस भनाइलाई पुष्टि गर्नु होस् ।

३. फ्रान्सको राज्यक्रान्ति ल्याउनमा बुद्धिजीवीहरूको कतिसम्म हात छ ?

४. कति कारणले नेपोलियनको उदय हुन गयो ?

५. महाद्वीपीय प्रणाली भन्नाले के बुझिन्छ ? नेपोलियनको यो प्रणाली किन सफल हुन सकेन ?

६. फ्रान्सेली राज्यक्रान्तिका परिणामहरूको चर्चा गर्नुहोस् ।

अमेरिकाको स्वतन्त्रता संग्राम

विश्वको सबैभन्दा शक्तिशाली राष्ट्रमा अमेरिकाको गणना गरिन्छ । अमेरिका भन्नाले संयुक्त राज्य अमेरिकालाई बुझाउँछ । आज यो ५० राज्यहरूको संघ हो तर शुरूमा यसको जन्म हुँदा यसमा तेह्र राज्यहरू मात्र थिए । स्टुआर्टवंश (इस्वी १६०३–१६८८) को शासनकाल संवैधानिक दृष्टिकोणबाट हलचलको थियो । तर व्यापार र साम्राज्य निर्माणमा ब्रिटेनले यस समयमा खुब प्रगति गरेको थियो । स्पेन निवासी कोलम्बस्ले अमेरिकाको पत्ता लगाए तापनि यहाँ साम्राज्य निर्माण गर्ने श्रेय ब्रिटेनलाई छ । अमेरिका स्वतन्त्र हुनुभन्दा अघि यो मूलतः ब्रिटेनको उपनिवेश थियो । त्यस समय ब्रिटेनको राजगद्दीमा जर्ज तृतीय (१७६०–१८२० ई.) थिए । जर्ज तृतीयको अदूरदर्शितापूर्ण नीतिले गर्दा १७७६ इस्वीमा अमेरिका स्वतन्त्र भयो । अमेरिका स्वतन्त्र हुनाका कारणहरू निम्न बमोजिम छन् ।

(१) अमेरिकाबासीहरूको स्वभाव र मर्केन्टाइल नीति

अमेरिकामा बसोबास गर्ने धेरैजसो प्यूरिटन, रोमन क्याथोलिक, डिसेन्टर आदि विभिन्न धार्मिक सम्प्रदायका मानिसहरू थिए । यिनीहरू आफ्ना राजाको धार्मिक अत्याचारले गर्दा देश छाडेर यहाँ आएर बसेका थिए । केही असामाजिक क्रियाकलापमा लागेर देश निकाला भएर पनि बसेका थिए । त्यसैले यिनीहरू आरम्भ देखिनै अलि उग्रस्वभावका थिए र कसैको मातहतमा बस्न मन पराउँदैनथे । स्वतन्त्र रूपबाट आफ्नो शासन चलाएर यिनीहरू बस्न चाहन्थे । ब्रिटेनले यिनीहरूलाई केही आन्तरिक स्वायत्त शासन दिएको थियो तर वैदेशिक तथा व्यापारिक नीतिको सञ्चालन भने ब्रिटेनबाट नियुक्त भएका गवर्नरले नै गर्दथे ।

त्यस समयको व्यापारिक नीति अमेरिकाको अनुकूल थिएन । अंग्रेजहरूले उपनिवेशको व्यापार मातृदेश (ब्रिटेन) को हितलाई ध्यानमा राखेर गर्ने गर्थे । यही नीतिलाई मर्केन्टाइल नीति भनिन्छ ।

यस नीति अनुसार अमेरिकाले आफ्नो कच्चा पदार्थ जस्तैः–तमाखु (सूर्ती) कफी, चिनी, कपास, अन्न आदि अरू कुनै देशलाई बेच्न पाउँदैनथ्यो । अमेरिकालाई चाहिने तैयारी माल-सामान जस्तैः– कपडा, चिया, कागज, साबुन आदि पनि ब्रिटेनबाटै आयात गर्नुपर्दथ्यो । व्यापारमा यस प्रकारको नियन्त्रणले गर्दा अमेरिकाबासीहरू आफ्नो आर्थिक विकास स्वतन्त्र रूपबाट गर्न सक्दैनथे । त्यसैले अंग्रेजप्रति उनीहरूको असन्तोषको भावना थियो ।

सप्तवर्षीय युद्धको असर

अमेरिकाको उत्तरमा क्यानाडाको राज्य पर्दछ । क्यानाडा फ्रान्सको उपनिवेश थियो । फ्रान्सले क्यानाडाबाट अमेरिकामा आक्रमण गर्ला भन्ने अमेरिकाबासीहरूलाई डर तथा त्रास

भैरहन्थ्यो । त्यसैले अमेरिकाबासीहरू ब्रिटेनप्रति व्यापारिक तथा राजनीतिक असन्तोष भए तापनि उनीहरूमा ब्रिटेनको विरोध गर्ने साहस थिएन तर सप्तवर्षीय युद्धमा (१७५६–६३ ईस्वी) फ्रान्स इङ्गलैण्डद्वारा पराजित भयो । फ्रान्सेली उपनिवेश क्यानाडा इङ्गलैण्डको अधिकारमा आयो । अब अमेरिकाबासीहरूलाई क्यानाडातर्फबाट फ्रान्सेली आक्रमणको डर रहेन । यसरी बाहिरी आक्रमणबाट सुरक्षित भएपछि उनीहरू मातृदेश ब्रिटेनको अनुचित दवाब सहन तयार थिएनन् । उनीहरू स्वतन्त्र हुने चेष्टा गर्न थाले ।

स्टाम्प एक्ट र दुई विरोधी विचारधारा

सप्तवर्षीय युद्धमा ब्रिटेनको प्रशस्त धन खर्च भएको थियो । फ्रान्सेली आक्रमणको भय हराए तापनि अमेरिकी जङ्गली जातिको भय भने हराएको थिएन । उपनिवेशको रक्षार्थ ब्रिटेन एउटा स्थायी सेना अमेरिकामा राख्न चाहन्थ्यो ।

यो सेना अमेरिकाको सुरक्षाको निम्ति थियो । त्यसैले सेनाको खर्चको केही भाग अमेरिकाबाट उठाउने ब्रिटेनले निश्चय गरेको । सेनाको खर्च बेहोर्नको लागि ईस्वी १७६५ मा ब्रिटेनको संसदले स्टाम्प एक्ट (Stamp Act) पास गरेको । यस कानून अनुसार सरकारी प्रयोगमा आउने कागजहरूमा टिकट टाँस्नुपर्ने भयो । टिकटबाट उठेको रकम सेनाको खर्चमा प्रयोग गरिने व्यवस्था गरियो । त्यसवेला ब्रिटेनका प्रधान मन्त्री ग्रेनभील (Granville) थिए । उनको यो तर्क त्यति अनुचित पनि थिएन । अमेरिकाबासीहरूले यस करको सैद्धान्तिक विरोध गरे । उनीहरूको भनाइ अनुसार ब्रिटेनलाई अमेरिकामाथि नयाँ कर लगाउने कुनै अधिकार छैन । किनभने ब्रिटेनको संसदमा अमेरिकाको कुनै प्रतिनिधि छैन (No Taxation Without Representation) । त्यसैले तेह्र राज्यहरू मध्ये नौ (९) राज्यका प्रतिनिधिहरू न्यूयोर्कमा भेला भएर यस कानूनको संयुक्त रूपमा विरोध गरे । अमेरिकाको विरोधलाई शान्त गर्न ब्रिटेनको संसदले स्टाम्प एक्टलाई फिर्ता लियो तर ब्रिटेनको संसदले डिक्ल्याटरी एक्ट (Declaratory Act) पास गरेको । यस एक्ट अनुसार ब्रिटेनको संसदले उपनिवेशहरूको निम्ति ब्रिटेनको संसदलाई कानून बनाउने र कर लगाउने पूर्णतः अधिकार छ भन्ने सिद्धान्तको घोषणा गरेको ।

१७६७ ईस्वीमा अर्थमन्त्री टाउन शेन्ड (Town Shend) ले अमेरिकामा आयात गरिने चिया, ग्लास र कागज आदिमाथि भन्सार बढाए । अमेरिकाबासीहरूले यस 'भन्सारदर'-लाई एक किसिमबाट उनीहरूलाई जिस्क्याएको जस्तो सम्झे । त्यसैले स्टाम्प एक्टको जस्तै यस भन्सारदरको पनि अमेरिकी उपनिवेशमा घोर विरोध भयो । म्यासाचूसेटको राजधानी वोष्टनमा दंगासमेत भयो । अमेरिकाको विरोधलाई ध्यानमा राखेर अरू मालसामानहरूमा भन्सार हटाइयो तर चियामा भने भन्सार हटाइएन ।

यसले पनि अमेरिकीहरूको विरोध शान्त भएन । उनीहरूको विरोध भन्सार कम वा बढीमा थिएन । भन्सार लगाउने सिद्धान्तमा थियो । यसैबखत इष्ट इण्डिया कम्पनी (East India Company) को एउटा जहाज चिया लिएर बोष्टन बन्दरगाहमा आइपुग्यो । विरोधी अमेरिकीहरूले रेड इण्डियनको भेषमा चिया ल्याएको जहाजमा आक्रमण गरे । तिनीहरूले चियाका बाकसहरू समुद्रमा फ्याँकिदिए र जहाजमा पनि आगो लगाइदिए ।

युद्धको घोषणा

यस समय ब्रिटेनका शासक जर्ज तृतीय थिए । जर्ज तृतीय बडो जिद्दीवाज तथा अहंकारी स्वभावका थिए । लर्ड नर्थ (Lord North) उनका प्रधान मन्त्री थिए । उनी एउटा कमजोर प्रधान मन्त्री थिए । राजाको विरोध गर्ने उनमा साहस थिएन । जर्ज तृतीयले अलि दूरदर्शिता-पूर्वक काम गरेको भए अमेरिका स्वतन्त्र हुने थिएन । उनले ३००० माइल पर बस्ने अमेरिकी-हरूको भावनालाई राम्ररी बुझ्न सकेनन् । उनले अमेरिकीहरूलाई दण्ड दिने अठोट गरे । त्यसैले बोष्टर्न टी पार्टी घटनापछि उनले बोष्टर्न बन्दरगाह बन्द गर्ने आदेश दिए । म्यासा-चूसेट राज्यलाई दिइएको सम्पूर्ण स्वशासनको अधिकार स्थगित गरिदिए । यसै समयमा इस्वी १७७४ को क्यूबेक एक्ट (Quebec Act) पास भयो । यस एक्ट अनुसार क्यानाडामा बस्ने रोमन क्याथोलिकहरूलाई धार्मिक स्वतन्त्रता दिइयो । यसको अमेरिकामा झन् नराम्रो प्रतिक्रिया भयो ।

अब तेह्र राज्यहरूमध्ये बाह्र राज्यका प्रतिनिधिहरू फिलाडेल्फियामा भेला भएर ब्रिटेनसँग कुनै प्रकारको व्यापार नगर्ने प्रस्ताव पास गरे । दोस्रो वर्ष अर्थात् इस्वी १७७५ मा काङ्ग्रेसको भेला फेरि फिलाडेल्फियामा भयो । यो काङ्ग्रेसले इस्वी १७६३ को स्थिति कायम गर्ने अनुरोधपत्र जर्ज तृतीय कहाँ पठायो तर जर्ज तृतीयले यसमा ध्यान दिएनन् । उनले विद्रोहीहरूलाई दण्ड दिन सेना पठाए । अमेरिकीहरूको अनुरोधपत्रको कुनै वास्ता नगरिएकोले उनीहरूले पनि युद्ध गर्ने निश्चय गरे । जर्ज वासिङ्गटन (George Washington) को नेतृत्वमा सेनाको सङ्गठन गरियो ।

४ जुलाई १७७६ इस्वीमा तेस्रो काङ्ग्रेसको भेला फिलाडेल्फियामा भयो । यस काङ्ग्रेसले अमेरिकाको स्वतन्त्रताको घोषणा गरयो ।

यस घोषणाले गर्दा यो विद्रोहको सट्टा दुई देशको बीच युद्ध हुन गयो । ब्रिटेनको स्थिति-लाई अप्ठ्यारो पार्न यस युद्धमा फ्रान्स तथा स्पेनले पनि अमेरिकाको सहायता गरे ।

जर्ज वासिंगटन भर्जीनियाबासी थिए । उनलाई सप्तवर्षीय युद्धको अनुभव थियो । उनी धूनका बडा पक्का थिए । कुनै काम हातमा लिएपछि कतिपय कठिनाइ आए तापनि पछि हट्ने उनको स्वभाव थिएन । उनको सेनापति पदमा नियुक्तिले गर्दा दक्षिणका राज्यहरूको समर्थन पनि उत्तरी राज्यहरूलाई प्राप्त गर्न सजिलो भयो ।



(जर्ज वासिंगटन)

लडाईंका घटनाहरू

प्रथम चरणमा बंकरहिलको लडाई (Bunker Hill) मा वासिंगटन हारे तापनि उनल हिम्मत हारेनन् । इस्वी १७७७ मा उनले अंग्रेजी कमान्डर जनरल वर्गायन (General Burgoyne) लाई साराटोगा (Saratogae) को लडाईमा नराम्रोसँग पराजित गरे । वर्गायनले आत्मसमर्पण गर्नुपरयो । १७८१ मा उनले फेरि अंग्रेज सेनापति लर्ड कर्नवालिसलाई यार्क टाउनको लडाईंमा पराजित गरे । कर्नवालिसको पराजयले अंग्रेजको हार र अमेरिकाको विजय निश्चित भयो । अन्तमा १७८३ इस्वीमा अंग्रेजले भर्सिलिज (Versailles) को सन्धि गर्नुपरयो । यस सन्धि अनुसार ब्रिटेनले अमेरिकाको स्वतन्त्रतालाई मान्यता दियो । फलतः एउटा नयाँ स्वतन्त्र राज्यको स्थापना भयो । यस नयाँ राज्यको नाम संयुक्त राज्य अमेरिका रह्यो । यसको पहिलो राष्ट्रपति जर्ज वासिंगटन भए ।

परिणामहरू

अमेरिकाको स्वतन्त्रताको परिणाम बडो व्यापक छ। सबभन्दा पहिले नयाँ संसारमा एउटा यस्तो राज्यको उदय भयो, जहाँ न राजा छ, न सामन्त। राजाविनाको राज्य पनि हुन सक्छ भन्ने त्यस समयको सोचाइमा परिकल्पना पनि गर्न सकिँदैनथ्यो। अंग्रेजले आफ्ना केही उपनिवेशहरू फ्रान्स तथा स्पेनलाई फिर्ता दिनुपरेको। अमेरिका स्वतन्त्र भएकोले देशभित्र जर्ज तृतीयको ठूलो बदनामी भयो। उनको व्यक्तिगत शासनको अन्त भयो। इंगलैंडमा मन्त्रिमण्डलीय शासन बलियो हुनथाल्यो। अमेरिकी स्वतन्त्रताको प्रभाव फ्रान्स तथा आयरलैण्डमा पनि परेको। यी देशहरूमा स्वतन्त्रताको निम्ति ठूलो लहर खडा भयो।

प्रश्नहरू

१. बेलायतको मर्केन्टाइल नीति अमेरिकाबासीहरू किन मन पराउँदैनथे ?
२. अमेरिकाबासीहरूमा सप्तवर्षीय युद्धको कस्तो मनोवैज्ञानिक असर परेको ?
३. "स्टाम्प एक्ट नै अमेरिकी स्वतन्त्रताको संघर्षको मूल कारण हो।" व्याख्या गर्नुहोस्।
४. स्टाम्प एक्ट भनेको के हो ? कसरी यो एक्टले अमेरिकीहरूलाई स्वतन्त्र हुने प्रेरणा दियो ?
५. बोष्टर्न काण्ड भन्नाले के बुझिन्छ ?
६. अमेरिकी स्वतन्त्रताको मूल नारा के थियो ?
७. "जर्ज तृतीयको जिद्दी स्वभावले गर्दा बेलायतले अमेरिका गुमाउनुपर्ने भयो" के यो सत्य हो ?
८. अमेरिकी स्वतन्त्रता आन्दोलनका परिणामहरू के-के हुन् ?

औद्योगिक क्रान्ति

औद्योगिक क्रान्ति हुनुभन्दा अगाडि इङ्गलैण्ड पनि नेपाल र भारतजस्तै एउटा कृषि प्रधान देश थियो । ग्रीगोरी किङ्गको भनाइ अनुसार १६९६ इ. सम्म इङ्गलैण्डको सम्पूर्ण जनसंख्याको ७७% कृषिमा आधारित थियो । ५% जनसंख्यामात्र औद्योगिक क्षेत्रमा आधारित थियो । जनसंख्याको ८०% गाउँमा बसोबास गर्दथे । उद्योगको क्षेत्रमा ऊनी र सूती कपडा तथा कोइला आदि घरेलुस्तरमा विद्यमान थिए ।

अठारौं शताब्दीको उत्तरार्ध र उन्नाइसौं शताब्दीको पूर्वार्ध (१७६०–१८४०) मा इङ्गलैण्डको उद्योगमा आश्चर्यजनक प्रगति हुन गयो । यी परिवर्तनहरू यति आश्चर्यजनक र प्रभावशाली थिए कि यसैलाई अर्थशास्त्रीहरूले औद्योगिक क्रान्तिको संज्ञा दिएका छन् । यो परिवर्तन औद्योगिक क्षेत्रमा हातले काम गर्नुको सट्टा शक्तिद्वारा संचालित मेशीनद्वारा र उद्योगको संचालन घरमा गर्नुको सट्टा फैक्ट्री उत्पादनले लिएकोले उत्पादन प्रक्रियामा क्रान्तिकारी परिवर्तन आयो जसले गर्दा कृषिप्रधान इङ्गलैण्ड उद्योगप्रधान देशको रूपमा परिणत भयो ।

राजनीतिक क्रान्ति सरह यो क्रान्ति एक्कासि र रक्तपूर्ण थिएन । फ्रान्सिसी क्रान्तिले सैकडौं वर्ष पुरानो राजनीतिक व्यवस्थामा केही दिनको रक्तपातले परिवर्तन ल्यायो । निरंकुश राजतन्त्रको सट्टा गणतन्त्रको स्थापना भयो तर यस्तो किसिमको परिवर्तन औद्योगिक क्रान्तिमा संभव हुँदैन । यहाँ परिवर्तनहरू बडो विस्तारै तर लगातार र अक्सर गरेर नदेखिने किसिमबाट भैरहेको हुन्छ तर यसबाट ल्याइएको परिवर्तन बडो महत्त्वपूर्ण प्रभावकारी ढंगको हुन्छ किनकि हजारौं वर्षदेखि चलिआएको आर्थिक व्यवस्था र प्रक्रियामा यसले ५०,७० वर्षभित्रमा जुन परिवर्तन ल्यायो । त्यसलाई आर्थिक क्षेत्रमा क्रान्तिकारी भन्नु अत्युक्ति नहोला ।

औद्योगिक क्रान्ति हुनुभन्दा अगाडि इङ्गलैण्डमा मुख्यतः ऊनी, सुती, कोइला, फलाम उद्योगहरू घरेलु स्तरमा विद्यमान थिए । यी उद्योगहरूमा बालक, आइमाई र पुरुषहरू सबै लागेका हुन्थे । उद्योगलाई सहायकधन्दाको रूपमा आफ्नो कृषिको कामबाट फुर्सतको समयमा लिने गर्दथे । यसले गर्दा उनीहरूको आमदानीमा सहायता हुन्थ्यो ।

जस्तैः– सूत धुने काम केटाकेटीहरू गर्दथे, सूत काल्ने काम आइमाई गर्दथे र बुन्ने काम पुरुषले गर्दथे । इङ्गलैण्डको प्रमुख उद्योग ऊनी उद्योग भए तापनि मेशीनको प्रयोग सबैभन्दा पहिला ऊनीमा होइन सूती उद्योगमा भएको थियो । १७०० इ.को एउटा कानूनले इङ्गलैण्डमा विदेश (भारत, चीन, इरान) बाट सूती कपडा आयात गर्नमा बन्देज लगाएको थियो । तर सूती कपडाको माग स्वदेशमा र विदेश (पश्चिम अफ्रिका, वेष्ट इण्डिज, दक्षिण अमेरिका) मा

प्रशस्त थियो । कच्चा पदार्थको आयात भारत र अमेरिकाबाट प्रशस्तमात्रामा भैरहेको थियो । सुती कपडाको माग अनुसार पूर्ति हुन नसकेकोले नै यस व्यवसायमा लाग्ने व्यवसायीहरूको ध्यान उत्पादन बढाउन तर्फ भयो। साधारणतः आठ जनाले कातेको धागो एउटा बुन्नेलाई ठीक पर्दथ्यो । त्यसैले जुलाहाहरूको अगाडि सूतको ठूलो कमी भयो । यो कमी झन् बढ्न गयो। जोन के (John Kay) नाम गरेको जुलाहाले फ्लाइङ्ग सटल (Flying Shuttle) नामको काठको कपडा बुन्ने मेशीन १७४३ मा आविष्कार गरयो। यो मेशीनमा प्रयोग गरिएको धागो तानेर सटल चलाउन सकिने भएकोले २ जनाले गर्ने काम अब एक जनाले मात्र गर्न थाल्यो । तर यो सूतको कमीलाई जेम्स हरग्रीवस (James Hasgreaves) को स्पिनिङ्ग जेनी (Spinning Jenny) ले पूरा गरयो। ब्लकवर्न निवासी जेम्सले आफ्नी स्वास्नी जेनीको नाममा १७६७ मा एउटा यस्तो सूत काल्ने मेशीन बनायो जसमा ८ वटा तकुवा एकै चोटि घुम्नसक्दछ अर्थात् आठ गुना धागो काल्न सकियो। स्पिनिङ्ग जेनीले सूत काल्ने प्रक्रियामा द्रुतगतिले परिवर्तन ल्याए तापनि घरेलु उद्योगको तरीकामा कुनै परिवर्तन आएन । तर १७६९ मा पेशाको हजाम रिचर्ड अर्करार्इटले वाटरफ्रेम नामको मेशीन आविष्कार गरयो। यो मेशीन यति ठूलो थियो कि यसलाई घरमा जडान गर्न सकिदैन थियो र साधारण किसानले किन्न पनि सक्दैन थियो तथा मानिसले चलाउन पनि सक्दैनथ्यो । यसलाई शक्तिको र छुट्टै घरको आवश्यकता पर्दथ्यो ! त्यसैले यो मेशीन पानीको शक्तिबाट चलाइने भएकोले नै यसलाई वाटरफ्रेम भनियो । यस मेशीनको प्रयोगले गर्दा कारखाना पद्धतिको शुरुआत भयो । यसैले आर्करार्इटलाई आधुनिक फैक्टरी पद्धतिको जनक मानिएको छ । यस मेशीनद्वारा कातिएको सूत बलियो र राम्रो पनि थियो । जेनी र वाटरफ्रेमको आधारित सिद्धान्तमा सम्यूल क्रम्टल (Samuel Crompton) ले १७८० ई. मा म्यूल (Mule) को आविष्कार गरे । यस मेशीनबाट कातिएको सूत झन् बलियो र राम्रो हुन थाल्यो। सूतको कताइ प्रशस्त मात्रामा भएकोले अब जुलाहाको कमी हुन थाल्यो। बुन्ने काम अझै पनि हातद्वारा हुन्थ्यो। यो कमी पनि १७८५ मा एडमन्ड कार्टराइट (Edmund Cartwright) ले पावर लुमको आविष्कार गरेर शुरू गरयो । यस किसिमबाट पावर लुमको आविष्कारले गर्दा कताइ बुनाइ दुवैमा शक्तिको प्रयोग हुन थाल्यो ।

तर शक्तिको निम्ति पानीमा निर्भर गर्नुपर्दथ्यो । पानीबाट उत्पादित शक्ति वर्षभरि सजिलैसँग पाइँदैनथ्यो । नदीमा पानीको कमी भएको बखत मेशीनहरूलाई बन्द राख्नुपर्दथ्यो । यो कमीलाई पनि जेम्सवाट (James Watt) ले वाफबाट चल्ने इन्जिन बनाएर पूरा गरयो। बाफबाट चल्ने इन्जिनले गर्दा अब मेशीनहरू बाह्रै महिना चलाउन सम्भव भयो ।

इन्जिन बनाउन र चलाउनलाई फलाम र कोइलाको आवश्यकता ठूलो मात्रामा भयो । त्यसैले उत्तम किसिमको फलाम ढाल्ने प्रक्रियामा पनि सुधार गरियो । यसले गर्दा फलामको पुल

(१७७६) र फलामको जहाज (१८१०) को निर्माण हुन थाल्यो । १८१५ हैम्फी डैवीले 'रक्षावत्ती (Safety Lamp)' को आविष्कार गरेर कोइला खानीमा काम गर्न सजिलो भयो।

मेशीनबाट ठूलो संख्यामा उत्पादन हुन थालेपछि उत्पादित वस्तुहरूलाई देशका विभिन्न भागमा वितरण गर्नको लागि यातायातको समस्या आयो । त्यसैले यातायात र संचारको साधनमा पनि दूरगामी परिवर्तन ल्यायो । मैकडमले पीच सडक बनाउने तरीका निकाले । १८०४ ई. मा पहिलो रेल बनाइयो । स्टीफेन्सनले रेल्वे इन्जिन बनाए । बेन्जामीन फ्रैङ्क-कलिनले बिजुलीको शक्ति, मोर्श (Morsey) ले टेलीग्राफ (१८३७), बेलले टेलीफोन (१८६७), फोरोडेले बिजुलीको बत्ती र मारकोनीले रेडियो र बेतारको तार (Wireless) को आविष्कार गरे । यी सबै आविष्कारहरूले गर्दा यातायात संचारको क्षेत्रमा अभूतपूर्व प्रगति भयो ।

औद्योगिक क्रान्तिले कृषिमा पनि क्रान्ति ल्यायो। वैज्ञानिक तरीकाबाट खेती शुरू भयो । खेतीको पुरानो प्रणाली (Three Fold System) को सट्टा नयाँ वैज्ञानिक प्रणालीद्वारा खेती गर्न थालियो । नयाँ-नयाँ किसिमका घाँसपात र झारपातहरूको आविष्कारले गर्दा जाडोका मौसममा पशुहरूलाई पाल्न सजिलो भयो । पशुको जातमा सुधार गरियो । पशुहरू उत्तम किसिमका भएकोले बढ्दो शहरी जनसंख्यालाई आवश्यक मासु र अन्नको समस्या यसले पूर्ति गर्न सफल भयो ।

औद्योगिक क्रान्तिले आर्थिक ढाँचामा पनि परिवर्तन ल्यायो । घरेलु उत्पादनको सट्टा अब उत्पादन कारखानामा हुन थाल्यो । असीमित मात्रामा उत्पादन बढ्न थाल्यो । उद्योगको निम्ति पूँजीको आवश्यकताले संयुक्त साझा कम्पनी (Joint Stock Companies) खोलिन थालिए । एकातिर यसले पूँजीपतिवर्ग खडा गरयो भने अर्कोतर्फ मजदुरवर्ग दुवैको सम्बन्धमा मनमुटाव बढ्न थाल्यो ।

अतः यस क्रान्तिले मुख्यतः ६ वटा उद्योगहरूमा ठूलो असर परयो:-
(१) सुती (२) इन्जिनियरिङ्ग (३) फलाम (४) केमिकल (५) कोइला (६) यातायात ।

यो क्रान्ति सबैभन्दा पहिले इङ्गलैण्डमा भएको थियो । अतः यसको लाभ पनि सबभन्दा पहिले संसारमा इङ्गलैण्डलाई नै भयो । इङ्गलैण्ड संसारमा आफ्नो औद्योगिक प्रभुत्व राख्न सफल भयो । औद्योगिक क्रान्तिको प्रगतिलाई दुई भागमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ। (१) सडक र नहर यातायातको युग (१७६०-१८४०) । (२) रेल र स्टीमरको युग (१८४०-१९१४) । पहिलो चरणको प्रगतिमा उत्पादन सीमित मात्रामा हुन्थ्यो । किनकि यातायातको कठिनाइले गर्दा उत्पादित मालसामानहरू बिक्रीस्थलसम्म पुरयाउनको लागि ठूलो समस्या थियो । सडक र हावाको गतिबाट चल्ने जहाजबाट मालसामानहरू निर्दिष्ट ठाउँसम्म पुरयाउन बडो गाह्रो थियो । त्यसैले कारखानामा काम गर्ने ज्यामीहरूको संख्या पनि आजको

दाँजोमा कमै थियो । ज्यामीहरूको पनि आफ्नो कुनै संगठन यसकालमा थिएन । पूँजीको लगानी सीमित थियो । पूँजीको लगानी व्यक्ति वा साझेदारीबाट हुन्थ्यो तर औद्योगिक प्रगतिको दोस्रो चरणमा रेल्वे र वाफद्वारा चालित पानीजहाजको आविष्कारले गर्दा यातायातको कठिनाई धेरै नै सुलभ भयो । उत्पादन ठूलो संख्यामा हुन थाल्यो । चीजबीजहरू सस्ता भए । बढ्दो पूँजीको लगानीको निम्ति संयुक्त साझा कम्पनीको स्थापना हुन थाल्यो । ज्यामीहरूले पनि आफ्नो स्थितिमा सुधार ल्याउन संगठन कायम गरे ।

औद्योगिक क्रान्ति इङ्गलैण्डमा नै किन पहिले शुरू भयो ?

यो क्रान्ति पहिले किन इङ्गलैण्डमा शुरू भयो ? किन फ्रान्स, जर्मनी, हल्यैण्डमा भएन ? यसको सबभन्दा पहिलो कारण थियो बृटेनको राजनीतिक र आर्थिक स्थिरता । १६८८ को रक्तहीन क्रान्तिपछि बृटेनको संविधान एउटा निश्चित आधारमा तयार भयो । निरंकुश राजतन्त्रको सट्टा देशमा प्रजातन्त्रको विकासको निम्ति बाटो तयार भयो । यस्तो किसिमको संविधान यूरोपका अरू मुलुकमा उन्नाइसौं शताब्दीमा मात्र सम्भव हुन सक्यो । वालपोल इङ्गलैण्डका शान्तिप्रिय प्रधान मन्त्री थिए । उनले देशलाई यूरोपीय लडाईंबाट बचाइराखे । उनको शान्तिप्रिय नीतिले देशलाई आर्थिक प्रगति गर्नमा ठूलो सघाउ पुऱ्यायो । राजनीतिक सुरक्षाले आर्थिक विकासलाई टेवा दियो । अठारौं शताब्दीमा इङ्गलैण्ड यूरोपका कतिपय लडाईंमा अल्झिए तापनि यी लडाईंहरू जकोवाइट विद्रोहलाई छोडेर इङ्गलैण्डमा भएनन् । तर फ्रान्स, जर्मनी, हल्यैण्डको भूमिमा कतिपय लडाईंहरू भए । यी देशहरूमा जीउ र धनको सुरक्षा थिएन । यस्तो अवस्थामा यी देशहरूमा औद्योगिक प्रगतिको निम्ति अनुकूल वातावरण थिएन ।

यूरोपका धेरैजसो मुलुकमा अर्धगुलाम व्यवस्था उन्नाइसौं शताब्दीमा कायम थियो । आम जनता कृषिमा टाँसिएका थिए तर उद्योगको विकासको निम्ति मजदुरहरूको ठूलो संख्यामा आवश्यकता पर्दछ । इङ्गलैण्डमा अर्धगुलामी प्रथा सोह्रौं शताब्दीमा अन्त भैसकेको थियो । त्यहाँका कृषकहरू स्वतन्त्र थिए । तिनीहरू स्वेच्छापूर्वक कृषि छोडेर शहरमा मजदुरी गर्न जान सक्दथे ।

उद्योगको विकासको निम्ति पूँजीको व्यवस्था इङ्गलैण्डमा थियो । अमेरिका, वेष्ट इन्डीजसँगको व्यापारले देश सम्पन्न थियो । बंगाल र बिहारको विजयले गर्दा अंग्रेजले प्रशस्त धनराशी पाए । प्यूरिटन धर्मको विकासले गर्दा इङ्गलैण्डवासीहरूलाई साधारण जीवन बिताई फाल्तु किसिमबाट पैसा खर्च नगर्ने बानी बसायो । १६९२ मा बैंक अफ इङ्गलैण्ड (Bank of England) को स्थापना भयो । यस बैंकले उद्योगलाई चाहिने आवश्यक पूँजीको बन्दोवस्त गरयो । यूरोपमा यस किसिमको बैंकिङ्ग व्यवस्था कहीं पनि थिएन ।

इङ्गलैण्डको भौगोलिक अवस्था पनि विश्व व्यापारको अनुकूल थियो। आन्तरिक व्यापारको निम्ति जलमार्ग सुलभ थियो। देशको कुनै भाग पनि समुद्रबाट ९० माइल टाढा छैन। समुद्री किनारामा राम्रा बन्दरगाहहरू थिए। लंकाशायरको आवहवा सुती कपडाको निम्ति बडो अनुकूल थियो। प्राकृतिक स्रोतको रूपमा कोइला र फलामका प्रशस्त खानीहरू थिए।

अंग्रेज जातिको समुद्रमा एकाधिकार थियो। संसारका सबैजसो देशहरूसँग सामुद्रिक मार्गबाट उनीहरूको सम्बन्ध थियो। सामुद्रिक शक्तिद्वारा इङ्गलैण्डले विश्वमा आफ्नो उपनिवेश स्थापना गरेको थियो। यी उपनिवेशहरूबाट कच्चा माल झिकाउन सकिन्थ्यो र उत्पादित मालहरूको निम्ति बजार खोज्नुपर्दैनथ्यो। १७८० तिर इङ्गलैण्डको जनसंख्या ९० लाख थियो जबकि उसको विदेशी व्यापार ३ करोड २० लाख पौण्डको थियो। यस समयमा फ्रान्सको जनसंख्या २ करोड ६० लाख थियो र विदेश व्यापार ४ करोडको थियो। स्वाभाविक रूपबाट इङ्गलैण्ड आफ्नो बढ्दो विदेशी व्यापारको मागलाई हातद्वारा उत्पादित मालबाट पूर्ति गर्न सक्दैन थियो। त्यसैले उत्पादनमा तीव्रता ल्याउन मेशीनको प्रयोग अति आवश्यक हुन गयो।

तर मेशीनको निर्माणमा चार कुराको आवश्यकता पर्दछ। (१) वैज्ञानिक ज्ञान (२) दक्ष कामदार (३) व्यक्तिगत स्वतन्त्रता (४) पूँजी। सौभाग्यवश यी कुराहरू इङ्गलैण्डमा विद्यमान थिए।

इङ्गलैण्डमा विज्ञानको विकासको निम्ति अनुकूल वातावरण थियो। Royal Society of Science को गठन १६६२ ई. मा नै भैसकेको थियो। Newton ले गुरुत्वाकर्षणको सिद्धान्तलाई पत्ता लगाए। Richard Bayle ले ग्यासको Volume र Pressure को सम्बन्धमा खोज गरे। John Black ले तापबारे अनुसन्धान गरे। James Watt ले इन्जिन बनाए। Priestly र Carendish ले रसायन शास्त्रमा शोध गरे। यूरोपको कुनै मुलुकमा पनि यस किसिमको वैज्ञानिक अनुसन्धानको अनुकूल वातावरण थिएन।

फ्रान्समा क्रान्तिले गर्दा औद्योगिक प्रगतिमा बाधा परेको। जर्मनी विभाजित थियो। हलैण्डको सामुद्रिक एकाधिकार गुमेकोले व्यापारमा ह्रास भैरहेको थियो। स्पेन धार्मिक र सैनिकवादमा व्यस्त थियो। त्यसैले औद्योगिक क्रान्तिको श्रीगणेश पनि इङ्गलैण्डबाटै शुरू भएकोमा कुनै आश्चर्य भएन।

क्रान्तिका असरहरू

आर्थिक

औद्योगिक क्रान्तिले यूरोपको आर्थिक र राजनीतिक जीवनमा मात्र परिवर्तन ल्याएन बरु यसले मानव इतिहासको गोरेटोलाई पनि बदलिदियो। तत्कालीन परिणाममा घरेलु उत्पादनको

सट्टा कारखानामा उत्पादन हुन थाल्यो । ६ वटा उद्योगहरूमा ठूलो परिवर्तन आयो (सुती, फलाम, इन्जिनियरिङ्ग, यातायात, रासायनिक, कोइला) । कारखाना पद्धतिले घरेलु उद्योग प्रायः नष्ट भयो । यसमा काम गर्ने शिल्पकारहरू बेकम्मा भए । अन्तमा तिनीहरूले ज्यामी भै काम गर्नुपरयो ।

कारखानामा उत्पादन अत्यधिक मात्रामा हुनाले लागत कम पर्न गयो र उत्पादित वस्तुहरू क्रमशः सस्ता भए । लाखौंको संख्यामा मानिसहरूले काम पाए तर उत्पादित वस्तुहरूको निम्ति बजारको आवश्यकता भयो र स्थायी बजारको निम्ति उपनिवेश खोज्ने प्रेरणा दियो ।

औद्योगिक क्रान्तिले जनसंख्याको बसोबासमा पनि परिवर्तन ल्यायो । १७६० ई. अघि धेरै प्रतिशत जनसंख्या गाउँमा बस्थे र दक्षिण र दक्षिणपूर्वीभागमा बढ्ता घना आवादी थियो तर क्रान्तिले जनसंख्याको वृद्धि उत्तर र उत्तरपश्चिमका भागमा भयो । नयाँ औद्योगिक शहरहरू जस्तै मेनचेष्टर र लीडस लीभरपुल आदिको जनसंख्या लाखौंमा पुग्न गयो । इङ्गलैण्ड कृषिप्रधान देशबाट उद्योगप्रधान देशमा परिणत भयो । जनसंख्या वृद्धि शहरतर्फ हुन लागेकोले गाउँहरू बिराना हुन थाले । गाउँ बिराना भएका सम्बन्धमा Gold Smith ले आफ्नो पुस्तक The Deserted Village मा मार्मिक वर्णन गरेका छन् ।

उद्योगमा पूँजीको विशेष महत्त्व भएकोले एकातिर यसबाट पूँजीवादको जन्म भयो भने अर्कोतर्फ मजदुरवर्गको जन्म भयो । मिल मालिक र मजदुरको सम्बन्ध बडो नराम्रो हुन थाल्यो ।

ठूलो मात्रामा उत्पादनले गर्दा लागत कम बस्यो । चीजबीजहरू सस्ता भए । व्यक्तिको क्रयशक्ति बढ्नको साथै देशको आर्थिक स्थितिको दरिलोपनले गर्दा इङ्गलैण्डले २२ वर्षसम्म चलेको नेपोलियनसँगको लडाईमा आफूलाई बचाई राख्न सक्यो । फ्रान्सको विरुद्ध यूरोपका कतिपय देशहरूलाई इङ्गलैण्डले सहायता दियो ।

यसैको परिणामस्वरूप इङ्गलैण्ड विश्वको ऋणदाता, विश्वको कारखाना, विश्व माल-वाहक हुन पुग्यो ।

सामाजिक

उद्योगको स्थापनाले गर्दा शहरतिर जनसंख्या बढीमात्रामा ओइरियो । तिनीहरूलाई बस्नको निम्ति अव्यवस्थित तरीकाले अस्वस्थकर घरहरू बनाइए । शहर कारखानाको वरिपरी बडो अस्वस्थकर आवहवा थियो । एउटा सानो कोठामा पनि परिवारका सबै सदस्यहरूले कोचिएर बस्नुपर्दथ्यो । त्यसैले औद्योगिक शहरहरूमा विभिन्न किसिमका सरुवा रोगहरू बढ्न थाले । कारखानाका मालिकहरूले मजदुरसँग १६ घण्टा काम लिन्थे । बच्चाहरू पनि काममा लगाइन्थे । कारखानामा दुर्घटना बराबर भइरहन्थ्यो । शुरू–शुरूमा मजदुरहरूको अवस्था बडो

दयनीय थियो र उनीहरूको अवस्था अमेरिकी हब्सीको भन्दा केही गतिलो थिएन । खासगरी नेपोलियनसँगको लडाइँमा यिनीहरूको अवस्था बडो दयनीय थियो । दैनिक वस्तुहरूको भाउ बढ्नाले निम्न आय भएका व्यक्तिहरूलाई जीवन निर्वाह गर्न मुश्किल पर्‍यो । तिनीहरूको अवस्था सुधार गर्न सरकारले पनि केही व्यवस्था गरिदिएन । मजदुर संगठनको निर्माणमा सरकारबाट प्रतिबन्ध लगाइएको थियो ।

तर लडाइँको खतरा टरेपछि सरकारले पनि मजदुरहरूको अवस्था सुधार गर्न ध्यान दियो र १९ औं शताब्दीमा तिनीहरूका भलाइको निम्ति कतिपय सुधारात्मक कानूनहरू पास गरिए ।

औद्योगिक क्रान्तिले सहयोग र सद्भावनामा आधारित पारिवारिक जीवनमा ठूलो आघात पारयो । आइमाईहरू पनि काममा जान थाले र घरको काममा हेचलक्रयाइँ हुन थाल्यो । आफ्नो जीवन धान्न केटाकेटीहरू पनि कमाउन थाले र आमा बाबुको अधीनमा बस्न छाडे ।

राजनीतिक

औद्योगिक क्रान्तिले गर्दा धनी र गरीबबीचको खाल्टो बढाइदियो । धनी झन् धनी हुँदै गए र गरीबको अवस्था दिनपरिदिन बिग्रँदै गयो । धन केही व्यक्तिको हातमा सीमिति हुन थाल्यो । औद्योगिक क्रान्तिले अप्रत्यक्ष रूपबाट पार्लियामेन्टको सुधारलाई टेवा दियो । राजनीतिक शक्ति केही भूमिपतिको हातमा सीमित थियो । गरीब मजदुरहरूको पार्लियामेन्टमा प्रतिनिधित्व थिएन ।

मध्यमवर्ग र मजदुरवर्गले आफ्नो स्थितिमा सुधारको निम्ति बाध्य भै आन्दोलन गरे । कारखाना प्रणालीले तिनीहरूलाई एक ठाउँमा भेला हुन पनि सुविधा पुरयायो र तिनीहरूको आन्दोलनले गर्दा नै सरकारलाई सुधारबील पास गर्न बाध्य गरायो ।

एकातिर औद्योगिक क्रान्तिले पूंजीवादको विकास गरयो भने अर्कोतिर पूंजीवादको प्रतिरोध स्वरूप समाजवादको विकास भयो । कार्ल मार्क्सले समाजवादको सिद्धान्तको प्रतिपादन Communist Manifesto १८४८ ई. सं. र Das Capital १८६७ ई. मा गरे । समाजवादको विचारधारा आजकाल उग्ररूपबाट बढिरहेको छ, खास गरी त्यस देशमा जहाँ जनता भोका छन् । यसप्रकार औद्योगिक क्रान्तिका प्रभावहरू बडो दूरदर्शी, प्रभावकारी र विश्वव्यापी छन् । यिनले हाम्रो अगाडि कतिपय नयाँ सामाजिक र राजनीतिक समस्याहरू खडा गरेका छन् । यी सबै कारणहरूले मानवमस्तिष्कमा एउटा नयाँ विचार उत्पन्न भएको छ । मानवइतिहासको गतिमा परिवर्तन ल्याउन यो क्रान्ति सफल भएको छ ।

प्रश्नहरू

१. क्रान्ति भन्नाले के बुझिन्छ ? औद्योगिक क्रान्तिको अर्थ बुझिने गरी वर्णन गर्नुहोस् ।

२. बेलायत जाडो मुलुक भए तापनि यान्त्रिक परिवर्तन पहिले किन सुती कपडामा भयो ? ऊनी कपडामा किन भएन ?

३. औद्योगिक क्रान्तिले इङ्गलैण्डको यातायातको विकासमा के प्रभाव परयो ?

४. औद्योगिक क्रान्ति सबभन्दा पहिले बेलायतमा नै किन भयो ?

५. 'साम्राज्यवादको विकासमा औद्योगिक क्रान्तिको ठूलो देन छ' भन्ने कुरामा के तपाईं सहमत हुनुहुन्छ ?

६. 'औद्योगिक क्रान्तिले समाजमा नयाँ वर्गभेदको विकास गऱ्यो ।' यस कथनलाई पुष्टि गर्नुहोस् ।

कृषिक्रान्ति र परिणाम

ब्रिटेनको जनसंख्याको वृद्धि नै कृषिक्रान्तिको मूल कारण थियो । बढ्दो जनसंख्यालाई कसरी खाद्यपदार्थ पुऱ्याउने, यो एउटा विकट समस्या थियो । सन् १७०० मा ५५ लाख भएको जनसंख्या सन् १८०० मा १ करोड भयो । सय वर्षमा जनसंख्या झण्डै दुगुना भयो । यो जनसंख्या वृद्धि १९ औं शताब्दीमा झन् बढ्यो । १८५१ सनमा १ करोड ८० लाख र १९०० मा २ करोड ६० लाख पुग्यो । यो जनसंख्याको वृद्धि खास गरी शहरी क्षेत्रमा काम गर्ने कामदारहरूमा देखियो । यी कामदारहरूको अन्न उत्पादनमा कुनै योगदान हुँदैनथ्यो । त्यसैले कृषि उत्पादनको माग प्रशस्त बढ्न गयो । माग बढ्नुको मतलव कृषि पदार्थको मूल्य बढ्नु, मूल्य बढ्नुको मतलव किसान र जमीनदारलाई बढ्ता फाइदा हुनु हो । त्यसैले जमीनदारहरूले कृषि उत्पादन बढाउनमा बढ्ता रुचि देखाए । सरकारमा पनि तिनीहरूको नियन्त्रण भएकोले अन्नको आयातमा नियन्त्रण गरी कृषिपदार्थको मूल्य उच्च राखियो । फेरि १८ औं शताब्दीमा भएका कतिपय यूरोपीय लडाईंले गर्दा बाहिरी देशबाट अन्नको आयात हुन सजिलो थिएन । इङ्गलैण्डले आफ्नो उत्पादनमा भर पर्नुपर्दथ्यो ।

१८ औं शताब्दीमा कृषिको उन्नति

पुरानो कृषिप्रणाली दोषपूर्ण थियो । कुल जमीनको ५० प्रतिशत मात्र खेती हुन्थ्यो । यो ५० प्रतिशत खेती योग्य भूमि पनि पुरानो प्रणाली अनुसार १।३ खेतीयोग्य भूमि पर्ती राख्ने चलन थियो । खेतको उर्वराशक्ति पुनः स्थापना गर्न हरेक २ वर्षपछि जमीन बाँझो राख्ने चलन थियो । जमीनदारहरूसँग ठूला–ठूला फार्म तथा प्रशस्त पूँजी भएको र कृषिको लगानी लाभदायक भएकोले यिनीहरू कृषिमा सुधार गर्न इच्छुक थिए । कृषिमा सुधार ल्याउने काम सबभन्दा पहिले जेथरो टुल (१६७४–१७४१) बाट भयो । उनले ड्रील नामक मेशीनको आविष्कार गरे । यसले बीउ छर्ने प्रणालीमा सुधार ल्यायो । यो मेशीनको आविष्कार हुनु-भन्दा अगाडि परम्परागत तरीकाबाट हातले खेतमा बीउ छर्ने चलन थियो । यसबाट बीउ धेरै नै जान्थ्यो । टुलको मेशीनबाट खेतमा बीउ राख्ने प्वाल बनाइन्थ्यो । सो प्वालमा बीउ राख्दा बीउ खेर जाने भएन । यसले गर्दा १० पौण्ड बीउ लाग्ने खेतमा २ पौण्डले पुग्ने भयो । बीउ राम्रोसँग गाडियो भने उत्पादन राम्रो हुने हुनाले यसबाट बीउको किफायतको साथ-साथै कृषिको उत्पादन पनि राम्रो भयो । रोपेको अन्नलाई जरासम्म बराबर गोडी दिंदा झन् राम्रो फसल हुने हुनाले यस्तो गर्नको निम्ति गोड्ने मेशीन पनि बनाए ।

कृषिमा सुधार ल्याउने अर्का व्यक्ति टाअनसेण्ड थिए । उनी वालपोलका साला थिए । १७३० ईस्वीमा राजनीतिबाट सन्यास लिएपछि उनले बाँकी जीवन आफ्नो फार्ममा बिताए । जमीनको उर्वराशक्ति कायम राख्न उनले एउटा नयाँ तरीका शुरू गरे जसलाई नरफोक तरीका

भनिन्छ । यस तरीका अनुसार हरेक २ वर्षमा जमीन पर्ती राख्नुको सट्टा पहिलो वर्ष गहुँ, दोस्रो वर्ष सलगम, तेस्रो वर्ष जौ र चौथो वर्ष वस्तुको निम्ति भोज्यपदार्थ रोप्ने तरीका शुरू गरियो । यसलाई Rotation of Crop System पनि भन्ने चलन छ । यस व्यवस्था अन्तर्गत जमीनलाई कहिल्यै पनि बाँझो राख्नुपरेन । जमीनले आफ्नो उर्वराशक्ति फेरि प्राप्त गर्ने मौका पायो र सर्दीको मौसममा पशुहरूका निम्ति चाराको समस्या भएन । पशुको मल खेतको निम्ति मलको रूपमा प्रयोग गर्न पनि पाइयो ।

कृषिको उन्नतिलाई सरकारी संरक्षण पनि प्राप्त भयो । जर्ज तृतीयलाई प्यारले "किसान जर्ज" पनि भन्ने चलन छ । उनले विन्डसरमा एउटा नमुनाको फार्म खोले । बोर्ड अफ एग्री-कल्चरका सचिव आर्थर योङ्गले इङ्गलैण्ड र फ्रान्सको विस्तृत रूपमा भ्रमण गरे । विभिन्न ठाउँको कृषिप्रणालीको अध्ययन गरे र उन्नत तरीकाको कृषिसम्बन्धी विचार मासिक पत्रिका (Annuals of Agriculture) को माध्यमबाट कृषकहरूमा प्रचार गरे ।

आर्थर योङ्गको सैद्धान्तिक विचारधारालाई व्यावहारिक रूप थोमस कोकले दिए । उनले आफ्नो होल्कमको जमीनदारीको बलौटे माटोलाई गहुँ उत्पादनको निम्ति योग्य बनाउन विभिन्न आधुनिक किसिमका तरीका अपनाए । उनले आफ्ना किसानहरूलाई त्यसै गर्न उत्साहित गरे । परिणामस्वरूप उनको फार्मले पश्चिमी यूरोपमा नमुनाको रूप लियो र यसबाट उनलाई प्रशस्त आर्थिक लाभ भयो ।

वस्तुको नश्लमा सुधार

बढ्दो जनसंख्यालाई अन्नको साथसाथै दूध, मासु, बीउ, मक्खन आदिको पनि आवश्यकता थियो । यो समस्याको समाधान बेकवेल (Bakewell १७२५–१७९५) र कोलिङ्ग ब्रदरसले गरे। गाईवस्तुको नश्लसुधार हुनुभन्दा अघि गोरुहरू दुब्ला र लामटाङ्गे देखिन्थे । तिनीहरूको महत्त्व केवल बोझा तान्नुमा मात्र थियो । त्यस्तै भेडाहरू पनि दुब्ला थिए । बडो कम मासु प्राप्त हुने गर्दथ्यो । फेरि धेरै वस्तुहरूलाई चाराको समस्याले गर्दा जाडोअगाडि मार्नु-पर्दथ्यो तर अब गाई, भेडाको विभिन्न तरीकाबाट नश्लमा सुधार गरियो । तिनीहरूको पालन मासुको उद्देश्यले गरिन थालियो । परिणामस्वरूप गाईगोरुको तौल ३७० पौण्डबाट ८०० पौण्ड, बाच्छाको तौल ५० पौण्डबाट १५० पौण्ड र भेडाको तौल २८ पौण्डबाट ८० पौण्ड सम्म बढ्न थाल्यो । जाडोमा वस्तुको चाराको समस्या हल भएकाले खेतीको निमित्त वस्तुमल पनि उपलब्ध हुन सक्यो । यसरी गाईवस्तुको नश्लसुधारबाट कृषिलाई धेरै फाइदा हुनपुग्यो ।

खेतीको घेराबन्दी

वैज्ञानिक तरीकाले खेती र नश्लसुधारको कार्य खुला खेतप्रणालीमा संभव थिएन । साना–साना चक्लामा कृषिऔजारको प्रयोग हुन सक्दैनथ्यो । नश्लसुधारको निम्ति सुधारिएका

गाईवस्तुलाई घटिया किसिमका वस्तुबाट अलग राख्नुपर्ने भयो । यो सबै गर्नको निम्ति खेतको आकार ठूलो गर्नुपरथ्यो । खेतलाई चारैतिरबाट घेराबन्द गर्नुपरथ्यो तर यी काम साना-साना किसानले गर्न सक्दैनथे । किनकि उनीहरूसँग पूँजीको अभाव थियो । सरकारले घेराबन्दी नीतिलाई प्रोत्साहन दिएकोले साना किसानहरूले आफ्नो खेत बेचेर शहरमा मजदुरी गर्न जानुपर्ने बाध्यता भयो । तल दिइएको तथ्यांकले घेराबन्दीमा भएको प्रगति देखिन्छ ।

ईस्वीमा	घेराबन्दी
१७००–१७५०	३,७०,००० एकड
१७५०–१८५०	८० लाख एकड

ईस्वी १८३८ मा Royal Society of Agriculture खडा भयो । यसले प्रत्येक जिल्ला–जिल्लामा कार्यालयहरू खडा गरी कृषिको आधुनिकतम प्रयोगको विषयमा ज्ञान गरायो । कृषि विज्ञानमा उन्नति भयो । खाद कारखानाहरू र सिचाइको सुविधा बढायो । कृषिऔजार जस्तैः– ड्रील, ट्याक्टर, चुट्ने, काट्ने मेशीन प्रयोगमा ल्याइए ।

यी सबै उन्नत तरीकाका प्रयोगले गर्दा कृषिमा क्रान्तिकारी परिवर्तन आयो जसले गर्दा बढ्दो औद्योगिक जनसंख्यालाई खाद्य आपूर्ति हुन सक्यो ।

कृषिक्रान्तिको परिणाम

कृषिमा भएको क्रान्तिले उत्पादन बढ्यो । बढ्दो जनसंख्यालाई खाद्य समस्या रहेन । कृषि व्यवसायको रूपमा विकसित भयो । घेराबन्दी र चक्लाबन्दीप्रणालीले उत्पादनमा वृद्धि ल्यायो । उत्पादन प्रणालीमा क्रान्ति नभएको भए नेपोलियनसँगको लडाईंमा इङ्गलैण्डले ठूलो मात्रामा खाद्य संकटको समस्या भोग्नुपर्ने थियो । तर कृषिक्रान्तिले इङ्गलैण्डलाई भोकभोकै मर्नबाट बचायो ।

कृषिक्रान्तिले देशलाई सामूहिक रूपबाट फाइदा पुऱ्याए तापनि यसको तत्कालीन प्रभाव साना–साना किसानहरूमा बडो विनाशकारी भयो । साना–साना किसानहरूसँग उन्नत किसिमको खेती गर्न पूँजीको अभाव थियो । सरकारले घेराबन्दीलाई प्रोत्साहन गरेकाले तिनीहरू आफ्ना खेतहरू बेच्न बाध्य हुनुपरथ्यो । तिनीहरू यात शहरमा आए र मजदुर भए या देश छोडेर उपनिवेशतर्फ लागे । धेरैले कृषिमजदुर भै जीवनयापन गर्न थाले । ठूलो माछाले सानो माछालाई निलेर खाएजस्तै ठूलाठूला फार्मले साना खेतलाई खतम पारिदियो ।

गोल्ड स्मिथले आफ्नो 'The Deserted Village' नामक पुस्तकमा साना किसान र गाउँको दुर्दशाको बडो मार्मिक दृश्य प्रस्तुत गरेका छन् ।

कृषिको स्वरूप पूँजीवादी भयो । यसैले उद्योगको क्षेत्रमा देखापरेका दुर्गुणहरू यहाँ पनि देखा पर्न थाले । जमीनदार, किसान तथा कृषिमजदुरमा जो पहिले सौहार्द वातावरण थियो त्यो अब मनमुटाव तथा तनावको रूपमा बदलियो । कृषि बेरोजगारको समस्या देखा पर्न थाल्यो र कृषिमजदुरहरू झन्–झन् गरीब हुन थाले ।

प्रश्नहरू

१. कृषिमा क्रान्ति हुनुभन्दा अगाडि बेलायतको कृषिव्यवस्था कस्तो थियो ?
२. जेथरोको ड्रीलले कृषिप्रणालीमा कस्तो सुधार ल्यायो ?
३. टाउन सेण्ड प्रणाली भन्नाले के बुझिन्छ ?
४. घेराबन्दी आन्दोलन (Encloser Movement) भन्नाले के बुझिन्छ ?
५. कृषिक्रान्तिले बेलायतका किसानमा कस्तो प्रभाव परयो ?

इङ्गलैण्डमा मन्त्रिमण्डलीय व्यवस्थाको विकास

संसदीय व्यवस्थामा मन्त्रिमण्डलको महत्त्वपूर्ण स्थान हुन्छ । यो प्रशासनको प्रमुख अङ्ग हो । यसले कानून निर्माण र नीति निर्माणमा पूर्ण नियन्त्रण गरेको हुन्छ । मन्त्रिमण्डल आफ्नो कार्यको निम्ति संसदप्रति उत्तरदायी हुन्छ । मन्त्रिमण्डलका सदस्यहरू संसदमा बहुमत भएका पार्टीबाट लिइन्छ । संक्षेपमा मन्त्रिमण्डल त्यो धुरी हो जहाँ सम्पूर्ण राजनीतिक क्रियाकलाप चक्कर लगाउँदछ ।

मन्त्रिमण्डलीय व्यवस्थाको उत्पत्ति

मन्त्रिमण्डलको उत्पत्ति बडो सुस्त, क्रमबद्ध तथा अदृश्य तरवबाट भएको देखिन्छ । कानूनी तवरबाट मन्त्रिमण्डल ट्यूडरकालीन (१४८५–१६०३) ई. प्रिवी कौंसिल (Privy Council) को एउटा सानो एकाइ हो । प्रिवी कौंसिल पनि एंग्लो सेक्सन कालको विटनाजेमुट (Witenagemot बुद्धिमानहरूको सभा) को अर्को रूप हो । ट्यूडर राजाले प्रिवी कौंसिलको गठन गरे तापनि कालान्तरमा यसको आकार पनि ठूलो हुन गयो । त्यसैले चार्ल्स द्वितीयले आफ्ना विश्वसनीय व्यक्तिहरूको एउटा अनौपचारिक समिति गठन गरे । यस समितिमा पाँच व्यक्तिहरू थिए । यही समितिमा वर्तमान मन्त्रिमण्डलको मूल आधार रहेको छ । ती पाँच सदस्यहरू थिए:– क्लिफोर्ड (Clifford), आर्लिङ्गटन (Arlington), बकिङ्घम (Buckingham), आस्से (Asshey) र ल्याण्डरडेल (Landerdale) यी पाँच व्यक्तिहरूको नामको पहिलो अक्षरबाट CABAL शब्दको उत्पत्ति भयो । क्याबल-बाटै क्याबिनेट (Cabinet) को विकास भयो । क्याबललाई संसदले मनपराउँदैनथ्यो । १६७९ ईस्वीमा टेण्ट एक्ट पास भएपछि क्याबलको अन्त भयो ।

चार्ल्स द्वितीयको शासनकालमा जेम्स द्वितीयलाई उत्तराधिकारबाट हटाउनको निम्ति संसदले एक्सक्लुशन बिल (Exclusion Bill) ल्यायो । यस बिलको उद्देश्य जेम्स द्वितीयलाई कट्टर क्याथोलिक भएको हुनाले राजगद्दीको उत्तराधिकारबाट हटाउने थियो । यस बिलमा संसदका सदस्यहरू दुई भागमा बाँडिए । जेम्स द्वितीयका समर्थक टोरी (Tory) र उनका विरोधी ह्विग (Whig) कहलाए । टोरीको अर्थ बासी दूध हुन्छ । ह्विगको अर्थ पहाडी डाँका हो । संसदका सदस्यहरू एक अर्कालाई यस शब्दबाट गिज्याउने र आक्षेप गर्न थाले । यही शब्द पछि गएर इङ्गलैण्डका दुई प्रमुख राजनीतिक पार्टीहरूको नाम हुन गयो । राजाका समर्थक 'टोरी' र संसदका समर्थक 'ह्विग' भए ।

विलियमको समयमा ह्विग र टोरी दल तथा मन्त्रिमण्डलमा दलीय सरकारको विरोध

विलियम तृतीयको शासन शुरू हुनुभन्दा अगाडि राजाले आफ्नो मनपरेको व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्ने चलन थियो तर चार्ल्स द्वितीयको शासनकालमा संसदमा ह्विग र टोरी नामका दुई राजनीतिक विचारधाराका सदस्यहरू देखापर्न थाले। विलियम तृतीयलाई ह्विग र टोरी दुवै पार्टीका सदस्यहरूले बेलायतको राजगद्दी दिएका थिए। त्यसैले राजगद्दी पाएपछि सेनाले आफ्नो मन्त्रिमण्डलमा दुवै पार्टीका मानिसहरूलाई समावेश गरे तर यो मिल-जुलको मन्त्रिमण्डलले राम्रोसँग कार्य गर्न सकेन। यिनीहरू आपसमा मन्त्रिमण्डलभित्र तथा ससदमा भनाभन र झगडा गर्न थाले। ह्विग र टोरी दलबीच वैमनस्यता बढ्न थाल्यो। एक दलले अर्को दललाई घृणा गर्न लागे। टोरी दल राजाको युद्धनीतिलाई मन पराउँदैनथ्यो। यी दुवै दलका बीच वैमनस्य बढ्यो, यी दुवै एकै ठाउँमा बसेर काम गर्न नसक्ने भए। सन् १६९० को चुनाउमा टोरीको बहुमत आयो। त्यसैले विलियमले आफ्नो मन्त्रिमण्डलमा टोरीको संख्या बढाए।

सन् १६९५ मा चुनावमा ह्विग दलको संसदमा बहुमत भयो। दुवै दलको मन्त्रिमण्डल त्यति लाभदायक नभएकाले अब राजाले जुन दलको बहुमत छ त्यही दलको मन्त्रिमण्डल बनाए। यसरी राजाले १६९५ मा ह्विग दलको मन्त्रिमण्डल बनाए। त्यसैले यो एकदलीय मन्त्रिमण्डल-लाई जुन्टो (Junto) भनिन्थ्यो। यसरी १६९५ पछि जुन दलको संसदमा बहुमत बढी हुन्थ्यो, त्यसै दलका सदस्यहरूमध्येबाट मन्त्रिमण्डल बन्न लाग्यो। यसरी विलियमको शासन-कालमा यो एक प्रकारको प्रथा बन्यो। मन्त्रिमण्डलको बैठक राजदरबारको सानो कोठामा बस्दथ्यो। यस कोठाको नाम क्याबिनेट थियो। त्यसकारण मन्त्रिमण्डलको नाम क्याबिनेट हुन गयो। यसरी एकदलीय मन्त्रिमण्डलको गठन भए तापनि आधुनिक मन्त्रिमण्डलीय सिद्धान्तमा आधारित थिएन। सन् १६९८ मा टोरीको बहुमत भएपछि ह्विग मन्त्रिमण्डलले राजीनामा गरेन तर मन्त्रिमण्डलमा टोरीको संख्या बढ्न गयो।

रानी एनको शासनकालमा मन्त्रिमण्डलको ढाँचा विलियमकै जस्तो थियो। रानी एनलाई अन्तरराष्ट्रिय राजनीतिमा त्यति रुचि थिएन। त्यसैले महत्त्वपूर्ण कुराहरूको निर्णय पनि मन्त्रिमण्डलमा नै हुन थाल्यो, मन्त्रीहरू राजाकै अधीनमा हुन्थे। राजाले निश्चित गरेको नीति-लाई नै मन्त्रिमण्डलले मान्नुपर्दथ्यो।

जर्ज प्रथमको शासनकालमा मन्त्रिमण्डलको प्रगति

जर्जको शासनकाल मन्त्रिमण्डलीय शासनप्रणालीको विकासमा बडो महत्त्वपूर्ण थियो। यस विकासमा तीन परिस्थिति सहायक भए। (क) जर्ज विदेशी हुनु (ख) अङ्ग्रेजी भाषाको ज्ञान नहुनु (ग) इङ्गलैण्डको राजनीतिमा जर्जको दिलचस्पी नहुनु।

जर्ज प्रथम अङ्ग्रेजी भाषा बुझ्दैनथे । अङ्ग्रेजी रीतिरिवाज पनि जान्दैनथे । उनलाई अङ्ग्रेजी राजनीतिमा भन्दा जर्मन राजनीतिमा बढ्ता रुचि थियो । यी सबै परिस्थितिले गर्दा बेलायतमा क्याबिनेट शासनप्रणालीको विकास हुन गयो । अङ्ग्रेजी भाषाको ज्ञान नभएकोले जर्जले मन्त्रिमण्डलको अध्यक्षता गर्न छाडिदिए । राजाले मन्त्रिमण्डलको अध्यक्षता गर्न छाडेपछि मन्त्रिमण्डलको अध्यक्षता प्रभावशाली मन्त्रीले गर्न थाले । त्यस समयमा प्रभावशाली मन्त्री रबर्ट वालपोल थिए । उनैको अध्यक्षतामा मन्त्रिमण्डलको कारबाई हुन थाल्यो । यसैले गर्दा उनी इङ्ग्लैण्डका प्रथम प्रधान मन्त्री भए । राजाले मन्त्रिमण्डलको अध्यक्षता गर्नुहुँदैन भन्ने सिद्धान्त अब कायम भयो । उनले आफ्नो २१ वर्षको प्रधान मन्त्रित्व कालमा केही अरू सिद्धान्त पनि लागू गरे । मन्त्रिमण्डलले प्रधानमन्त्रीको निर्देशानुसार काम गर्नुपर्छ र बहुमतले पारित गरेको निर्णयलाई सबै मन्त्रीहरूले मान्नुपर्छ । यदि कुनै मन्त्रीलाई बहुमतको निर्णय मान्य छैन भने उनले राजीनामा गर्नुपर्छ । यही सिद्धान्त अनुसार उनले टाउन्टशैंड र लर्ड चेष्टर फिल्डलाई राजीनामा गर्न बाध्य गराए । यसरी उनले मन्त्रिमण्डलले संयुक्त उत्तरदायित्वमा काम गर्नुपर्दछ भन्ने परम्परा बसाले । संसदमा बहुमत नभएको मन्त्रिमण्डलले राजीनामा दिनु सँग काम गर्न सक्दैन भन्ने उनलाई थाहा थियो । त्यसैले उनले हर प्रकारबाट संसदमा आफ्नो बहुमत कायम राख्न कोशिश गरे । सन् १७४२ मा उनले राखेको प्रस्ताव संसदले स्वीकार नगरेको हुनाले उनले राजीनामा गरे । यसरी उनले आफ्नो सफलता तथा असफसलता दुवैबाट मन्त्रिमण्डलीय शासनप्रणालीमा निम्न लिखित सिद्धान्तहरूको प्रतिपादन गर्न खोजे ।

(१) मन्त्रिमण्डलको अध्यक्षता राजाले गर्नुहुँदैन ।
(२) संसदमा बहुमत भएको पार्टीको सरकार हुनुपर्छ ।
(३) प्रधान मन्त्रीको नेतृत्व ।
(४) मन्त्रिमण्डलभित्र एक राजनीतिक विचारधारा र संयुक्त उत्तरदायित्वको सिद्धान्त ।

संसदको तल्लो सदनको शक्ति वृद्धि

संसद भन्नाले द्विसदनात्मक सभालाई बुझाउँछ ।

(१) लोकसभा (House of Commons) (२) लर्डस सभा (House of Lords)

लर्डस सभा एउटा सल्लाहाकार सभा मात्र हो । यसले लोकसभाले पारित गरेका बिलहरूमा आवश्यक सुझाव दिन्छ । लोकसभाले पारित गरेको कुनै पनि बिलमा लर्डस सभाले आवश्यक काँटछाँट तथा नामन्जुर गरे तापनि आर्थिक बिल सृजना तथा नयाँ कर लगाउने अधिकार तल्लो सदन अर्थात् लोकसभालाई मात्र हुन्छ । त्यसैले ईस्वी १६८८ को गौरवमय क्रान्तिले संसदको तल्लो सदनलाई बेलायतको राजनीतिमा बढ्ता शक्तिशाली तुल्यायो । यस

क्रान्तिले देशको राजस्वमा मात्र तल्लो सदनको पूर्ण अधिकार भएन, राजस्व व्ययमा पनि तल्लो सदनको पूर्ण नियन्त्रण रह्यो । फेरि दलीय व्यवस्था तथा मन्त्रिमण्डलीय शासनप्रणालीको विकासले गर्दा तल्लो सदनको शक्ति झन् बढ्न गयो । राजा विलियम तृतीयलाई संसदले इङ्ग्लैण्डको राजगद्दी दिएको थियो । राजगद्दी पाउनासाथ उनले अधिकारपत्र (Bill of Rights) स्वीकार गर्नुपरयो । यस अधिकारपत्र अनुसार राजाले संसदको स्वीकृतिविना कुनै किसिमको कर उठाउन नपाउने भए । राजाले आफ्नो स्वविवेकमा कुनै किसिमको पनि कानून लागू गर्न नपाउने भए । राजाले आफ्ना विरोधीहरूलाई न्यायालयका जजहरूको माध्यमबाट दण्ड दिन नपाउने भए । स्टुअर्ट राजाहरूले न्यायिक पदहरूमा आफ्ना मानिसहरूलाई भर्ना गरेर विरोधीहरूलाई दबाउने गर्दथे तर अधिकारपत्रले यो परम्परालाई पनि बन्द गरियो । यसरी अधिकारपत्रद्वारा राजाका विशेषाधिकारहरू माथि लगाम लगाएपछि संसदले केही यस्तो व्यवस्था गरयो जसबाट राजाले भविष्यमा आफ्नो अधिकारको दुरुपयोग गर्न नसकून् । संसदले राजाको निरंकुशतामाथि नियन्त्रण गर्न खोजे तापनि दैनिक प्रशासन चलाउने काम राजाकै जिम्मामा थियो । राजा विलियम तृतीयभन्दा अघि संसदले राजालाई धन दिन स्वीकृत गर्दा साधारणतः राजाको जीवनभरको निम्ति गर्ने चलन थियो तर विलियम तृतीयलाई संसदले देशको सामान्य प्रशासन चलाउन एउटा निश्चित रकम एक वर्षको निम्ति मात्र स्वीकृत गरयो । खर्चमा यस प्रकारको नियन्त्रणले गर्दा विलियम तृतीय रिसाए तापनि आखिरमा उनले संसद अगाडि झुक्नै परयो । यसले गर्दा प्रत्येक वर्ष संसदको अधिवेशन बोलाउन विलियम तृतीयलाई करै लाग्यो । १६९८ ई. को सिभिल लिष्ट अनुसार राजाको व्यक्तिगत र प्रशासनको खर्च अलग गरियो ।

अधिकारपत्रले शासनकालमा शान्तिसेना राख्न मनाही गरेको थियो तर विलियम तृतीयको आगमनले गर्दा जेम्स द्वितीयका समर्थकहरूले देशमा गडबडी मच्चाउलान् भन्ने आशंकाले १६८९ ई. को म्युटिनी एक्ट अनुसार राजालाई सेना खर्चको निमित्त संसदले एक वर्षका लागि धन स्वीकार गरयो । यसले गर्दा पनि राजालाई संसदप्रति निर्भर रहनुपरयो ।

दलीय व्यवस्थाको विकासले गर्दा राजाले आफ्नो मन्त्रिमण्डल त्यही दलबाट बनाउनुपर्ने भयो जसको संसदमा बहुमत हुन्छ । संसदमा बहुमत नभएको दलको मन्त्रिमण्डल राजाले चाहेर पनि चल्न सक्दैनथ्यो । यही कारण १७४४ ई. मा वालपोलले एउटा बिलमा पराजित भएपछि संसदबाट राजीनामा गरे । १७४६ ई. मा राजाको समर्थन भए तापनि लर्ड बाथ (Lord Bath) र ग्रेनभिली (Granville) ले संसदको समर्थन प्राप्त गर्न नसकेकोले मन्त्रिमण्डल गठन गर्न सकेनन् । राजाले आफ्नो इच्छाविरुद्ध पेल्हम (Pelham) लाई मन्त्रिमण्डल बनाउन अनुरोध गर्नुपरयो ।

यसरी विलियम तथा जर्जको शासनकालमा संसदको तल्लो सदन प्रशस्त शक्तिशाली हुन गयो । तल्लो सदन शक्तिशाली भए तापनि यसले जनताको प्रतिनिधित्व गर्दैनथ्यो । लोक-

सभाका सदस्यहरू ठूलाठूला जमीनदारहरू थिए। त्यसैले १९ औं शताब्दीमा संसद सुधारका लागि आन्दोलनहरू हुन थाले ।

इङ्गलैण्डमा संसदको लागि निर्वाचन व्यवस्थामा सुधार

सन् १६८८ को गौरवमय क्रान्तिले गर्दा बेलायतको संसद बडो शक्तिशाली भयो । दलीय व्यवस्थाको विकासले क्याबिनेट प्रणालीको शासन शुरू भयो । संसद शक्तिशाली भए तापनि संसदको गठन भने प्रजातान्त्रिक तथा प्रतिनिधिमूलक थिएन । संसदले जनताको इच्छाको प्रतिनिधित्व गर्दैनथ्यो । राजनीतिक अधिकार ठूलाठूला जमीनदारहरूमा सीमित थियो । भोट दिने अधिकार सीमित थियो । नयाँ औद्योगिक शहरहरूलाई भोट दिने अधिकार थिएन । प्रतिनिधि छान्दा घुसको प्रयोग हुन्थ्यो । प्रतिनिधिहरूलाई जमीनका अधिपतिहरूले किन्ने गर्थे ।

संसदले आफनो सुरक्षाको निम्ति र संसद सदस्यहरूको कारबाईमा राजाले हस्तक्षेप नगरून् भनेर केही विशेषाधिकारहरू पाएका थिए । सन् १६८८ पछि संसदलाई राजाबाट कुनै खतरा भएन । त्यसैले संसदले पाएको विशेषाधिकारको दुरुपयोग हुन थाल्यो । विशेषाधिकारको नाममा संसदले सन् १७७१ मा ६ वटा अखबारका मालिकहरूलाई संसदको खबर जथाभावी छापेको आरोपमा दण्ड दियो । सन् १७८२ मा जोन वाइक्स (John Wikes) तीन पटक मिडिलसेक्सनको निर्वाचन क्षेत्रबाट छानिए तापनि उनलाई संसदमा बस्न दिइएन । विशेषाधिकारको दुरुपयोग यहाँसम्म भयो कि संसद सदस्यको पोखरीमा माछा मारेको अभियोगमा पनि दण्ड दिने चलन भयो । संसदको मनपरितन्त्रले गर्दा संसद सुधारको माग दढ्दै गयो ।

सुधारका कारणहरू

संसद सुधारका मूलतः तीन कारणहरू थिए

(१) शिक्षाको विकासले गर्दा राजनीतिक चेतना बढ्नु ।

(२) औद्योगिक क्रान्तिले गर्दा देशका ग्रामीण तथा शहरी बनावटमा परिवर्तन हुनु ।

(३) प्रतिनिधि प्रणाली दोषपूर्ण हुनु ।

(१) शिक्षाको विकासले राजनीतिक चेतना बढ्नु

अमेरिकी स्वतन्त्रता र फ्रान्सको राज्यक्रान्तिले सुधार आन्दोलनलाई ठूलो बल दियो । रूसो र भोल्टायरका लेखहरू सबैले पढ्न थाले । यसबाट सच्चा जनमुखी प्रजातन्त्रको माँग बढ्न थाल्यो । "भोट दिनु एउटा मौलिक अधिकार हो जसको अभावमा कुनै पनि नागरिकले आफूलाई स्वतन्त्र भएको सम्झँदैन ।" यसप्रकारको मनोवैज्ञानिक सोचाइको विकास बढ्न थाल्यो । अमेरिकामा आफनै स्वबन्धु राजा र सामन्तविनाको सच्चा प्रजातन्त्रको स्थापना गरे । फ्रान्सको क्रान्तिले ल्याएको स्वतन्त्रता र समानताको विचारधाराको इङ्गलैण्डमा पनि स्वागत हुन थाल्यो ।

(२) औद्योगिक क्रान्तिको प्रभाव

औद्योगिक क्रान्तिले इङ्गलैण्डको अनुहारनै बदली दियो। जनसंख्याको अत्यधिक वृद्धि भयो। पुराना शहरको सट्टा नयाँनयाँ शहरहरूको विकास भयो। यी नयाँ शहरहरूका बासिन्दाहरूले नेपोलियनसँग भएको लडाईंमा बडो आर्थिक कष्ट पाएका थिए। अतः राजनीतिक अधिकारले मात्रै तिनीहरूको दुःख हटाउन सक्छ भन्ने धारणा बलियो हुँदै गयो।

(३) दोषपूर्ण प्रतिनिधित्व प्रणाली

प्रतिनिधित्व प्रणाली दोषपूर्ण थियो। यो जनसंख्याको आधारमा नभएर भौगोलिक आधारमा थियो। प्रत्येक काउण्टी (गाउँ) तथा बरो (शहर) लाई दुई प्रतिनिधि संसदमा पठाउने अधिकार थियो तर औद्योगिक क्रान्तिले गर्दा कतिपय बरो उजाड तथा नष्ट प्रायः भैसकेका थिए तापनि त्यहाँबाट दुई प्रतिनिधि पठाउने चलन थियो। उदाहरणको लागि स्यारम बरो (Sarum Borough), डाउन टाउन (Down Town), मैल्मसबरी (Malmesbury) बुट बरो (Bute Borough) आदिलाई लिन सकिन्छ। स्यारम बरोमा एकजना पनि बासिन्दा थिएनन्। डाउन टाउन समुद्रमा डुबी सकेको थियो। मैल्मसबरीमा १३ जनालाई मात्र भोट दिने अधिकार थियो। कोही पनि लेख पढ गर्न जान्दैनथे। बुटबरोमा भोट दिने एकजना मात्र थियो। यस्ता बरोहरूलाई रटेन वा सडेगलेको बरो भनिन्थ्यो। यी सीटहरूमाथि बडेबडे जमिन्दारहरूको एकाधिकार थियो। त्यसैले यस्तो बरोलाई पाकेट बरो (Pocket Borough) पनि भन्ने चलन थियो। नयाँ औद्योगिक शहर जस्तै मैनचेष्टर, लाइस वर्मिङगम आदिको कुनै प्रतिनिधित्व थिएन। भोट दिने अधिकारको पनि कुनै निश्चित नियम थिएन। यो सम्पत्तिको आधारमा थियो। स्वतन्त्र रूपबाट जमीनको मालिक भएर ४० सिलिङ पौत तिर्नेलाई भोट दिने अधिकार थियो भने जमीन पट्टामा जोत्नेहरूलाई भोट दिने अधिकार थिएन तर कृषिक्रान्तिले गर्दा स्वतन्त्र किसानहरूको संख्या एकदमै घटी सकेको थियो।

त्यसैले यस्तो अवैज्ञानिक प्रतिनिधि प्रणालीमा जमीनदारहरूको बोलबाला थियो। एउटा जमिनदारको हातमा कैयौं सिट हुन्थ्यो। यी जमिनदारहरूले यी सिटहरू यात आफ्नो मानिसलाई दिन्थे या सबैभन्दा बढ्ता पैसा दिनेलाई दिन्थे। ओलफिल्डको भनाइ अनुसार ६५८ सदस्यहरू भएको सदनमा ४८७ सदस्यहरू जमीनदारका मनोनित हुन्थे।

सुधारको निम्ति आन्दोलन

उद्योगमा लागेका पूँजीपति, मजदूर तथा बुद्धिजीवीहरूले अब सुधारको निम्ति आन्दोलन गर्न थाले। जनमतलाई प्रभाव पार्न कार्टराइटको नेतृत्वमा सुधार सभा खडा भयो। यो सुधार

सभाले वार्षिक पार्लियामेन्ट, बालिगमताधिकार, जनसंख्याको आधारमा सिटको वितरण, गुप्त मतदान आदिको मागमा जोड दियो। यसै बखत फ्रान्समा अर्को क्रान्ति भयो (१८३०)। यी सबै कारणहरूले गर्दा नै प्रधानमन्त्री अंग्रेजले राजा विलियम चतुर्थको शासनकालमा प्रथम सुधार बिल ल्याए।

मार्च १८३१ मा प्रधानमन्त्री ग्रेको तर्फबाट रशेलले सुधार बिल ल्याए तापनि यो बिल १ भोटले तल्लो सदनबाट पास हुन सकेन। ग्रेको सिफारिशमा सदनलाई विघटन गरियो। नयाँ चुनावमा ग्रेको पार्टी विजयी भयो। अब ग्रेले दोस्रो सुधार बिल ल्याए। यस पटक तल्लो सदनबाट बिल पास भए तापनि लर्डस सभाले ४१ को बहुमतबाट सुधारको विरोध गरयो। त्यस समयको चलन अनुसार सदनलाई केही कालको निम्ति स्वागत गरियो। सुधारको पक्षमा जन-आवाज बढ्न थाल्यो। लर्डस सभाका विरोधमा जुलुसहरू निस्के। यसपछि डिसेम्बर १८३१ मा तेस्रो सुधार बिल ल्याइयो। लर्डस सभाले यसमा काँटछाँट गर्न खोज्यो। त्यसैले ग्रेको मन्त्रि-मण्डलले राजीनामा दियो तर विरोधी पार्टीले मन्त्रिमण्डल बनाउन सकेन। राजाले ग्रेलाई नै प्रधानमन्त्री बनाए। लर्डस सभाको विरोधलाई जित्नको निमित्त राजाले आवश्यक पियर्स थप्ने आस्वासन ग्रेलाई दिए। आखिर इ. सं. १८३२ जूनमा यो बिल दुवै सदनबाट पास भयो र राजाले सही गरेपछि कानूनको रूप लियो।

यस किसिमबाट वडो संकटको सामना पार गरेपछि प्रथम सुधार बिल इ. सं. १८३२ मा पास भयो।

यसका धाराहरू

२००० भन्दा कम जन संख्या भएको ५५ बरोलाई आफ्नो प्रतिनिधि पठाउने अधिकार दिएन ——————————११०

१ बरो १ प्रतिनिधि पठाउने——————————१

२००० भन्दा माथि ४००० भन्दा कम जनसंख्या भएको ३० बरोलाई एउटा मात्र प्रतिनिधि पठाउने अधिकार दिइयो——————————३०

एउटा ४ सदस्यीय बरोले २ सीट मात्र पायो——————————२

जम्मा १४३

यसरी १४३ सीट खाली भएकोमा प्रतिनिधित्व नभएको घनाआवादी वाला बरो तथा काउण्टी-लाई प्रतिनिधित्व दिइयो।

२२ बरोलाई २ सीटको हिसाबले————————————४४
२१ " १ " " ————————————२१
६५ काउण्टीलाई १ " " ————————————६५
स्कटलैण्डलाई ————————————८
आयरलैण्ड ————————————५

१४३

भोट दिने अधिकार बरोमा मध्यमश्रेणीलाई तथा काउण्टी पट्टामा खेत जोत्ने ठूलाठूला किसानहरूलाई दिइयो ।

सुधार बिलको प्रभाव

आशा गरेको जति यो सुधार बिल क्रान्तिकारी थिएन । कुनै सैद्धान्तिक आधारमा सुधार गरिएको थिएन । केवल बढ्दो असन्तुष्टिलाई थामथुम गर्ने कोशिश मात्र यसको उद्देश्य थियो। यो सुधार बिलले इङ्गलैण्डमा प्रजातन्त्र ल्याएको पनि होइन । यसको मुख्य उद्देश्य प्रतिनिधित्व प्रणालीमा देखिएका केही विषमतालाई हटाउनु थियो । प्रतिनिधित्व नभएका केही बरो तथा काउण्टीलाई प्रतिनिधित्व दिनु थियो। भोट दिने अधिकार बरोमा मध्यमश्रेणीलाई र काउण्टीमा जमीन मालिकको साथसाथै केही ठूलो पट्टामा खेत जोत्ने किसानहरूलाई दिइयो। यस सुधार बिलले मध्यमश्रेणीको महत्त्व बढ्न गयो जमिनदारको एकाधिकार खतम भयो। चुनाउमा घुसखोरी पूर्णतः खतम नभए तापनि कम भने अवश्य हुन गयो तर यो सुधार बिलमा कालीगढ र मजदूरहरूलाई कुनै वास्ता गरिएन यद्यपि सुधार ल्याउनमा तिनीहरूको योगदान कम थिएन। त्यसैले तिनीहरूले ठूलो गुनासो देखाए ।

यस सुधार बिलको लगत्तैपछि क्रान्तिकारी परिवर्तन चाहनेहरूले एउटा सुधारको आन्दोलनको शुरूवात गरे, जसलाई चार्टिष्ट मुभमेन्ट भनिन्छ । तिनीहरूले बालिगमताधिकार, गुप्तमतदान, जनसंख्याको आधारमा प्रतिनिधित्व, वार्षिक पार्लियामेन्ट आदि माग गरे तर चार्टिष्ट आन्दोलन सफल हुन सकेन ।

दोस्रो सुधार बिल १८६७

अर्थमन्त्री डिजरेलीले १८६७ मा दोस्रो सुधार बिल ल्याए । यो बिल पास भए तापनि यसमा यति परिवर्तन ल्याइयो कि यसलाई (Leap in the Dark) भन्ने चलन छ । यस बिलको बहसको क्रममा जोन स्टुअर्ट मिल (John Stuart Mill) ले आइमाईलाई पनि भोट दिने अधिकार दिनुपर्छ भन्दा सबै हाँसेका थिए ।

दोस्रो सुधार पनि पहिलो बिलको आधारमा थियो । ११ बरोले प्रतिनिधि पठाउने अधिकार पाएन । ३५ बरोले एक प्रतिनिधि मात्र पठाउने अधिकार पाए। यसप्रकार प्राप्त भएको ५२ स्थानलाई १२ बरो तथा ८ ठूला शहरहरूलाई ३ विश्वविद्यालयलाई दिइयो। भोट दिने अधिकार १० पौण्ड किराया दिने काउण्टीमा १२ पौण्ड लगान दिनेलाई दिइयो। यस सुधार बिलले झण्डै १० लाख ८० हजारले भोट दिने अधिकार पाए । यसमा धेरैजसो शहरमा बस्ने कालिगढ तथा मजदूरहरू थिए। कृषिमजदूरहरू अझै पनि उपेक्षित थिए । प्रो. हर्नाशाको भनाई अनुसार १९१८ का बिलहरू मध्येमा यो बिल सबैभन्दा क्रान्तिकारी थियो जसले जमिनदारहरूको आधिपत्य खतम गरयो। सरकारको सञ्चालन अब वर्गहितको सट्टा जनहितको दृष्टिकोणबाट हुन थाल्यो। भोट दिने अधिकारको विस्तारका साथसाथै पार्टीको संगठनमा पनि विस्तार गर्नुपर्ने भयो जसले गर्दा १८७० इ.सं. मा अनिवार्य प्राथमिक शिक्षाको शुरूवात भयो। १८७२ मा गुप्तमतदान लागू गरियो। चुनाउ एकै दिनमा गर्ने व्यवस्था गरियो। यसप्रकार १८६७ को सुधार बिलले इङ्गलैण्डलाई प्रजातन्त्रको प्रवेशद्वारमा ल्यायो ।

तेस्रो सुधार बिल (इ. सं. १८८४)

तेस्रो सुधार बिलबाट १० पौण्ड किराया दिने काउण्टीका सदस्यहरूलाई बरोसरह नै भोट दिने अधिकार दिइयो । यसले गर्दा कृषि मजदूरहरूले पनि भोट दिने अधिकार पाए। भोट दिने अधिकारको संख्या २० लाख पुग्यो। दोस्रो सुधार बिलले इङ्गलैण्डलाई प्रजातन्त्रको ढोकामा ल्यायो भने तेस्रो सुधार बिलले इङ्गलैण्डलाई प्रजातन्त्रको ढोका भित्र डोऱ्यायो । १८८५ को सिटको वितरण कानून (Distribution of Seats Act) ले जनसंख्याको आधारमा सिटको निर्धारण गर्ने सिद्धान्त अपनाइयो । २१ वटा ठूलाठूला शहरहरूलाई २२ विश्वविद्यालयलाई छोडी दाँकी सबै शहर र गाउँलाई जनसंख्याको आधारमा एउटा प्रतिनिधि पठाउने व्यवस्था गरियो । यो व्यवस्था मिलाउन लोक सभाको कुल सदस्य ६५८ मा १२ थपियो । यसरी लोक सभाको कुल सदस्य संख्या ६७० पुग्न गयो ।

संसदीय सुधार कानून १९११

सन् १९११ को संसदीय सुधार कानून (Parliamentary Reform Act 1911 A.D.) ले लोक सभालाई झन शक्तिशाली बनायो। यस कानूनले लर्डस सभाको अधिकारलाई कम गरिदियो । आर्थिक बिलमा अब लर्डस सभाले कुनै किसिमको काँटछाँट गर्न नपाउने भयो । आर्थिक बिल लोक सभाले पास गरेको एक महीना भित्र यदि लर्डस सभाले पास नगरे तापनि यो स्वतः पास भएको मानियो। अरू बिलहरू पनि लोक सभाबाट तीनपटक लगातार पास भएपछि लर्डस सभाले मञ्जुरी नदिए तापनि कानून बन्न सक्ने भयो ।

१९१८ को सुधार बिल

प्रथम विश्वयुद्धमा आइमाईहरूले पनि पुरुष सरह काम गरेकोले आइमाईहरूलाई भोट दिने अधिकार दिनुपर्छ भन्ने विचार प्रबल भयो। त्यसैले प्रधानमन्त्री ल्वायड जर्जले सम्पत्तिको आधार बारेज गरी बालिगमताधिकारको सिद्धान्त लागू गरे। २१ वर्षभाथिका पुरुष र ३० वर्षभाथिका स्त्रीहरूलाई भोट दिने अधिकार दिइयो। ७०,००० मतदाताहरूमा एउटा सिट पर्न गयो। मतदाताको संख्या २ करोड १० लाखमा ८५ लाख आइमाई थिए।

१९२८ को बिल

१९१९ को एक्टले आइमाईलाई पनि चुनावमा उठ्ने अधिकार दिइयो। १९२८ को एक्टले आइमाईहरूलाई भोट दिने उमेर ३० वर्षबाट घटाई पुरुष सरह २१ वर्ष गरियो।

१९४९ को एक्ट

यो एक्टले एक मानिस एक भोटको सिद्धान्त लागू गरयो। विश्वविद्यालयको प्रतिनिधित्व हटाइयो। लोक सभाको सिट संख्या ६७० बाट घटाएर ६२५ गरियो।

अतः यसप्रकार क्रमैसँग बेलायतमा पूर्ण प्रजातन्त्रको स्थापना भयो।

प्रश्नहरू

१. १६८८ को क्रान्ति भएपछि पनि बेलायतमा पार्लियामेन्टको सुधारको किन आवश्यकता परयो ?

२. पार्लियामेन्टमा प्रतिनिधि छानी पठाउने प्रणाली कति कारणले दोषपूर्ण थियो ?

३. सुधार आन्दोलनको संक्षिप्तमा बयान गर्नुहोस्।

४. प्रथम सुधार बिलल बेलायतको पार्लियामेन्टमा कस्तो किसिमको सुधार ल्यायो ?

५. द्वितीय सुधार कानून कसले पास गरयो र यसले प्रतिनिधित्व प्रणालीमा कस्तो परिवर्तन ल्यायो ?

६. १८८४ ई. देखि १९४९ सम्म भएका सुधारहरूको संक्षिप्तमा बयान गर्नुहोस्।

जर्मनी राष्ट्रिय एकता आन्दोलन

फ्रान्सेली क्रान्तिले ल्याएको राष्ट्रियताको लहरबाट जर्मनी पनि अलग रहन सकेको थिएन । भिएना कांग्रेसले जर्मनीको एकीकरणमा तगारो हाले तापनि राष्ट्रियताको भावना दबन सकेन । नेपोलियनको विरोधमा जर्मन मुक्ति संग्रामको नेतृत्व प्रशाले गरेको थियो । तसर्थ जर्मनीहरूले अष्ट्रियाको साटो प्रशालाई नै नेता सम्झन थालेका थिए । जर्मनीको एकीकरण हुनुभन्दा अघि जर्मनी उनान्चालीस राज्यहरूको एउटा फितलो संघ थियो । यस संघमा केही पश्चिमी जर्मन राज्य जस्तै हेनोभर, होलेस्टिन हुनुको साथसाथै जर्मन संघको अध्यक्षता अष्ट्रियाले गर्ने व्यवस्था थियो । संघमा अष्ट्रियालाई ६ प्रतिनिधि पठाउने अधिकार थियो । यस किसिमको प्रतिक्रियावादी व्यवस्थादेखि स्वभावतः उदारवादी जर्मनीहरू असन्तुष्ट थिए र तिनीहरूले यसको समयसमयमा विरोध पनि गरे तर यस विरोधलाई अष्ट्रियाका चान्सलर मेटर निकाले "कार्ल्सबाद विज्ञप्ति" द्वारा शान्त गर्न खोजे । कार्ल्सबाद विज्ञप्ति जर्मन राजनीतिमा अष्ट्रियाको प्रभुत्वको द्योतक थियो ।

यसरी जर्मनीको एकीकरणमा अष्ट्रिया ठूलो बाधक भए तापनि दुई यस्ता तत्त्वहरू थिए जसले जर्मनको एकीकरणमा अप्रत्यक्ष योगदान दिइरहेका थिए ।

(१) प्रशियाको भन्सारनीति

इ. १८१८ मा प्रशियाले भन्सार समिति खडा गरेपछि जसलाई जोलभरिन (Zolleverin) भनिन्छ । यस समितिको सदस्य भएका जर्मन राज्यहरूमा मालसामानहरू आयात–निर्यात गर्दा कुनै किसिमको आयात–निर्यात कर वा भन्सार नलिने निर्णय गरियो । विभिन्न राजनीतिक एकाइमा जर्मन राज्यहरू विभाजित भए तापति आर्थिक दृष्टिकोणबाट जर्मन एउटै राष्ट्र हो भन्ने भावनाको विकास यसबाट हुन गयो । १८५० इ. सम्ममा सबै जर्मन राज्यहरू यसका सदस्य भए ।

(२) राष्ट्रिय पुनर्जागरणमा तत्कालीन बुद्धिजीवीहरूको योगदान

त्यस समय कवि, दार्शनिक र इतिहासकारहरूले राष्ट्रिय एकता स्थापना गर्ने ठूलो कोशिश गरे । यस सम्बन्धमा फिक्टे हिगलको ठूलो भूमिका थियो । संकुचित स्थानीय स्वार्थलाई बिर्सेर विशाल जर्मन राष्ट्रको निर्माण गर्न तिनीहरूले देशवासीहरूसँग एक हुन अनुरोध गरे ।

१८४८ को फ्रान्सेली क्रान्तिको प्रभाव

"फ्रान्सलाई रूगा लाग्यो भने सबै यूरोपवासीलाई हाछ्यू आउँछ" भन्ने उक्ति सरह १८४८ को फ्रान्सेली क्रान्तिले सम्पूर्ण जर्मनीमा हलचल ल्यायो । जर्मनीका उदारवादीहरूले

वैधानिक सुधार स्थापना गर्न आफ्ना शासकहरूलाई बाध्य गराए । प्रशा पनि यसबाट अछूतो रहन सकेन । प्रशाका शासक फेडरिकविलियम चतुर्थले पनि एउटा उदार संविधान दिए । सबै राज्यका प्रतिनिधिहरू फ्रांकफर्टमा भेला भए र तिनीहरूले जर्मनीको राजमुकुट प्रशाका राजा फेडरिक विलियम चतुर्थलाई स्वीकार गर्न आग्रह गरे तर फेडरिकले राजमुकुट स्वीकार गर्न सकेनन् ।

किनभने राजमुकुट स्वीकार गरेमा अष्ट्रियासँग शत्रुता पैदा हुने सम्भावना थियो र अष्ट्रियासँग शत्रुता गर्न सैनिक दृष्टिकोणबाट उनी सक्षम भैसकेका थिएनन् । अष्ट्रिया संयुक्त जर्मनीको निर्माण भएको हेर्न चाहँदैनथ्यो । किनकि राष्ट्रियताको भावना बढमा अष्ट्रियाली साम्राज्य छिन्नभिन्न हुने डर थियो । फेडरिकले राजमुकुट अस्वीकार गरेकाले जर्मनीमा घोर निराशा भयो र १८५१ इ. सम्ममा उदारवादीहरूलाई दबाइयो ।

जनतातर्फबाट भएको जर्मन एकीकरण प्रयास असफल भए तापनि यस कामको जिम्मा प्रशाले लियो । यस कार्यमा परिस्थिति प्रशाको अनुकूल थियो । प्रथम जर्मन राज्यहरू मध्येमा प्रशा सबभन्दा शक्तिशाली थियो । दोस्रो प्रशाकै नेतृत्वमा आर्थिक एकीकरण भएको थियो । तेस्रो क्रिमियाको लडाईंले गर्दा अष्ट्रिया र रूसको सम्बन्धमा विकार आएको थियो । चौथो नेपोलियन तृतीयको उदय तथा १८६१ मा नयाँ राजा विलियम प्रथमको अदम्य सैनिक उत्साह थियो ।

"जसले जर्मनीमा राज्य गर्न चाहन्छ उसले यसलाई जित्नुपर्छ, भाषणले मात्र यो हुन सक्दैन, प्रशाको भाग्य सेनामा निर्भर गर्दछ" आदि विलियम प्रथमको भनाइ थियो । अष्ट्रियालाई जर्मनीबाट लखेट्न शक्तिशाली सेनाको जरूरत छ । त्यसैले गद्दीमा बस्नासाथ उनले प्रशाको सेनालाई पुनर्गठन गर्न खोजे । उनले Roon लाई युद्ध मन्त्री र मोल्टकलाई सेनापति बनाए । उनले सेनाको शक्ति दोब्बर गर्ने योजना तयार गरे । यस योजनालाई व्यावहारिक रूप दिन पार्लियामेन्टले आवश्यक धन दिन स्वीकार गरेन । विलियम असामञ्जस्यमा परे । उनी सेनाको पुनर्गठन गर्ने योजना त्याग्नुभन्दा गद्दी त्याग्ने पक्षमा थिए । यही असामञ्जस्यमा परेको बखतमा उनको सहायता एउटा यस्तो मानिसले गरयो जसको नाम थियो अटोमोन विश्मार्क । उनलाई २३ सेप्टेम्बर १८६२ मा जर्मनीको चान्सलर पदमा नियुक्ति गरियो ।

विश्मार्क (१८१५–९८)

उनको जन्म ब्राण्डेन बुर्गको सामन्त परिवारमा भएको थियो । उच्चशिक्षा सकेपछि उनले सरकारी नोकरीमा प्रवेश गरे तर उराठ लाग्दो प्रशासनबाट दिक्क भएर उनले नोकरी छाडे । कबूरको उल्टो उनलाई संविधान, पार्लियामेन्टमा आस्था थिएन। "बेलायतको उदाहरण राम्रो दुर्भाग्य हो" उनको भनाइ थियो । १८५१–५९ सम्म उनले प्रशाको प्रतिनिधि भएर जर्मन

संघमा काम गर्‍यो। उनको भनाइ थियो "अष्ट्रियालाई जर्मनीमा बस्ने ठाउँ छैन।" उनको अष्ट्रिया विरोधी गतिविधीदेखि अष्ट्रिया असन्तुष्ट थियो। त्यसैले विलियमले अष्ट्रियालाई शान्त गर्न (१८५९–६२) उनलाई रूसमा राजदूत बनाई पठाए। नाभाको नदीमा उनको दिमाग ठण्डा गर्न उनलाई पठाइएको थियो। उनलाई १८६२ मा ४७ वर्षको उमेरमा चान्सलर पदमा नियुक्त गरियो। उनले राजालाई आश्वाशन दिएका थिए। "I will rather perish with the King than forshake Your Majesty in the contest with parliamentary government."

(विश्मार्क)

विश्मार्क कट्टर राजतन्त्रका समर्थक थिए। उनको विचारमा महान् समस्याहरूको समाधान भाषण तथा बहुमतबाट होइन, युद्ध नीतिबाट हुन्छ। त्यसैले एउटा दृढ तथा आँटिलो स्वभावको भएको हुनाले उनले ४ वर्षसम्म पार्लियामेन्टसँग जुध्नुपर्‍यो। प्रत्येक वर्ष संसदको तल्लो सदनले उनको योजनालाई धन दिन स्वीकार गरेन तर माथिल्लो सदनले भने स्वीकार गर्‍यो। यसरी अवैधानिक तरीकाबाट धन उठाएर उनले सेनाको आधुनिकीकरण गरे तर सेनाको पुनर्गठन साधन मात्र थियो, साध्य थियो एकीकरण। यो साध्य तीन लडाईंबाट सम्भव भयो।(१) डेनमार्कसँगको लडाई १८६४ (२) अष्ट्रियासँगको लडाई १८६६ (३) फ्रान्ससँगको लडाई १८७०।

डेनमार्कसँग युद्ध (१८६४ इ.)

सेल्सविग र होलस्टीनका दुई उपराज्यहरू, हनोभर इङ्गलैण्डका भए जस्तै, डेनमार्कको अधीनमा थिए। यी दुवै राज्यका अधिकांश निवासीहरू जर्मन थिए। यिनीहरूको आफ्नो कानून थियो। यो निश्चित गरिएको थियो कि यी राज्यहरू डेनमार्कमा गाभिने छैनन्। तर डेनमार्कका राजा क्रिश्चियन नवौंले एउटा विधान जारी गरी सेल्सविगलाई डेनमार्कमा गाभ्ने निधो गरे (१८६३ इ.)। त्यस घोषणाले दुवै राज्यका जर्मन जनतामा असन्तोष उत्पन्न भयो। विश्मार्कले आफ्नो उद्देश्यको पूर्तिको निमित्त यो एउटा राम्रो मौका पाए। उनले यही मौकाबाट फाइदा उठाउन खोजे। अष्ट्रियालाई पनि विजित प्रदेशको केही भाग दिने लालच देखाएर उनलाई आफूप्रति मिलाए। यसरी अष्ट्रियालाई आफूतर्फ मिलाएर दुवैको संयुक्त सेनाले डेनमार्कमा आक्रमण गर्‍यो। डेनमार्क हार्‍यो अक्टोबर १८६४ इ. को भिएना संधि अनुसार डेनमार्कले सेल्सविग र होलस्टीनमाथिको आफ्नो अधिकार प्रशा तथा अष्ट्रियालाई दियो। अब विश्मार्कले विजित राज्यहरूको विभाजनको प्रश्नलाई लिएर अष्ट्रियासँग खिचोला उठाए।

अष्ट्रियासँगको युद्ध (१८६६)

अष्ट्रियासँग खिचोला उठाउनुभन्दा अघि विश्मार्कले अष्ट्रियालाई एक्लो पार्नु जरूरी सम्झे । क्रिमियाको लडाईंमा अष्ट्रियाले रूसको महत नगरेकोले रूस अष्ट्रियासँग असन्तुष्ट थियो । फेरि १८६३ को पोल्याण्डको विद्रोहमा विश्मार्कले रूसलाई महत गरेर रूसको मित्रता तथा समर्थन प्राप्त गरे । विश्मार्कले इटलीलाई भेनेशियाको लोभ देखाएर आफूतर्फ मिलाए । अष्ट्रिया र प्रशाको लडाईंमा विश्मार्कले फ्रान्सको तटस्थताको आश्वासन नेपोलियन तृतीयबाट पाए । जर्मनीको एकीकरणमा नेपोलियन तृतीयको सहानुभूति थियो । प्रशा शक्तिशाली भएको खण्डमा अष्ट्रिया फ्रान्समा निर्भर हुनेछ । यदि प्रशाले हारेमा फ्रान्सले जर्मनीका स–साना राज्यमा अधिकार गर्न सक्ने छ । इङ्गलैण्डलाई यूरोपको राजनीतिमा त्यति चासो थिएन । यसरी अष्ट्रियालाई एक्लो पारेपछि विश्मार्कले लडाईंको निउँ खोज्न थाले । अष्ट्रिया सेल्सविग र होलस्टीन अगस्टन वर्गको डचूकलाई दिन चाहन्थ्यो तर विश्मार्क यसको विरोधी थिए । विश्मार्क जर्मन संघमा बालिगमताधिकारको आधारमा सुधार गर्न चाहन्थे तर अष्ट्रिया यसको विरोधी थियो । यी दुवै कारणले गर्दा प्रशाले अष्ट्रियाको विरोधमा युद्धको घोषणा गरयो । यो लडाईं छोटो तर निर्णायक थियो । यसलाई सप्तसप्ताहको युद्ध भनिन्छ । इटली र प्रशासँग एकैचोटि लड्न पर्दा अष्ट्रियाको स्थिति कमजोर पर्न गयो । जनरल योन मेल्टकेले अष्ट्रियालाई सडोवाको मैदानमा नराम्रोसँग पराजित गरे । अब जर्मन सेना भिएनातर्फ बढ्न खोज्यो अष्ट्रियाले बाध्य भएर प्रागको संधि गर्नुपरयो ।

संधि अनुसार अष्ट्रियाले भेनेशिया इटालीलाई दियो । हेनोवर, हेस्सी, केसल, फ्राँकफर्ट, होलस्टीन, सेल्सविग, प्रशियामा गाभियो । जर्मन संघबाट अष्ट्रियाले आफ्नो अधिकार हटायो । मेन नदीको उत्तरमा पर्ने जर्मन राज्यहरूको संघको संगठन प्रशाको नेतृत्वमा गर्ने निर्णय गरियो । केवल दक्षिण जर्मन राज्यहरू र बेभेरिया बडेनन्, उरटेनवर्गलाई उनीहरूको इच्छानुसार गर्ने गरी स्वतन्त्र राखियो ।

अष्ट्रियासँगको युद्धले प्रशाको नेतृत्वमा उत्तरी जर्मन राज्य संघ (२२) खडा भए तापनि दक्षिणका तीन राज्यहरू अझै यस संघबाट बाहिर थिए । तिनीहरूलाई युद्धको माध्यमबाट विजय गर्ने खोज्यो भने फ्रान्सले तिनीहरूको मद्दत गर्ने आउने छ । विश्मार्कले यी राज्यहरूको नैतिक समर्थन पाउनको निम्ति अनेक किसिमको सैनिक तथा वित्तीय सहायता पुरयाए ।

सेडोवाको युद्धको बडो नराम्रो मनोवैज्ञानिक प्रभाव फ्रान्समा परेको थियो । मध्य यूरोपको नक्शामा त्यस्तो परिवर्तन हुनु र त्यसमा फ्रान्सको कुनै भूमिका नहुनु यो फ्रान्सको गौरवमा ठूलो आघात थियो । सेडोवाको मैदानमा अष्ट्रिया होइन फ्रान्स पराजित भएको छ । त्यसैले प्रशाप्रति फ्रान्सको ठूलो रोष थियो । फ्रान्समा सेडोवाको बदला लिनुपर्छ भने भावना प्रबल हुन

गयो । त्यसैले विश्मार्कले (War with France lay in the logic of history) फ्रान्ससँगको युद्धलाई ऐतिहासिक आवश्यकता भनेका थिए ।

फ्रान्स र प्रशाका युद्ध

युद्धको कारण स्पेनको गद्दी हुन गयो । रानी इशावेलालाई गद्दीबाट हटाएर राजकुमार लियोपोल्डलाई गद्दी दिने विचार भयो । लियोपोल्ड प्रशियाका राजाका निकटतम सम्बन्धी थिए। स्पेनमा प्रशाको प्रभाव बढोस्, यो नीति फ्रान्सलाई मन परेन । त्यसैले लियोपोल्डलाई स्पेनको गद्दीमा नराखियोस् भन्ने आश्वासन फ्रान्स प्रशासँग चाहन्थ्यो र यही विषयमा फ्रेन्च राजदूत बेनडिट्टीले प्रशाका राजासँग भेटेर कुराकानी गरे । विश्मार्कले राजा र राजदूतमा भएको वार्तालाप यस किसिमबाट प्रकाशनमा ल्याए कि जसबाट प्रशाले आफ्ना राजाको अपमान भएको र राजाले फ्रान्सको राजदूतको बेइजती गरेको जस्तो देखियो । विश्मार्कको भनाइ अनुसार यो विज्ञप्ति सढिलाई रातो झण्डा देखाए जस्तै भयो । फ्रान्सले आफ्नो राजदूतको अपमान भएको सम्झेर तुरुन्त लडाईंको घोषणा गरयो । दक्षिणी जर्मन राज्यहरूले यो फ्रान्सको अचाक्ली ज्यादती सम्झेर प्रशाको पक्ष लिए । यिनीहरूले जर्मन संघमा मिल्न स्वीकार गरे । लडाई बडो निर्णायक साबित भयो । प्रशाले सेडानको मैदानमा फ्रान्सलाई नराम्रोसँग पराजित गरयो । नेपोलियन बन्दी बनाइए । नेपोलियनको हारले फ्रान्समा तृतीय गणतन्त्रको स्थापना भयो । सन्धि अनुसार फ्रान्सले एल्सेस र लोराइन भन्ने दुई सम्बद्ध इलाका र एउटा ठूलो धनराशी जर्मनीलाई दिनुपरयो । यस युद्धबाट जर्मनी तथा इटालीको पनि एकीकरण पूरा भयो । १८७१ मा भर्सेलिजको प्रसिद्ध ऐना दरबारमा विलियम प्रथमलाई जर्मनीको सम्राट घोषित गरियो ।

नवजर्मन राष्ट्रको स्वरूप निरंकुशता तथा सैन्यवाद

शक्ति र सैनिकवादको आधारमा खडा गरिएको जर्मन साम्राज्य सैनिकवादमा मात्र टिकन सक्दछ । विश्मार्कलाई प्रजातन्त्रको कुनै आस्था थिएन त्यसैले जर्मनीको निर्म्ति बनाएको संविधानमा उनले राजाको स्थान सर्वोपरि राखे । मन्त्रीहरू राजाको स्वविवेकमा नियुक्त हुन्थे । द्विसदनात्मक संसदमा माथिल्लो सदन (Bundesrat) तल्लो सदन (Reichstag) भन्दा शक्तिशाली थियो। यसका सदस्यहरू सबै राजाले मनोनित गरेका व्यक्ति हुन्थे । त्यसैले यो विधान प्रजातन्त्रात्मक थिएन ।

विश्मार्कले राष्ट्रियताको नाममा अरूको राष्ट्रियताको हरण गरेका थिए । फ्रान्सवादी प्रदेश एल्सेस तथा लोराइनलाई जर्मनमा मिलाउनु आमाको काखबाट दूध खाइरहेको बच्चालाई छिन्नु जस्तो थियो । फ्रान्सले यस राष्ट्रिय अपमानलाई कहिल्यै बिर्सन सकेन । त्यसैले १८७०

पछि विश्मार्कको नीतिको मूल आधार नै फ्रान्सलाई जर्मनीको विरोधमा गुटबन्दी गर्न नदिनु थियो। यही उद्देश्यको परिपूर्तिको निम्ति १८७९ मा विश्मार्कले अष्ट्रियासँग द्विगुट सन्धि गरे र पछि १८८२ मा इटाली मिलेपछि यो त्रिगुटमा परिणत भयो। यसको विरोधमा फ्रान्सले रूससँग र पछि इङ्गलैण्डसँग जोडेर त्रिमैत्री सम्बन्धको स्थापना गरयो। यसरी यी दुवै गुटमा शस्त्रास्त्रको होडबाजी चल्यो। यूरोपमा महान शक्ति दुई विरोधी गुटमा विभाजित हुनाका मूल कारण विश्मार्कको सैनिकवाद नै थियो।

विश्मार्कले निर्माण गरेको सैनिकवादलाई कैजर विलियम द्वितीयले झन अगाडि बढाए। १८८८ इ. मा विलियम प्रथमको मृत्यु भएपछि उनका छोरा फ्रेड्रिक तृतीय गद्दीमा बसे तर फ्रेड्रिक तीन महीना पछि मरे। त्यसपछि विलियम द्वितीय (१८८८–१९१८) गद्दीमा बसे। उनी साहँै जिद्दीवाल घमण्डी तथा आत्मप्रशंसक थिए। उनले जर्मनीलाई संसारमा सर्वश्रेष्ठ शक्ति बनाउन खोजे। संसारको सर्वश्रेष्ठ शक्ति हुनको निम्ति जर्मनीलाई साम्राज्यको आवश्यकता थियो तर साम्राज्य निर्माणमा संसारको चारैतर्फ ब्रिटेन र फ्रान्सको प्रभाव थियो। फ्रान्स र इङ्गलैण्डसँग संघर्ष नगरी जर्मनको साम्राज्य विस्तारको मनसुवा पूर्ति हुन सक्दैनथ्यो। साम्राज्यविनाको जर्मनी सुगन्ध नभएको गुलाफको फूल जस्तै हो भन्ने विलियम द्वितीयको भनाइ थियो। "जर्मनीको भविष्य समुद्रमा निर्भर गर्दछ।" त्यसैले जर्मनीले विश्वमा आफ्नो गौरवमय स्थानको निम्ति स्थल र जल सेनामा अप्रत्यासित वृद्धि गर्न थाल्यो र विश्व राजनीतिमा हस्तक्षेप गर्न थाल्यो। यसैले गर्दा विश्व राजनीतिमा कतिपय संकटहरू देखा परे। अन्तमा जर्मनीको यही सैनिकवादले गर्दा १९१४ मा विश्व युद्धको श्रीगणेश भयो।

प्रश्नहरू

१. बौद्धिकवादबाट जर्मनीको एकीकरण १८४८ मा किन हुन सकेन ?
२. विश्मार्कको प्रारम्भिक जीवनीको चर्चा गर्नुहोस्।
३. "महान समस्याहरूको समाधान भाषणबाट होईन युद्धबाट हुन्छ" यो कसले भनेका थिए ? जर्मनीको सन्दर्भमा यसको व्याख्या गर्नुहोस्।
४. विश्मार्कको राजनीतिक विचारधाराबारे संक्षिप्तमा वर्णन गर्नुहोस्।
५. कति चरणमा जर्मनीको एकीकरण पूरा भयो ?
६. एकीकृत जर्मनीलाई कुन देशबाट खतरा थियो ? यस खतराबाट बचाउन विश्मार्कले कस्तो नीति लिएका थिए ?

साम्राज्यवादको स्थापनाका लागि यूरोपीय शक्तिहरूमा प्रतिस्पर्धा र विरोधी समूहमा यूरोपको विभाजन

बलियोले निर्धोमाथि अत्याचार गरे जस्तै शक्तिशाली राष्ट्रले कमजोर तथा पिछडिएका राज्य तथा जातिहरू माथि आधिपत्य कायम गरी आर्थिक सामाजिक तथा राजनीतिक शोषण गर्नु नै साम्राज्यवाद हो । लेनिनको भनाई अनुसार यो एउटा निश्चित आर्थिक व्यवस्था हो र पूँजीवादको विकास चरमसीमामा पुगेपछि यसको विकास हुन्छ । यस नीति अनुसार अधिकृत देशमा राजनीतिक प्रभुता स्थापना गर्नु तथा शोषण गर्नु नै यसको लक्ष्य हुन आउँछ ।

साम्राज्यवाद प्रति निरुत्साह

पन्ध्रौं शताब्दीदेखि अठारौं शताब्दीसम्म यूरोपका शक्तिशाली राष्ट्रहरूले संसारका विभिन्न भागहरूमा आ–आफना उपनिवेशहरू स्थापना गरे तापनि यी उपनिवेशहरू आर्थिक दृष्टिकोणबाट त्यति लाभप्रद भएका थिएनन् । अमेरिकी स्वतन्त्रता पछि त उपनिवेश स्थापना गर्नेतर्फ निरुत्साह पैदा भयो । फेरि मुक्त व्यापार नीति र राज्यले व्यापारमा हस्तक्षेप गर्नु हुँदैन भन्ने आदम स्मिथ (Adam Smith) को सिद्धान्तले गर्दा उपनिवेशवादलाई प्रोत्साहन दिइएन । उपनिवेश राष्ट्रको समृद्धि नभै बोझ हुन गएको थियो ।

नवीन साम्राज्यवादको उदय

औद्योगिक क्रान्तिले प्राचीन साम्राज्यवादको अनुपयोगितालाई उपयोगितामा परिणत गरिदियो । उत्पादन प्रक्रिया मा मेशीनको प्रयोगले उत्पादन सयगुना बढ्न थाल्यो । रेल, तार, टेलिफोनबाट चल्ने ईन्जिनको गर्दा स्थल तथा जल यातायातमा द्रुतगामी परिवर्तन आयो । टाढाटाढासम्मको यात्रा पनि सुगम तथा सुरक्षित किसिमबाट हुन सक्यो । यूरोपेली देशहरूलाई आफना विशाल उत्पादनका लागि बजारको समस्याले पिरोल्न थाल्यो । कलकारखानालाई निर्वाधरूपमा कच्चा पदार्थ चाहिने भयो । उत्पादित वस्तुहरूको निम्ति बजार र कच्चा पदार्थको आपूर्ति साम्राज्य विस्तारबाट मात्र हुन सक्ने यिनीहरूले देखे । त्यसैले यूरोपका धेरैजसो राष्ट्रहरूले साम्राज्य विस्तारमा प्रतिस्पर्धा गर्न लागे । यस साम्राज्य विस्तारमा अरू कतिपय परिस्थितिहरूले पनि प्रोत्साहन दिएका थिए । जस्तै जनसंख्याको वृद्धि, बहुमूल्य खनिज पदार्थको मोह, इसाई मतको प्रचार र पूँजीको लगानी । साम्राज्य राष्ट्रिय गौरवको प्रतीक र संकटकालमा साम्राज्यबाट सहायता पाउने आशा आदि ।

साम्राज्यवादको विस्तार

औद्योगिक क्रान्तिले गर्दा साम्राज्यवादतर्फ यूरोपेली देशहरूमा मोह बढ्न गयो। उन्नाइसौं शताब्दीको उत्तरार्द्ध बीसौं शताब्दीको प्रारम्भमा यूरोपेली देशहरूले संसारका पिछडिएका देशहरूमा उपनिवेश कायम गर्न वा आफ्नो प्रभावक्षेत्रमा ल्याउन एक प्रकारको प्रतिस्पर्धा गर्न लागे। यस प्रतिस्पर्धाको नाङ्गो नाच अफ्रिकामा भएको थियो। अफ्रिका यूरोपको एकदम नजीकै भए तापनि यसको भित्री भागको ज्ञान यूरोपवासीहरूलाई भएको थिएन। प्रारम्भमा अफ्रिकाको उत्तरी भागबाट हब्सीहरूलाई समातेर अमेरिकामा बेच्ने काम मात्र भएको थियो। इसाई धर्मका प्रचारकहरूले जब यसको भित्री भागको पत्ता लगाए तब सम्पूर्ण यूरोपेली राष्ट्रहरूले अफ्रिकाका देशहरूलाई आफ्नो प्रभावक्षेत्रमा ल्याउन प्रतिस्पर्धा गरे। फलतः ३५ वर्षको सानो अवधि (१८७६–१९१२ ई.) मा सम्पूर्ण अफ्रिकालाई यूरोपिया र लाइबेरिया छोडेर यूरोपेली देशहरूले आपसमा बाँडेर लिए। यस बाँडचुडमा सबभन्दा ठूलो भाग अंग्रेज तथा अफ्रिकाको भागमा परेको थियो। जर्मनीको भागमा पूर्व पश्चिम मध्य अफ्रिका समोआ, न्यूगिनी, टोगोलैंड, क्रेमरून थियो भने इटालीको भागमा इरिट्रीया पूर्वी सोमालिलैण्ड थियो।

जर्मनी र इटालीको एकीकरण भएपछि यी देशहरूमा उग्र राष्ट्रवादको विकास हुन थाल्यो। साम्राज्य राष्ट्रको गौरवको प्रतीक सम्झिन थालियो। साम्राज्यविनाको जर्मनी मणिविनाको नागजस्तै भएको जर्मन सम्राटले सम्झे।

साम्राज्यको निम्ति प्रतिस्पर्धा र विरोधी गुटको निर्माण

साम्राज्यवादी दौडमा अंग्रेज पहिला फ्रान्स दोस्रा थिए। १८७० को एकीकरणपछि जर्मनी र इटाली पनि यस दौडमा भाग लिन अगाडि बढे। तर यस दौडमा यिनीहरूले आफ्नो बाटो जतातै अवरुद्ध भएको देखे। फलतः जर्मनी र इटालीले आफ्नो सैनिक तथा नाविक शक्ति जोडतोडले बढाउन शुरू गरे। यसले गर्दा अंग्रेज तथा फ्रान्सलाई सशङ्कित पारयो। फलतः यूरोप दुई विरोधी सशस्त्र गुटमा विभाजित भयो। यिनीहरूले (जर्मनी, अष्ट्रिया, इटाली) त्रि–शक्ति सन्धि (Triple Alliance) गरेका थिए। यसको जवाफमा फ्रान्स, इङ्गलैण्ड र रूसले मिलेर त्रि–देशीय सम्झौता (Triple Entente) गरेका थिए।

यी दुवै विरोधी गुटका बीच तानातानी बढ्दै गयो। यस तानातानीको दृश्यलाई मोरक्को संकटमा हेर्न सकिन्छ।

अफ्रिकाको उत्तर पश्चिमका पर्ने मोरक्को देशमा फ्रान्स तथा जर्मनी दुवैले व्यापार गर्ने अधिकार पाएका थिए। अल्जेरीया माथि फ्रान्सको १८३० ई. मा अधिकार जमेकेको थियो।

अल्जेरिया नजीकै भएकोले यसमाथि अधिकार गर्न चाहन्थ्यो । १९०५ इ. मा फ्रान्सले एउटा ठूलो धनराशी मोरक्कोको सुल्तानलाई दिएर बदलामा सञ्चार व्यवस्था र बैङ्कको स्थापना गर्ने अधिकार पाए । यी सुविधाहरूले गर्दा जर्मनहित खतरामा पर्ने डर जर्मन सम्राट कैजर विलियम द्वितीयलाई भयो । उनी एक्कासी तान्जीर (Tanger) मा १९०५ इ. मा आइपुगे । तान्जीर मोरक्कोको एउटा समुद्री किनारामा अवस्थित शहर हो । मोरक्कोबारे कुनै अन्तरराष्ट्रिय शक्तिको निर्णयविना फ्रान्सले गरेको एकतर्फी निर्णय मान्य हुने छैन भनी सम्राटले घोषणा गरे । १९०६ इ. मा अल्जियर्समा भएको अन्तरराष्ट्रिय सम्मेलनले मोरक्को-माथि फ्रान्सको विशेष आर्थिक हितलाई स्वीकार गरयो । यसले गर्दा जर्मनी सम्राटको राजनीतिक पराजय भयो । १९११ इ. मा मोरक्को प्रश्नमा फेरि फ्रान्स र जर्मनका बीच तानातानी बढ्यो । मोरक्कोका सुल्तान फ्रान्सको व्यवहारदेखि चिढिएका थिए । एउटा विद्रोहमा केही फ्रान्सेली सेना मारिए । फ्रान्सले हस्तक्षेप गर्न खोज्यो । यस झगडाबाट जर्मनीले फाइदा उठाउने विचारले जर्मन पनडुब्बी जहाज पैन्थर मोरक्कोको बन्दरगाह अडागिर (Adagir) मा आइपुग्यो । यसले मोरक्कोको दोस्रो सङ्कट खडा भयो । यस पटक पनि फ्रान्स र जर्मनीको बीच झगडा होला जस्तो लागेकोमा थियो तर जर्मन सेनापतिले जर्मनीको सैनिक तयारी पूर्ण भै नसकेकोले नरम नीति अपनाउन जर्मन सम्राटलाई सल्लाह दिए । यस सङ्कटले दुवै शक्ति-लाई भविष्यमा आउने खतराको आभास दियो । दुवै शक्तिले सैनिक तयारी जोडतोडले गरे । फलतः १९१४ मा विश्व युद्ध शुरू भयो ।

प्रश्नहरू

१. साम्राज्यवाद भन्नाले के बुझिन्छ ? पन्ध्रौं, सोह्रौं शताब्दीतिर साम्राज्यवाद किन स्थिति लाभप्रद थिएन ?

२. 'आधुनिक साम्राज्यवादको मूल कारण नै औद्योगिक क्रान्ति हो ।' यस कथनको पुष्टि गर्नुहोस् ।

३. साम्राज्य विस्तारमा जर्मनी किन पछाडि परयो ? यसको पूर्ति गर्न विलियम द्वितीयले के गरे ?

४. 'साम्राज्यवादले नै यूरोपलाई दुई विरोधी गूटमा विभाजन गरयो' के यो भनाइ साँचो हो ?

प्रथम विश्वयुद्ध

सन् १९१४–१९१८ मा बडो विनाशकारी युद्ध भयो । यसभन्दा अघि पनि युद्धहरू नभएका होइनन् तर यी युद्धहरू एउटा भौगोलिक क्षेत्रमा मात्र सीमित हुन्थे । १९१४ मा लडिएको युद्ध संसारका सबै देशहरू (केवल १४ देशलाई छाडेर) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्मिलित थिए । त्यसैले यसलाई प्रथम विश्वयुद्धको संज्ञा दिएको छ । यस युद्धमा साढे अन्ठाउन्न हजार करोड रूपैया खर्च भयो भने ८० लाख जति मानिस मरे । अझ घाइते तथा अपाङ्गको संख्या मर्नेको भन्दा कैयौं गुणा बढी थियो । यत्रो विनाशकारी युद्ध हुनाको कारण अष्ट्रियाका राजकुमार आर्क ड्यूक फर्डिन्याण्डको हत्याबाट शुरू भएतापनि लडाईंका वास्तविक कारणहरू अरू नै थिए जसलाई निम्न लिखित शीर्षकमा अध्ययन गर्न सकिन्छ ।

राष्ट्रियता तथा उग्रराष्ट्रियता

फ्रान्सको राज्यक्रान्तिले रोपेको राष्ट्रियताको बिरुवा १९ औं शताब्दीमा फलायो भने २० औं शताब्दीमा यो राष्ट्रियतारूपी रूखले आफनो चारैतिर हाँगा फैलाएर त्यस मुनिको जमिनलाई खोक्रो गर्न खोज्यो । एउटै भाषा, धर्म, सभ्यता र ऐतिहासिक परम्परामा हुर्केका जातिको सरकार भएमा त्यस्तो जातिको विकास छिटो र छरितो हुन्छ । यही राष्ट्रियताको आधारमा कतिपय राष्ट्रहरूको निर्माण भयो र तिनीहरूले छोटो समयमा आश्चर्यजनक किसिमबाट द्रुततर प्रगति गर्न थाले । एकातिर राष्ट्रियताको आधारमा निर्मित राष्ट्रहरू प्रगतिको बाटोतिर लम्किन लागिरहेका थिए भने अर्कोतर्फ पोल, चेक, स्लाभ जातिहरूको राष्ट्रिय आकांक्षा पूर्ति हुन सकेको थिएन । त्यसैले तिनीहरूमा असन्तोषको ज्वाला बढिरहेको थियो । आत्मसम्मानको परिधि नाघेपछि अहम् भावना बढे जस्तै राष्ट्रियताको सीमा नाघेपछि उग्रराष्ट्रियताको भावनाले ठाउँ लिन्छ । यस उग्रराष्ट्रियताको भावना अनुसार "मेरो धर्म, भाषा, सभ्यता अरूको भन्दा उत्तम छ, उसको जन्म नै आफनो सभ्यता संस्कृतिको दियालोद्वारा अरूलाई प्रज्ज्वलित गर्नु हो । यही नै उसको कर्तव्य र धर्म हो" भन्ने विचार बढ्न थाल्यो । यस्तो उग्र-राष्ट्रियताको विचारबाट जर्मनी, फ्रान्स, ब्रिटेन मात्र पीडित थिएनन् कि बाल्कनका केही राज्यहरू जस्तैः– सर्बिया, यूनान, बुल्गेरिया पनि पीडित थिए । यस्तो राष्ट्रियता तथा उग्रराष्ट्रिय-यताको भावनाले पीडित भएपछि तिनीहरूको बीच टकराव हुनु स्वभाविक थियो ।

साम्राज्यवाद

औद्योगिक क्रान्तिले मूलतः दुई समस्या खडा गरेको थियो । उत्पादित मालको निम्ति स्थायी बजार तथा माल उत्पादन गर्नको निम्ती कच्चा पदार्थको निरन्तर आपूर्ति । यस समस्याको निराकरण उनीहरूले साम्राज्य विस्तारमा देखे । उग्रराष्ट्रियताको भावनाले पनि

साम्राज्यवादको विकासमा टेवा दिएको थियो । साम्राज्य विस्तारको दौडमा इङ्गलैण्ड, फ्रान्स, हलैण्ड, बेल्जियम, पोर्तुगाल अघि बढी सकेका थिए । यस दौडमा जर्मनीले आफूलाई एकदम पछि परेको पायो किनकि विश्वकर्मालें साम्राज्य विस्तारमा रुचि लिएनन् तर विलियम द्वितीयलाई साम्राज्यविनाको जर्मन गौरवहीन जस्तो लाग्यो । त्यसैले जर्मनीले द्रुत गतिबाट आफ्नो सामुद्रिक शक्तिको विकास गर्न लाग्यो । यसले गर्दा उसका यूरोपीय शक्तिहरू खासगरी इङ्गलैण्डसँग टकराव हुन थाल्यो ।

सैनिकवाद

साम्राज्यको निर्माण विस्तारको निम्ति शक्तिशाली सेनाको आवश्यकता पर्दछ । त्यसैले यूरोपेली देशहरूले आफ्ना सेनाको विकासमा अन्धाधुन्द किसिमबाट राष्ट्रिय आम्दानी लगाउन थाले । फ्रान्स, जर्मनी आदि प्रमुख राष्ट्रहरूले राष्ट्रिय आयको ८५% सैनिक तयारीमा लगाउन थाले । स्थायी सेनाको संख्या वृद्धि गरेर फ्रान्सले ६,१०,००० पुऱ्यायो भने जर्मनीले ८,७०,००० पुऱ्यायो । सैनिक शिक्षाको विकासको साथसाथै अनिवार्य वयस्क सैनिक भर्ती गराउन थालियो । विज्ञानको सहायतासाथ अनेक किसिमका घातक शस्त्र बनाउन थालियो । एक राष्ट्रको अर्को राष्ट्रप्रति अविश्वास तथा घृणाले गर्दा नै सैनिकवादलाई बढावा मिलेको थियो जसको अन्ततः परिणाम मानवका विनाशकारी ताण्डव नृत्य नै हुन सक्दथ्यो ।

युद्धप्रवृत्तिको विकास हुनु

प्रमुख युरोपीय राष्ट्रहरूले मात्रै युद्धको तयारी गरी रहेका थिएनन् बल्कि त्यस समयका प्रसिद्ध लेखक, कवि, दार्शनिक, इतिहासकारहरू युद्धलाई एउटा मानवीय आवश्यकता तथा शान्ति स्थापनाको निम्ति अनिवार्य शर्तको रूपमा हेर्दथे । युद्धले नै विशाल साम्राज्यको निर्माण, शान्ति र सभ्यताको स्थापना हुन्छ । आजको विशाल राज्य युद्धको नै परिणाम हो । यो एउटा दैवी व्यवस्था हो । मिरेबो (Mirabeau) को भनाइ अनुसार "युद्ध प्रशियाको राष्ट्रिय उद्योग हो ।" ट्रिट्स्के भन्दछन् "प्रशियाको शासनले जर्मनीलाई महान बनायो भने जर्मनी शासनले संसारको कल्याण गर्ने छ ।" अमेरिकी राष्ट्रपति रूजवेल्टको विचारमा युद्ध नगर्नुको सट्टा युद्धमा पराजित हुनु अति उत्तम कार्य हुनेछ । राजनीतिज्ञ, इतिहासकार, दार्शनिकहरूको यस्तो विचारधाराले गर्दा युद्ध प्रति आकर्षण बढ्नु स्वभाविकै थियो ।

महान् शक्तिहरू दुई विरोधी गुटमा विभाजित हुनु

१९१४ ई. मा युरोपेली महान शक्तिहरू दुई विरोधी गुटमा विभाजित थिए । एकले अर्कोलाई आङ्का, घृणा, डाहाको दृष्टिले हेर्दथे । १८७९ मा विश्वकर्माले फ्रान्सलाई एक्लो पार्न द्वैधियासँग सन्धि गरे । १८८२ मा इटाली पनि यस गुटमा गयो । फलतः त्रिवर्गीय गुट

(Triple Alliance) को स्थापना भयो। बिस्मार्कले अनेक प्रकारबाट रूसलाई फ्रान्सबाट अलग गरी राखेका थिए। तर बिस्मार्कको पतनपछि जर्मन सम्राट कैजर विलियम द्वितीय रूसलाई उपेक्षा गर्न लागेकाले फ्रान्सले रूसलाई आफूतिर आकर्षित गर्न सफल भयो (१८९२ इ.)। यस्तो अवस्थामा इङ्गलैण्डले आफूलाई एक्लो पायो। फ्रान्सले १९०४ इ. मा इङ्गलैण्डसँग मैत्री सन्धि गरेको। १९०७ इ. मा रूस र इङ्गलैण्डले आपना मतभेद बिसेर एउटा सम्झौता गरे जसले गर्दा फ्रान्स, रूस र इङ्गलैण्डको त्रिराष्ट्रिय सम्झौता हुन गयो। यसरी जर्मनीले खडा गरेको त्रिवर्गीय सन्धिको जवाफमा फ्रान्सले त्रिराष्ट्रिय सम्झौता गरेको। यी दुवै गुटहरू युद्ध गर्न दृढ सङ्कल्प थिए। यस्तो अवस्थामा कुनै पनि एउटा सानो घटनाले युद्धको ज्वाला फुट्न सक्दथ्यो। वास्तवमा एल्जेसिरस (Algeciras), बोसनीया (Bosnia) र अदागिर (Adagir) को सङ्कटले यूरोपको क्षितिजमा कालो बादल देखियो तर यस समयसम्म जर्मनीको युद्ध-तयारी पूरा नभएकोले केही समयसम्म युद्धलाई पछि सारेको। १९१२-१३ इ.को बाल्कन-युद्धले विश्वयुद्धलाई अनिवार्य बनाइदियो। अब एउटा सानो सलाईको काँटीजे बारुद खानामा विष्फोटन गर्न मात्र बाँकी रह्यो। सलाईको काँटी बारुद खानामा फर्काने काम अष्ट्रियाका राजकुमारको हत्याबाट शुरू भयो।

तत्कालीन कारण

राजकुमार आर्कड्यूक फर्डिनेण्ड (Arch Duke Ferdinand) अष्ट्रियाका उत्तराधिकारी र सेनापति थिए। अष्ट्रिया र सर्वियाको वैमनस्य १९०९ देखि झन् चर्किन थाल्यो। बोसेनिया र हर्जे गोविना अष्ट्रिया अधीनस्थ हुई प्रान्तहरू थिए। बर्लिन सन्धिले यी प्रान्तहरू-माथि शासन गर्न अष्ट्रियालाई दिइएको थियो तर यी दुवै प्रान्तका बासिन्दाहरू सर्वजाति भएकाले यिनीहरू सर्वियासँग मिल्न चाहन्थे। सन् १९०८ मा यी प्रान्तहरूलाई अष्ट्रिया राज्यमा मिलाइएकोले सर्वियाको राष्ट्रिय आकांक्षामा ठूलो आघात परेको थियो। त्यसैले सर्वियामा क्रान्तिकारीले अनेक गुप्त संगठन खोलेका थिए। यी संगठनहरूलाई सर्वियाको सहयोग प्राप्त थियो। यसैले एउटा क्रान्तिकारी संगठनले बोसेनियाको गभर्नरको हत्या गर्ने योजना बनायो। आर्कड्यूक बोसेनियाको राजकीय भ्रमणमा जाने भएका छन् भन्ने थाहा पाएपछि क्रान्तिकारी संगठनले राजकुमारको नै हत्या गर्ने विचार गरेको। योजना अनुसार राजकुमार आफ्नी पत्नी सहित २८ जुन १९१४ इ. मा बोसेनियाको राजधानी सेराजेवो पुगे। त्यो दिन सर्वियाको राष्ट्रिय शोक दिन थियो। शाहीदलको सवारी अजायब घरतर्फ बढिरहेको थियो। षड्यन्त्र-कारीले दुई गोली छोडे। परिणामस्वरूप ड्यूक र रानी मारिए। यस घटनाले अष्ट्रियाको क्रोधको सीमा रहेन। उसले संपूर्ण घटनाको निम्ति सर्वियालाई दोषी ठहर्‍यायो। ४८ घण्टा भित्र अपमानजनक शर्तहरू मान्न कर लगायो। अष्ट्रियालाई यी कारवाई गर्न जर्मनीले खुल्ला छुट (Blank Cheque) दियो। सर्वियामाथि हुने अत्याचारको विरोध रूसले गरेको बिनकि

दुवै एउटै जातिका थिए। सर्वियाले रूसको आड पाएर अष्ट्रियाको अपमान जनक शर्तहरू मान्न अस्वीकार गरयो। फलतः सर्वियाको विरुद्ध अष्ट्रियाले २८ जुलाई १९१४ इ. मा युद्धको घोषणा गरयो। रूसलाई फान्सले टेवा दिएको हुनाले उसले आफनो सेना अष्ट्रिया तथा जर्मन सीमापट्टि बढाउन थाल्यो। जर्मनीले रूसलाई १२ घण्टाभित्र सेनालाई अघि बढ्नबाट रोक्न आदेश दियो। रूसले यसो गर्न अस्वीकार गरेकोले १ अगस्त १९१४ इ. मा जर्मनीले रूसको विरुद्ध युद्धको घोषणा गरयो। रूसको समर्थन फान्सले गरेकोले फान्सको विरोधमा पनि जर्मनीले ३ अगस्त १९१४ इ. मा युद्धको घोषणा गरयो। जर्मनी फ्रान्समाथि आक्रमण गर्न बेल्जियमतर्फ बढ्यो। बेल्जियमको तटस्थतालाई अंग्रेजले सुरक्षा गरेको थियो। बेल्जियमको तटस्थता भंग गरेबापत अंग्रेजले अगस्तमा जर्मनीको विरुद्ध लडाईँको घोषणा गरयो। यसरी सर्विया र अष्ट्रियाको झगडाले गर्दा एउटा यस्तो युद्ध भयो, जसको फैलावट यूरोपमा मात्र सीमित नभएर विश्वभरि नै भयो।

यो युद्ध ४ वर्षसम्म रह्यो। यो समुद्र, जमीन तथा आकाशमा लडियो। रूसले मित्र राष्ट्रहरूको तर्फबाट लडे तापनि १९१७ इ. मा रूसमा क्रान्ति भयो। जारको शासनको अन्त भयो। कम्युनिष्ट नेता लेनिनको हातमा राज्य सत्ता आयो।

रूस शान्तिको इच्छुक थियो। त्यसैले उसले लडाईँबाट आफूलाई अलग राख्यो। रूस लडाईँबाट हटेकोले जर्मनीको शक्ति बढ्यो। मित्रराष्ट्र झन् स्थितिमा पुग्न थाल्यो। यस्तो संकटकालमा मित्रराष्ट्रको सहायता गर्न अमेरिका अगाडि बढ्यो। जर्मनीले अमेरिकाको लुसीटेनिया जहाजलाई डुबाइदिएकोले अमेरिकी जनमत धूरी राष्ट्रको विरोधमा गयो। फलतः अमेरिकी राष्ट्रपति विल्सनले जर्मनीको विरुद्ध युद्धको घोषणा गरे।

जर्मनीको पक्षमा टर्कीले लडाईं गरेको थियो भने मित्रराष्ट्रको पक्षमा जापानले यस युद्धमा लडेको थियो। जापानले जर्मनीको अधीनस्थ काइचाओ तथा शानतुगमाथि अधिकार गरी चीनमाथि आक्रमण गरयो।

यस युद्धमा अमेरिकाको विशाल धनजनको सहायताले गर्दा अन्तमा जर्मनीको पराजय भयो र जर्मनीले आत्मसमर्पण गर्नुपरयो। सन्धिका शर्तहरूमा विचार गर्न विजयी राष्ट्रका नेताहरू पेरिसमा भेला भए। सम्मेलनमा भेला हुने प्रमुख राज नेताहरूमा फ्रान्सका प्रधानमंत्री क्लेमेन्सो (Clemenceau), इङ्गलैण्डका प्रधानमन्त्री लायड जर्ज (Lloyd George), अमेरिकी राष्ट्रपति विल्सन (Wilson), इटालीका प्रधानमन्त्री ओरलैण्डो (Orlando) थिए। विल्सन आदर्शवादी थिए भने क्लेमेन्सो हिंसावादी थिए। उनी जर्मनीमाथि कठोरतम शर्त राख्न चाहन्थे। त्यसैले उनलाई सम्मेलनको चितुवा मानिएको छ। लायड जर्ज बडो व्यावहारिक राजनीतिज्ञ थिए र उनले शक्ति सन्तुलन राख्नमा ध्यान दिएका थिए। ओरलैण्डोको

कुनै खास महत्त्व थिएन र जर्मनीलाई सन्धिमा हस्ताक्षर मात्र गर्न बोलाइएको थियो। मर्सेलिजको त्यही राजदरबारको ऐनाको बैठकमा भएको सन्धिमा हस्ताक्षर गरियो, जहाँ १८७१ इ. मा फ्रान्सले अपमानजनक सन्धि गर्नुपरेको थियो। सन्धिका आधार थिए:–

(१) जर्मनीको पूर्णतया दमन गर्नु।
(२) राष्ट्रियताको मर्यादा गर्नु।
(३) गुप्त सन्धिको अन्त गर्नु।
(४) सामुद्रिक स्वतन्त्रता दिनु।
(५) भविष्यमा विनाशकारी युद्ध रोक्न राष्ट्रसंघको स्थापना गर्नु।

(विल्सन)

युद्धका परिणामहरू

(१) जर्मनीलाई सैनिक तथा आर्थिक दृष्टिले निर्बल पार्नु

जर्मनीको सेना घटाएर १ लाख मात्र गरियो। युद्ध सामग्रीको उत्पादनमा प्रतिबन्ध लगाइयो। जर्मनीले बाहिरी देशबाट पनि युद्ध सामग्री झिकाउन नपाउने भयो। सामुद्रिक शक्ति पनि एकदम कम गरियो। युद्धको हर्जानाको रूपमा एउटा ठूलो धनराशी (६६ पद्म पौण्डको रकम) जर्मनीले मित्रराष्ट्रलाई दिनुपर्ने भयो।

अल्सेस र लोराइन्स फ्रान्सले पाए। कोइला खानीको निम्ति प्रसिद्ध सार घाटी १५ वर्षको निमित्त फ्रान्सले पायो। यूपेन र मेलमेडी बेल्जियमले र साइलेसियाको उपरी भाग, पोसेन, पोलिस, करिडार पोलैण्डले पायो। डायजिङ्गको स्वतन्त्र नगर राष्ट्रसंघ अन्तर्गत राखियो। राइन नदीको किनारमा सनिक मोर्चाबन्दी गर्न जर्मनीले पाएन। जर्मनीका उपनिवेशहरू पनि मित्रराष्ट्रहरूले आपसमा बाँडेर लिए।

(२) राष्ट्रियताको सिद्धान्तको विजय

वर्साय सन्धिले राष्ट्रियताको सिद्धान्त अनुसार राज्यको निर्माण गरे अनुसार युगोस्लाभिया र चेकोस्लाभिया दुई नयाँ राज्य खडा भए भने रूसी साम्राज्य अन्तर्गत पर्ने फिनलैण्ड, एस्थोनिया, लेटबिया, लिब्यूएनिया चार स्वतन्त्र राज्यको निर्माण भयो।

रूमानिया, पोलैण्ड, इटालीको सीमाना विस्तार भयो भने अष्ट्रियाबाट हंगेरीलाई छुट्टाई हंगेरी अलग राज्य खडा गरियो। प्रथम विश्वयुद्धले कतिपय देशमा परम्परादेखि स्थापना भएको निरंकुश राजतन्त्रीय व्यवस्थाको अन्त भयो र त्यसको सट्टा गणतन्त्रीय शासन व्यवस्था

कायम भयो। जस्तैः– जर्मनीको होहेनलोजर्न वंश, रूसको रोमानोभ वंश, अष्ट्रिया हंगेरीको हाब्सबुर्ग वंश, टर्कीको राजवंश आदि ।

(३) अधिनायकवादको उदय

महायुद्धपछि उठेका कतिपय राजनीतिक तथा आर्थिक समस्याहरूले गर्दा लोकतन्त्रीय शासन व्यवस्था उपयुक्त सम्झिएन । फलतः कतिपय देशहरूमा एकदलीय निरंकुश शासन व्यवस्थाको उदय हुन थाल्यो, जसले गर्दा अधिनायकवादको विकास भयो । जस्तैः– इटालीमा फासिष्टवाद, जर्मनीमा नाजीवाद, रूसमा बोल्सिभिज्म, यी अधिनायकवादीहरूले आफ्नो देशलाई पुनः शक्तिशाली बनाए, जसले गर्दा यूरोपमा फेरि सैनिकवादको विकास हुन थाल्यो ।

(४) आर्थिक एवं सामाजिक परिणाम

महायुद्धमा विशाल धनजनको क्षति भएको थियो । सरकारले आफ्नो आम्दानी बढाउन नयाँ–नयाँ करहरू लगायो, मूल्य बढ्न थाल्यो, मुद्राको अवमूल्यन भयो। फलतः १९२९ इ. तिर विश्वव्यापी आर्थिक संकट देखा परयो ।

सामाजिक क्षेत्रमा पनि महायुद्धले महान् परिवर्तन ल्यायो। युद्धकालमा पुरुषहरू लडाईंको मोर्चामा खटिएकाले आइमाईहरूले फ्याक्टरी, अफिस तथा ट्राम बसमा काम गर्न थाले । आइमाईको स्थिति पुरुष सरह भएकोले आइमाईहरूले पनि पुरुष सरह राजनीतिक अधिकार पाउन थाले ।

(५) राष्ट्रसंघको स्थापना

प्रथम विश्वयुद्धको सबभन्दा महत्त्वपूर्ण राजनीतिक परिणाम राष्ट्रसंघको स्थापना थियो। अमेरिकी राष्ट्रपति विल्सनले विश्वमा स्थायी शान्ति कायम राख्न आफ्नो १४ सूत्रीय योजना राखेका थिए। यस योजनाको अन्तिम धारामा राष्ट्रसंघको स्थापना थियो । यसको मुख्य उद्देश्य भविष्यमा राष्ट्र–राष्ट्रबीच हुने झगडा आपसी छलफलद्वारा शान्तिपूर्ण ढंगबाट समाधान गर्नु थियो । राष्ट्रसंघले आंशिक रूपमा सफलता पाए तापनि फासिष्टवाद र नाजीवादको विकासले गर्दा १९३० इ. पछि यो विश्वसंस्थाले ठोस ढंगबाट काम गर्न सकेन। जुन उद्देश्यले यसको स्थापना भएको थियो, त्यसमा यो पूर्ण असफल रह्यो ।

प्रश्नहरू

१. प्रथम विश्वयुद्धको कुन कारणले सर्वभन्दा प्रमुख भूमिका खेलेको छ ? वर्णन गर्नुहोस् ।
२. राष्ट्रियता र उग्र–राष्ट्रियतामा के फरक छ ? प्रथम विश्वयुद्ध हुनाले यो कति हदसम्म उत्तरदायी छ ?
३. साम्राज्यवाद नै प्रथम विश्वयुद्धको मूल कारण हो? व्याख्या गर्नुहोस् ।
४. प्रथम विश्वयुद्धका तत्कालीन कारण के हुन् ?
५. प्रथम विश्वयुद्धका परिणामहरूको चर्चा गर्नुहोस् ।

द्वितीय विश्वयुद्ध

कारण

द्वितीय विश्वयुद्धको मूल कारण भर्सेलिजको सन्धिमा हेर्न सकिन्छ । यस सन्धिले जर्मनी-माथि ठूलो अन्याय गरेको थियो । जर्मनीमा विदेशी सेनाको प्रभाव थियो । पोलिश बरामदको स्थापनाले जर्मनीलाई दुई भागमा विभाजित गरिएको थियो । उसको कोइला र इस्पातको इलाका छिनिएको थियो । त्यसैले नयाँ जर्मनीमा कतिपय समस्याहरू उठे । यी समस्याहरूको समाधानका निम्ति जर्मनीमा हिटलरको नेतृत्वमा नाजीवादको विकास हुन थाल्यो । हिटलरले आफ्नो शक्ति विस्तार गरेर भर्सेलिजको सन्धिलाई च्यात्न थाल्यो । १९३६ इ. मा राइन नदीमा सैन्यकरण गरयो । १९३८ मा अष्ट्रियालाई जर्मनीमा मिलायो । चेकोस्लोभाकियाको केही भाग सूडीटोनमाथि अधिकार गरयो । ३ सेप्टेम्बर १९३९ इ. मा पोलैण्डमाथि आक्रमण गरयो । फलतः द्वितीय विश्वयुद्ध शुरू भयो ।

जापानको साम्राज्यवाद

प्रथम विश्वयुद्धले जापानको महात्वाकांक्षा बढाइदिएको थियो । उसले आफ्नो सामुद्रिक शक्तिको विकास गरयो । उसले १९३१ इ. मा मन्चुरियामाथि र १९३७ इ. मा पेकिङ्ग नानकिङ्गमाथि विजय गरयो । बर्लिन, रोम, टोकियो, धूरी राष्ट्रहरूको सङ्गठन गरेर जापानले अमेरिकाको पर्लहार्बरमा १९४१ इ. मा आक्रमण गरी अमेरिकालाई द्वितीय विश्वयुद्धमा अगाडि बढ्न बाध्य बनायो ।

तानाशाही तथा प्रजातन्त्रवादको विचारधारामा संघर्ष

प्रथम विश्वयुद्धले राष्ट्रवादको सिद्धान्तको आधारमा लोकतन्त्रीय शासन स्थापना गरयो । यस व्यवस्थामा व्यक्तिको स्वतन्त्रतालाई बढ्दो महत्त्व थियो । तर तानाशाहीमा व्यक्तिको स्वतन्त्रता भन्दा राष्ट्र सर्वोपरि मानिन्थ्यो । व्यक्तिले राष्ट्रको निम्ति बलिदान गर्नुपर्छ भन्ने यिनीहरूको धारणा थियो । जर्मनी, इटाली, जापान यस विचारधाराका समर्थक थिए भने इङ्गलैण्ड, फ्रान्स, अमेरिका पहिला विचारधाराका समर्थक थिए । जापान आफ्नो बढ्दो जनसंख्याको निम्ति सुदूर पूर्वमा विस्तार गर्न दृढ प्रतिज्ञ थियो भने जर्मनी प्रथम विश्व-युद्धको अगाडिको स्थितिमा आउन चाहन्थ्यो । आफ्नो उद्देश्य प्राप्तिको निम्ति जर्मनी

लडाईंको खतरा लिन पनि तयार थियो। त्यसैले १९३९ इ.अघि विश्व धूरीराष्ट्र र अधूरी-राष्ट्रमा विभाजित थियो। दुवैमा कुनै सम्झौता संभव थिएन र युद्ध अनिवार्य हुन गयो।

साम्राज्यवादी लिप्सा

ब्रिटेन, फ्रान्ससँग विशाल साम्राज्य थियो। यसबाट उनीहरूलाई प्रशस्त लाभ भैरहेको थियो। इटाली, जर्मनी र जापानले आफ्नो आर्थिक तथा सामाजिक विकास गरेपछि साम्राज्यको अभावमा तिनीहरूले आफूलाई इङ्गलैण्ड तथा फ्रान्सको दाँजोमा दीन अवस्थामा पाए। तिनीहरू आफ्नो बढ्दो जनसंख्याको निम्ति उपनिवेश, औद्योगिक उत्पादनको निम्ति स्थायी बजार तथा कच्चा मालको निम्ति ब्रिटेन फ्रान्स सरह साम्राज्यका अभिलाषी थिए। अतः साम्राज्यवादी लिप्साको पूर्तिको निम्ति तिनीहरू सैन्यवादतर्फ लागे, फलतः युद्ध अनिवार्य हुन गयो।

राष्ट्रसंघको असफलता

यस किसिमको विरोधी विचारधाराले धूरीराष्ट्र तथा मित्रराष्ट्रहरूको बीचमा तनाव बढिरहेको थियो। त्यसबखत कुनै शक्तिशाली अन्तरराष्ट्रिय संस्था थिएन जसले यी दुवैका बीच समन्वय ल्याओस्। एबिसिनीय र मन्चुरिया काण्डमा राष्ट्रसंघ एकदम मृतप्रायः भैसकेको थियो। त्यसैले जब डानजिगको विषयलाई लिएर हिटलरले पोलैण्डमा आक्रमण गरयो, तब द्वितीय विश्वयुद्धको शुरूआत भयो।

हिटलर

शान्ति सम्झौता अनुसार गरिएको व्यवस्था

१९४५ इ. मा जर्मनीको पतन भएपछि जर्मनमाथि अमेरिका, ब्रिटेन, फ्रान्स तथा रूसले कब्जा गरे। पछि गएर अमेरिका, ब्रिटेन तथा फ्रान्सले पश्चिम जर्मनीमा जर्मन गणतन्त्र संघ (German Federal Republic) गठन गरयो। पूर्व जर्मनीमा रूसले जर्मन प्रजातान्त्रिक संघ (German Democratic Republic) को गठन गरयो। यसरी जर्मनीलाई पूर्वी जर्मन र पश्चिम जर्मन गरी दुई भागमा विभाजित गरियो। एकलो अमेरिकन गुटले पश्चिम जर्मनीलाई साम्यवादको विरोधमा

एउटा ढालको रूपमा प्रयोग गर्ने अरबौ डलर खर्च गरेर यहाँको सुख समृद्धिमा योगदान दियो। जर्मनीशक्ति गुटहरूको फुटबल बनेको छ ।

याल्टा (फेब्रुअरी १९४५) र पोट्सडम सम्मेलन (जुलाई १९४५) अनुसार विदेश-मन्त्रीहरूको बैठकले शान्ति सम्झौता गरयो । यस शान्ति सम्झौता (१० फेब्रुअरी १९४०) अनुसार इटाली, रूमानिया, बुल्गेरिया, हंगेरी, फिनलैंडसँग बेग्लाबेग्लै सन्धि गरियो जस अनुसार यी राष्ट्रहरूले आफ्नो-आफ्नो सैनिक शक्ति घटाउनुपरयो । बुल्गेरियाबाहेक अन्य चार राष्ट्रहरूले केही भूभाग पनि गुमाउनुपरयो ।

जापानसँग सन्धि

सान फ्रान्सिसको सन्धि अनुसार जापानले कोरिया, फर्मोसा, पेस्कोडोरस, क्युराइल र साखालिनबाट आफ्नो अधिकार त्याग्नुपरयो । अमेरिकाले जापानमा आफ्नो सैनिक अड्डा खडा गरयो, तदनुसार भविष्यमा जापानले शान्ति भङ्ग नगरोस् र यसको हेरविचार गर्ने अधिकार अमेरिकाले पायो ।

प्रश्नहरू

१. द्वितीय विश्वयुद्ध कति कारणले हुन गयो ?
२. 'भर्सेलिजको अन्यायपूर्ण सन्धिमा नै विश्वयुद्धको बीजारोपण भएको थियो।' यस सन्दर्भमा जर्मनी कुन हदसम्म द्वितीय विश्वयुद्धको निम्ति उत्तरदायी छ वर्णन गर्नुहोस् ।
३. जापानले कसरी अमेरिकालाई द्वितीय विश्वयुद्धमा तान्यो, वर्णन गर्नुहोस् ।
४. द्वितीय विश्ववयुद्ध पछि गरिएका शान्ति सम्झौताको चर्चा गर्नुहोस् ।

संयुक्त राष्ट्रसंघ

द्वितीय विश्वयुद्ध चलिरहेको समयमा अमेरिकाका राष्ट्रपति रूजवेल्ट र ब्रिटेनका प्रधान मन्त्री विन्सटन चर्चिलले १४ अगष्ट १९४१ इस्वीमा एउटा घोषणा पत्रमा हस्ताक्षर गरे । यस घोषणा पत्रलाई एटलान्टिक चार्टर भनिन्छ । यस घोषणामा स्थायी शान्तिका लागि एउटा विश्वसंस्थाको गठन गर्ने कुरा थियो । यसको रूपरेखा तयार पार्ने अगष्टदेखि अक्टोबर १९४४ इ. सम्म अमेरिका, रूस, ब्रिटेनका प्रतिनिधिहरूको बैठक वासिङ्गटन नजीकै डम्बरटन ओक्स भन्ने ठाउँमा बस्यो । तीन महीनाको कठोर परिश्रमबाट विश्वसंस्थाको मस्यौदा तैयार भयो । सो मस्यौदामा छलफल गर्न सान फ्रान्सिसकोमा ५० राष्ट्रका प्रतिनिधिहरू भेला भए (१९४५) । फलतः २४ अक्टोबर १९४५ इ.मा संयुक्त राष्ट्रसंघको जन्म भयो ।

मुख्य उद्देश्यहरू

(क) विश्वमा स्थायी रूपबाट शान्ति र सुरक्षा कायम राख्नु ।
(ख) राष्ट्र–राष्ट्रबीच सहयोगको भावनाको विकास गर्नु ।
(ग) अन्तरराष्ट्रिय सहयोगको माध्यमबाट आर्थिक, सामाजिक समस्याहरूको समाधान गर्नु ।
(घ) मानवको मूलभूत अधिकार र स्वतन्त्रताको स्थापनाको निम्ति बढवा दिनु ।
(ङ) बिना कुनै भेदभावको अन्तरराष्ट्रिय भाइचारालाई बढवा दिनु ।

यी उद्देश्यहरू पूर्ति गर्न संयुक्त राष्ट्र संघ अन्तर्गत ६ संस्थाहरूको व्यवस्था गरियो ।
(क) साधारण सभा (ख) सुरक्षा परिषद् (ग) आर्थिक तथा सामाजिक परिषद्
(घ) संरक्षण परिषद् (ङ) अन्तराष्ट्रिय न्यायालय (च) सचिवालय

(क) साधारण सभा

साधारण सभा वर्षको एक पटक २ सेप्टेम्बर पछि पर्ने तेस्रो मङ्गलबारबाट शुरू हुन्छ । विशेष परिस्थितिमा बहुमतद्वारा विशेष अधिवेशन पनि हुने व्यवस्था छ । यसमा सबै देशका राष्ट्रहरूले (हाल १५२ देश) ५ सदस्यसम्म पठाउन सक्दछ तर भोट भने एक मात्र हुन्छ । यहाँ ठूलो र सानोको कुनै भेदभाव हुँदैन । यही सभामा अनेक अन्तरराष्ट्रिय समस्याहरूमा वादविवाद छलफल हुन्छ । यसले सुरक्षा परिषद्का अस्थायी सदस्यहरू, आर्थिक तथा सामाजिक परिषद्, संरक्षण परिषद्, अन्तरराष्ट्रिय न्यायालयका जजहरू तथा अरू समितिका सदस्यहरूको निर्वाचन-पनि गर्छ ।

(ख) सुरक्षा परिषद्

यो संयुक्त राष्ट्रसंघको शक्तिशाली र महत्वपूर्ण अङ्ग हो । यसमा पाँच स्थायी सदस्य र १० अस्थायी सदस्यहरू हुन्छन् । स्थायी सदस्यहरूलाई भीटोको अधिकार हुन्छ । स्थायी सदस्य-हरूमा रूस, चीन, इङ्गलैण्ड, फ्रान्स, अमेरिका छन् ।

अस्थायी सदस्यहरूको छनौट प्रादेशिक आधारमा हुन्छ । अफ्रिका र एशियाका देशहरूबाट ५, पूर्वी यूरोपबाट १, लैटिन अमेरिकाबाट २, पश्चिमी यूरोप र अरू देशबाट २ गरी जम्मा १० अस्थायी सदस्यहरू रहन्छन् । अस्थायी सदस्यहरूको कार्यकाल दुई वर्षको हुन्छ । सुरक्षा परिषद्ले वार्षिक रिपोर्ट महासभालाई दिन्छ । शस्त्रीकरणको होडबाजी रोक्न यसले महासभालाई योजना दिन्छ । संरक्षित प्रदेशहरूको शासन हेर्दछ । यसले शान्तिपूर्ण ढङ्गबाट आपसी झगडा टुङ्ग्याउन कोशिश गर्छ र आवश्यक परेको खण्डमा शान्तिको निम्ति सैनिक शक्तिको पनि प्रयोग गर्दछ ।

(ग) आर्थिक र सामाजिक परिषद्

यस परिषद्मा ५४ सदस्यहरू हुन्छन् । यिनीहरू महासभाबाट तीन वर्षका लागि चुनिएका हुन्छन् । एक तिहाइ सदस्य प्रतिवर्ष अवकाश ग्रहण गर्दछन् । साधारणतया वर्षको ३ पटक यसको अधिवेशन हुन्छ । यसको मुख्य कार्य मानवजातिको मूलभूत अधिकारको रक्षा गर्नु, रहन सहनको स्तर बढाउनु, बेरोजगारीको समस्या हटाउनु तथा विभिन्न राष्ट्रहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक समस्याको निराकरण गर्नु आदि हो ।

(घ) संरक्षण परिषद्

संयुक्त राष्ट्रसंघ अन्तर्गत संरक्षित प्रदेशहरूको व्यवस्था गर्नु नै यसको मूल कर्तव्य हो ।

(ङ) अन्तरराष्ट्रिय न्यायालय

विभिन्न राष्ट्रबीच परेको मुद्दा यसले हेर्दछ । महासभालाई न्यायिक सल्लाह दिन्छ । यसमा १५ न्यायाधीशको व्यवस्था हुन्छ । न्यायाधीशको कार्यकाल ९ वर्षको हुन्छ । ५ न्यायाधीशहरू प्रत्येक तीन वर्षमा अवकाश ग्रहण गर्छन् ।

(च) सचिवालय

महासचिवको रेखदेखमा सचियालयको सम्पूर्ण कारबाई चल्दछ । हाल महासचिवको पदमा पेरूनिवासी श्री हाभियर पेरेज द कोय्यार हुनुहुन्छ । महासचिवको नियुक्ति ५ वर्षको लागि महासभाद्वारा सुरक्षा परिषद्को स्वीकृतिबाट हुन्छ । सचिवालयमा आठ विभागहरू हुन्छन् । प्रत्येक विभाग एउटा सचिवको अन्तर्गत हुन्छ ।

ती आठ विभागहरू हुन्–

(क) सुरक्षा परिषद् विभाग (ख) आर्थिक विभाग (ग) सामाजिक विभाग (घ) कानून विभाग
(ङ) अधिवेशन विभाग (च) सार्वजनिक सूचना विभाग (छ) संरक्षित इलाका प्रशासन विभाग
(ज) वेतन तथा बजेट विभाग ।

संयुक्त राष्ट्रसंघका यी उपर्युक्त एकाइहरूको अलावा यस विश्वसंस्थासँग सम्बन्धित कतिपय यस्ता संस्थाहरू पनि छन् जसले विभिन्न राष्ट्रहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान गरिरहेका छन् । ती संस्थाहरू हुन्:–

(१) शिक्षा, विज्ञान तथा सांस्कृतिक परिषद् (यसलाई छोटकरीमा यूनेस्को Unesco भनिन्छ)

परस्पर विरोधी विचार धाराबाट युद्धको शुरूवात हुन्छ । त्यसैले विश्वका विभिन्न देशहरूको संस्कृतिलाई एक अर्काले राम्रोसँग बुझ्ने, हेर्ने हेतुले यस परिषद्ले कवि, वैज्ञानिक, सामाजशास्त्री, अध्यापकहरूको सम्मेलन गर्दछ । यसबाट एक देशले अर्को देशप्रति प्रेम, सद्भावना बढाउँछ जसले गर्दा विश्वयुद्धको आशंका कम हुन्छ । यसको बैठक पेरिसमा हुन्छ ।

(२) अन्तरराष्ट्रिय श्रमपरिषद्

यसको काम संसारका ज्यामीहरूका भलाइका निम्ति कानुन बनाउनु र उनीहरूको हक तथा हितको सुरक्षा गर्नुहो । यसको बैठक जेनेभामा हुन्छ ।

(३) योजना तथा कृषिपरिषद्

यसको मुख्य काम विश्वका विभिन्न देशहरूको कृषि प्रणालीमा विकास गर्नु हो । यसको बैठक रोममा हुन्छ ।

(४) विश्व स्वास्थ्यपरिषद्

मानव जातिको स्वास्थ्यमा यसले ध्यान दिन्छ । विभिन्न रोगहरूको रोकथाम गर्नु, औषधि वितरण गर्नु यसको मुख्य काम हो ।

(५) परमाणु शक्तिपरिषद्

परमाणुलाई मानव कल्याणको निम्ति प्रयोग गर्नु नै यसको मुख्य काम हो ।

यस्तै अरू संस्थाहरू जस्तै अन्तरराष्ट्रिय मुद्राकोष, अन्तरराष्ट्रिय व्यापारपरिषद्, अन्तरराष्ट्रिय पुनः निर्माण बैंक आदि छन् । यी सबै संस्थाहरूले विश्वको आर्थिक, सामाजिक तथा सांस्कृतिक स्तरमाथि आफ्नो–आफ्नो क्षेत्रबाट योगदान दिइरहेका छन् ।

शान्तिका लागि यसका प्रयत्नहरू

संयुक्त राष्ट्रसंघको आफ्नो ३७ वर्षको अवधिमा विश्वमा देखापरेका कतिपय साना-ठूला अन्तरराष्ट्रिय समस्याहरूलाई शान्तिपूर्ण ढंगबाट अस्थायी वा स्थायी समाधान गरेर विश्वयुद्धको खतराबाट विश्वलाई आजसम्म बचाइराख्न सफल भएको छ । यस सन्दर्भमा स्वेजनहरको समस्या, भियतनामको समस्या, रोडेशियाको समस्यालाई, इरान अमेरिकी बन्धक विवाद, मध्य-

पूर्व समस्या र क्याम्पडेभिड सम्झौता आदि प्रमुख छन् । विश्वको एउटा प्रमुख राष्ट्र चीनलाई संयुक्त राष्ट्रमा प्रवेश गराएर संयुक्त राष्ट्रसंघको विश्वशान्तिलाई अझ दरिलो पारेको छ भने कतिपय एशिया तथा अफ्रिकाका मुलुकहरूलाई उपनिवेशवादको पन्जाबाट मुक्त गराएको छ र ती देशहरूको स्वतन्त्र विकासमा सघाउ पुऱ्याएको छ । राजनीतिक क्षेत्रबाहेक आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पनि संयुक्त राष्ट्रसंघको योगदान कम महत्त्वको छैन । त्यसैले गर्दा कुनै पनि देश राष्ट्रसंघबाट बाहिर बसेर आफ्नो कल्पना पनि गर्न सक्तैन । यति हुँदाहुँदै पनि राष्ट्रसंघले शतत: प्रयत्न गर्दागर्दै -अझै कतिपय समस्याहरूको स्थायी समाधान हुन सकेको छैन । जस्तै फर्मोशा समस्या, कोरियाको एकीकरण, जर्मनीको एकीकरण, काश्मीर समस्या तथा अरब इजरायल विवाद वा मध्यपूर्व समस्या आदि । यदि विश्वका सम्पूर्ण देशहरू खासगरी शक्तिशाली देशहरूले आफ्नो पूर्ण सहयोग यस विश्वसंस्थालाई दिएको खण्डमा संयुक्त राष्ट्रसंघ आफ्नो मूल उद्देश्य प्राप्ति गर्न सफल हुनेछ र तृतीय विश्वयुद्धको सम्भावनालाई कम गर्न सक्ने छ ।

विश्वमा देखा परेका वर्तमान तनावहरू

(१) अरब–इजरायल विवाद तथा मध्यपूर्वका समस्या

वर्तमान विश्वमा देखा परेका सबैभन्दा विकट र पेचिला समस्याहरू मध्येमा यो एउटा प्रमुख समस्या हो। यो विवाद सन् १९४८ मा इजरायल राज्यको स्थापना भएदेखि शुरू भएको छ । मध्यपूर्व वा पश्चिम एशिया तीन महादेश यूरोप, एशिया तथा अफ्रिकाको मिलन केन्द्र हो । तीन धर्मको तीर्थस्थल यहीं पर्दछ । इसामसीह, हजरत मोहम्मद मुसाले आफ्नो धर्मको प्रचार यही नै गरेका थिए । मध्यपूर्व वा पश्चिम एशिया भन्नाले मिश्र, सिरीया,जोर्डन लेबनान, सउदी अरेबिया आदि देशहरूलाई बुझाउँछ । प्रचुर मात्रामा यहाँ तेल पाइने भएकोले यो क्षेत्र अन्तरराष्ट्रिय गोटी चालको मोहडा भएको छ । यहाँका अधिकांश निवासीहरू मुश्लिम धर्मावलम्बी भएकाले यहूदीहरूसँग यिनीहरूको मेल खाँदैन । यहूदीहरू संसारभरिनै बरालिएर बसेका थिए । तर पछि जर्मनबाट हिटलरद्वारा, रूसबाट स्टालीनद्वारा, निकालिएका हुनाले अमेरिका र ब्रिटेनले यिनीहरूलाई प्यालेस्टाइनमा स्थायी बसोबासको निम्ति ८००० वर्ग-माइलको एउटा सानो इलाका दिए। यो इलाका १४ मई १९४८ इ. मा एउटा नयाँ इजरायल राज्यको रूपमा खडा भयो । त्यस समयमा यिनीहरूको जनसंख्या ७ लाख मात्र थियो। अरब देशलाई इजरायलको निर्माण सह्य भएन । फलत: जुन दिनदेखि इजरायलको निर्माण भयो त्यही दिनदेखि अरब इजरायल संघर्ष शुरू भयो । यो संघर्ष मोटामोटी रूपमा तीन पटक भएको थियो। पहिलो १९४८ इ. मा, दोस्रो १९५६ इ. मा र तेस्रो १९६७ इ. मा । यी तीनै संघर्षमा इजरायलले आफ्नो सैनिक श्रेष्ठता कायम गरेर अरब क्षेत्रको जोर्डन, सिरिया तथा मिश्रको प्रशस्त इलाकामाथि कब्जा गरयो । यसरी इजरायलले आफ्नो अस्तित्वलाई स्थायित्व प्रदान गरे तापनि धर्मको आधारमा यसको अरब देशहरूसँग मतभेद कायम नै छ । इजरायलको

अस्तित्व उखाड्न फिलिपीन मुक्ति संगठन (प्यालेस्टाइन मुक्ति संगठन) दृढ प्रतिज्ञ छ । छोटकरीमा यसलाई पी.एल.ओ. भनिन्छ र यसका नेता याशिर अराफत हुनुहुन्छ । हालै पी.एल.ओ. को अड्डा ध्वस्त गर्न इजरायलले लेबनान माथि आक्रमण गरेको छ । यही इलाकामा संयुक्त राष्ट्रसंघ अन्तरगत शान्ति सेनामा नेपालको शाही सेनाले सानै रूपमा भए तापनि विश्व शान्तिमा योगदान दिइरहेको छ ।

(२) अफगानिस्तानको समस्या

अफगानिस्तान एशियाको दक्षिण मध्यमा पर्ने एउटा पहाडी र आर्थिक दृष्टिकोणले पिछडिएको कवायली प्रदेश हो । यसको उत्तरमा सोभियत रूस, दक्षिण र पूर्वमा पाकिस्तान र पश्चिममा इरान पर्दछ । यिनीहरूको स्वतन्त्रताप्रति प्रबल अनुराग छ । यस प्रदेशको आर्थिक भन्दा राजनीतिक महत्व बढ्ता छ । भारतवर्षमा ब्रिटिश साम्राज्य भएको बखतमा पनि अफगानिस्तान, ब्रिटेन र रूसको राजनीतिक मैदानको फुटबल बनेको थियो । सन् १९७३ इ. मा मोहम्मद दाउद खाँले राजतन्त्र खतम गरी अफगानिस्तानलाई गणतन्त्र घोषणा गरेपछि सन् १९७८ अप्रिलमा अर्को सैनिक क्रान्ति भयो । मोहम्मद दाउदको सरकार खतम भयो । अफगानिस्तानले रूससँग शान्ति सुरक्षात्मक सन्धि गरेर रूसी सेनालाई आफ्नो देशमा निम्त्यायो । फलतः रूसी समर्थक अफगान सरकारको विरोध देशभित्र बढन थाल्यो । विरोधले संघर्षको रूप लियो । संघर्ष चर्कंदै गयो, लाखौंको संख्यामा अफगान शरणार्थीहरू पाकिस्तानमा बसेका छन् । सात वर्षदेखि अफगान समस्याको समाधान हुन सकेको छैन ।

(३) फकलैण्ड समस्या

दक्षिण प्रशान्त महासागरमा पर्ने यो एउटा ब्रिटिश अधीनस्थ टापू हो । अर्जेन्टिनाले यस टापूमाथि दावी गरी अप्रिल १९८२ इ. मा एक्कासी आक्रमण गरयो । फलतः अर्जेन्टिनामा र ब्रिटेनको बीचमा संघर्ष चल्यो । ब्रिटेनले फकलैण्डमाथि फेरि कब्जा गरे तापनि दुवै देशबीच तनाव जारी नै छ ।

(४) भारत–पाक सम्बन्ध र काश्मीर समस्या

अफगानिस्तानपछि एशिया महाद्वीपमा विश्वशान्तिको निमित्त चिन्ताको विषय काश्मीर समस्या पनि हो । संयुक्त भारतको विभाजन भएदेखि नै काश्मीरको प्रश्नलाई लिएर स्वतन्त्र भारत तथा पाकिस्तानबीच विवाद खडा भयो । विवादले संघर्षको रूप लियो । भारतले काश्मीरको समस्या राष्ट्रसंघमा उठायो । संयुक्त राष्ट्रसंघको सदस्यबाट त्यहाँ राष्ट्रसंघीय पर्यवेक्षक राखियो । काश्मीरको उत्तरको केही भागमा पाकिस्तान समर्थक आजाद काश्मीरको स्थापना गरियो भने बाँकी सम्पूर्ण काश्मीर भारत अन्तर्गत छ । काश्मीरका बहुसंख्यक जनता मुसलमान भएकाले पाकिस्तान यस इलाकामाथि आफ्नो दावी गर्छ भने काश्मीरका राजाले

गणतन्त्र भारतसँग विलय गर्न अनुरोध गरेकाले भारतले यसलाई आफ्नो राज्यको अभिन्न रूप मानेको छ । यसरी यस बुनियादी प्रश्नमा भारत र पाकिस्तानको मतभेद बढेको छ । पाकिस्तानले यसलाई आफ्नो राष्ट्रिय प्रतिष्ठा, गौरव तथा अस्तित्वको रूपमा लिएको छ । काश्मीर पाउनाको निम्ति पाकिस्तानले आफूलाई अमेरिकी समर्थक बनाएको छ भने भारतले रूससँग २० वर्षीय शान्ति मैत्री सन्धि गरी आफ्नो स्थिति बलियो पार्ने कोशिश गरेको छ ।

अफगानिस्तानमा रूसको उपस्थितिले गर्दा लाखौंको संख्यामा अफगान शरणार्थी पाकिस्तानमा ओइरिएकाले अमेरिकी सरकारले पाकिस्तानलाई एउटा ठूलो धनराशि (३.३ बिलीयन डलर) आर्थिक तथा सैनिक सामग्रीको रूपमा दिने प्रस्ताव राखेको छ । यसमा एफ–१६ जस्ता आधुनिकतम लडाकु जहाजहरू पनि पर्दछन् । पाकिस्तान आफ्नो सुरक्षाको निम्ति आणविक बम पनि बनाउने तरखरमा छ । पाकिस्तानमा भैरहेका यी सबै गतिविधिलाई भारत सरकारले चिन्ताको दृष्टिले हेरेको छ । भारतको चिन्ता हटाउन पाकिस्तानले भारतसँग लडाई नगर्ने सन्धि प्रस्ताव पनि राखेको छ । यसरी काश्मीर समस्या भारतीय उप–महाद्वीपको निम्ति मात्र नभै विश्वशान्तिकै निम्ति खतरा पुग्न गएको छ । यदि भारत र पाकिस्तानले पारस्परिक समझदारीद्वारा आफ्नो मतभेद हटाएनन् भने यसले दुवै देशको आर्थिक प्रगतिमा ठूलो बाधा पर्ने हुन्छ ।

निरस्त्रीकरण तथा सामाजिक महत्त्वका आणविक हातहतियारको नियन्त्रण

विश्वशान्तिको निम्ति अर्को खतरा शक्तिशाली राष्ट्रहरूबीच शस्त्रीकरणको होडबाजी र मानव सभ्यतालाई नै नष्ट पार्ने खालका आणविक हातहतियारको निर्माणलाई लिन सकिन्छ । द्वितीय विश्वयुद्धमा प्रयोग गरिएको एटम बमभन्दा हजारौं गुणा शक्तिशाली विध्वंशकारी बमहरूको निर्माणले गर्दा मानवसभ्यताको भविष्य नै अन्धकारमय हुन पुगेको छ । त्यसैले संयुक्त राष्ट्रसंघले निरस्त्रीकरण योजना लागू गर्नमा शुरूदेखि नै निम्न कुरामा विशेष महत्त्व दिँदै आएको छ ।

(१) आणविक हतियारको परीक्षणमा प्रतिबन्ध
(२) आणविक हतियारको विस्तारमा प्रतिबन्ध
(३) अन्तरिक्षलाई आणविक हातहतियारबाट सुरक्षित राख्नु ।
(४) कुनै पनि देशको समुद्री इलाका भित्र शस्त्रीकरणको होडबाजी रोक्नु ।
(५) विषालु कीटाणु विस्तार गर्ने हातहतियारमा प्रतिबन्ध लगाउनु ।

आणविक हातहतियारको परीक्षणमा प्रतिबन्ध
(Nuclear Test Ban Treaty 1963 A. D.)

सन् १९६३ मा मास्कोमा तीन आणविक देशहरूले (अमेरिका, रूस, बृटेन) राष्ट्रसंघका

महासचिव उथान्तको उपस्थितिमा अन्तरिक्ष, वायुमण्डल तथा समुद्रको सतहमुनि कुनै किसिमको आणविक हतियारको परीक्षण नगर्न सन्धिमा हस्ताक्षर गरे । तर फ्रान्स र चीन यस सन्धिमा सहभागी भएका छैनन् ।

आणविक ज्ञानको विस्तारमा प्रतिबन्ध
(Non-proliferation Treaty 1968 A. D.)

सन् १९६८ मा विश्वका १०० देशहरूले यस सन्धिमा हस्ताक्षर गरे। यस सन्धि अनुसार आणविक शक्ति भएका देशहरूले आफ्नो आणविक ज्ञान आफैंमा सीमित राख्ने र यसको रहस्य अरू आणविक शक्ति बन्न चाहने देशहरूलाई नदिने निश्चय गरे ।

त्यस्तै किसिमले कुनै पनि देशको १२ माइलभित्र सम्म पर्ने समुद्री इलाकामा आणविक हातहतियारको प्रयोग नगर्ने, अन्तरिक्षलाई शान्तिक्षेत्र घोषित गर्ने, डरलाग्दो किसिमको बिमारी तथा रोग फैलाउने किसिमको हातहतियार निर्माण नगर्ने सन्धि पनि गरे ।

तर निरस्त्रीकरण सम्झौताहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण सम्झौता साल्ट प्रथम र साल्ट द्वितीयलाई लिन सकिन्छ । साल्ट भन्नाले सामरिक हातहतियार नियन्त्रण गर्ने वार्ता (Strategic Arms Limitation Talks) बुझाउँछ ।

कैयौं वर्षको वार्ता स्वरूप अमेरिकी राष्ट्रपति निक्सन तथा रूसी नेता ब्रेजनेभले १९७२ इ. मा आणविक हातहतियारको निर्माण सीमित गर्ने साल्ट प्रथम सन्धिमा हस्ताक्षर गरे । १९७९ ई. मा अमेरिकी राष्ट्रपति जिमी कार्टर र रूसी राष्ट्रपति ब्रेजनेभले अष्ट्रियाको राजधानी भिएनामा साल्ट द्वितीय सन्धिमा हस्ताक्षर गरे। आणविक हातहतियार माथि अझै प्रतिबन्ध गर्न साल्ट तृतीयको निम्ति आवश्यक पृष्ठभूमि तैयार पार्नमा पनि दुवै नेताहरूले सैद्धान्तिक रूपमा सहमति जनाए ।

साल्ट तृतीय तथा रेगन प्रशासन

अमेरिकाको राष्ट्रपति पदमा रेगन आएपछि साल्ट तृतीयमा प्रगति हुन सकेको छैन । उनको विचारमा साल्ट द्वितीयले अमेरिकाको भन्दा सोभियत रूसको हित गरेको छ । फेरि अफगानिस्तानको विषयलाई लिएर पनि रूस तथा अमेरिकाबीच मतभेद बढेको छ । त्यसैले उनले साल्ट तृतीयमा वार्ता गर्नुभन्दा Start (Strategic Arm Reduction Talks) मा जोड गर्नु भएको छ । स्टार्ट भन्नाले सामरिक हातहतियारको प्रयोगमा कमी गर्ने वार्तालाई बुझाउँछ । यसरी अफगानिस्तान तथा अरू कतिपय अन्तरराष्ट्रिय मामिलामा दुवै देशका बीच मतभेद भए तापनि आणविक हातहतियारको निर्माण मानवसभ्यताको निम्ति कल्याणकारी देखिदैन । दुवै देशले आपसमा समझदारी बढाएमा अरबौं डलर अस्त्रशस्त्रको निर्माणबाट बचाएर मानव कल्याणकारी कार्यमा लगाउन सकिन्छ । संयुक्त राष्ट्रसंघको मूल उद्देश्य पनि यही नै हो ।

प्रश्नहरू

१. संयुक्त राष्ट्रसंघको स्थापना कति कारणले भयो ?
२. संयुक्त राष्ट्रसंघका मुख्य अंगहरू के हुन् ?
३. संयुक्त राष्ट्रसंघ आफ्नो उद्देश्यमा कति हदसम्म सफल भएको छ ?
४. विश्वमा देखिएका वर्तमान तनावहरू कहाँ–कहाँ छन् ?
५. यसले विश्वशान्तिलाई कुन हदसम्म खलबल्याउन सक्छ ?

समूह गायनमा गाउने राष्ट्रिय गीत

हटने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चाम्रा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ...२
श्रीपेचको नवैं रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ...२
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ